# रजत स्मारिका
# Silver Jubilee Souvenir

विजय विकास स्रोत केन्द्र
**VDRC-NEPAL**
गैंडाकोट, नवलपरासी

# रजत स्मारिका

## SILVER JUBILEE SOUVENIR

# विजय विकास स्रोत केन्द्र

(VIJAYA DEVELOPMENT RESOURCE CENTER)

गैंडाकोट-८, नवलपरासी

प्रकाशक : विजय विकास स्रोत केन्द्र
गैंडाकोट-८, नवलपरासी

© सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०६० आश्विन

प्रमुख सल्लाहकार : श्री केशवप्रसाद सापकोटा

विशेष सल्लाहकार एवं भाषा सम्पादक : श्री गोविन्दराज विनोदी

सम्पादक समिति
संयोजक : श्री इन्द्रराज ज्योति पौडेल
सदस्यहरू : श्री खेमराज सापकोटा
श्री त्रिलोचन सापकोटा

विज्ञापन संकलन तथा व्यवस्थापन समिति : श्री नारायण सापकोटा
श्री माधवप्रसाद पौडेल
श्री त्रिलोचन सापकोटा
श्री नारायणप्रसाद सापकोटा

प्रति : १००१

मुद्रण : मास प्रिन्टिङ्ग प्रेस
छाउनी, म्यूजियम रोड
पो.ब.नं. १२१७ काठमाडौं
फोनः ४२७०१५७, फ्याक्सः ४२७१५०६

# ROYAL DANISH EMBASSY

Kathmandu

Baluwatar (Lalita Niwas Road)
P.O.Box 6332, Kathmandu
Tel: (1) 41 30 10
Fax: (1) 41 14 09
e-mail: ktmamb@um.dk

## GREETINGS

I take this pleasure to express my cordial congratulation to Vijaya Development Resource Center (VDRC-Nepal) on successful completion of its 24th years and running 25th years. Beginning at grass-root level VDRC is today emerging as a National level NGO in the field of social development. VDRC always exhibits its capacity for positive change of society. In addition VDRC continuously and with great strength promotes the local initiative and local resource.

We are proud working with VDRC as a partner organization since last two years.

On behalf of the Royal Danish Embassy in Nepali I would like to send greeting on the occasion of the 24th anniversary celebration of VDRC's founding. I wish all the best this important organi-zation.

Gert Meinecke
Charge d' Affaires e.p.
Royal Danish Embassy
Kathmandu
30 September 2003

INTERNATIONAL LABOUR ORGANIZATION
ILO OFFICE, KATHMANDU

## Message

I am Please to know that Vijaya Development Resource center's excellent rural development work in Nepal has existed for 25 years. I congratulate the entire VDRC member. I am also glad to know that to commemorate this occasion. VDRC is publishing this silver Jubilee Souvenir, which is commendable effort.

I highly appreciate the principle, values, beliefs and approaches adopted by VDRC as an NGO, which have established the organization one of the very good organization in this country. VDRC's proved volunteerism and democratic and collative leadership are equally noteworthy. The ILO-VDRC partnership for the last four years has been extremely fruitful and significant towards the empowerment of rural women. I am confident that VDRC will continue to strengthen its good work in the area of this capacities be social mobilization, self-help promotion, local resource mobilization, micro financing, institutional development, income generation, environment conservation, women's empowerment, child labor and community infrastructure. All them are the areas that are essential to reduce the poverty of this country which in our common goal.

I offer my felicitations on this special occasion and look forward to opportunities to work together and to strengthen the partnership between the ILO and VDRC to promote decent work for all women and men in Nepal.

Leyla- Tegmo Reddy

Director
ILO Kathmandu

# गैर सरकारी संस्था महासंघ – नेपाल
# NGO FEDERATION OF NEPAL
## NGO Federation Capacity Building Project

# शुभ-कामना

विजय विकास स्रोत केन्द्रको २५ औं वर्षको उपलक्ष्यमा रजत जयन्ती स्मारिका प्रकाशित गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

कुनैपनि संस्थाको २५ वर्षको आयु भनेको निकै लामो मान्नु पर्छ, अझ नेपालको सन्दर्भमा भन्ने हो भने सामाजिक संघ-संस्थाको दिगोपना नै वास्तवमा एउटा प्रमुख चुनौतीको रूपमा रहेको छ । यस चुनौतीलाई यस केन्द्रले स्वीकार गर्दै अगाडि बढ्दै आएको तथ्य हाम्रो सामु छ । यसका लागि तपाईहरू सबै बधाईका पात्र हुनुहुन्छ । यस संस्थाको विकासको क्रमसंग मैले पनि व्यक्तिगत रूपमा कहिलेकाहिं संलग्न हुने मौका पाएको थिएँ । हरेक पटक म यहाँहरूको संसर्गबाट उत्साहित र उत्प्रेरित भएको छु । यस संस्थाले त्यस जिल्लामा मात्र होइन छिमेकी जिल्लाहरूका संघ-संस्थाहरूको पनि क्षमता विकासका लागि खेलेको भूमिका सराहनीय छ । आशा छ आगामी दिनमा गैरसरकारी संघ संस्थाहरूको सामूहिक आन्दोलनमा यसले अझ बढी सशक्त भूमिका खेल्ने छ ।

अन्तमा विजया दशमीको उपलक्ष्यमा यस केन्द्रको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभ कामनाका साथै केन्द्र परिवार सामाजिक रूपान्तरण तथा सशक्तीकरणको महान् अभियानमा अझै बढी प्रतिबद्ध भई लाग्न सकोस् । धन्यवाद !

शुभेच्छुक

शान्तलाल मुल्मी
महासचिव
गैरसरकारी संस्था महासंघ, नेपाल

मितिः आश्विन १४, २०६०

(A National Fedcration of NGOs in Nepal)
P.O.Box 7768, New Baneshwor, Buddhanagar, Kathmandu

**IMPROVEMENT OF THE SITUATION OF CHILD LABOURERS**

BRIGHTER FUTURE FOR WORKING CHILDERN

30 Sept. 2003

**The President**

**VDRC**

**Gaindakot-Nawalparasi**

**Nepal**

## *Greetings on Silver Jubilee*

It has always been a pleasure for us to work with VDRC in the sector of community, youth and child development. As far as the ISCL Project in Doti is concerned the high degree of commitments by the field workers as well as the capable project management of VDRC has been instrumental in making the project a big success and a rate benefit for the children of Doti. we hope to continue this fruitful cooperation for many years to come.

Congratulation to all of you and all the best for the future.

*Charlotte Addy*

and the whole child labor family.

**NGO-Fund Project**

CONGRATULATIONS!!! CONGRATULATIONS!!! CONGRATULATIONS!!!

First of all I would like to extend my heartfelt congratulation to Vijaya Development Resource Center (VDRC) on successful completion of their 25 meaningful years. I am very impressed by the group of very enthusiastic and motivated youth, who are always ready to work for the cause of the poor and are willing to learn and try out new things. I also feel very privileged to have had an opportunity to accompany them in your times of struggle. Starting itself as a self-help group 25 years ago, they have made a tremendous contributions in all over country promoting hundreds organizations like yourself and thousands of self help groups.

NGO Found Project (NGOFP) and VDRC have been working together in rural areas of Nepal in the field of organizational development (OD) and self help promotion (SHP) since the very beginning of the Project. VDRC is extending their services to three working districts of NGOFP. Parbat (mid hills), Kapilabastu (Terai_ and in the northern part of Sankhuwasabha District (high mountains). We had the opportunity to test different models of OD and SHP in those completely different areas. I know VDRC as very diligent and serious organization.

In those years, we had very good working experience, with all fights; arguments, late night discussions and I believe all that belongs to the constructive growth of the relationship. Our relationship has grown beyond only working relationship; it has more like a family relationship over the years. I feel personally very enriched. Thank you very much for everything and Congratulations once again and continue your good work in the yours to come.

Wishing you all the very best

Sushma Bajracharya
Team Leader
NGO Fund Project

# प्रतिबद्धता



केशवप्रसाद सापकोटा

हामी २४औं वर्ष अगाडि स्वाबलम्वन समूहको रुपमा विजय युवा क्लबको नाममा जन्मी आज सशक्त, जुझारु एवं अनुभवहरु बटुलिसकेको पाको संस्थाको रुपमा अगाडि बढिरहेका छौं । जन्मथलो गैंडाकोट गाविसबाट हालसम्म ११ वटा जिल्लालाई कर्मथलो बनाइसकेका छौं । तेत्तीस घरबाट शुरुभई ४०,००० घरधुरीमा प्रत्यक्ष पाइला टेकिसकेका छौं । १ रुपयाँबाट शुरुभई आज करिब ७ करोड प्रत्यक्ष स्रोतको परिचालन एवं १५ करोड अप्रत्यक्ष रुपमागरी २२ करोड परिचालन गरिसकेका छौं । आफ्नो अनुभवलाई आफ्नो जन्मथलोमा प्रयोगपश्चात् कर्मथलो विस्तार गर्ने कार्यशैली यसको सफलताको रहस्य हो भन्नु अतिशयोक्ति नहोला । स्वाबलम्वन समूह, स्थानीय सहयोगी संस्था हुँदै स्रोत संस्थाबाट उदीयमान राष्ट्रिय सामाजिक विकास संस्थाको रुपमा आफ्नो छवि कायम गरिरहेका छौं ।

आफ्ना कार्यानुभवलाई परिमार्जन एवं परिष्कृत गरी समुदाय विकासमा प्रयोगात्मक अनुभव बटुलिसकेको परिस्थितिमा सामाजिक परिचालन एवं क्षमता वृद्धिले मात्र जनकेन्द्रित अवधारणा अनुरुप स्वाबलम्बी समाजको निर्माणमा (Socially excluded) योगदान पुऱ्याउन सकिँदोरहेछ भन्ने प्रमाणित भएको छ । सामाजिक रुपमा बहिस्कृत गरिएकाहरुको एकीकरण (Integration), ग्रामीणस्तरमा वित्त- संस्थाहरु, नागरिक समाजको सुदृढीकरणका लागि जनताका संगठन, दिगो जीविकोपार्जनका लागि पहुँच र नियन्त्रणमा वृद्धि, स्थानीयस्तरमा संस्थाहरुको विकास र सुदृढीकरण जस्ता क्षेत्रहरुद्वारा गरिबीको माँखे-साङ्लो तोड्न सकिन्छ भन्ने आधारहरुलाई हाम्रा अनुभवहरुले मार्गदर्शन गरेका छन् ।

शान्तिका लागि द्वन्द्व रुपान्तरणकला, स्वास्थ्य र शिक्षामा गरिब एवं विपन्नवर्गको पहुँचमा वृद्धि, सामाजिक विभेदमा कमी, स्वनेतृत्व विकास, सकारात्मक प्रवृत्तिको विकास एवं विस्तार गरी समतामूलक समाजको निर्माण गर्नका लागि हाम्रा लागि नयाँ क्षेत्र र सोचहरु हुनु पर्दछ । हुँदा खाने, दिदा खाने र हुने खाने बीचको दूरी कम गरी सामाजिक न्यायमा आधारित वितरण प्रणाली हाम्रा लागि चुनौतीको विषय हो । त्यसैले सामाजिक-आर्थिक-राजनैतिक रुपमा सन्तुलित विकासको अवधारणा विकास गर्नु अर्को नयाँ क्षेत्र हो । पारदर्शिता, जवाफदेहिता एवम् सुशासनयुक्त प्रणालीले नागरिक समाजको सुदृढीकरण र विकास गर्दछ । जसलाई प्रवर्धन र विकास गर्नु सामाजिक विकास संस्थाको अहम् भूमिका हो भन्ने हामीलाई लागेको छ ।

विगतका अनुभवहरुका आधारमा नयाँ उचाइमा पुग्नको लागि सृजनशीलता एवं रचनात्मव कार्यविधिद्वारा गरिबमुखी, सुशासन केन्द्रित कार्य गर्न हामीलाई हौसला र जोश प्राप्त भएको छ । कार्यदक्षतामा वृद्धि, अझ बढी प्रभावकारी कार्यपद्धति अवलम्बन गरी आत्मनिर्भर समाजको निर्माणमा लागिपर्ने कुराको प्रतिवद्धता व्यक्त गर्दछौं । त्यसैले दिगो जीविकोपार्जनका लागि विभिन्न अनुसन्धान, रणनीति एवं कार्यशैली तयारी गर्ने पक्षमा हामी निरन्तर लागि पर्ने छौं ।

२१ औं शताब्दीका नयाँ सम्भावना र चुनौतिहरुसँगको तालमेल गरी संस्थालाई अझ अग्रगति दिनु पर्ने वर्तमान परिस्थितिमा हाम्रा कार्यशैलीहरु प्रभावकारीता (Effectiveness) र कार्यदक्षतामा (Efficiency) मा निखारापन ल्याउन जरुरी छ । त्यसैले यस संस्थाका सदस्य एवं कर्मचारीहरुका लागि विशेष प्रकारले दक्षतामा वृद्धि गरी समय सापेक्ष बनाउन पहल गर्नु पर्ने अवस्था हामीले देखेका छौं । क्षेत्रगत रुपमा पेशागत विशिष्टता हासील गरी अन्तरनिर्भरताको विकास, प्रबर्धन एवं विस्तारमा हामी लागि पर्ने छौं जसले राष्ट्रिय रुपमा विशिष्ट छवि कायम गर्न सहयोग पुऱ्याउने छ ।

संस्थागत विकासको सामाजिक युद्धमा लागिपर्नु भएका सम्पूर्ण संघ-संस्थाप्रति आभार व्यक्त गर्दै यस संस्थाको विकासका लागि बाह्य क्षेत्रबाट सहयोग पुऱ्याउने ज्ञात-अज्ञात व्यक्ति एवं संघ संस्थालाई विशेष धन्यवाद दिन चाहन्छु । संस्था जन्माउन प्रसवव्यथाको पीडा भोग्नुभएका उत्प्रेरक एवं संस्थापकहरु अतुलनीय धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी संस्थाको बागडोर समाल्ने पूर्व अध्यक्षहरु, कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको अतुलनीय योगदानका लागि धन्यवाद दिन चाहन्छु । वर्तमान अवस्थाका चुनौतीहरुलाई पार गर्दै अथक एवं निरन्तर लागिरहनु भएका कार्य समितिका पदाधिकारीहरु एवम् सम्पूर्ण सदस्यहरुप्रति कोटी-कोटी धन्यवाद व्यक्त गर्दछु। संस्थाभित्र नरहेर पनि सामाजिक विकास एवं यस संस्थाको हितको लागि पवित्र मनले सहयोग पुऱ्याउनु हुने दातृ निकाय, सरकारी निकाय एवम् व्यक्तिहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आफ्ना अमूल्य लेख-रचना दिनुहुने स्रष्टा-द्रष्टाहरु र विज्ञापन दिई सहयोग गर्नुहुने विज्ञापनदाता संस्था तथा व्यक्तिहरुप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा विजयादशमी एवम् शुभ-दीपावलीले देशमा शान्ति छाओस्, व्यक्तिगत रुपमा प्रगति, सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दै, भावी पिढीको नेतृत्वले अझ बढी सशक्त एवम् समुन्नत संस्थाको विकासका लागि योगदान पुऱ्याउन सकोस् भन्ने आशा एवम् विश्वास राख्दछु ।

**केशवप्रसाद सापकोटा**
***अध्यक्ष***
**विजय विकास स्रोत केन्द्र**

# अनुक्रमणिका


| विषय | पेज |
|---|---|
| शुभकामनाहरु | ग-ज |
| हाम्रो प्रतिबद्धता | झ |

**खण्ड 'क'**
**आत्मपरिचय** ङ

| | | |
|---|---|---|
| १. | विजय रजत गान | १ |
| २. | विजय विकास स्रोत केन्द्र - विगतदेखि वर्तमानसम्म | ३ |
| ३. | वर्तमानलाई बनाएर भविष्यको ढोका खोल्नुपर्छ | २० |
| ४. | व्यक्तिगत पूर्वाग्रह छोडेर अगाडि बढ्नुपर्छ | २३ |
| ५. | स्वावलम्वी समाजको निमार्णका लागि संस्था सशक्त रुपमा अगाडि बढेको छ | २६ |
| ६. | विजय विकास स्रोत केन्द्र प्रबर्धनात्मक कार्यक्रम : एक झलक | २८ |
| ७. | विकू : एक परिचय | ४० |
| ८. | शिक्षाको क्षेत्रमा सहकारी प्रयोग : विजय सामुद्यायिक शिक्षा सहकारी संस्था लि. | ४२ |
| ९. | नेतृत्व विकासमा विजय विकास स्रोत केन्द्र | ४४ |
| १०. | विजय विकास स्रोत केन्द्र र महिला सशक्तीकरण | ४८ |
| ११. | नेपाली साहित्यिक क्षेत्रमा विजय विकास स्रोत केन्द्र | ५२ |
| १२. | गैंडाकोटमा विजय विकास स्रोत केन्द्रको योगदान | ५५ |
| १३. | सामाजिक परिचालन र विजय विकास स्रोत केन्द्र | ६२ |

**खण्ड 'ख'**
**विविध लेख/रचनाहरू** ६६

| | | |
|---|---|---|
| १४. | My experience as a UNV | ६७ |
| १५. | स्थानीय स्रोत परिचालनमा विजय विकास स्रोत केन्द्र | ७० |
| १६. | अनुभवबाट धेरै कुरा सिक्न सकिन्छ | ७६ |
| १७. | Women's Self-Employment Programes and Few Ignored Issues | ७७ |
| १८. | Community-Based Conflict Transformation and Peace Bulding | ८२ |
| १९. | देशमा नैतिकता र इमान्दारिताको सङ्कट छ | ८६ |
| २०. | बाल कार्यक्रम र हाम्रो समाज | ९० |

## खण्ड 'ग'

### सफलताका कथाहरु

८३
२१. आँसी नाम्लो चटक्कै छोडी नयाँ बिहानीको शुरुवात ८४
२२. चर्को व्याजलाई निरुत्साहित गर्दै किदुक समाज स्वावलम्वनतर्फ ८६
२३. Safala Nepal: A Pace towards Gender Equity ८७
२४. A case study of Siseni Vegetable Production Group ८८
२६. मिमिरे कपिलवस्तु : स्वावलम्बी समूहबाट स्थानीय सहयोगी संस्थासम्म १०१
२७. रुपी नेपालीका दुहुना भैंसी र २० हजारका आसामी १०४
२८. अपाङ्ग नेतृत्व : स्थानीय स्रोतको सदुपयोगतर्फ १०६
२९. प्रौढ कक्षा पढेर आँखा खुले १०८
३०. Small effort great change ११०
३१. समुहका सदस्यबाट रुढिवादी आरोपको प्रतिकार ११२
२५. पत्रकारको नजरमा कार्यक्रमको प्रभाव : डलर होइन रुपैयाँको खेती ११३

## खण्ड 'घ'

### बिम्ब एवम् विविध

### (अनुसूची)

११६
३२. विजय युवा क्लव स्थापनाका संस्थापक सदस्यहरु एवं प्रथम कार्य समितिको कार्य विभाजन र नामावली ११७
३३. विजय विकास स्रोत केन्द्र सदस्यहरुको नामावली १२३
३४. विजय विकास स्रोत केन्द्र २०५८ पछि गठित विभिन्न उप-समितिहरु १२४
३५. वर्तमान कार्यसमितिको परिचय १२७
३६. संस्था स्थापनादेखि हालसम्मका अध्यक्षज्यूहरुको परिचय १२८
३७. संस्थाका संस्थापक सदस्यहरुको परिचय १२९
३८. संस्था स्थापना गर्न सहयोग पुन्याउने उत्प्रेरकहरुको परिचय १३१
३९. संस्था दर्ता गर्दा तदर्थ समितिमा रहेका पदाधिकारीहरुको परिचय १३२
४०. ०५८ साल अघि गठन गरिएका उप-समितिहरु १३४
४१. सम्पादन समितिका तर्फबाट १४२

# खण्ड 'क'

# आत्मपरिचय

# विजय रजत गान

*-श्रीमती विष्णु (कंडेल) सापकोटा*

नारायणीको किनारमा गैंडाकोट गाउँ
छत्तीस सालमा संस्था जन्म्यो विजय क्लब नाउँ ।
पुल थिएन नारायणीमा डुङ्गा तर्नु पर्ने
सिंचाई छैन सुख्खा टाँडी कोदो मकै छर्ने ।

युवा शक्ति गाउँ भरी छरिएका थिए
हामी एक हुनुपर्छ भन्ने अठोट लिए ।
युवाहरु मिलिजुली हातेमालो गरी
देउसी भैलो नाच-गान खेलमा अघि सरी ।

यस्तै खालका कार्यक्रम गाउँमा चालू रह्यो
चवालिस सालमा आई संस्था दर्ता भयो ।
सधैंभरी स्वयं सेवक कति दिन गर्ने
कसोगरी होला अब गाउँमा विकास छर्ने ।

यसैगरी सोच्दा सोच्दै एउटा अवसर आयो
जनमुखी विकास तालिम यो संस्थाले पायो ।
छब्बीस जना सदस्यको सहभागितामा
विकू जन्म्यो तालिमको यही सन्दर्भमा ।

एक मोहर बचत गर्दै विकू अघि सऱ्यो
नसोचेको नसम्झेको विकास यसले गऱ्यो ।
देश विदेश गाउँभरी विकूलाई देख्दा
मेरो मन हर्षित हुन्छ यस्को गाथा लेख्दा ।

क्लब पनि यतातिर अघि बढ्दै गा छ
साना तिना कार्यक्रम गाउँमा पनि भा छ ।
ठाउँ ठाउँमा सम्पर्क र समन्वय गरी
आफ्नो नाम प्रचार प्रसार गऱ्यो देशै भरी ।

इमान्दारी, समझदारी, जिम्मेवारी थियो
यहि हुनाले जि.टी.जेड्. ले काम पनि दियो ।
कपिलवस्तु पर्वतमा आठ बर्ष बित्यो
विकासको काम गरी जनताको मन जित्यो ।

सिन्धु, काभ्रे, भोजपुर, संखुवासभा, डोटी
हिडेको छ दिगो विकास नारा जुलुस बोकी ।
पाल्पा, नवलपरासी र तनहुँमा पनि
आयमूलक विकासको काम गरकै छ नि ।
बेरोजगारी समस्यालाई यसले हटाएछ
एकसय तीस जनालाई काममा खटाएछ ।
एम्बुलेन्सको पनि खाँचो महसुस गरी
अभियान लागू भयो गैंडाकोटै भरी ।
राम्रो काम यो संस्थाको सबले मनमा लिए
यथाशक्य सहयोग खुशी मनले दिए ।
आफ्नो सेवा एम्बुलेन्सले गाउँमा दिएको छ
आफू चल्ने महसुल मात्र लिएको छ ।
संस्थालाई दिगो राख्न आय स्रोत चाहिने
धेरै खालका तालिम लिन यही संस्थामा पाइने ।
आवासीय तालिमको राम्रो व्यवस्था छ
निर्माण र संस्था विकास यसैबाट भा छ ।
फोटोकपी, फ्याक्स, ई-मेल, टेलिफोन पनि
गाउँ बासीलाई यो सुविधा संस्था भित्रै छ नि ।
सामुदायिक स्कूल हाम्रो शिक्षा दिने ठाउँ
भाग्यमानी हामी रहेछौ धन्य हाम्रो गाउँ ।
एफ.एम. पनि यहिँबाट शुरु हुने भयो
अब यसले गर्न यहाँ बाँकी के पो रह्यो ।
चौबिस बर्ष पूरागरी पच्चीस बर्ष लायो
जवानीको जोस जागर अब यसमा आयो ।
जता हात राखे पनि सफल हुँदै गयो
यो संस्था त ईश्वरकै वरदान भयो ।
कति मिठो, कति प्यारो भि.डि.आर.सी. नाउँ
यो संस्थाको समुन्नति सधैं देख्न पाउँ ॥

✡✡✡

# विजय विकास स्रोत केन्द्र - विगतदेखि वर्तमानसम्म

- खेमराज सापकोटा
- इन्द्रज्योति पौडेल

इतिहास भनेको विगतमा भए गरेका महत्वपूर्ण घटनाक्रमको लिखित दस्तावेज हो । यसले विगतको वास्तविकतालाई भविष्यका पुस्ताका लागि चिनाउँदछ, स्मरण गराउँदछ । इतिहास पढ्न जति सजिलो छ लेख्न त्यति सजिलो छैन । हाम्रो जस्तो विविधता युक्त मुलुकको नागरिक समाजबाट स्थापित संघ-संस्थाको इतिहास तयार गर्न अझै त्यति सहज छैन । किनभने हाम्रो समूदायमा धेरै किसिमको विविधता छ जाति, भाषा र धर्म फरकफरक छ । साक्षरताको स्थिति कमजोर छ । लिखित भन्दा मौखिक निर्णयमा काम गर्ने प्रचलनहरु छन् । जिम्मेवारी बाँडफाँड गर्दा व्यापक क्षेत्र समेट्न खोज्ने तर काम गर्दा सीमित व्यक्तिबाट सम्पन्न गर्ने परम्पराले गर्दा यथार्थ पहिचान गर्न कठिन छ । यसै सन्दर्भमा विजय विकास स्रोत केन्द्रको कुरा गर्दा कतिपय कुराहरु मौखिक निर्णयको आधारमा काम गर्ने परम्परा देखिन्छ । सबै कुराको लिखत आधिकारिक प्रमाणहरु छैनन् तर विभिन्न कामहरु भएका छन् । पच्चीस बर्षमा आइपुग्दा त्यतिखेरका कतिपय महत्वपूर्ण कुरा बिर्सेर ओझेलमा परेका हुन सक्छन् । कतिपय व्यक्तिको तत्कालको बुझाइ के थियो भन्दा पनि वर्तमानसँग तुलना गरेर हेर्ने, व्याख्या गर्ने गरेको पनि पाइन्छ । त्यसैले यसलाई हुबहु उतार्न धेरै कठिन रहेछ । थालनी कहीँ न कहिबाट गर्नु पर्छ भन्ने ठानेर शुरुवात गरेका छौं ।

यो लेख इतिहासको अन्तिम र निर्णायक होइन तर पनि यथार्थलाई उजागर गरेर छलफल विश्लेषणका लागि ढोका खोलिएको भने पक्का हो । हामीलाई लागेको छ खोतल्न अलिखित कुराहरु बाँकी होलान् तर हालसम्म हामीले प्राप्त गरेका लिखत कागजहरुलाई मुख्य आधार मानेका छौं भने थप पुष्ट्याईंका लागि उत्प्रेरक, संस्थापक सदस्यहरु र भू.पू. अध्यक्षहरुका, विचारहरुबाट पनि केही बाटो निकालेका छौं । यसभन्दा भिन्न जानकारी र लिखत प्रमाणहरु भएमा उपलब्ध गराइदिनु भएमा हामी आभारी हुने छौं ।

नेपालको इतिहासमा वि.सं.२०३६ साल एउटा युगान्तकारी परिवर्तनको संघारको वर्ष हो । वि.स. २०१९ सालमा शुरुवात गरिएको देशको हावापानी र माटो सुहाउँदो पञ्चायती व्यवस्थामा प्रश्नचिन्ह लागेर तत्कालीन महाराजाधिराज श्री ५ वीरन्द्रबाट सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय शासन व्यवस्था मध्ये एक रोज्न सम्पूर्ण नेपालीहरुका लागि जनमत सङ्ग्रहको घोषणा भएको थियो । यस घोषणले देशभरि नै नयाँ बहस, चहलपहल र कुन व्यवस्था ठीक भनेर छलफलको लागि सर्वसाधारणलाई ढोका खोलेको थियो भने विभिन्न पार्टीहरु माथि लागेको प्रतिबन्धलाई खुकुलो परेको थियो । वाक् स्वतन्त्रता सबैले पाएका थिए । यस्तो तत्कालीन खुल्ला वातावरणले देशभरका युवाहरुलाई केही गरौं राष्ट्को लागि, समाजको लागि भन्ने भावनाहरु आउन थाले । नागरिकहरुमा चेतनाको लहर फैलिन थाल्यो । हामीले पनि आफ्नो ठाउँबाट केही गर्नुपर्छ भनेर देशभरि नै विभिन्न कार्यक्रमका साथै विभिन्न प्रकारका सङ्गठनहरु खोलिन थालिए, यो प्रभावबाट गैंडाकोट पनि अछुतो रहेन । तत्कालीन गैंडाकोटको आवस्थालाई हेर्दा विकासको दृष्टिबाट धेरै पछाडि परेको थियो । खानेपानी, बिजुलीको अभाव, सिञ्चाइको व्यवस्था नभएको हुँदा "खाऊँ त मकै, नखाऊँ त भौकै" को अवस्था थियो ।

गाउँमा धेरै विद्यालयहरु नभएका र नारायणी नदीमा पुल समेत नबनेको हुँदा शिक्षामा पहुँच थिएन, बजारबाट नजिक भए पनि दुर्गम गाउँ जस्तै थियो । गरिबी, अशिक्षा, अचेतना आदि व्याप्त थियो। पहिलादेखि यस ठाउँमा बसोबास गर्दै आएका आदिवासीहरु विकास निर्माणका कुराहरुप्रति कम सरोकार राख्दथे भने बसाइँ सराइ गरेर आएका मानिसहरु पनि आपसमा संगठित भएर काम गर्ने वातावरण बनेको थिएन । ०३६ सालको जनमत संग्रहको घोषणाले सबैलाई चासो जगायो । बहस र छलफलहरु हुन थाले । फलस्वरुप बिचार मिल्ने युवाहरु एक ठाउँमा भेलाभइ आमी केही गर्न सक्छौं भन्ने विचार आउन थाल्यो । पटक पटकको अनौपचारिक छलफलपछि अन्त्यमा ०३६ आषाढ २६ गते २९ जना व्यक्तिहरुको भेलाले यस संस्थालाई विधिव्रत् स्थापना गरेको हो । विजय विकास स्रोत केन्द्र ०३६ साल आषाढ २६ गते विजय युवा क्लबको नामबाट स्थापना भएको मुनाफारहित एक गैर सरकारी सामाजिक संस्था हो । तथापि शुरु-शुरुका यसका कार्यक्रमहरुलाई हेर्दा बढी क्रान्तिकारी र समाजको आमूल परिवर्तनको लागि काम गरेको देखिन्छ। पछि आएर क्रमशः कार्य शैलीमा परिमार्जन गरी आफूलाई विशुद्ध सामाजिक सेवाको संस्थाको रुपमा स्थापित गरेको छ ।

यस संस्थाको इतिहासलाई नियालेर हेर्दा विभिन्न चरणमा विभाजन गरी हरेक चरणको छुट्टा-छुट्टै प्रस्तुति गरेमा अध्ययन र प्रस्तुतिका लागि सबैलाई बढी सजिलो र व्यावहारिक हुने महसुस गरी संस्थालाई तीन चरणमा विभाजन गरेर प्रस्तुत गर्ने जमर्को गरेका छौं। संस्था विकासको क्रमलाई हेर्दा प्रारम्भिक अवस्था (०३६-०४४ सम्म), संस्थागत विकासको अवस्था (०४५-०५२ सम्म) र व्यवसायिक दक्षताको अवस्था (०५२ देखि हालसम्म) गरी तीन चरणमा राखिएको छ ।

**प्रारम्भिक अवस्था : (०३६-०४४)**

विजय विकास स्रोत केन्द्रको कालखण्डलाई विभाजन गरेर हेर्दा वि.सं.०३६ देखि वि.सं. ०४४ सम्म दर्ता नभईकन अनौपचारिक रुपमा स्वावलम्बी समूह जस्तै भएर काम गरेको अवस्थालाई लिन सकिन्छ। तत्कालीन सामाजिक परिवेशमा गैंडाकोट गा.वि.स. भित्र बसोवास गर्ने युवाहरुको जोश, जाँगर र भावनालाई सङ्गठित गरी समाजमा विद्यमान गरिबी, शोषण, अन्याय, अचेतनाका विरुद्धमा युवाशक्तिको परिचालन गर्नु यसको स्थापनाको मुख्य उद्देश्य रहेको थियो । पहिलो दिन संस्था (क्लब) खोल्ने निर्णय २९ जना सदस्यहरु रहेको कार्य समितिको गठन गरी यसलाई विधिवत् संस्थागत रुप दिइएको थियो । उक्त कार्य समिति गैंडाकोट - ८ निवासी श्री ऋषिराम सापकोटाको सभापतित्वमा तपसील बमोजिमको कार्य विभाजन गरी २९ सदस्यीय समिति गठन गरिएको थियो । यो कार्य समिति नै संस्थाको पहिलो समिति र यसमा रहेका व्यक्तिहरुलाई नै संस्थापक सदस्य मानेर संस्थाले सम्मान समेत गरिसकेको छ। समितिको नामावली यसप्रकार छ-

| | |
|---|---|
| सभापति :- | श्री ऋषिराम सापकोटा |
| उप-सभापति :- | श्री यमबहादुर कार्की |
| सचिव :- | श्री रामप्रसाद पौडेल |
| सह-सचिव :- | श्री मिनबहादुर डिश्वामगर |
| कोषाध्यक्ष :- | श्री डिल्लीराम सापकोटा |
| सदस्य :- | श्री दधिराज पौडेल |
| सदस्य :- | श्री गंगाधार सापकोटा |
| सदस्य :- | श्री शालिकराम सापकोटा |
| सदस्य :- | श्री जनक आचार्य |
| सदस्य :- | श्री यदुनाथ सापकोटा |
| सदस्य :- | श्री होमनाथ सापकोटा |
| सदस्य :- | श्री शुकबहादुर दराई |

सदस्य :- श्री मेघबहादुर कुमाल
सदस्य :- श्री कृष्णचन्द्र चालिसे
सदस्य :- श्री शक्तिप्रसाद सापकोटा
सदस्य :- श्री रेजबहादुर शाही
सदस्य :- श्री तिलबहादुर श्रेष्ठ
सदस्य :- श्री लोकबहादुर गुरुङ्ग
सदस्य :- श्री थम्मन सिं कुमाल
सदस्य :- श्री हरिलाल वन सन्यासी
सदस्य :- श्री द्रोण वन सन्यासी
सदस्य :- श्री रुद्रप्रसाद सापकोटा
सदस्य :- श्री शशीधर कँडेल
सदस्य :- श्री चोलनाथ गैरे
सदस्य :- श्री घनश्याम कँडेल
सदस्य :- श्री लक्ष्मीप्रसाद सापकोटा
सदस्य :- श्री भवानीप्रसाद चापागाई
सदस्य :- श्री प्रेमबहादुर कुमाल
सदस्य :- श्री भीमलाल लामिछाने

उपरोक्त कार्य समिति बाहेक समाजमा तत्कालीन कार्यरत समाज सेवी तथा शिक्षाप्रेमीहरुले यस संस्था खोल्नमा उत्प्रेरणा जगाइ युवाहरुलाई संगठित हुने वातावरण तयार गर्न विशेष योगदान पुर्‍याएको कुरा यसै कार्यसमितिमा रहेका सदस्यहरु बताउनु हुन्छ। उहाँहरुका अनुसार चार जना व्यक्तिहरुलाई आधिकारिक रुपमा संस्थाका उत्प्रेरक मानेर सम्मानित गरिएको छ। सम्मानित व्यक्तित्वहरुमा - श्री तिलकप्रसाद सापकोटा, श्री गोविन्दराज विनोदी, श्री शालिकराम सापकोटा र श्री लक्ष्मीप्रसाद आचार्य हुनुहुन्छ ।

स्थापना कालका तत्कालीन दस्तावेजहरुलाई अध्ययन गर्दा संस्थाको नाम "विजय युवा क्लब" राख्ने निर्णय र संस्थाको उद्देश्य "ग्रामीण जनतामा चेतना जगाउनु, रचनात्मक कार्य, सरसफाई, सेवाको भावना, सहयोगको भावना र राजनैतिक, आर्थिक, सामाजिक र बौद्धिक विकासका लागि सामुहिक मार्ग अपनाई एउटा स्वस्थ प्रजातान्त्रिक, न्यायपूर्ण समाज निर्माण गर्न सदैव तत्पर रहनु" हुनेछ भन्ने पाइन्छ ।

संस्था स्थापनाका लागि घच्घचाउने वातावरण तयार गर्ने उत्प्रेरकहरुको अविभावकत्व, समाजमा व्याप्त गरिबी, शोषण र अन्यायपूर्ण कार्यहरु (सार्वजनिक जग्गा दर्ता, बन कर्मचारीहरुले घूस लिई वन विनास गर्ने कार्य, सुकुम्वासीहरुलाई उठाउने प्रचलन आदि) आफ्नो समाजका लागि सङ्गठित भएर काम गर्ने युवा जोशले गर्दा संस्था (क्लब) को जन्म दिन महत्वपूर्ण योगदान पुर्‍याएका थिए। संस्थालाई व्यवस्थित गर्न वि.सं.०३६/३/३० मा बसेको बैठकले ३ जना सदस्य रहनु भएको विधान मस्यौदा समिति गठन गरेको र ०३६/६/१५ मा सो विधान पारित गरिएको थियो । संस्थाको पहिलो कार्यक्रमको रुपमा गैंडाकोट गा.वि.स. (तत्कालीन गाउँ पञ्चायत) भित्र हरेक वडामा गौचरन र पानीघाट राखिएकोमा ती गौचरन तथा पानीघाटहरु केही व्यक्तिहरुले जोत भोग चलन र दर्ता समेत गर्ने कार्य गरेकोले सो कार्य समाज विरोधी कार्य भएको ठहर गर्दै पानीघाट र गौचरनहरु जोतिएको बारेमा गाउँ पञ्चायत कार्यालयमा निवेदन दिने र त्यसो गर्नबाट बचाउने कार्यक्रमहरु तयार गरिएका थिए। बढीजसो सार्वजनिक चासोका विषयहरुमा संस्था सजग थियो। संस्थाको स्थापनाको लगत्तै पछि विभिन्न कार्यक्रमहरु गर्न जिम्मेवारी बाँडफाँड गर्ने र उपसमितिहरु गठन गर्ने कार्यहरु गरिएको पाइन्छ । प्रारम्भमा नै खेलकुद समिति, प्रचार प्रसार समिति, चन्दा सङ्कलन समिति, सामान

ल्याउने समिति, छानविन समिति जस्ता समिति (उप-समितिहरुलाई समेत समिति नै भन्ने गरिएको) गठन गरिएका र पछि आएर आवश्यकता अनुसार अन्य उप-समिति समेत गठन भएका पाइन्छन् । (त्यसमध्ये स्थायी प्रकारका विभिन्न उप-समितिको नामावली अनुसूचीमा समावेश गरिएको छ ।)

स्थापनादेखि नै संस्थाले सामाजिक अन्याय अत्याचारको विरोध, वन वातावरण संरक्षण, चेतना मूलक कार्यक्रम, बुद्धिजीवीहरुको भेटघाट र बैठक, साँस्कृतिक कार्यक्रमहरु, हाजिरजवाफ प्रतियोगिता, खेलकुद, दोहोरी गीत, वर्षे बिदामा विद्यार्थीहरुको लागि निःशुल्क कोचिङ्ग कक्षा, पुस्तकालयको शुरुवात आदि कार्यहरुको माध्यमबाट समुदायलाई चेतनाकरण गर्न सहयोग पुऱ्याएको देखिन्छ । यसको अलवा समाजलाई आमूल परिवर्तन गरी प्रजातान्त्रिक व्यवस्था स्थापनाका लागि समेत सक्रिय भएको देखिन्छ । नेतृत्वको हिसाबले हेर्दा स्थापनादेखि (०२४०।४।२९ सम्म) श्री ऋषिराम सापकोटाको अध्यक्षतामा दुई कार्यकाल (०३६-०३८ र ०३८-०४० सम्म) कार्य समिति गठन भई संस्था सञ्चालन भएको थियो भने अर्को अवधि (०४०।४।३० - ०४४।२।७ सम्म) श्री लक्ष्मीप्रसाद आचार्यको नेतृत्वमा समिति गठन भई सम्पूर्ण कार्यहरु अगाडि बढेका थिए र ०४४।२।८ देखि यस कालखण्डको बाँकी समय श्री खगराज आचार्यको सभापतित्वमा कार्य समिति गठन भई सम्पूर्ण कार्यहरु अगाडि बढेका थिए । त्यस समयावधिमा भएका सबै कुराहरुलाई व्याख्या गरेर उल्लेख गर्न सम्भव नभएकोले निर्णय पुस्तिकाका आधारमा भए गरिएका मुख्यमुख्य कार्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ -

**२०३६ सालका प्रमुख कार्यकलापहरु :**

- गैडाकोट गा.पं. भित्रका पानीघाट र गौचरन जोतिएको बारे गा.पं. कार्यालयमा निवेदन र स्पष्टीकरण माग ।
- तीज मेलाको आयोजना-विजयनगर कालिका स्कूलको प्राङ्गणमा ।
- साप्ताहिक हाटबजार (वार्ड नं.७ जयश्री पुलनेर) आयोजना ।
- विजया दशमीका दिन पुस्तकालय स्थापनाका लागि समिति गठन भई कोजाग्रत पूर्णिमाको दिन भेला बोलाएको ।
- वन संरक्षणका लागि पहल, वनपाले माथि निगरानी ।
- दीपावलीमा देउसी भैलो खेली माइक किन्ने निर्णय ।
- सुकुम्बासीहरुको व्यवस्थित बसोबासका लागि तथाङ्क सङ्कलन ।
- प्रत्येक सदस्यबाट सदस्यता शुल्क र चन्दा उठाउने कार्यको थालनी ।

२०३७ सालमा पनि संस्था सक्रियरही गतवर्षका कार्यक्रमलाई निरन्तरता दिएको देखिन्छ भने यस वर्षमा नयाँ दुईवटा काम भएका छन् :

- विजया दशमीमा सांस्कृतिक कार्यक्रम प्रदर्शन एवम् चित्रा आयोजना ।
- पुस्तकालयका लागि पुस्तक सङ्कलन कार्यको थालनी ।

२०३८ सालमा आइपुग्दा संस्थाले संस्थागत स्वरुप धारणगरी विभिन्न कार्यक्रमहरु चलाएको पाइन्छ । यस सालमा क्लबलाई नयाँ दिशा दिन भौतिक निर्माण कार्य गर्न महत्वपूर्ण कामको थालनी भएको छ । बुँदागत रुपमा यस वर्षमा गरिएका कुराहरुलाई निम्नअनुसार हेर्न सकिन्छ :

- हरितालिका तीजको उपलक्ष्यमा कालिका चौरमा विभिन्न रमाइला कार्यक्रमको आयोजना ।
- ज.मा.वि. स्वतन्त्र विद्यार्थी युनियनद्वारा

आयोजित भलिबल खेलमा सहभागिता ।

- माइक खरिद गरी भाडामा दिने कार्यको शुरुवात ।
- वि.पि. स्वास्थ्य कोष स्थापना गरी सङ्कलित रकम श्री तिलकप्रसाद सापकोटा मार्फत् पठाइएको ।
- हाल चेतना सदन परिसरको ठीक पूर्वपट्टि त्यतिबेलाको खाली चौरमा मिनी सर्कस सञ्चालन गरी आर्थिक सङ्कलन ।

पुस्तकालय स्थापनाका लागि साँस्कृतिक घुम्ती टोली सञ्चालन गरी गैडाकोटको हरेक वडामा पुगेर चन्दा सङ्कलन गरिएको थियो । जसमा केही रकम सङ्कलन भएको थियो । यसमा धेरै व्यक्तिहरुको सहयोग र संलग्नता रहेको थियो । विशेषत तत्कालीन कालिका मा.वि.का भाइ-बहिनाहरुले साँस्कृतिक टोलीमा कलाकारको रुपमा भाग लिई ठूलो सहयोग पुऱ्याएका थिए ।

२०३९ सालमा पनि संस्था निरन्तर रुपमा अगाडि बढ्यो । यस वर्षमा संस्था सञ्चालन गर्न केही कठिनाइहरु आई परेका थिए । जिल्ला प्रशासन कार्यालयबाट बढी निगरानी राख्ने, काम गर्न बाधा व्यवधान गर्ने र राजनीतिक दवावदिने कामहरु भएका थिए । यति हुँदा-हुँदै पनि सबैको सहमति र समझदारीमा संयमित भई कार्यहरु सञ्चालन गरी संस्थाका गतिविधिहरुलाई अगाडि बढाइएको थियो । यस वर्षमा भएका मुख्य कार्यहरु निम्नानुसार छन् :

- प्रतीक्षालय निर्माण (२ वटा) विजयचोक र थुम्सी पुलनेर ।
- पानीघाट र चौर दर्ता सम्बन्धमा गा.प. र दर्ता बदर समितिलाई ताकेता गरी बदर गर्न र बदर नभएमा उक्त जग्गाहरु संघ-संस्थालाई राजीनामा पास गरी दिनका लागि दवाव दिने ।
- २०३८ सालको साँस्कृतिक घुम्तीटोलीमा लेखाइएको चन्दा रकम उठाई पुस्तकालय भवन निर्माण कार्यको थालनी ।

२०४० सालमा संस्थाले पहिलाको भन्दा अझ बढी कार्यहरुलाई कार्यन्वयन गर्न जोड दिएको देखिन्छ । विगतमा भएका कार्यहरुलाई निरन्तरता दिनुको साथसाथै अन्य नयाँ निम्न कामहरु गरेको देखिन्छ :

- सांस्कृतिक कार्यक्रम प्रदर्शन ।
- कालिका मन्दिर (गैडाकोट-८) लाई दुर्गा पूजाको लागि सहयोग ।
- कक्षा १ देखि १० सम्मलाई कोचिङ्ग कक्षा सञ्चालन ।
- घुम्तीटोली (सांस्कृतिक कार्यक्रम सहित) कार्यक्रम पुन: थालनी ।
- श्रावण ६ गते वृक्षारोपण कार्यक्रम सञ्चालन ।

२०४३ सालमा पनि संस्था विस्तारै आफ्नो गतिलाई अगाडि बढाएको देखिन्छ । आर्थिक स्रोतको कमी भलिबल तथा खेलकूद लगायत साँस्कृतिक कार्यक्रमको सञ्चालनले संस्थालाई ऋणमा लगेको थियो । पदाधिकारी लगायत अन्य सदस्यहरुबाट ऋण लिने, चन्दा तथा सहयोग माग्ने काम गरेरै भए पनि संस्थाको अस्मितालाई बचाउने काम गरेको देखिन्छ । यस वर्षका कार्यहरु यसप्रकार छन् -:

- विजया दशमीको उपलक्ष्यमा भलिवल खेल आयोजना ।
- साहित्य सम्मेलनको आयोजना गर्ने निर्णय र कार्यान्वयन ।
- माघ १२, १३ र १४ मा संस्थाका सदस्यहरुले स्वयंसेवी रुपमा पसल सञ्चालन गरी रकम सङ्कलन ।
- जिल्लास्तरीय खेलकुद सेमरीमा सहभागिता ।

२०४४ सालमा संस्थाले नयाँ किसिमले अगाडि बढ्नु पर्छ भन्ने मान्यता राखेर काम गरेको

देखिन्छ । अहिलेसम्म दर्ता नहुँदाको कारणबाट आइपरेका कठिनाईहरुबाट अनुभव सँगालेर संस्थालाई औपचारिक रुपमा दर्ता गर्ने पहल यसै वर्षमा गरिएको हो । नयाँ विधान निर्माण, नयाँ तदर्थ समिति गठन र दर्ताको लागि प्रक्रिया अगाडि बढाइएको थियो । यस वर्ष गत वर्षको तुलनामा संस्था केही सक्रिय भयो । पुराना कामलाई निरन्तरता दिंदै नयाँ कामहरु शुरुवात गऱ्यो । कामलाई बुँदागत रुपमा यसरी हेर्न सकिन्छ :

- विशेष कार्यक्रम गरी रु.१७२५।- आम्दानी ।
- २०४३ सालको S.L.C. परिक्षामा गैंडाकोटबाट पास हुने विद्यार्थीलाई अभिनन्दन तथा फेल हुनेलाई सान्त्वना कार्यक्रम ।
- वर्षे बिदामा दुई महिनाको लागि कोचिङ्ग कक्षा सञ्चालन (कालिका प्रा.वि. हालको कालिका मा.विं.) मा ।
- संस्थाले आम्दानी वृद्धिका लागि जिल्ला प्रशासन कार्यालय बाट स्वीकृति लिएर गैंडाकोट वडा नं. २ पुलचोकमा ४५ दिन VDO प्रदर्शन गरेको ।
- गा.पं.द्वारा आयोजित हाजिरी जवाफ प्रतियोगिता र वृक्षारोपण कार्यक्रममा सहभागिता ।
- दोहोरी गीत प्रतियोगितामा (टिम पठाई) सहभागिता ।
- संस्था दर्ता गर्न गैंडाकोट-२, निवासी श्री खगराज आचार्यको सभापतित्वमा निम्नानुसारको ७ सदस्यीय समिति गठन गरी दर्ता प्रक्रियालाई तदारुकताका साथ अगाडि बढाइएको ।

१) सभापति :- श्री खगराज आचार्य
२) उप-सभापति :- श्री द्रोण बन
३) सचिव :- श्री प्रेमबहादुर 'अकेला'
४) सह-सचिव :- श्री खेमराज सापकोटा
५) कोषाध्यक्ष :- श्री ओमप्रसाद सापकोटा
६) सदस्य :- श्री टीकाराम कँडेल
७) सदस्य :- श्री ऋषिराम सापकोटा

**अनौपचारिक रुपमा संस्था सञ्चालनका सिकाइ र अनुभवहरु :**

२०३६ साल देखि २०४४ सालसम्म संस्था अनौपचारिक रुपमा सञ्चालन भइरह्यो । जि.प्र.का. मा दर्ताका लागि सम्पर्क गर्दा सजिलैसँग दर्ता हुन नसक्ने देखिएकाले संस्थाले २०४४ सालमा छुट्टै समिति गठन गरी नयाँ प्रक्रियाद्वारा २०४५ मा स्वीकृति प्राप्त गरेको हो । दर्ता नभएको कारण बाह्य सम्पर्क गर्न तथा खुल्ला रुपमा कार्यक्रम गर्न कठिनाइ भइरह्यो । यसबाट संस्थामा संलग्न जनशक्ति समेत पलायन भएको तितो अनुभव समेत संस्थाले विगतमा संगालेको छ । संस्था खोल्नु र स-साना कामहरुमात्र गर्नु ठूलो कुरा होइन । संस्थाको संस्थागत विकास गर्नुपर्छ भन्ने सोचाइ संस्थामा आयो । बाह्य सम्पर्क र समन्वय संस्थाका लागि आवश्यक हुने रहेछ । अन्यथा विकासका सैद्धान्तिक र व्यावहारिक ज्ञान, सीप र धारणाको विकास गर्न सकिदैन भन्ने महत्वपूर्ण सिकाइ यस अवस्थाबाट संस्थाले सिक्यो ।

कार्य प्रकृतिका आधारमा बढी सेवामूलक र युवा परिचालनतर्फ जोड दिइएका कारण संस्थाको प्रकृति स्वावलम्बी समूह जस्तो रह्यो । संस्थाका तत्कालीन निर्णय पुस्तिका हेर्दा सदस्यता स्पष्ट रुपमा परिभाषित भएको पाइदैन । बैठक र साधारण सभामा गाउँका जो कोही (बाहिरबाट गाउँमा आएका पाहुना समेत) पनि उपस्थित हुन पाइने प्रचलन नै भएको देखिन्छ । आर्थिक सङ्कलनका लागि चन्दा र सदस्यता शुल्क नै मुख्य स्रोत रहेका थिए । सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्दा स्वत:स्फूर्त रुपमा दिइने चन्दा/सहयोग, पुस्तकालयका लागि पत्रिका, पुस्तक वा नगद सहयोग त्यस समयका स्रोत थिए । स्वयंसेवी

रुपमा संस्थाका सदस्यहरुले हरेक कार्यक्रममा समय, पैसा र आवश्यक सामग्रीहरु घरघरबाट जुटाउने काम गरिन्थ्यो । यसका अलावा सानातिना कामहरुका लागि कार्य समितिका सदस्यहरु र अलि ठूलो काम पर्दा साधारण सदस्य लगायत शुभचिन्तकहरुबाट नगद, चन्दा एवं जिन्सी सामग्रीहरु (चामल, दाल, तेल, नून, तरकारी, सिरक, डसना आदि) उठाइ कार्यक्रम सञ्चालन गर्ने गरिन्थ्यो । कार्यक्रम सकिएपछि उपभोग्य सामग्री बाहेक अन्य सामग्रीहरु सम्बन्धित व्यक्तिलाई फिर्ता गरिन्थ्यो । कुनै काम पनि तेरो र मेरो भन्दा हाम्रो भन्ने भावनात्मक एकता थियो भन्ने कुरा तत्कालीन सदस्यहरुको भनाइ र कार्यक्रम तथा बैठकको उपस्थितिहरुबाट झल्किएको छ ।

समग्रमा भन्नुपर्दा जनतासँग चन्दा उठाएर मात्रै संस्था दिगो हुन सक्दैन त्यसका लागि संस्थाको आफ्नै स्रोत हुन पर्दछ । बाह्य सम्पर्क र समन्वय गरी सहयोगको लेनदेन गर्न कानुनी रुपमा मान्यता प्राप्त गर्न पर्दो रहेछ । स्वयंसेवी भावनाले काम गरेमा सामुहिक एकता र हाम्रो भन्ने भावनाको विकास हुँदो रहेछ । संस्थालाई स्थायित्व प्रदान गर्न सदस्यहरुको क्षमता वृद्धि र सीप विकासका अलावा संस्थाको भौतिक पूर्वधारको पनि व्यवस्था गर्दै जानु पर्दो रहेछ भन्ने जस्ता महत्वपूर्ण सिकाइले संस्था दोस्रो चरणमा (संस्था विकासको अवस्थामा) प्रवेश गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

**संस्थागत विकासको अवस्था (०४५ देखि ०५२) :**

यो चरण संस्थाको दोस्रो अवस्था हो । प्रारम्भिक अवस्थाबाट सिकेका पाठहरुले हामीलाई परिमार्जित रुपमा अगाडि बढ्न बाटो देखायो । फलस्वरुप यसको प्रारम्भिक अवस्थामा नै अनौपचारिक रुपमा संस्था सञ्चालनको अनुभवबाट संस्थालाई औपचारिक रुपमा दर्ता गर्ने प्रयास गरिएको हो । हुनत स्थापनाको लगत्तै संस्था दर्ताका लागि जि.प्र. कार्यालयमा सम्पर्क गर्ने निर्णय तथा कार्यहरु भएका पनि थिए, तर तत्कालीन राजनैतिक परिवेश गैंडाकोटबासी र विजय युवा क्लबको पक्षमा सकारात्मक थिएन र सजिलैसँग सो कार्य गर्न सकिएन । वि.सं. २०४४ सालमा आएर संस्थाको नयाँ प्रस्तावना, विधान र सदस्यता (तदर्थ समिति) तयार गरी संस्था दर्ताका लागि कार्य गर्ने निर्णय गरियो । संस्थाको मिति वि.सं. २०४४/३/३० मा बसेको कार्यसमितिको निर्णय बमोजिम श्री खगराज आचार्यलाई तदर्थ समिति गठन गरी दर्ताको लागि कदम चाल्ने जिम्मा दिइएको थियो । यस सम्बन्धमा भएका अन्य निर्णयहरु हेर्दा मिति २०४४/२/८ को भेलाले ७ सदस्यीय समिति (तदर्थ समिति) गठन गरेको पनि पाइयो । यस समयमा संस्थामा दुईवटा समिति रहेका थिए । एउटा दर्ताको लागि बनाइएको थियो भने अर्को नियमित रुपमा गठन भई आएको समितिले नै संस्थाको मुख्य काम गरेको देखिन्छ । यस समयका पुराना अभिलेखहरु हेर्दा एकै पटक २ वटा माइन्युटहरु चलिरहेको देखिन्छ । पुरानो माइन्युटमा ३/३० मा तदर्थ समिति गठन गरी त्यस पश्चात् क्रमशः २०४४/७/१९ सम्म बैठक बस्दै गरेका छन् भने नयाँ माइन्युटमा ०४४/२/१० मा भेला गरी निरन्तर बैठक बसेका छन् । पुरानो माइन्युटमा १५ सदस्यीय का.स. को उपस्थिति छ भने नयाँमा ७ सदस्यीय तदर्थ समितिको उपस्थिति जनाई बैठकहरु सञ्चालन भएका छन् । यसबाट प्रस्ट हुन्छ कि समय सापेक्ष रणनीति अपनाएर संस्थालाई वैधानिकता दिइएको थियो । दर्ताका निम्ति गठन गरिएको सात सदस्यीय समितिमा पहिला पूर्व अध्यक्ष (संस्थापक अध्यक्ष) श्री ऋषिराम सापकोटाको नाम राखिएको थियो तर पछि गएर प्राविधिक कारणले गैंडाकोट-२ निवासी

ऋषिराम सापकोटाको नाम राखी काम सम्पन्न गरिएको थियो।

उपरोक्त तदर्थ समितिले संस्थादर्ता प्रक्रियालाई अगाडि बढाई मिति २०४५/२/१० मा नवलपरासी जिल्ला प्रशासन कार्यालयबाट (द.नं. १४/२०४४/०४५ मा) संघ संस्था दर्ता ऐन २०३४ बमोजिम स्वीकृत प्राप्त गरेको थियो । तत्कालीन अवस्थामा दर्ता प्रक्रिया पूरा गर्न तदर्थ समितिका सभापति खगराज आचार्यलाई अख्तियारी प्रदान गरिएको थियो । त्यस समयमा प्रशासनिक निकायहरुमा दर्ताका लागि सहयोग पुऱ्याउन तत्कालीन गैंडाकोट आदर्श गा.पं.का प्रधानपञ्च एवं समाजसेवी मदनभक्त अधिकारी लगायत वडाध्यक्षहरु एवं स्थानीय प्रहरी चौकीको सकारात्मक तथा सहयोगी भूमिका स्मरणीय छ। प्रहरी रिपोर्ट र तदर्थ समितिका सदस्यहरुको जिल्ला प्रशासन कार्यालयमा प्र.जि. अधिकारी समक्ष उपस्थित हुने जस्ता कार्यपश्चात् मात्र स्वीकृति प्राप्त भएको थियो भने २०४४ सालपूर्वका विजय युवा क्लबका क्रियाकलाप माइन्यूट आदिलाई गोप्य राखिएको थियो । दर्ता प्रयोजनका लागि तदर्थ समिति गठन भएदेखि दर्ता भएर नआउँदा सम्मको केही अवधि संस्थामा पूर्वगठित १५ सदस्यीय कार्य समितिले नै नियमित कार्यहरु अगाडि बढाइरहेको थियो भने दर्ता प्रक्रिया तर्फ तदर्थ समितिले कार्य गरिरहेको थियो। यसबाट के प्रस्ट हुन आउँछ भने संस्था दर्ता गर्दा संस्थाले फरक रणनीतिक योजना बनाएको थियो।

दर्ता कार्य सम्पन्न भएपछि संस्थालाई तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् र त्यसको समिति युवा क्रियाकलाप समन्वय समिति (हालको समाज कल्याण परिषद्)मा सोही वर्ष दर्ता नं. १७५/०४५/०४६ मा दर्ता गरिएको थियो। जसबाट यसको सम्पर्क, समन्वय र सहयोगको क्षेत्र विस्तार गर्न हालसम्म सहयोग पुगिरहेको छ।

संस्था दर्तापश्चात् तदर्थ समितिबाट पुनः विधिवत् रुपमा सदस्यता वितरण गर्ने कार्य प्रारम्भ भएको थियो । त्यस पछिमात्र संस्थाको सदस्यता प्रष्ट भएको देखिन्छ। यस भन्दा पहिला सदस्यता वितरण र निर्णय प्रस्ट (निर्णय पुस्तिकाको आधारमा) भएको देखिदैन।

यस अवस्थामा संस्थाले आफ्नो पूर्वाधार निर्माण, जनशक्ति विकास, सम्पर्क समन्वयको विस्तार र दीर्घकालीन असर पर्ने जस्ता कार्यक्रमहरुको थालनी गरेको थियो। संस्था क्रमशः व्यवस्थित हुँदै आएपछि विस्तारै राजनैतिक रुचि र राजनैतिक दवावहरु कम हुँदै आएका थिए। दर्ताको लगत्तैपछि संस्था योजनाबद्ध कार्यक्रमहरुतर्फ लागेको तत्कालीन निर्णयहरुबाट देखिन्छ । प्रारम्भिक अवस्थाबाट सिकेका पाठहरुलाई व्यवहारमा उतार्दै खेलकुद सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ, स्थानीय स्तरमा भएका जनसरोकारका विषयहरु (वन संरक्षण, जग्गा दर्ता र स्थानीय स्तरमा स.साना कार्यक्रमहरु आदिलाई आंशिक रुपमा निरन्तरता दिँदै प्रत्यक्ष रुपमा स्थानीय समुदायले फाइदा पाउने कार्यक्रमहरुतिर संस्थाले पाइला चालेको थियो। यस अवधिमा भएका प्रमुख कार्यहरुलाई २ भागमा हेर्न सकिछ । एक थरी कार्यक्रमहरु योजनाबद्ध रुपमा गरिएका पाइन्छ (वृक्षारोपण परियोजना, ट्युवेल खानेपानी परियोजना , खलेचौर ग्रा.वि. परियोजना, विजय सामुदायिक विकास परियोजना आदि) जसलाई यसै स्मारिकाको अर्को लेखमा उल्लेख गरिएको छ। अर्कोथरी कार्यक्रमहरुमा भैपरि आउने र विशेष अवस्थामा निर्णय गरेर गरिने कार्यक्रमहरु छन् । जसलाई यहाँ छोटकरीमा उल्लेख गरिन्छ :

१) विभिन्न खेलकुद कार्यक्रमहरु (भलिबल, फुटबल आदि) मा सहभागिता एवं आयोजना ।

२) साँस्कृतिक कार्यक्रमहरुको आयोजना र प्रदर्शन

३) समारोह उत्सव आदिको आयोजना (जस्तैः सामाजिक सेवा दिवस, संस्थाको वार्षिकोत्सव, सहिद सप्ताह, राज परिवारको शुभजन्मोत्सव आदि)

४) राहत सङ्कलन (भूकम्पपीडित, बाढीपीडित) एवं वितरण ।

५) वन संरक्षणका एवं स्वास्थ्य सर-सफाइका लागि चेतनाकारण कार्यक्रम ।

६) निःशुल्क कोचिङ्ग कक्षा संचालन (विद्यालय स्तरका विद्यार्थीहरुका लागि)

७) रक्तदान कार्यक्रम

८) विभिन्न संघ-संस्थाका कार्यक्रमहरुमा सहभागी हुने।

९) संस्थाको नाममा जग्गा दर्ता - संस्थालाई स्थायित्व र निरन्तरता दिन संस्थाका नाममा केही जग्गाको व्यवस्था गरी भौतिक पूर्वाधार निर्माण गरेर आफ्नै चल-अचल जायजेथा जोड्नु पर्छ भन्ने उद्देश्यले २०४५।६।२२ मा बैठक बसी तत्कालीन समितिका सभापति श्री खगराज आचार्यलाई गैडाकोट वडा नं. ८ क कि.नं. १२५ को प्रति जग्गा मध्ये आवश्यक ठाउँमा चारैतिर बाटो छोडी करिब १८ रोपनी जग्गा क्लबको नाममा दर्ता गर्न सम्पूर्ण कार्य गर्ने जिम्मा दिएको थियो । सो जग्गा दर्ता गर्ने तत्कालीन परिस्थिति अनुसार सा.से.रा.स. परिषद्बाट सिफरिश लिइ उच्चस्तरीय वन सुदृढीकरण आयोग, नवलपरासी मार्फत् १२ रोपनी जग्गा (हाल चेतना सदन र कार्यालय भवन रहेको स्थानको जग्गा) दर्ता गरी संस्थाका नाममा लिइएको थियो ।

१०) भवन निर्माण कार्य सम्पन्न - संस्थाको स्थापना लगत्तै शुरु गरिएको पुस्तकालय भवन (जुन भवन हाल कार्यालयको रुपमा प्रयोग गरिएको छ) को बाँकी काम स्थानीय समूदायाको चन्दा र जिन्सी सहयोगमा पूरा गर्ने काम भयो । यस कार्यका लागि दक्ष मिस्त्री बाहेक अन्य काम सदस्यहरुको श्रमदानबाट सम्पन्न भएको थियो ।

११) उपभोग्य सामग्री बिक्री वितरण वि.सं.२०४६ सालमा नेपाल भारत मैत्रीपूर्ण पारवहन सन्धी विच्छेद भई चिनी, मट्टीतेल, नून जस्ता दैनिक उपभोग्य सामग्रीको अभाव भई सर्वसाधारण जनतामा कठिनाइ उत्पन्न भएको हुँदा सो कठिनाइ सामाधान गर्न संस्थाले तत्कालीन जिल्ला आपूर्ति समितिसँग समन्वय गरी सुपथ मूल्यमा उपभोग्य सामग्रीहरु बिक्री वितरण गर्ने कामहरु गरेको थियो । उक्त कार्य सम्पन्न गर्नका लागि संस्थाका तत्कालीन सभापति श्री खगराज आचार्य र सचिव श्री इन्द्रराजज्योति पौडेललाई व्यवस्थापकीय जिम्मेवारी दिइएको थियो र आवश्यक रकम सदस्यहरु एवं अन्य संस्थाका सहयोगीहरुबाट सापटी लिई पछि फिर्ता गरिएको थियो ।

उपरोक्त प्रकृतिका कार्यक्रमहरुमा संस्थाले आफ्ना सदस्य एवं गैर सदस्यहरुको व्यापक परिचालन गरिएको देखिन्छ। यस अवस्थामा संस्थाको साधारण सभामा स्थानीय अभिभावक बुद्धिजीवी राजनीतिज्ञहरुको समेत उपस्थिति हुने गरेको पाइन्छ ।

नेतृत्व परिवर्तनको हिसाबले संस्थालाई हेर्दा संस्था दर्ता भएपछि वैधानिक प्रावधान अनुसार तीन महिना भित्रमा तदर्थ समितिले साधारण सभा तथा अधिवेशन गरी निर्वाचित नेतृत्व चयन गर्नु पर्ने भएकोले मिति ०४५।४।२ मा साधारण सभा गरी श्री खगराज आचार्यको सभापतित्वमा १३

सदस्यीय कार्यसमिति गठन भएको थियो । उक्त का.स.ले ०४७।७९ सम्म कार्य सञ्चालन गरेर पुनः ०४७।७९ का दिन साधारण सभा तथा अधिवेशन गरी नयाँ कार्यसमितिको निर्वाचन गरिएको देखिन्छ। यस अधिवेशनमा पनि श्री खगराज आचार्य नै निर्वाचित हुनु भएको थियो। मिति ०४८।२।११ मा तत्कालीन सभापति श्री खगराज आचार्यले घरायसी कारण देखाई साधारण सभा समक्ष राजीनामा दिनुभएको हुँदा उक्त साधारण सभाले वहाँको राजिनामा स्वीकृत गरी सम्पूर्ण कार्य समिति विघटन गरेको देखिन्छ । सोही साधारण सभाले श्री इन्द्रराजज्योति पौडेललाई सर्व सम्मतिबाट सभापतिमा चयन गरी समितिका अन्य पदाधिकारी तथा सदस्यहरुको नामावली सभापतिले नै अर्को बैठकमा पेश गर्ने भन्ने निर्णय गरेको र सोही दिन उहाँबाट संस्थाका सम्पूर्ण सदस्यको सहयोग र सल्लाह लिई १३ सदस्यीय समिति गठन भएको घोषणा गर्नु भएको थियो । यस का.स.ले पूर्ण अवधि पूरा गरी पुनः श्री इन्द्रराजज्योति पौडेलको अध्यक्षतामा अर्को कार्य समिति चयन भई दोस्रो कार्यकाल ०५२।५।१७ सम्म सफलतापूर्वक काम गरी नयाँ कार्य समितिलाई कार्यभार हस्तान्तरण गरेको थियो ।

यस अवधिमा संस्थामा लेखा परीक्षण गर्ने, बार्षिक बजेट र कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने र दोहोरो लेखा प्रणली अनुसार हिसाव किताव राख्ने जस्ता कार्यहरुको थालनी गरिएको थियो । जसलेगर्दा विना योजना थालिएका कामहरुलाई सम्पन्न गर्न आर्थिक प्राविधिक कठिनाई पर्ने समस्याहरुबाट संस्था क्रमशः माथि उठ्न सफल भएको छ। त्यसै गरी विभिन्न उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँड गर्ने गरिएको छ । संस्थाको उद्देश्यमाथि परिमार्जन गर्न विधान संशोधन गरिएको थियो। संस्थाको दीर्घकालीन स्रोत विकास गर्न तथा कार्यक्रमहरुको सञ्चालनमा दक्ष जनशक्तिको विकास गर्न विभिन्न विषयमा तालिम प्राप्त जनशक्ति तयार गर्ने तथा तालिमहल-चेतना सदन निर्माण गर्ने (२०५१/७/५ को का.स. निर्णय) जस्ता कार्यको थालनीले संस्थागत विकासमा ठूलो योगदान पुऱ्याएको छ।

स्थानीय र बाह्य संघ संस्थासँग हातेमालो गरेर कार्यक्रम गर्ने थालनी यसै समय अवधिबाट भएको कार्यक्रमको कार्यान्वयन र निर्णयहरुबाट थाहा हुन्छ। जस्तो स्थानीय सुम्निमा युवा क्लबलाई आर्थिक सहायता गरी सांस्कृतिक कार्यक्रमहरु प्रदर्शन गर्न सहयोग गरेको, गाविसमा हुने विभिन्न कार्यक्रमहरुमा सहभागी हुने गरको, सामूहिक अभियान काठमाडौंसँग मिलेर जनमुखी विकास तालिम सञ्चालन आदि कार्यहरु थालनी गरी अगाडि बढेको थियो । बाह्य सम्पर्क समन्वयको हिसावले हेर्दा संस्थाले विभिन्न सहयोगी निकायसँग कार्यगत सम्बन्धको विकास गरेको देखिन्छ । जस्तैः समाज कल्याण परिषद् (तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, युवा क्रियाकलाप समन्वय समिति), साप-नेपाल (तत्कालीन अन्तर्राष्ट्रिय गैसस हाल नेपाली गैसको रुपमा कार्यरत) World Accord, क्यानेडियन सहयोग कार्यालय (CCO) आदि । यसै अवधिको अन्ततिर (२०५२) मा आइपुग्दा तत्कालीन विजय युवा क्लब एउटा सक्षम र अनुभवी संस्था हो भन्ने छाप सवैमा परिसकेको थियो । जसको कारण जी.टी.जेड. गै.स.स.कोष परियोजना (GTZ/NGO FP) ले पर्वत र कपिलवस्तु जिल्लामा स्वावलम्बन प्रवर्धन कार्यक्रम गर्न साझेदारी गर्ने निर्णय गरेको थियो ।

२०५०/११/१० बाट एकजना रात्री गार्डको रुपमा कर्मचारी व्यवस्था, २०५० सालमा कार्यालय भवनको माथिल्लो तला भवन सम्पन्न,

१०५१ सालमा चेतना सदनको तालिम-हल निर्माण, २०५२ मा १ थान कम्प्युटरसमेत फर्निचरहरुको व्यवस्था आदिले संस्था व्यवस्थित रुपमा सञ्चालन हुन थालेको थियो भन्ने देखाउँछ ।

संस्थाका नाममा जग्गा दर्ता , वृक्षारोपण, र जग्गा तारबार गर्दा संस्थाले विभिन्न कठिनाइहरु भोग्नु परेको थियो । वडा नं. २ पुरानो डुङ्गालाग्ने घाटमा वृक्षारोपण गर्दा जग्गा दर्ता गर्न खोज्ने व्यक्तिहरुले तत्कालीन अवस्थामा ठूलो अडचन खडा गरेका थिए । सोही समयमा नै अञ्चलाधीश कार्यालय र समन्वय परिषद्मा समेत मुद्दा दिएका थिए । भवन निर्माण स्थल वडा नं. ८ मा पनि ८ नं. प्रतिजग्गा दर्ता गरी संस्थाको नाममा गर्न थालिएकोमा केही व्यक्तिहरुले गौचरन नै कायम हुनु पर्छ भन्ने भनाई राखेका थिए । यो पछि छलफलबाट टुंगिएको थियो तर केही मानिसहरु जसले खाली जग्गा दर्ता गरेर खाने गरेका थिए । त्यस्ताहरुबाट निकै अडचन आएको थियो र यद्यपि त्यस्ता मानिसहरुबाट बेलावेलामा हैरानी हुने गर्दछ । बाह्य सहयोग विना नै तालिम केन्द्र (चेतना सदन) बनाउने हाम्रो लक्ष्य पूरा गर्न पनि हामीलाई निकै समस्या भएको थियो, तर सदस्यहरुको निरन्तर प्रयास र तालिम सञ्चालन गर्न सहयोग गर्ने संस्था तथा कार्यक्रम (सामुहिक अभियान काठमाडौं र MCPW परियोजना आदि) बाट प्राप्त सहयोगको महत्वपूर्ण योगदान छ । यसका अलावा स्वयं सेवकका रुपमा सदस्यहरुले गरेको योगदान ज्यादै उल्लेखनीय छ । चेतना सदनको स्थापनाले संस्थाको स्रोत विकास र आफ्नो अवधारणाको प्रचारमा निकै मद्दत गरेको छ ।

संस्थाले हरेक तत्कालीन तथा योजनाबद्ध कार्यक्रमहरुबाट नयाँ-नयाँ कुराहरु सिक्ने र अनुभव प्राप्त गरेको छ । यसमध्ये महत्वपूर्ण सिकाइ हो– "अरुलाई स्वावलम्बनको पाठ सिकाउनेले पहिला आफू स्वावलम्बी भएर देखाउनु पर्दछ ।" तसर्थ VDRC आफू क्रमशः पूर्ण आत्मनिर्भरतातर्फ उन्मुख हुनुपर्छ र यसका कार्यक्रमहरु पनि सोही अनुसार अगाडि बढ्नु पर्दछ भन्ने मान्यताको त्यतिवेला प्रादुर्भाव भयो । यस कुराको उदाहरणका रुपमा (VYCCU) को स्थापनालाई लिन सकिन्छ । कुनै पनि समुदाय आफैंमा गरिब होला तर स्रोत शून्य भने छैनन् । राम्रो सङ्गठन निर्माण गरेर स्थानीय स्रोत परिचालनबाट आफै आफ्नो विकास गर्न सकिन्छ भन्ने ठानी प्रतिदिन प्रतिव्यक्ति ५० पैसा बचत गरी २०४८ सालमा स्थापित विकू वचत तथा ऋण सहकारी संस्था लि. (यसको वारेमा छुट्टै अर्को लेखमा विस्तृत उल्लेख छ हेर्नुहोस् ।) आज सक्षम वित्तीय संस्थाको रुपमा हाम्रो सामु छ । यसको सफलताबाट पाठ सिकेर देशका विभिन्न भागमा संस्थाले कार्यक्रमहरु गर्दा सहकारी+गैसस (NGO+ Cooperative) मोडेलको प्रचार गर्न सक्षम भएको छ ।

आर्थिक सक्षमताको हिसाबले प्रारम्भिक अवस्थामा संस्था पूर्णरुपमा चन्दा सहयोगको भरमा अगाडि बढेको देखिन्छ भने यस अवस्थामा आइपुग्दा सो स्थितिबाट क्रमशः माथि उठ्दै केही मात्रामा भए पनि संस्थाले बाह्य स्रोत आकर्षित गर्न थालेको (तालिम व्यवस्थापन र कार्यक्रम सञ्चालन) देखिन्छ । जनशक्ति विकासको हिसाबले हेर्दा संस्थाले विभिन्न क्षेत्रमा सदस्यहरुलाई तालिमका अवसरहरु सृजना गरेर र नयाँ सदस्यता थप गरी संख्यात्मक र गुणात्मक वृद्धितर्फ पाइला बढाएको देखिन्छ । फलस्वरुप केही सदस्यहरु केही विषयमा तालिम दिन र परियोजना तयार गरी कार्यन्वयन गर्न सक्षम हुनु भएको थियो ।

**व्यावसायिक दक्षताको अवस्था (०५२ देखि हालसम्म)**

विजय विकास स्रोत केन्द्र अगाडि बढ्ने

क्रममा २०५२ सालदेखि संस्थागत विकासको अवस्थालाई पार गरेर व्यावसायिक दक्षताको क्षेत्रमा अगाडि पाइला बढाएको छ । यस अवस्थामा आइपुग्दा यसले संस्थालाई एक सक्षम व्यावसायिक संस्थाको रुपमा स्थापित गर्नको निम्ति विगतका पाठ सिकाइहरुबाट संस्थाको एउटा छुट्टै पहिचान हुनुपर्छ भन्ने कुराको महसुस गरी विधान परिमार्जन, नाम परिवर्तन र दीर्घकालीन कार्यनीति योजना तर्जुमा गरेर अगाडि बढेको छ। विजय युवा क्लबबाट आफ्नो नाम परिमार्जन (०५३।२।१० को साधारण सभाबाट पास) गरी कामको समेत पहिचान हुने किसिमले विजय विकास स्रोत केन्द्र भनेर राखिएको छ। सोही साधारण सभाले सदस्यहरुको बृहत् भेला गरी सहभागितामूलक किसिमले आफ्नो कार्यनीति तय गर्ने निर्णय गरी संस्थाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्यहरु किटान गरेर सोही अनुसार व्यवस्थित किसिमले योजना तयार गरी लक्ष्य प्राप्त गर्न र सपना साकार पार्न आफ्नो क्षेत्रमा दिलो ज्यानले लागि परेको छ। यो दीर्घकालीन कार्यनीति योजना प्रथम पञ्चवर्ष पूरा भैकन २०५८ सालमा पुनः परिमार्जन गरी पाँच वर्षे दीर्घकालीन योजना तयार गरेको छ। हालका परिकल्पना ध्येय, लक्ष्य र उद्देश्यहरु यस प्रकार छन् :-

**परिकल्पना (VISION) : स्वावलम्बी समाज**

**परिभाषा :**

स्वावलम्बी समाज भन्नाले प्रत्येक घर परिवारले आफ्नो आम्दानीबाट पारिवारिक खर्च (खाना, कपडा, आवास, औषधी, शिक्षा) गरी बचाउन सक्ने आर्थिक अवस्था एवं सामाजिक रुपमा एकता बद्ध र नैसर्गिक अधिकारको उपयोग गर्न सक्ने समाज भन्ने बुझिन्छ ।

**ध्येय :**

- ✠ सामुदायिक क्षमतामूलक संगठनको सुदृढीकरण ।
- ✠ स्थानीय स्रोत पहिचान र परिचालन ।
- ✠ आर्थिक शुदृढीकरण तथा अनुशासन ।
- ✠ सामुदायिक उद्यमशीलताको खोजी प्रबर्धन र सुदृढीकरण ।
- ✠ नैसर्गिक अधिकारको सुनिश्चितता ।
- ✠ विजय विकास स्रोत केन्द्रको संस्थागत तथा मानवीय स्रोतको सुदृढीकरण ।

**लक्ष्य:**

- ✠ समुदायस्तरमा संघ-संस्थाको संस्थागत सुदृढीकरणका लागि अगुवाई गर्ने ।
- ✠ विपन्न महिला तथा पुरुष र वालवालिकाको सशक्तता चेतना र संगठन सम्बन्धी काम गर्ने ।
- ✠ लघुवित्त कार्यक्रम सञ्चालनका लागि स्रोत संस्थाको रुपमा काम गर्ने ।
- ✠ स्थानीय स्तरमा उपलब्ध आर्थिक, भौतिक, प्राकृतिक मानवीय स्रोतको सम्बर्धन र परम्परागत सीप एवं सँस्कृतिको सम्बर्धन र सुदृढीकरण गर्ने ।
- ✠ हरेक तहमा सुशासन र अनुशासनका लागि सचेतकको भूमिका निर्वाह गर्ने ।
- ✠ व्यावसायिकताको विकासका लागि अवसरको खोजी गर्ने ।
- ✠ कार्यमूलक अनुसन्धान गर्ने ।
- ✠ सम्मानित जीवन यापन गर्न सक्ने अवसरको सृजना गर्ने प्रयास ।

**आन्तरिक विकासका लागि लक्ष्य :**

- ✠ चेतना सदनलाई सामुदायिक विकासको स्रोत केन्द्रको रुपमा विकास गर्ने ।
- ✠ संस्थागत पूर्वाधार विकासका कार्यक्रमलाई विकास तथा विस्तार गर्ने ।
- ✠ संस्थाका सदस्यहरुको क्षमता वृद्धि गरी व्यावसायिकतालाई जोड दिने ।
- ✠ आधुनिक समयानुसार विकसित संस्थागत प्रणालीहरुको विकास गर्ने ।

**उद्धेश्यहरु :**

- तालिम, सेमिनार, गोष्ठी अध्ययन भ्रमणको आयोजना तथा सहभागिता गर्ने ।
- अनुभवको आधारमा विभिन्न तालिम कार्यक्रमहरुको तर्जुमा प्रबर्धन र सञ्चालन गर्ने ।
- स्थानीय स्तरमा भए गरिएका प्रयासको पहिचान, अभिलेख तथा प्रचार प्रसार गर्ने ।
- विपन्न तथा महिला वर्गको सशक्तीकरणलाई अभियानको रुपमा सञ्चालन गर्ने ।
- बाल विकास, संरक्षण र अधिकार सुनिश्चित हुने कार्यहरु गर्ने ।
- बचत तथा ऋण समूह, संस्था तथा अन्य सामुदायिक कार्यहरुको प्रबर्धन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
- वचत तथा ऋण समूह, संस्था तथा अन्य सामुदायिक कार्य गर्ने स्रोत सामग्री विकास तथा प्रसार-प्रचार गर्ने ।
- समुदायमा रहेका परम्परागत सीप, साँस्कृतिक मान्यताको पहिचान संरक्षण, सम्बर्धन र प्रबर्धन गर्ने ।
- हरेक तहका कार्यक्रममा सार्वजनिक बहस र सार्वजनिक लेखा परिक्षण गर्ने ।
- सामाजिक उद्यमशिलता तालिम सञ्चालन गर्ने ।
- वजार कार्यक्रमको पहिचान तथा सम्र्पक विस्तार गर्ने ।
- सामाजिक उद्यमशीलताका लागि आवश्यक पर्ने पूँजीको लागि वित्तीय संस्थासँग सम्पर्क समन्वय गर्ने गराउने ।
- लघुवित्त, सामाजिक परिचालन, जीविकोपार्जनर स्थानीय स्रोत परिचालनमा कार्यमूलक अनुसन्धान गर्ने प्रचार-प्रसार गर्ने ।
- नागरिक हक अधिकार सुनिश्चित गर्ने वकालत गर्ने ।
- जीविकोपार्जनका लागि आवश्यक स्रोत र साधनमा पहुँच नियन्त्रण र स्वामित्व कायम गर्न विभिन्न राष्ट्रियस्तरका संघ संस्थासँग मिली जनवकालत गर्ने ।
- सामाजिक विकास संस्थाको छवि राम्रो बनाउने, जनवकालत गर्ने, दवाव समुहको रुपमा काम गर्ने ।

वर्तमान अवस्थामा यही परिकल्पना साकार पार्ने संस्था अगाडि बढेको छ । यसका अलावा संस्थाले आ-आफ्ना सदस्यहरुलाई व्यावसायिक बनाउनका लागि दक्षता र क्षमता विकास गरी कार्यक्षेत्रको समेत विस्तार गरेको छ । २०५२ सालसम्म यस जिल्लामा मात्र सिमित रहेको विजय विकास स्रोत केन्द्र २०५२/०५३ सालदेखि आफ्नो कार्यक्षेत्र विस्तार गरी पर्वत र कपिलवस्तुमा स्वावलम्बन प्रबर्धनको कार्यक्रम लिएर पाइला टेकेको थियो । यसै क्रममा कार्यालयमा समेत आवश्यक कर्मचारीहरुको नियमित व्यवस्था गर्ने कार्यक्रममा पनि स्वयंसेवी कर्मचारीहरु नियुक्ति गर्ने, तालिमहरु आयोजना र सञ्चालन गर्ने गरेर सदस्यहरुलाई व्यावसायिकता तर्फ उन्मुख गराएको थियो । यही क्रमलाई निरन्तरता दिँदै अहिले सम्पूर्ण कार्यक्रमहरुलाई र प्रायःजसो सदस्यहरुलाई व्यावसायिक रुपमा परिचालन गरेको छ । कतिपय सदस्यहरु संस्थाका कार्यक्रममा संलग्न भई काम गरेका छन् भने कतिपय सदस्यहरु तालिम, परामर्श सेवा, कार्यक्रम अनुगमन मूल्याङ्कन, नीति निर्माण आदिमा अन्य सघसंस्था तथा परियोजनाहरुलाई समेत परामर्श सेवा प्रदान गर्दछन् । अहिलेको अवस्थामा आइपुग्दा यस संस्थामा तीन किसिमका जनशक्तिहरुको विकास भएको छ । एकथरी सदस्यहरु स्थानीय तह (Grassroot Level) मा सामाजिक परिचालन, आय आर्जन समूह गठन र परिचालन तालिम आदि गर्न सक्ने

दक्ष जनशक्ति छ भने त्यसभन्दा माथिल्लो तहमा मध्यम स्तरका जन शक्ति तयार भई जिल्ला तथा राष्ट्रियस्तरमा नै विभिन्न काम गर्न सक्ने र त्यो भन्दा माथि केही सदस्यहरु नीतिगत तहमा समेत व्यावसायिक रुपमा काम गर्न सक्ने भएका छन्। विजय विकास स्रोत केन्द्रले शुरुदेखि नै सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने र संस्था भित्रनै परिचालन गर्ने नीति अवलम्वन गरेको छ। यसले हरेक सदस्यहरुलाई संस्थाप्रति माया, सद्भाव र नियमिति सेवा उपलब्ध गराएको छ भने संस्थाले सदस्यहरुलाई सुरक्षित भविष्यको बाटो देखाएको छ। हरेक कर्मचारी तथा सदस्यहरुले संस्थामा काम गर्दा प्रत्येक महिनाको पारिश्रमिक मध्येबाट ५% संस्थागत विकासमा योगदान पुऱ्याउछन्। यसका अलावा संस्थाले अन्य दातृ संस्थाहरुसँग कार्यक्रम गर्दा कार्यक्रम र दातृ संस्थासँगको समझदारीमा केही प्रतिशत उपरिलागत (Overhead) लिने गरेको छ। यी दुवै रकमबाट नै संस्थाले भौतिक पूर्वाधारको विकास, सदस्यहरुको क्षमता वृद्धि र अन्य सामाजिक विकासका गतिविधि आफ्नै पहलमा सञ्चालन गर्ने गरेको छ। भौतिक पूर्वाधारतर्फ मात्र हेर्ने हो भने कार्यालय क्षेत्रभित्र ३ वटा भवन चेतना सदनभित्र २ वटा तालिम हल, भोजनकक्ष, पाकशाला र २ वटा आवास गृह (६० जनासम्म बास वस्न सक्ने) र एउटा आधुनिक पुस्तकालय भवन निर्माण भइसकेको छ। चेतना सदनमा संस्थाका आफ्ना तालिम सञ्चालनका अलावा अन्य संघ संस्था तथा निकायका तालिम, गोष्ठी, बैठक, भेला सञ्चालन गर्नको निम्ति व्यवस्थापन समेत गर्दछ। यसबाट वर्षेनि केही रकम बचाउन सफल छ र सो रकम संस्थाका आन्तरिक कार्यक्रमहरु (Core Programe) मा खर्च गर्ने गरिन्छ। जसबाट वर्षेनि ,सयौं जनसमुदायका व्यक्तिहरु तथा स्थानीय संघ-संस्थालाई समेत सहयोग पुऱ्याउने गरिएको छ। यसको विकास र विस्ताका लागि भिन्नै गुरुयोजना तयार पारी क्रमशः कार्यान्वयनमा अगाडि बढाइएको छ। यसका अलावा सामुदायिक स्वास्थ्यतर्फ आफ्नै प्रयास र पहलमा स्थानीय समुदायहरुसँग समेत चन्दा उठाइ एम्बुलेन्स खरिद गरी समुदायको सेवाको लागि परिचालन गरिएको छ।

नेतृत्व परिवर्तनको हिसाबले हेर्दा श्री इन्द्रराज ज्योति पौडेलको नेतृत्वमा रहेको कार्य समितिको अवधि यस अवस्थामा छोटो देखिन्छ भने ०५२ भाद्र १७ मा बसेको ८औं साधारण सभाले श्री रामप्रसाद पौडेको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरी दुई वर्ष वहाँको नेतृत्वमा संस्थाका गतिविधिहरु अगाडि बढेका थिए। तत् पश्चात् नेतृत्व परिवर्तको हिसाबले संस्थाको यस अवधिलाई हेर्दा क्रमशः नयाँ पुस्ताको विकास भएको देखिन्छ। मिति २०५४।७९ मा बसेको साधारण सभाले श्री खेमराज सापकोटाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरी संस्था वहाँको नेतृत्वमा अगाडि बढेको पाइन्छ। यो कार्य समितिले दुई वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरी अझ बढी नयाँ पुस्ताको बाहुल्यताका साथ मिति ०५६।७९ मा भएको साधारण सभाले श्री केशवप्रसाद सापकोटाको अध्यक्षतामा गठित १३ सदस्यीय कार्य समितिलाई नेतृत्व हस्तान्तरण गरेको थियो। श्री केशवप्रसाद सापकोटाको अध्यक्षतामा गठित कार्य समितिले पहिलो कार्यकाल सफलता पूर्वक सम्पन्न गरी ०५८।७।१४ मा भएको साधारण सभाले पुनः श्री केशवप्रसाद सापकोटाको अध्यक्षतामा नै १३ सदस्यीय कार्य समिति निर्वाचन प्रक्रियाबाट गठन गरी हालसम्म कार्यरत छ।

नीति नियमहरुको निर्माणको हिसाबले हेर्दा यस अवस्थालाई महत्व पूर्ण फड्को मारेको देखिन्छ। आर्थिक तथा प्रशासनिक नियमावली २०५३, मानवीय स्रोत विकास तथा व्यवस्थापन नियमावली २०५३, विजयश्री पुरस्कार नियमावली २०५७, विविध पुरस्कार नियमावली २०५७, चेतना

सदन विकास तथा विस्तार नियमावली २०५९ सञ्चयकोष नियमावली २०६०, छात्रवृत्ति सञ्चालन तथा व्यवस्थापन नीति २०५९, विजय स्वावलम्बन कोष व्यवस्थापन नीति २०५९ आदि तयार गरी कार्यहरुलाई व्यवस्थित र नीतिगत रुपमा परिचालन गरी अगाडि बढिरहेको छ ।

आफूले गरेका कामहरुलाई नमूना बनाई आफ्नै पौरख र गौरवमा बाँच्नु पर्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै कार्यक्रममा विविधीकरण गरी विभिन्न क्षेत्रमा आफूलाई उभ्याएर सामाजिक परिवर्तनको क्षेत्रमा योगदान पुऱ्याउने जमर्को यस संस्थाले गरेको छ । विकू यस संस्थाको पहिलो प्रवर्धनात्मक कार्य हो । लघुवित्तको क्षेत्रमा यस संस्थाले विकू बचत तथा ऋण सहकारी संस्था लि. स्थापना गरी सफल कार्यान्वयन गरेको छ। त्यस्तै शिक्षाको क्षेत्रमा गुणात्मक शिक्षा प्रदान गरेर समाजमा सक्षम नागरिक बनाउनु पर्छ भन्ने मान्यता बोकी सहकारिताकै अवधारणामा विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. को माध्यमबाट विजय सामुदायिक शिक्षा सदन (अङ्ग्रेजी माध्यमको सहकारी विद्यालय) के.जी. देखि कक्षा १० सम्म सञ्चालन गरेको छ। त्यस्तै सूचना र सञ्चार नागरिक समाजको सशक्तीकरणको मूल आधार भन्ने नारालाई सार्थक पार्न विजय सूचना तथा संचार सहकारी संस्था लि. स्थापना गरी सहकारीमा दर्ता गरेको छ। यस संस्थाले सूचनाको क्षेत्रमा विभिन्न किसिमका काम गर्ने छ। त्यसमध्ये विजय एफ.एम.रेडियोको मन्त्रालयबाट स्वीकृत लिइ निकट भविष्यमा नै सञ्चालन गर्न गइरहेको छ । चेतना सदनलाई एउटा छुट्टै अंगको रुपमा सञ्चालन गरेर कोष वृद्धिलाई निरन्तरता दिने नीति लिएको छ। यसका लागि छुट्टै उपसमिति र नीति निर्माण समेत गरी कार्यान्वयन गरिसकिएको छ । सामाजिक स्वास्थ्य कार्यक्रमलाई पनि एम्बुलेन्स सेवामा मात्र सीमित नराखी स्वास्थ्य शिविर, स्वास्थ्य सरसफाई र स्वास्थ्य लघुवीमा कार्यक्रम सञ्चालन गरेर यस क्षेत्रका बासिन्दाहरुलाई अहिलेको महँगीको जमानामा सर्वसुलभ स्वास्थ्यसेवा प्रदान गर्ने जमर्को गरेको छ । त्यस्तै सदस्यहरुलायई क्षमता वृद्धि गर्ने सीप विकास गर्ने कार्यका लागि सहुलियत दरमा ऋण सेवा उपलब्ध गराउन को निम्ति विजय स्वावलम्बन कोषको स्थापन गरिएको छ। यस कोषमा हाल पाँच लाख रुपैयाँ छ। यो कोषबाट सदस्यहरुले र अन्य संस्थाहरुले समेत संस्थागत विकास, क्षमता अभिवृद्धि र सीप विकासको लागि एक वर्षका लागि ६% व्याजमा ऋण पाउँदछन् र यो ऋण किस्तावन्दीको रुपमा फिर्ता गर्दछन् । यसरी नै साहित्य तथा समाज सेवामा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संघ-संस्थालाई सम्मान गर्नका लागि 'विजयश्री' साहित्य तथा समाज सेवा पुरस्कारको स्थापना गरेको छ । यो पुरस्कार २०५७/०५८ देखि प्रदान गर्न थालिएको छ। यो राष्ट्रियस्तरको पुरस्कार हो यस पुरस्कारको राशि जनही रु.११११।-(अक्षरमा एघार हजार एकसय एघार रुपैया, दोसल्ला र सम्मानपत्र रहेको छ । यो हरेक २/२ वर्षमा प्रदान गरिन्छ । स्थानीय स्तरमा शिक्षा क्षेत्रमा विद्यार्थीहरुलाई प्रोत्साहित गर्नको निम्ति प्रवेशिका परीक्षामा गाविसभित्र सर्वोत्कृष्ट अंक ल्याउने २ जना छात्रा र १०+२ मा उत्कृष्ट नतिजा ल्याउने १ जना छात्रालाई प्रत्येक वर्ष विजय प्रतिभा पुरस्कार प्रदान गरिन्छ। यसका अलावा यही समय अवधिमा नै संस्थाले आफ्ना सदस्यहरुको क्षमता बृद्धिको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा तालिम तथा भ्रमणका अवसरहरु सृजना गरी सदस्यहरुलाई सहभागी बनाएको छ भने विगतमा संस्था स्थापना गर्न पहल गर्ने संस्थापकहरु एवं उत्प्रेरकहरु, दर्ता गर्न योगदान पुऱ्याउने २०४५ का तदर्थ समिति र विभिन्न कार्यकालमा कुशल नेतृत्व प्रदान गरी संस्थालाई अगाडि बढाउन विशिष्ट योगदान पुऱ्याउने पूर्व अध्यक्षहरुलाई सम्मानित गर्ने कार्य समेत गरेको छ । सम्पर्क समन्वयको

हिसाबले हेर्दा यस समय अवधिमा अगाडिका दुई चरणको तुलनामा ठूलो फड्को मारेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसंग सम्बन्ध विकास गरी साझेदारीको रुपमा आफ्ना कार्यक्रमहरुलाई अधिराज्यव्यापी बनाएको छ स्रोत परिचालनको हिसाबले हेर्दा यस अवधिमा स्थानीय स्रोत परिचालन गरी आफ्नौ खुट्टामा उभिने जमर्को गरेको छ भने अर्को तर्फ व्यापक बाह्यस्रोत परिचालन गरेर प्रवर्द्धनात्मक कार्यक्रमहरु पनि सञ्चालन गरेको छ ।

समग्रमा भन्नु पर्दा यस चरणमा आइपुग्दा संस्थाले आफ्ना कार्यक्रमहरुलाई व्यवस्थित रुपले परिचालन गर्नको लागि ३ भागमा विभाजन गरी सोही अनुसार कार्य सञ्चालन गरेको छ :

१) **कोषवृद्धि कार्यक्रम** : कोष वृद्धि कार्यक्रम भन्नाले संस्थाले आफ्नै पहलमा नियमित आय-आर्जन गरी संस्था सञ्चालनमा सहयोग पुऱ्याउने हेतुले कार्यक्रम न गरिएका कार्यहरु हुन् । यस कार्यक्रममा संस्थाले आफू आत्मनिर्भर बन्नको लागि विभिन्न किसिमका आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरेको छ । यसको प्रमुख अंग चेतना सदन हो । यसका अलावा फोटोकपी, फ्याक्स, इ-मेल, इन्टरनेट र अन्य भाडामा सामग्रीहरु दिएर आम्दानी गर्दछ । सदस्यहरुको ५% योगदान पनि यसमा नै पर्दछ ।

२) **मुख्य कार्यक्रमहरु** : यस कार्यक्रम संस्थाका मुख्य कार्यक्रमहरु हुन् । यसमा कसैको पनि बाहिरी सहयोग नलिइकन आफ्नै प्रयास र पहलमा कार्यक्रमहरु सञ्चालन गरेर आफ्नो अनुभवलाई खारेर नागरिक समाजको सशक्तीकरणमा सहयोग पुऱ्याउँछ । यस कार्यक्रम अन्तर्गत- विकू बचत तथा ऋण सहकारी संस्था, शिक्षा सहकारी, सामुदायिक स्वास्थ्य, विजय सामुदायिक सूचना तथा संचार सहकारी संस्था लि., स्वावलम्बन कोष, विजयश्री पुरस्कार र अन्य संस्थाहरुलाई संस्थागत सहयोग कार्यक्रमहरु पर्दछन् ।

३) **प्रबर्धनात्मक कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत विजय विकास स्रोत केन्द्रले आफूले हासिल गरेको सफलता र दक्षतालाई अरु दातृ संस्थाहरुको सहयोगमा साझेदारीको रुपमा विभिन्न जिल्लामा विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्दछ । हालसम्म पूर्वमा प्लान इन्टरनेशनलसँग भोजपुरमा जि.टि.जेड. गैसस कोष परियोजनासँग संखुवासभाको उत्तरी क्षेत्रमा, मध्यमाञ्चलमा सिन्धु र काभ्रेमा, अष्ट्रेलियन सामुदायिक वन परियोजनासँग, पश्चिमाञ्चलमा पर्वत र कपिलवस्तुमा जि.टि.जेड. गैससँग तनहुँमा डेनिस राजदुतावाससँग, नवलपरासीमा आए.एल.ओ., साप नेपाल, सि.सि.ओ., फण्डवोर्ड , युनिसेफ र फिनिडासँग, पाल्पामा हेल्भेटास लिप्ससँग, सुदूर पश्चिमाञ्चल डोटीमा जि.टी.जेड. आइ.ए.सि.एल.सँग र हेल्भेटास लिड्क्ससँग काम गरिसकेको छ ।

आगामी दिनमा यसरी नै संस्थाले स्वावलम्वी समाजको निर्माणका लागि विभिन्न निकायसँग हातेमालो गर्दै VMGO अनुसार आफ्ना कार्यक्रमहरुलाई सामाजिक न्यायको आधारमा महिला, विपन्न तथा छेउलागेका वर्गको उत्थानका लागि केन्द्रित गरेर अगाडि बढाउने सोच लिएको छ । यसका लागि नयाँ नयाँ क्षेत्रको खोजी गर्ने विशेष दक्षता भएको क्षेत्रमा कार्यक्रमलाई विस्तार गर्ने नीति अवलम्बन गरेको छ । निकट भविष्यमा नै कृषि क्षेत्रमा व्यवसायिक रुपमा कार्य गरी नयाँ नयाँ अनुसन्धान र प्रयोग गरेर व्यवसायिक रुपमा कृषिलाई अगाडि बढाउनको लागि व्यावसायिक कृषि फारम निर्माण गर्ने कार्यक्रम तय गरिसकेको छ । सामुदायिक स्वास्थ्य विमाको क्षेत्रमा पनि खोज र परीक्षण गर्दै छ । उपयुक्त नमूना तयार गरी यस जिल्लाको गैंडाकोट र दुम्कीबास गाविस साथै अन्य जिल्लामा पनि जाने विचार गरेको छ । यसका अलावा नमुना गाउँ (आर्थिक रुपमा सबै सक्षम भएको गाउँ) जस्ता कार्यक्रमहरु सञ्चालन गरेर स्थानीय तहदेखि विभिन्न क्षेत्रमा आफ्नो छविलाई समुज्ज्वल बनाउँदै लैजाने सोच राखेको छ ।

✡✡✡

# हार्दिक शुभकामना

सामाजिक विकासमा यस क्षेत्रको अग्रणी संस्था श्री
विजय विकास स्रोत केन्द्र २५ औं वर्षमा प्रवेश
गरेको **रजतजयन्ती**को सुखद घडीमा
वर्तमानमाझैं भविष्यमा पनि
दिनानुदिन
प्रगति गर्दै उज्ज्वल छवि कायम
गर्न सकोस् भन्ने **मंगलमय**
**शुभकामना ।**

**कार्यकारी अधिकृत**
**मुरारी नेपाल**

# दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी

*अन्तर्वार्ता*

# वर्तमानलाई बनाएर भविष्यको ढोका खोल्नुपर्छ

(वि.सं. २०११ साल जेठ २ गते बाग्लुङ जिल्लाको दमेकमा जन्मनु भएका श्री ऋषिराम सापकोटा विजय विकास स्रोत केन्द्रका संस्थापक अध्यक्ष हुनुहुन्छ । दुई कार्यकाल अध्यक्षको भूमिका निर्वाह गर्नुभएका सापकोटा हाल आजीवन सदस्यको रुपमा हुनुहुन्छ । सादा जीवन, प्रष्टवक्ता, आफ्नो कुरामा अडान राख्ने उहाँका आफ्ना मौलिक पहिचान हुन् । उहाँको यस संस्थामा काम गर्दाको अनुभव र अनुभूतिका साथै वर्तमान अवस्थाका बारेमा उहाँसँग समसामयिक कुरा गरेका छौं । कुराकानीका मुख्य अंश तल प्रस्तुत गरिएको छ :

*आज विजय विकास स्रोत केन्द्रले २५ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा एउटा स्मारिका प्रकाशन गर्न लागि रहेको छ । यस सम्बन्धमा यहाँ यस संस्थाको संस्थापक अध्यक्ष पनि हुनुहुन्छ । यहाँका अनुसार यस संस्थाको विगतदेखि हालसम्मको अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?*

▶ २०३६ सालभन्दा पहिला काम शुरु गर्न सक्ने अवस्था थिएन । अन्यायका विरुद्धमा बोल्न पाईंदैनथ्यो । केही बोल्यो भने त्यसलाई प्रशासनिक कार्वाही हुन्थ्यो । ०३६ सालको जनमत संग्रहको घोषण पछि देशमा केही खुकुलो वातावरण भयो । मानव अधिकार तथा मौलिक अधिकारका साथै वाक स्वतन्त्रतामा केही सुधार आएपछि केही बोल्ने साहस आयो । त्यो वेलामा बोल्न सक्नेले जे गरे पनि हुने र नसक्नेको कुनै औकात थिएन । यस्तो अवस्थाको बावजुद अन्यायका विरुद्ध आवाज उठाउने विषयमा सबै साथीहरू एकजुट हुनुभयो । अन्याय अत्याचारको विरुद्धमा आवाज उठाउँनै पर्ने आवश्यकता त्यतिबेलाका युवावर्गमा आएका कारणबाट नै यो संस्थाको स्थापना भएको हो र आज यो अवस्थामा आइपुगेको हो ।



ऋषिराम सापकोटा

*तत्कालीन र वर्तमान अवस्थाको काम गराइको तरिकालाई हेर्दा यहाँले कसरी मूल्याङ्कन गर्नु हुन्छ ?*

▶ वर्तमान अवस्थामा यस संस्थाले सामाजिक क्षेत्रमा राम्रो काम गरेको छ र समाजमा अन्यायमा परेका विरुद्धको कामप्रति अलि मौन जस्तो देखिन्छ । शुरुशुरुमा हामीले काम गर्दा सामाजिक क्षेत्रमा अन्यायमा परेका वर्गलाई समेट्ने काम गरेका थियौं । प्रजातन्त्रको संरक्षणको लागि पनि हामी विशेष गरी सामाजिक काममा नै बढी जोड दिएर अगाडि बढेका थियौं । यस क्षेत्रलाई हाल पनि केही हदसम्म भएपनि स्थान दिए राम्रो हुने थियो ।

*यसको बावजुद २५ वर्ष अगाडि र अहिलेको काम गराइ, तौर तरिकामा र अगाडि बढ्ने क्रममा कत्तिको अग्रसरता देख्नुहुन्छ ?*

▶ २५ वर्ष पहिला पेट भरि खान नपाए पनि काम गर्नु पर्ने बाध्यता, अन्यायको विरुद्धमा बोल्न नपाउने अवस्था थियो । त्यसपछि हामीहरूले सामाजिक काम गर्ने अन्यायका विरुद्धमा आवाज उठाउने युवाहरूलाई समेट्ने जस्ता कार्यहरू गर्दा सबै जनताहरूको सहानभूति पाउने काम गर्न थाल्यौं । २५ वर्ष पहिला धान रोपे मरिन्छ, स्कूल गए बिग्रिन्छ भन्ने सोचाइ थियो । विकासको क्षेत्रमा लाग्ने सोच पनि थिएन । त्यतिवेला यस क्षेत्रमा बिजुली पनि थिएन, इनार मोटर थिएन, मोटरले पानी तान्छ भन्ने ज्ञान थिएन, पुल बनेकै थिएन, बाटोघाटो पनि आजको जस्तो थिएन टेलिफोन थिएन । केवल युवाहरूको उत्साह र जाँगरका कारण कामको थालनी गर्‍यौं र विस्तारै परिवर्तन हुँदै गयो फलस्वरुप आज २५ वर्षमा आइपुग्दा यसले धेरै फड्को मारेको छ । पहिलाको देशको अवस्था र अहिलेको अवस्था अनुसार परिवर्तन भएको छ जस्तो लाग्छ ।

☛ *काम गर्ने तौरतरिका फरक छ धेरै पट्को मारेको छ भन्नुभयो, यसका अलावा संस्थाले आन्तरिक नेतृत्व विकास गरेर नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरीराखेको छ कतै नयाँ पुस्ताले पुरानो पुस्तालाई सहभागी गराउनु पर्ने काममा सहभागी नबनाएको र जति सम्मान गर्नुपर्ने हो त्यति सम्मान नगरे जस्तो त लाग्दैन ?*

▶ यसमा मरो केही गुनासो छैन किनकि संस्थाले विकास गरेकै छ, फेरि नयाँ पुस्ताले पुरानो पुस्तालाई सम्मान गरेकै छ र नैराश्यता छाउने खालका केही त्यस्तो व्यवहार गरे जस्तो लाग्दैन र पुरानो पुस्ताले पनि नैराश्यता प्रकट गरेको जस्तो देखिएको छैन ।

☛ *तपाइको विचारमा संस्थाले कुनचाहि मुख्य कारणले गर्दा यति धेरै सफलता प्राप्त गरेको हो जस्तो लाग्छ ?*

▶ यस संस्थाले यो अवधिमा धेरै प्रगति गर्नुमा सामाजिक एकता नै मुख्य कुरा हो । महामानव स्व. विश्वेश्वरप्रसाद कोइरालाले ०३६ साल फागुन १८ गते तत्कालीन विजय युवा क्लबको प्राङ्गणमा (जुन अहिलेको (VDRC) यस संस्थाले भविष्यमा देशको विकासमा ठूलो योगदान दिनसक्छ, त्यसकारण राजनीतिक एकता र सामाजिक विकासको कामलाई अगाडि बढाउनु पर्छ भन्नु भएको थियो र राजनीति मात्र नभएर सामाजिक क्षेत्रमा बढी प्रश्रय दिनु पर्छ भन्नुभएको थियो । यसरी उहाँको त्यसबेलाको बोली र अहिले यस संस्थाको प्रगति देख्दा उहाँको वाणी सत्य साबित भए जस्तो पनि लाग्छ तर अहिले संस्थाले राजनीतिलाई छाडेर विशुद्ध समाजसेवाको क्षेत्रमा लागेको छ । सदस्यता दिंदा पनि सबैलाइ समेटेर गएको छ । अहिले विचारको भेदभाव छैन । काम र योग्यताका आधारमा सबैले ठाउँ पाएका छन् ।

☛ *यस बाहेक पनि आगामी दिनमा के कसरी काम गर्दा संस्था अझ अगाडि बढ्ला जस्तो लाग्छ ?*

▶ आगामी दिनमा यो संस्थाका सहभागी, नेतृत्वपंक्तिदेखि लिएर सबैले 'म' भन्ने भावना लिनु भएन । हामी र हाम्रो भन्ने शब्दको व्यवहारमा प्रयोग गर्दै जाने गर्नुपर्छ । शुरुमा धेरै साथीहरूको रगत र पसिना बगेको संस्था हो । आजका केही युवाहरूलाई यो थाहा नहुन पनि सक्छ तर पनि केही साथीहरू सबै कुराको जानकारी भएका पनि हुनुहुन्छ । पुराना साथीहरूलाई के गरेर सम्मान गर्न सकिन्छ भन्ने कुरा बिर्सनु हुँदैन । VDRC का साथीहरूले कामको सिलसिलामा बुझेर वा नबुझेर कसैले केही भनिहाल्यो भनेपनि नराम्रो सोचेर रिसाइहाल्नु हुँदैन । नरमसँग सद्भाव राखेर बोल्ने, नराम्रो कुरालाई नलिने, राम्रो कुरालाई अँगाल्ने बानी गर्ने, दुःख-सुखमा समान स्थितिमा रहने गर्नु पर्दछ । धैर्यता लिनु पर्छ, अभिभावकहरूको सरसल्लाह लिनु पर्छ । वर्तमानलाई बनाएर भविष्यको ढोका खोल्नु पर्छ ।

☛ *कार्यक्रमको हिसाबले कस्तो गर्नु पर्ला त ?*

▶ यस संस्थाले काम गरेको क्षेत्र र आफ्नो स्थानीय क्षेत्रमा काम गर्दा जुन ठाउँमा जेको आवश्यकता छ, त्यसैलाई प्राथमिकता दिनुपर्छ । जनमानसमा जुन किसिमको आवश्यकता छ त्यहि अनुसार चल्न पनि पर्छ, त्यसै अनुसार युवावर्गलाई परिचालित पनि गर्नुपर्छ । गरिब दलित महिला तथा पिछडिएको जनजातिलाई प्राथमिकता दिएर पारदर्शी किसिमले सहभागितामूलक कार्यपद्धतिलाई अवलम्बन गरी स्थानीय स्रोत परिचानलको माध्यमबाट कम खर्चमा दिगो विकासका कार्यक्रमहरूको सफल कार्यान्यन तर्फ लाग्नु पर्दछ । यसो गरे मात्र संस्था अझ अगाडि बढ्न सक्छ जस्तो लाग्छ ।

☛ *अन्त्यमा यस पत्रिकामार्फत केही सुझाव सल्लाह र शुभकामना दिन चाहनुहुन्छ कि ?*

▶ २५ सौं वर्ष पहिलाका साथीहरूले केवल संस्थाको लागि माया मात्र गर्नुभयो, केही लिनुभएको छैन । यसैगरी अहिले पनि केही लिने भन्दा पनि दिने उद्देश्यले काम गर्नु पर्छ । सामाजिक क्षेत्रमा काम गर्दा होस् वा अन्य क्षेत्रमाहोस् संस्थाबाट केही पाउने आशाले भन्दा पनि यसको भविष्य उज्वल पार्नको लागि यसप्रति योगदान पुऱ्याउनु पर्छ । फाइदाको अपेक्षा राखेर भन्दापनि यसलाई अझ बढी सशक्त बनाउनेतर्फ ध्यान पुऱ्याउनु पर्छ जस्तो मलाई लाग्छ । यसरी २५ वर्षको अवधिमा जसरी संस्थाले आफ्नो उच्चअस्तित्व राखेको छ त्यसै गरी निरन्तरता पाओस् यही शुभकामना छ ।

*वार्ताकार : इन्द्रज्योति पौडेल*

✡✡✡

# हार्दिक शुभकामना

सामाजिक विकासमा यस क्षेत्रको अग्रणी संस्था श्री विजय विकास स्रोत केन्द्र २५ औं वर्षमा प्रवेश गरेको

## रजतजयन्ती

को सुखद घडीमा वर्तमानमा झैं भविष्यमा पनि दिनानु दिन प्रगति गर्दै उज्ज्वल छवि कायम गर्न सकोस् भन्ने

## मंगलमय शुभकामना ।

राजेश शाक्य

*अध्यक्ष*

एवम्

## कालिका स्वावलम्बन सामाजिक केन्द्र (KSSC)

परिवार, तौलिहवा, न.पा. कपिलवस्तु

अन्तर्वार्ता

# व्यक्तिगत पूर्वाग्रह छोडेर अगाडि बढ्नुपर्छ

(तिलकप्रसाद सापकोटा वि.सं १९९९सालमा वाग्लुङ जिल्लाको दमेकमा जन्मनु भएको हो। उहाँ सानैदेखि समाज सेवामा रुचि राख्नु हुन्थ्यो । फलस्वरुप उहाँले आफ्नै जन्मस्थलमा पनि विद्यालय, पुस्तकालय खोलेर शिक्षा क्षेत्रमा सक्रिय रुपमा लाग्नु भएको थियो भने बसाइँ सराइ गरी नवलपरासी जिल्लाको गैडाकोटमा आएपछि पनि सामाजिक क्षेत्रमा सक्रिय रुपमा लागि रहनु भएको छ । गैंडाकोटको जयश्री कुलो निर्माण, विद्यालय स्थापनाका साथै मठ मन्दिर र संघ-संस्था खोल्न उहाँले सहयोग पुऱ्याउनु भएको छ। यस संस्था खोल्नमा उहाँले उत्प्रेरकको भूमिका खेल्नु भएको थियो । यस संस्थाको हाल आजीवन सदस्य तिलकप्रसाद सापकोटाको अनुभव र अनुभूतिलाई वार्तालापको रुपमा पस्कने जमर्को गरेका छौं ।)

☞ *यहाँलाई यस संस्थाले एउटा उत्प्रेरकको रुपमा सम्मानित गरिएको छ । वास्तवमा गैडाकोटका युवाहरूलाई के उद्देश्यले वा के लक्ष्य प्राप्त गर्न सकिन्छ भनेर संस्था खोल्न उत्प्रेरित गर्नुभयो ?*

✍ २०३६ सालमा यो संस्था समाज सेवा गर्नका लागि खुलेको थियो । मेरो प्रबल इच्छा, चाहना जनताको सेवा गर्नुपर्छ भन्ने हो। यो समाज सेवाको अभियान एक्लै पार लगाउन कठिन हुन्छ । सबै एकजुट भई अगाडि बढेमा समाजमा सकरात्मक परिवर्तन गर्न सकिन्छ भन्ने भावनाले यहाँका छरिएर रहेका युवाहरूलाई एकजुट बनाई विकास निर्माणका कामका साथै समाजसेवा गर्ने भन्ने उद्देश्यले यो संस्था खोल्नु पर्छ भनेर मैले झकझकाएको हुँ त्यसैको प्रतिफल यस संस्थाको जन्म भएको हो ।



तिलक सापकोटा

☞ *संस्थाले वर्तमान अवस्थामा जुन ढङ्गले काम गरिरहेको छ यसमा यहाँलाई कस्तो लाग्छ ? तपाईंको सोच अनुसार अगाडि बढेजस्तो लाग्छ ?*

✍ यस सम्बन्धमा मलाई खुशी लागेको छ किनकि देशको परिस्थिति प्रतिकूल अवस्थाबाट गुज्रिरहेको छ तथापि, यहाँका युवावर्गमा समाज सेवा गर्ने भावना दिनप्रतिदिन विकसित हुँदै गएको छ । युवाहरू क्रियाशील भएकाले नै यस क्षेत्रमा सामाजिक विकासमा स-साना सुधारका कार्यहरू भएपनि गरेर अगाडि बढिरहेको छ। बिस्तारै यसले क्षेत्र विस्तार गर्दै कायैक्रममा विविधीकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याई आत्मनिर्भर समाजको लागि यसले आफ्ना पाइला अगाडि बढाइरहेका छ । यसरी संस्था अगाडि बढिरहेकोमा मलाई खुशी लागेको छ।

☞ *जुन बेला संस्था खोल्नका लागि यहाँका युवाहरूलाई उत्प्ररित गर्नुभियो, त्यतिबेलाको सामाजिक परिस्थिति कस्तो थियो ?*

✍ यहाँको सामाजिक परिवेश गरिबी, अशिक्षा, अचेतना र अन्धविश्वासमा अडिएको थियो। भौतिक पूर्वाधार विकासका केही पनि कामको थालनी भएको थिएन । एक दुई विद्यालय बाहेक कुनै पनि संघ-संस्थाहरू थिएनन् । बाहिरबाट वसाइँ सराइ गरेर आउने मानिसहरूको चाप बढ्दो थियो भने क्रमशः आदिबासीहरू यहाँबाट पलायन हुँदै गइरहेका थिए। यहाँ भएकाहरूलाई पनि केही गर्ने उत्साह र जाँगर थिएन । बाहिरबाट आएका व्यक्तिहरू मध्ये केहीमा सामाजिक सेवा गरौं भन्ने भावना थियो तर पनि हामी बाहिरबाट आएका मानिसहरू भएकोले यस ठाउँमा आफ्नो पहिचान गराउन

सकेका थिएनौं । विभिन्न जिल्लाहरूबाट आउने व्यक्तिहरूसँग राम्रो पहिचान र चिनाजानी थिएन तर पनि आफ्नो टोलबाट भएपनि एउटा कार्यक्रम शुरु गरौं भन्ने सल्लाहबाट नै यसको शुरुवात गरेका हौं । यो कार्यक्रममा संस्थाको माध्यमबाट पुस्तकालय सञ्चालन गर्ने र जनचेतना अभिवृद्धि गर्ने भन्ने सोच हामीले गरेका थियौं । विशेष गरी यहाँका युवाहरूमा भएको अल्लारेपनले समाजलाई नोक्सान पुऱ्याउँछ, त्यसबाट बचाएर समाजमा नयाँ जागरण ल्याउने उद्देश्य थियो त्यसका लागि संस्थालाई क्रियाशील बनाउनु पर्ने तत्कालीन आवश्यकता थियो ।

☞ *यहाँका अनुसार यस संस्थाको काम गर्ने तौर-तरिकालाई कसरी मूल्याङ्कन गर्नु हुन्छ र यसमा सुधार गर्नु पर्ने केही छ कि ?*

✍ यो संस्था धेरै अगाडि बढि सकेको अवस्था छ, यसमा २०३६ सालका कुराहरू सोंचेर मात्र बसिरहनु हुँदैन । आज २५ वर्ष पुगेकोमा रजत महोत्सव मनाउँदै छ, यो खुशीको कुरा हो । आज संस्था वयस्क भएको छ । हिजोको अवस्थामा पनि नराम्रा काम त भएका थिएनन्, सकरात्मक कुराको शुरुवात हिजैको अवस्थाबाट भएको थियो । यसैलाई मार्गनिर्देशनको रुपमा रुपमा लिएर अगाडि बढ्नु पर्छ । नयाँ विचार निकालेर VDRC दिनप्रतिदिन आफ्नो आकर्षणको पहिचानको क्षेत्र विस्तार गरेको छ, यो वर्तमान अवस्थामा आएको परिमार्जनको कुरा हो । हिजोका संस्थाका सदस्यहरू, शुभचिन्तक, सहयोगीहरू जो नेतृत्वमा हुनुहुन्थ्यो, उहाँहरू संस्थाका उत्प्रेरक हुनुहुन्छ । तसर्थ वर्तमान नेतृत्वपंक्तिले उहाँहरूको भावनाको राम्रोसंग कदर गरेर सबैको भावनालाई समेटेर उदाहरणीय बनेर जान नसक्ने हो भने यो संस्थाको संस्थागत विकास गर्न बाधा पर्छ कि भन्ने शंका लाग्छ । तसर्थ वर्तमान नेतृत्वले पूर्वजहरूको उच्च सम्मान युवाहरूलाई उचित अवसर र प्रोत्साहन दिएर सहभागितामूलक ढंगले कार्यक्रमहरू तय गरी पारदर्शी रुपमा अगाडि बढ्नु पर्दछ । यसो गर्न सकेमा मात्रै संस्थाले सबैको माया र सहयोग पाउन सक्छ । यसका लागि हामी सबैले व्यक्तिगत आग्रह र पूर्वाग्रह छोडेर एकजुट भइ अगाडि बढ्नु पर्दछ । साथै यस संस्थामा काम गर्ने साथीहरूले आफ्नो चरित्रलाई जोगाई समाजमा उदाहरणीय नमुना बनेर देखाउन सक्नु पर्दछ ।

☞ *संस्थाले अहिले ठूलो फड्को मारेको छ, कार्यसमितिका पदाधिकारीहरुले आफ्नो चरित्रलाई सुधार गरेर नमुना बनेर देखाउनु पर्छ भन्ने सुझाव दिनु भयो, यसको अलवा अहिलेको परिस्थितिमा काम गर्ने तौर-तरिकामा केही सुधार गर्नुपर्ने छ कि, यही तरिकाले बढेको ठीक छ जस्तो लाग्छ ?*

✍ समय र परिस्थिति अनुकूल यस संस्थाले सुधार गर्नुपर्छ किनकि आजको युगले फड्को मारिसकेको छ । हिजोको अवस्थामा हुलाकको माध्यमबाट चिट्ठीपत्र आदान प्रदान हुन्थ्यो भने आज ई-मेल, ईन्टरनेटको जमाना आएको छ । आजको परिस्थिति भोलि नरहन पनि सक्छ । यसैले गर्दा काम गर्ने तौर तरिकामा पनि समय अनुरुप परिवर्तन गर्नु सबै संस्थाका सदस्य, कर्मचारीको दक्षता र क्षमता वृद्धि गर्दै लैजानु आजको आवश्यकता पनि हो ।

☞ *VDRC ले पुस्तकालयको निर्माण गरेर व्यवस्थित रुपमा चलाउन पहल गरेको छ । यो पुस्तकालय चलाउने भन्ने कुरा संस्था स्थापना भएपछि मात्रै आएको कुरा हो कि ? पहिला नै आएको हो ?*

✍ संस्था जन्मदै खेरी पहिलो Stage मा नै पुस्तक संङ्कलनका लागि संस्थालाई देउसी, भैलो खेल्ने क्रममा पुस्तकको दान लिएका थियौं । पुस्तकबाट मानिसले केही नयाँ कुरा जान्न सक्छ, चेतनाको विकास हुन्छ भन्ने उद्देश्यले हामीले पुस्तकालय स्थापना गरेका हौं । म जन्मेको ठाउँमा पनि प्रकाश नामको पुस्तक प्रकाशन गरेको थिएँ र त्यस ठाउँमा पनि मैले पुस्तकालय स्थापना गरेको छु । आज VDRC ले आफ्नै छुट्टै पुस्तकालय भवन निर्माण गरेकोमा म सन्तुष्ट छु । तत्कालै यसको फल चाख्न नपाए पनि मेरो त्यो पुरानो भोकलाई मेटाउन मलाई सहयोग पुऱ्याएको छ र अहिले म आशावादी र

सन्तुष्ट भएको छ। छोटो शब्दमा भन्नुपर्दा पहिला त संस्था जन्मेको हो र संस्थाको पहिलो कामको रुपमा पुस्तकालयलाई अगाडि बढाइएको हो।

☞ *त्यसोभए पुस्तकालय आधुनिक तथा व्यवस्थित किसिमले सञ्चालन गर्ने भनेर स्थापना भई सकेको छ, त्यसैले अब यसमा पुराना साथीहरूले असन्तुष्टि मान्नुपर्ने केही कारण छैन होइन र ?*

✍ असन्तुष्ट मान्नुपर्ने केही कारण नै छैन। अझ यसमा नयाँ मोडल दिनुपर्छ। यसमा अन्तराष्ट्रिय क्षेत्रबाट समेत राम्रा राम्रा प्रकाशनका किताब तथा अन्य सामग्रीहरू ल्याउनु पर्छ साथै देशका विद्वान्हरू ल्याएर यसलाई अझ परिमार्जित र व्यवस्थित गर्नु पर्छ। यस पुस्तकालयमा आउँदा हरेका वर्गका पाठकहरूले आफ्नो रुचि अनुसारको भोक मेटाई सन्तुष्ट भई फर्किन पाउनु पर्दछ।

☞ *यस संस्थाले विभिन्न क्षेत्रमा काम सञ्चालन गरेको छ,जस्तै विद्यालय, बचत, सामाजिक विकासका साथै निकट भविश्यमा सञ्चारको क्षेत्रमा समेत काम गर्ने भएको छ। यसका अलावा भविष्यमा कुन क्षेत्रलाई बढी जोड दिएर गयो भने देशको, जनताको, यस संस्थाको, उत्प्रेरक र संस्थापक साथीहरूको सोंच पूरा होला जस्तो लाग्दछ ?*

✍ अहिले यस संस्थाले नयाँ-नयाँ क्षेत्रमा काम गर्न लागिरहेको छ, जुन सूचनाको क्षेत्र त्यो पनि आवश्यक कुरा हो। शिक्षा क्षेत्र पनि गुणस्तरीय तरिकाबाट सञ्चालन भै रहेको छ, यो पनि राम्रो पक्ष हो, यसका अलावा आयुर्वेद र स्वास्थ्य क्षेत्रमा काम गर्ने हो भने स्वास्थ्यकर्मीबाट जनसेवा हुन सक्छ। स्थानीयतहका युवा वर्गले रोजगार पाउन सक्दछन्। स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको कमी छ, भएको जनशक्ति पनि जनसेवा भन्दा पनि पैसा कमाउनमा लागि परेको छ। जसले गर्दा समुदायका विपन्न वा गरिबवर्गले सर्वसुलभ उपचार पाउन सकेको छैन तसर्थ जनसेवाका लागि पछि परेको क्षेत्रलाई बढी Focus गर्नुपर्छ जस्तो लाग्छ।

☞ *यो २५ वर्षको अवधिमा संस्थाले यहाँले भने झैं गाउँस्तरबाट राष्ट्रियस्तरसम्म छवि कायम गरेको छ। यहाँसम्म आइपुग्दा यसको मुख्य सफलताको कारण के होला जस्तो लाग्छ ?*

✍ हिजोको अवस्थामा हामी केही साथीहरू बसेर संस्था खोल्यौं, खोल्नासाथ हामीले ५० पैसे विकास कार्यक्रम शुरुवात, चन्दा कार्यक्रम गर्‍यौं। आज यसले २५ औं वर्ष पूरा गरिसकेको छ। यो हाम्रो लागि सफलताको बिन्दु हो। यस संस्थामा आएका सदस्य, कर्मचारी र शुभचिन्तकहरूको सकरात्मक सोंचाइ र योगदानको कारणले गर्दा, संस्थाप्रतिको बफादारीका कारणले संस्थाले सफलता प्राप्त गरेको हो। जसको प्रतिफल जनताले नै पाउन थालेका छन्। युवाहरूको लगनशीलता नै मुख्य प्रगतिको बिन्दु हो जसले अन्य संस्थाहरूलाई समेत यो प्रेरणको स्रोत बनेको छ र भ्रातृ संस्थाहरूको लागि पनि यसले अविभावकत्वको भूमिका निर्वाह गर्न सकेको छ।

☞ *यस संस्थाले २५ वर्षमा पाइला टेकेको छ, यस अवसरमा यहाँले यसका सञ्चालकहरूलाई, सदस्यहरूलाई यसका कार्यक्रममा काम गर्ने कर्मचारीहरूलाई यस पत्रिकामार्फत् सल्लाह, सुझाव केही दिन चाहनु हुन्छ कि ?*

✍ यस संस्थाका लागि डोनरहरूले डोनेसन दिनुभयो, सस्थाको शुभ कार्यको लागि सहयोग गर्नुभयो, ती संस्था तथा व्यक्तिहरूले अझैपनि यस संस्थाप्रति सदाशयता देखाउनु हुनेछ भन्ने मलाई विश्वास छ। उहाँहरू हृदयदेखि धन्यवादका पात्र हुनुहुन्छ र हामी यहाँका जनता तथा अन्य सहयोगी महानुभावहरूले सधैं सकरात्मक दिशाबाट हेर्न पर्छ। यस संस्थाले तल्लो तहको वर्गलाई उत्थान गर्न सकोस्, हरेक क्षेत्रमा छेउ लागेको वर्गको उपलब्धिमूलक तरिकाले विकास गर्न सकोस् यही सल्लाहा वा शुभकामना छ। हरेक सदस्यहरूले संस्थाबाट मैले के पाएँ भन्नुभन्दा संस्थाको माध्यमबाट मैले समाजलाई के दिन सकें भन्ने सोचेर साना-तिना कुराहरूलाई बिर्सेर सबै एकजुट भएर स्थानीय समाज गाउँ र राष्ट्रलाई नै केही योगदान पुऱ्याउन सकेमा मात्रै संस्थाको सार्थकता रहने छ र हाम्रो अस्तित्व पनि रहिरहने छ।

*वार्ताकार : इन्द्रज्योति पौडेल*

✡✡✡


अन्तर्वार्ता

# स्वावलम्बी समाजको निमार्णका लागि संस्था सशक्त रूपमा अगाडि बढेको छ

(लक्ष्मीप्रसाद आचार्य वि.सं. २०१० सालमा वाग्लुङ जिल्लामा जन्मनु भएको हो । पेशागत रुपमा उहाँ शिक्षका हुनुहुन्छ। यस संस्थाको दोस्रो अध्यक्ष भई ४ वर्षसम्म संस्थालाई नेतृत्व प्रदान गर्नु भएको हो। यसका अलावा उहाँ समाज सेवामा रुचि राख्नुहुन्छ । वहाँ विभिन्न सामाजिक संस्थामा सदस्य भई सामाजिक विकासमा लागि पर्नु भएको छ। भू.पू. अध्यक्षको हैसियतले तत्कालीन अवस्थामा काम गरेको अनुभव र अनुभूतिलाई लिपिबद्ध गरी प्रस्तुत गरेका छौं )

*यहाँ यस सस्थाको दोस्रो अध्यक्ष हुनुहुन्छ यहाँको कार्यकालको अवस्था, त्यसपूर्वको अवस्था र अहिले सम्मको अवस्थालाई कसरी मूल्याङ्कन गर्नु भएको छ, तत्काल र वर्तमान अवस्थामा के भिन्नता देख्नुहुन्छ ?*

मेरो कार्यकाल भन्दा अगाडि, मेरो कार्यकाल, र वर्तमान अवस्थामा हरेक क्षेत्रमा धैरै भिन्नता आएको छ। तत्कालीन अवस्थामा हामीले जुन परिवेशमा संस्था स्थापना गर्‍यौं र विस्तारै अगाडि बढ्न लाग्यौ त्यो बेलाको अवस्थामा राष्ट्रिय परिस्थिति पनि फरक थियो। आजको जस्तो खुल्ला वातावरण थिएन । अहिले खुल्ला वातावरण छ । हामीले त्यतिबेला राम्रोसँग संस्थाको वोर्डसम्म राख्न पाउने अवस्था थिएन । हामी एक किसिमले अनौपचारिक अवस्थमा काम गर्नु पर्ने वातावरण थियो र संस्थाको वैधानिकता पनि त्यतिबेला सम्म प्राप्त गर्न सकेका थिएनौं भने अर्को तर्फ आर्थिक अवस्था त्यत्तिकै कमजोर थियो। भौतिक पूर्वाधार विकासको लागि कुनै तयारी थिएन, चेतनाको स्तर पनि अहिलेको भन्दा कम थियो। त्यसबेला केवल युवाहरूलाई सङ्गठित गर्ने, सचेत नागरिकवाट समाज सेवा गर्ने र सामाजिक भावना जगाउने मात्र उद्देश्य थियो भने अहिले हाम्रो उद्देश्य लक्ष्य र परिकल्पनाको साथै स्वावलम्वी समाजको निर्माण, स्रोत केन्द्रको रुपमा यस संस्थालाई विकसित गर्ने, आर्थिक रुपमा आत्मनिर्भर बनाउने र संस्थालाई व्यावसायिक रुपमा अगाडि बढाउने जस्ता कार्यक्रहरू सशक्त रुपबाट अगाडि बढेका छन् । त्यसैले त्यतिबेलाको अवस्था र अहिलेको अवस्थामा निकै भिन्नता छ।



लक्ष्मीप्रसाद आचार्य

*वर्तमान अवस्थामा संस्थाको गतिविधिबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? के संस्था उद्देश्य, चाहना अनुसार सकरात्मक दिशातर्फ अगाडि बढेजस्तो लाग्छ ?*

वर्तमान गतिविधिबाट म सन्तुष्ट छु । अहिलेको अवस्थामा यस संस्थामा सबैले सहयोग गर्ने भावनाले काम गरेर अगाडि बढिरहेको छ। कथम्-कदाचित् व्यक्ति विशेषको उद्देश्य पूरा नभएका पनि हुन सक्छन् तर पनि संस्थागत रुपमा सदस्यहरूको उद्देश्य र चाहना पूरा गरी अगाडि बढी रहेको देखेको छु।

*यस संस्थाले नेतृत्व विकास र परिवर्तन गरी नेतृत्व दोस्रो पुस्तालाई हस्तान्तरण गर्दै आईरहेको छ । नेतृत्व विकास गर्ने क्रममा स-साना समस्याहरू पनि आउने गरेका छन् । यस्ता समस्या संस्थाले आफैं व्यवस्थापन पनि गरेको छ । यो व्यवस्थापन गर्ने क्रममा संस्थाले जुन नीति अवलम्बन गरेको छ, जसरी आफूलाई द्वन्द्व व्यवस्थापन गर्दै आफ्नो पहिचान राख्दै यहाँसम्म आइपुगेको छ । यसलाई यहाँले कसरी हेर्नुहुन्छ ?*

अहिलेको अवस्था हाम्रो संस्थामा निकै सक्षम र योग्य साथीहरू हुनुहुन्छ र नेतृत्व विकास गर्ने, नेतृत्व लिन सक्ने क्षमतावान् साथीहरु हुनुहुन्छ। यस क्रममा कहिले काहिँ प्रतिस्पर्धा हुनु स्वाभाविकै हो र प्रजातान्त्रिक संस्कार पनि हो। हामी प्रजातान्त्रिक हिसावले नेतृत्व गर्ने क्रममा संस्थाका साथीहरूले सहयोग गर्न आवश्यक पनि हुन्छ । यसमा नेतृत्व लिने क्रममा कोही व्यक्तिको आकाङ्क्षा पूरा नहुँदा चित्त दुख्नु स्वभाविक पनि हो र यस्ता घटनाहरूलाई पनि न्यूनीकरण गर्नको लागि संस्थाका साथीहरूले यसलाई व्यवस्थापन गर्दै अगाडि बढिरहनु भएको छ, यो क्रम भै रहन्छ भन्ने मलाई

विश्वास छ। संस्थामा विवाद संस्थागत र नीतिगत रुपमा छैन खालि व्यक्तिगत रुपमा साना तिना विषयमा मात्र अल्भ्केको हुन सक्ने जस्तो लाग्छ। त्यसलाई म विवादको रुपमा लिन्न। जीवन्त संस्थामा वैचारिक छलफल हुनु विकासको द्योतक हो। यसलाई हामी सबैले आत्मसात् गर्नु पर्छ।

*☛ त्यसो भए यो संस्थालाई अझ सशक्त रुपमा अगाडि बढाई सक्षम संस्था बनाउनको लागि आगामी दिनमा कसरी काम गरोस् भन्ने चाहनु हुन्छ ?*

➧ अहिलेको अवस्थामा संस्था जुन रुपमा अगाडि बढिरहेको छ, यसलाई मैले सकरात्मक रुपबाट लिइरहेको छु। नेतृत्व चाहे जो-सुकैले किन नलिओस् यस संस्थाले गरेको क्रियाकलापप्रति म सन्तुष्ट छु किनकि यहाँ जो सुकै आए पनि हामी साधारण सभाद्वारा वार्षिक कार्यक्रम बनाउँदा सबैको चाहना इच्छाको कदर गरी वार्षिक कार्यक्रम बन्छ। त्यो वार्षिक कार्यक्रममा संस्थाका सहयोगी र शुभचिन्तकहरूको भावनाको कदर सधैं नै भई राखेको छ। मलाई लाग्छ भविष्यमा संस्था राष्ट्रिय परिस्थिति अनुकूल वा प्रतिकूल हुँदाको जुनसुकै अवस्थामा होस्, हाम्रा सदस्य, शुभचिन्तक तथा सहयोगीको र आफनै आन्तरिक क्षमताबाटै VDRC निरन्तर अगाडि बढ्न सकोस् त्यो क्षमता यस संस्थाको होस् भन्न चाहन्छु।

*☛ यहाँले स्ववालम्वी समाजको परिकल्पनाको कुरा गर्नुभयो। यो अवस्थालाई हेर्दा समुदाय भविष्यमा कुन र कस्तो स्थितिमा पुगोस् भन्ने चाहानु हुन्छ ?*

➧ वास्तवमा स्ववालम्वी समाजको सृजना भनेको हरेक व्यक्तिले आफ्नो खुट्टामा, आफ्नै पौरखमा उभिन सक्नु हो। यस्तै वातावरण संस्थाले हरेक व्यक्तिमा र क्षेत्रमा तयार गरोस् भन्ने मेरो मनसाय छ।

*☛ यहाँको कार्यकाल कसरी बित्यो के कस्ता काम भए ? यहाँको कार्यकालदेखि संस्था आफ्नो प्रभावकारितालाई विकास गर्दै यो अवस्थासम्म आइपुग्दा यहाँलाई कतिको गौरव लाग्छ ?*

➧ जुन वेला म अध्यक्ष थिएँ त्यस वेला पनि संस्थामा हरेक साथीहरूको राम्रो उत्साह थियो। काम गर्दाखेरि साना-तिना चुनौती र अप्ठ्याराहरू आएपनि सबैको सहयोग र एकताले गर्दा सहज रुपबाट पार गरियो। त्यतिवेलाका युवाहरूको जोश र उत्साहले गर्दा पनि त्यो बेला उपलब्धि मूलक बेला नै थियो। त्यसवेला युवाहरूलाई रुचि हुने खालका कार्यक्रमलाई विशेष जोड दिएर जस्तै खेलकुद, हाजिरजवाफ, सास्कृतिक कार्यक्रम लगायत क्षेत्रलाई focus दिएको थियो त्यो कार्यक्रम सञ्चालनका लागि पनि विभिन्न उपसमितिहरू गठन गर्ने, तिनीहरूलाई क्षेत्रगत रुपमा काम जिम्मा दिने र तिनै उपसमितिहरूबाट सहभागितामूलक तौर-तरिकाले काम सञ्चालन गर्ने गरिन्थ्यो। त्यसको अलावा दैविप्रकोपमा राहात सहयोग, गाउँ गाउँमा पुऱ्याइन्थ्यो। विपन्न, दलित तथा महिलाप्रति हुने अन्याय अत्याचारका विरुद्ध सशक्त आवाज उठाउने जस्ता कार्य पनि गर्ने गरिन्थ्यो। विगतदेखि वर्तमान सम्मलाई हेर्ने हो भने संस्थाले पूर्ववत् उद्देश्य अनुरुप नै अरु थप क्षेत्रमा काम गरेकोले म पूर्णरुपमा सन्तुष्ट छु। यो गौरवको कुरा पनि हो।

*☛ हामी २५ सौं वर्षमा आइपुगेका छौं यस अवस्थामा यस पत्रिका मार्फत यो संस्थाका सदस्य तथा शुभचिन्तक पदाधिकारी र अनुयायीहरूलाई केही भन्न चाहनु हुन्छ कि ?*

➧ यो संस्थाका सदस्य, सहयोगी तथा शुभचिन्तकहरूलाई यो कुरा भन्न चाहन्छु कि यो संस्था आफ्नै संस्था हो यो हाम्रो गाउँको गहना हो, साझा सम्पत्ति र गौरव हो। यसको हामीले सदा उन्नति, प्रगति र हितमा बोल्नु पर्छ। संस्थाको विगतदेखि वर्तमान सम्मको विश्लेषण गर्दा यसको प्रगति देखिइरहेको छ। यसरी नै संस्था निरन्तर अगाडि बढ्न सकोस्, यसको उन्नति र प्रगति हुँदै जाओस् यही शुभकामना छ।

*वार्ताकार : इन्द्रज्योति पौडेल*

✡✡✡

# विजय विकास स्रोत केन्द्र प्रबर्धनात्मक कार्यक्रम : एक झलक

विजय विकास स्रोत केन्द्रले संस्थागत विकासको अवस्थादेखि विभिन्न दातृसंस्थाहरुसँग मिलेर साझेदारीमा विभिन्न कीसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। विगतदेखि वर्तमानसम्म भए गरेका मुख्यमुख्य प्रबर्धनात्मक कार्यक्रमहरुको सङ्क्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ -

**गरिबी निवारण कार्यक्रम Poverty Alliviation Program (PAP) :**

तनहुँ जिल्लाको दक्षिणी भेगका ८ गा.वि.स (देवघाट, कोटा, बैदी, छिपछिपे, धरमपानी, काहूँ शिवपुर, भिरकोट र कोटदरवार) मा सञ्चालित यस कार्यक्रमलाई लक्ष्यमुखी (Target Oriented) कार्यक्रमको रुपमा लिइन्छ। अर्को तर्फबाट हेर्दा यस कार्यक्रमलाई एकीकृत (Integrated) कार्यक्रमको रुपमा पनि लिन सकिन्छ।

यो कार्यक्रमले कार्य क्षेत्रका सहभागी घरधुरीको आम्दानीमा वृद्धि गर्ने, सहभागी घरधुरीको खाद्य सुरक्षा, पोषण स्वास्थ्य तथा सरसफाइमा सुधार, औपचारिक अनौपचारिक शिक्षाको व्यवस्था, संस्थागत विकासमा सहयोग र गा.वि.स., जि.वि.स. सरकारी तथा गैर सरकारी निकायहरुसँग सम्पर्क समन्वयमा विस्तार जस्ता मुख्य उद्देश्यहरु लिएर अगाडि बढी रहेको छ। सहभागी घरधुरीहरुको आम्दानीको स्तर रु.१०,०००।- ले वृद्धि गर्ने तोकिएको लक्ष्यलाई हासिल गर्न कार्यक्रमले कृषि पशुपालन क्षेत्रमा विशेष जोड दिएको छ । कार्यक्रमले बेमौसमी तरकारी खेती, फलफूल खेती, खाद्य भण्डारण प्रविधि, उन्नत बाखा/बङ्गुर पालन, डाले घाँस जस्ता आय आर्जनमा प्रत्यक्ष भूमिका खेल्ने क्रियाकलापमा दक्ष तथा अनुभवी प्राविधिकहरुबाट सहयोग पुर्‍याउँदै आएको छ । जनचेतना, स्वास्थ्य सरसफाइतर्फ सामाजिक परिचालन टिमले विभिन्न समूहहरु प्रबर्धन गरी बचत तथा ऋण एवं सामाजिक न्यायको सवालमा बहस गर्दै आएका छन् । यस्तै भौतिक पूर्वाधारतर्फ साना सिंचाई, सुधारिएको घट्ट, मोटर बाटो, स्कूलमर्मत जस्ता क्रियाकलाप कार्यक्रमले गर्दै आएको छ । स्थानीय संघ संस्था/समूहको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम, अवलोकन भ्रमणको आयोजना गर्ने गरेको छ । आवश्यकता महसुस भएको क्षेत्रमा अनौपचारिक शिक्षा तथा विभिन्न सीपमूलक तालिमको व्यवस्था कार्यक्रमले गरिरहेको देखिन्छ ।



हरिलाल सापकोटा

शाही डेनिस राजदूतावाससँगको साझेदारीमा सञ्चालित यस कार्यक्रम २००२ फ्रेबरी देखि २००५ डिसेम्बर सम्म सञ्चालन गर्ने लक्ष्यका साथ अगाडि बढेको छ। कार्यक्रमका अहिलेसम्मको उपलब्धितर्फ हेर्ने हो भने विभिन्न ८६ वटा बचत तथा आय आर्जन समूहहरुबाट रु. ३,१६,८३०।- स्थानीय स्रोत परिचालन भएको छ । व्यावसायिक ताजा तरकारीको खेती, बाखा तथा बङ्गुर पालन, मोटर बाटो निर्माण, स्कूललाई मर्मत सहयोग, अनौपचारिक कक्षा सञ्चालन, सुधारिएको घट्ट र साना सिंचाई निर्माण जस्ता कार्यहरु केही मात्रामा सम्पन्न भई सकेका छन्। लक्षित प्रतिफलतर्फ हेर्दा औषत कार्यक्रममा सहभागी घरधुरीको रु. २,५२२।- ले आम्दानीको स्तरमा वृद्धि भएको छ । ८ गा.वि.स.का कुल २८४४ घरधुरी यस कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन् भने यस कार्यक्रम कार्यान्वयनमा ३० जना जनशक्ति खटिएका छन्।

बाल श्रमिकहरुको अवस्थामा सुधार कार्यक्रम **Improvement of the Situation of Child Labour (ISCL) :**

बाल-बालिकामा केन्द्रित यस कार्यक्रम डोटी जिल्लामा सञ्चालित छ । जनवरी २००० देखि ५ वटा गा.वि.स. र एउटा नगरपालिका (वनलेक, लाटामाण्डौ, मुडभरा, मुडेगाउँ, पचनाली र दिपायल शिलगढी न.पा) साथै पछि श्री ५ को सरकार श्रम तथा यातायात मन्त्रालयको साझेदारीमा थप १ गाविस (जिजौडामाण्डौ) क्षेत्रमा सञ्चालित कार्यक्रमको बोझिलो श्रमबाट बाल-बालिकालाई मुक्त गरी उनीहरुलाई स्कूल जाने वातावरण तयार गर्नु मुख्य लक्ष्य हो । यस कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरु हुने गर्दछन् । बाल विकास भवन सञ्चालन, बाल क्लबको गठन र सञ्चालन, पूर्व बाल विकास केन्द्रको सञ्चालन, चेलिबेटी कक्षा सञ्चालन, महिला समूहहरु गठन र बचत तथा ऋण कार्यक्रम, आय आर्जन कार्यक्रम सञ्चालन, छात्रावृत्ती वितरण, जनचेतना आदि क्रियाकलाप मार्फत् बालश्रम घटाउने तर्फ कार्यक्रम लागि परेको छ । स्कूलको शैक्षिक वातावरणमा सुधार गर्दै विद्यार्थीको गुणस्तरमा सुधार गर्दै आएको छ ।

अहिले बाल बालिकाहरु बाल क्लबमा आवद्ध भएर आफ्ना हक अधिकारका बारेमा आवाज उठाउन थालेका छन् । बालकले बालकलाई भन्ने अवधारण (C to C approch) अनुसार बाल क्लबका बालबालिकाले आफ्नो वरपर स्कूल नगएका बालबालिकाको पहिचान गरी उनीहरुलाई पनि आफ्नो क्लबमा समावेश गर्दै स्कूल पठाउनको लागि अविभावकहरुलाई सम्झाउन थालेका छन् । बाल क्लब मार्फत् भित्ते पत्रिका प्रकाशन, विभिन्न खेलकुद, हाजिरी जवाफ, चित्रकला, वक्तृत्वकला, कविता, कथा, निबन्ध प्रतियोगिताको आयोजना गर्दै आफ्नो क्षमता बढाएका छन् । पूर्व बाल विकास केन्द्रमा ३ देखि ५ बर्षका बाल-बालिकालाई रमाइलो मायालु वातावरणमा रेखदेख गर्दै सिक्नको लीग इच्छुक बनाइन्छ । उमेर पुगेपछि ती बाल-बालिकाहरु स्कूल जान डराउँदैनन् । नियमित स्कूल गएर अरु बालबालिका भन्दा निक्कै अगाडि देखिने गरेको हाम्रो अनुभव छ ।

आजका बाल-बालिका भोलिका भविष्य भन्ने मान्यताका आधारमा बाल-केन्द्रित कार्यक्रममा बाल-बालिकाको क्षेत्रमा निकै ठूलो परिवर्तन देखा परिसकेको छ । आफै बाल बालिकाले सडक नाटक, र्‍याली मार्फत् गाउँघरमा जनचेतना फैलाउन थालेका छन् । ५ बर्षकी बालिकाले आफ्ना बाबुलाई "हात धोएर खाना खानु पर्दछ" भनेर सिकाएको उदाहरण कार्यक्रमको प्रतिफल मान्न सकिन्छ । बाल क्लबका बाल-बालिकाले नगरपालिका, जि.वि.स जिल्ला प्रशाशन कार्यालयमा गएर निर्धक्क आफ्ना सवालहरु राख्ने गरेका छन् । बाल क्लब दर्ताको लागि कानुनी प्रक्रिया केही नदेखिएकोले अहिले प्रमुख जिल्ला अधिकारीलाई बाल क्लब दर्ताको लागि पहल गर्न माग राखी आश्वासन प्राप्त गरेका छन् । यसरी भोलिका देश निर्माता आजका बाल बालिकाहरुको विकासमा यो कार्यक्रमले महत्वपूर्ण सहयोग पुर्‍याएको छ ।

GTZ/ISCL को साझेदारीमा सञ्चालित यो कार्यक्रम यही जुलाइदेखि कार्यक्षेत्र विस्तार गरी पूर्वमा साना गाउँ, लाडागाडा, काडामाण्डौ र खिरसैन, दक्षिणमा लक्ष्मीनगर र सरस्वतीनगर गरी ६ वटा गा.वि.स थपेर कार्यक्रम विस्तार भएको छ । यस कार्यक्रम बाट २२४३ घर धुरीका ५१९२ बालबालिका सहित कुल ७५६१ जनसंख्या प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । कार्यक्रम अन्तर्गत अहिले ११ वटा बाल विकास भवन, २४ वटा पूर्व बाल विकास केन्द्र, ५२ वटा बाल क्लब, ५५ वटा महिला बाल कल्याण तथा बचत समुह सञ्चालनमा रहेका छन् । ५५ वटा समुहमा कुल रु. ९,२७,२२५।- बचत र रु. १,७५,३८७- समुह विकास

कोष जम्मा गरी आय-आर्जन ऋण लगानी गर्दै आएका छन्।

**स्वावलम्बन प्रबर्धनका लागि स्थानीयस्तरमा संस्थागत विकास कार्यक्रम Institutional Development for self-help Promotion Program (InDesP):**

संखुवासभा जिल्लाको उत्तरी भाग हिमाली क्षेत्रका ६ वटा गा.वि.स (पाथिभरा, मकालु, यासु, हटिया, चेपुवा र किमाथाङ्का) मा सञ्चालित यस कार्यक्रम हिमाली क्षेत्र र भोटे जातिमा सञ्चालित कार्यक्रमको रुपमा चिनिन्छ। हिउँदमा हिउँ पर्ने क्षेत्र भएकोले लेक-वेसी गरी वर्षमा आधा बसाई लेकमा र आधा बसाई वेसीमा हुने गर्दछ। विश्वमा नै दुर्लभ मानिने सिहान्सवा भोटे जातिहरु रहेको यस क्षेत्रका केही भाग क्षेत्र पर्यटकहरुका लागि श्री ५ को सरकारले अझै पनि खुल्ला गरेको छैन । अर्को तर्फ मकालु हिमाल यसै क्षेत्रमा भएकोले पर्यटकहरुको घुँइचो लाग्ने गर्दछ । बरुण मेला यहाँको प्रशिद्ध मेलामा पर्दछ भने बहुपति प्रथाको अवशेष अझै यहाँ देख्न पाइन्छ । चाडवाडमा लाक्पा खेल्ने प्रचलन यहाँ प्रसिद्ध छ । भौगोलिक रुपमा विकट, तिब्वतसँगको सम्पर्क रहेको, उत्पादन कम हुने क्षेत्र भएकोले जडिबुटी, यार्सा गुम्बा, चौरी पालन यहाँका आम्दानीका स्रोतहरु हुन् । यस परिवेशको क्षेत्रमा स्थानीय समुह तथा संघ-संस्थाको क्षमता अभिवृद्धि गर्दै गरिबी कम गर्न सहयोग पुऱ्याउने उद्देश्य लिएर यो कार्यक्रम सञ्चालित छ ।

GTZ/NGO Found Project को साझेदारीमा मार्च १९९९ देखि अहिलेसम्म सञ्चालित यस कार्यक्रमले ४ वटा स्थानीय संस्थाहरुको क्षमता अभिवृद्धि गरेको छ । स्थानीय संस्थाहरुले विभिन्न ६७ वटा स्वावलम्बन समुहहरु प्रबर्धन गरी सहयोग पुऱ्याउँदै आएका छन् । स्वावलम्बन समुहहरुले आफ्नो क्षेत्रको भौतिक पूर्वाधार निर्माण, जनचेतना, सरसफाई, वचत संकलन, ऋण लगानी र आय आर्जनका क्रियाकलाप गर्दै आएका छन् । उनीहरुलाई स्थानीय संस्थाले निरन्तर आवश्यक सहयोग पुऱ्याएका छन् भने स्थानीय संस्थाको क्षमता अभिवृद्धि र आवश्यक सहयोग यस कार्यक्रमले पुऱ्याउँदै आएको छ। कुल १२०६ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएको यस कार्यक्रममा रु.२०,६२,८८०/- बराबरको स्थानीय स्रोत परिचालन भएको छ । २ वटा बहुउद्देश्यीय सहकारी संस्थाको प्रवर्धन भई सञ्चालनमा आएका छन् ।

**अभिवृद्धि तथा संरक्षण गतिविधि कार्यक्रम Enhancing and Protecting Interventions Program (EPIs):**

संखुवासभा जिल्लाको दक्षिणी क्षेत्र चैनपुर गुफापोखरी, चैनपुर बाह्रबिसे, खण्डमा निर्माण हुन लागेको क्रमशः ४३.१ कि.मी. र ३६.१ कि.मी. हरितमार्गमा सामाजिक परिचालनको कार्य गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । जिल्ला विकास समिति संखुवासभा, ग्रामीण पहुँच कार्यक्रम (RAP) सँगको साझेदारीमा २००३ जुलाइबाट सञ्चालित यस कार्यक्रम अन्तर्गत RBG गठन गर्ने, क्षमता अभिबृद्धि, सामाजिक परिचालन, बचत, आय-आर्जन, सडकले ल्याउन सक्ने विकृतिप्रति सजग बनाउने कार्य पर्दछन् । सम्भावित सडकका नजिक पर्ने गाउँघरलाई केन्द्रित गरेर यो कार्यक्रम सञ्चालन भइरहेको छ ।

**जलस्रोत व्यवस्थापन कार्यक्रम (Water And Resource Management Program (WARMP):**

तनहुँ जिल्लाको २ वटा गा.वि.स.बैदी र घिरिङ्ग सुन्धाराका ४ वटा खानेपानी स्किम सम्पन्न गर्ने लक्ष्य लिएको यो कार्यक्रम Helvetas/ WARM-P सँगको साझेदारीमा सञ्चालित छ । २००३ फेब्रुअरीदेखि २००४ फेब्रुअरीसम्म सम्पन्न हुने यस कार्यक्रम अन्तर्गत गा.वि.स. स्तरको जलउपयोग गुरुयोजना तयार गरी गा.वि.स.ले

सम्पर्क समन्वयबाट गुरुयोजना अनुसार काम गर्ने गरी निर्दिष्ट गरिएको छ । कुल ११५ घरधुरी यस कार्यक्रमबाट लाभान्वित हुनेछन् । कार्यक्रमको कार्यन्वयन द्रुतगतिमा अघि बढिरहेको छ ।

**महिला तथा बालबालिकाको विकेन्द्रित कार्य Decenteralized action of Children and Women (DaCaW) :**

नवलपरासी जिल्लाको रुपौलिया गा.वि.स.मा सञ्चालित यस कार्यक्रमले आमा तथा शिशुको स्वास्थ्य सरसफाई र पोषणमा ध्यान दिने गर्दछ । बच्चाको वृद्धिदरको अध्ययनबाट अविभावकलाई उचित सल्लाह सुझाब प्रदान गर्ने, प्रजनन स्वास्थ्यकको सल्लाह सुझा प्रदान गर्ने, स्वास्थ्य सरसफाई र जनचेतनाका कार्यक्रम यसले गर्ने गर्दछ ।

जिल्ला विकास समिति नवलपरासी र युनिसेफको साझेदारीमा २००३ जनवरीदेखि सञ्चालित यस कार्यक्रम अन्तर्गत रुपौलिया गा.वि.स.का ३०० घरधुरी लाभान्वित भएका छन् ।

**स्वावलम्बन प्रयासका प्रबर्धन कार्यक्रम Self-Help Initiative Promotion Program (SHIP) :**

यो कार्यक्रम VDRC को बाहिरी जिल्लामा प्रवेश गर्ने क्रममा पहिलो कार्यक्रमको रुपमा चिनिन्छ । २०५२ साल पर्वत र कपिलवस्तु दुई जिल्लामा सञ्चालित यो कार्यक्रम विशेषत VDRC, VYCCU को अनुभवलाई अन्य क्षेत्रमा प्रसार गर्ने प्रकृतिको हो । अरुको भरमा बस्नु हुँदैन समुदाय आफै सङ्गठित र सशक्त भएर आफ्नो लागि आफैले काम गर्नु पर्दछ भन्ने मान्यतामा यो कार्यक्रम सञ्चालित भएको हो । अर्को तर्फ NGO + Co-operative Module बाट NGO ले सामाजिक विकासका कार्य र Co-operative ले आर्थिक विकासका कार्य सँगसँगै अगाडि बढाउन सकेमा समुदायलाई स्वावलम्वी बनाई माथि उठाउन सकिन्छ भन्ने VDRC को सिकाइलाई यस कार्यक्रममा कार्यान्वयन गरिएको छ। कार्यक्षेत्रका विभिन्न भागमा प्रबर्धित स्वावलम्वी समूहहरुले आफै संगठित भएर सामुदायिक विकासका थुप्रै काम गरेको हामीले यस कार्यक्रममा देख्न पाउँदछौं।

GTZ/NGO FP को साझेदारीमा सञ्चालित SHIP कार्यक्रम अन्तर्गत पर्वत कपिलवस्तु जिल्लामा ३५ वटा गैरसरकारी संस्थाको क्षमता अभिवृद्धिभई स्वावलम्बनको अवधारणा अनुरुप आफ्नो क्षेत्रभित्र विभिन्न प्रकृतिका सामाजिक विकास निर्माणका कार्यहरु गर्दै आएका छन् । ४१ वटा सहकारी संस्थाहरु प्रबर्धित भई सञ्चालनमा आएका छन् । दुबै जिल्लामा कुल ६३७ स्वावलम्वी समूहहरु प्रबर्धित भई सञ्चालनमा आइरहेका छन् । महिला समुह, दलित समुह, महिला पुरुष मिश्रित समूह, तराइबासी समुह तथा श्रीमान्-श्रीमती समुहहरु यस कार्यक्रमका नयाँ आकर्षणहरु छन् । दुवै जिल्लामा गरी अहिलेसम्म बचत तथा घुम्तीकोष गरी कुल रु.३,५८,६२,१६२।- बराबरको स्थानीय स्रोत परिचालन भएको छ । १७३७० घरधुरीका, ११४१८८ जनसंख्या दुवै जिल्लामा यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

पर्वत र कपिलवस्तु दुवै जिल्लामा संस्थाहरुको नेटवर्क स्थापना भई सञ्चालनमा आएका छन् । स्थानीय संस्थाहरुको क्षमता अभिवृद्धि पश्चात् बाह्य जिल्लामा समेत गएर काम गर्न शुरुवात गरिसकेकोले VDRC यही जुन २००३ देखि SHIP कार्यक्रम सम्बन्धित जिल्लाका नेटवर्कलाई हस्तान्तरण गरी घर फर्किएको छ । VDRC को जेठो तथा धेरै सन्तान भएको कार्यक्रमको रुपमा परिचित SHIP कार्यक्रमबाट संस्थाले धेरै सिक्ने र अगाडि बढ्ने अबसर प्राप्त गरेको हामीले महसुस गरेका छौं । त्यसकारण GTZ/NGO FP धन्यवादको पात्र बनेको छ ।

**महिलाहरुको स्वरोजगार विस्तार आयोजना Expansion of Employment Opport-unities of Women (EEOW) :**

VDRC ले आय आर्जनमा केन्द्रित भई सञ्चालन गरेको यो पहिलो कार्यक्रम हो। नवलपरासी जिल्लाको ५ वटा गा.वि.स. (प्रसौनी, त्रिवेणी सुस्ता, दाउन्नेदेवी, रुपौलिया र दुम्किबास) मा सञ्चालित महिला केन्द्रित कार्यक्रमको रुपमा यस कार्यक्रमलाई चिनिन्छ । महिलाहरु घरधन्दामा मात्र व्यस्त हुनु पर्ने, आफ्नो आम्दानी केही नहुने, पुरुषहरुको नियन्त्रणमा मात्र काम गर्नु पर्ने नेपालको सामाजिक बाध्यताको परिवेशका महिलालाई स्वरोजगारको सिर्जना गरी आफ्नो खुट्टामा उभिन सहयोग पुऱ्याउनु यस कार्यक्रमको मुख्य लक्ष्य हो । यस कार्यक्रम अन्तर्गत महिला समूह गठन, आय-आर्जन क्रियाकलाप सञ्चालन्, समय बचत, उत्पादित वस्तुको बजारीकरणमा सहयोग, घुम्तीकोष परिचालन जस्ता क्रियाकलापहरु सञ्चालन भएका छन् ।

ILO/EEOW को साझेदारीमा १९९९ अप्रिलदेखि शुरु भएर २००३ जुनसम्म सञ्चालित कार्यक्रमले १८६५ महिलाहरुलाई समूहमा आबद्ध गरी विभिन्न आय-आर्जन क्रियाकलापमा समावेश गराएको छ । ताजा तरकारी खेती, च्याउ खेती, हस्तकला उत्पादन, केरा खेती, गाई, भैंसी, बाखा पालन जस्ता आय आर्जनका क्रियाकलाप सञ्चालन गर्दै आएका छन् । समय बचतको लागि साना खानेपानी कार्यक्रम, सुधारिएको चुलो, डालेघाँस जस्ता क्रियाकलाप पनि सञ्चालन गरिएका छन्। ४ वटा महिला सहकारी संस्थाहरु दर्ताभई महिलाको आम्दानी बढाउने क्षेत्रमा काम गर्दै आएका छन् । कार्यक्रमको प्रतिफलको रुपमा हेर्दा महिलाहरु सशक्त भई घर-आँगन र चुलो-चौकोबाट बाहिर निस्की आफ्नो हक हितको बारेमा आवाज उठाउन थालेका छन् । आफ्नै रुचि र निर्णय अनुसार खर्च गर्न वा काम गर्न थालेको छन् । केराको रेसाबाट सामान उत्पादन गर्ने तथा हस्तकलाका उत्पादन, तरकारी, जामजेली उत्पादन गरी बिक्री गर्दै आएका छन् । महिला सशक्तीकरण यसको प्रमुख उपलब्धि मान्न सकिन्छ । अहिलेसम्म विभिन्न महिला बचत समूह सहकारीमा कुल रु. ३६,५७,७००।- बचत सङ्कलन र परिचालन भइरहेको छ ।

**ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ कार्यक्रम Rural Drinking Water Supply and Sanitation Program (RDWSSP) :**

नवलपरासी जिल्ला भित्र ३ वटा खानेपानी तथा सरसफाई कार्यक्रम यस अन्तर्गत पर्दछन्। गैंडाकोट गा.वि.स.को वार्ड नं. ५ बैकुण्ठनगरमा १ वटा स्किम, सरस्वतीनगरमा १ वटा स्किम र दिव्यपुरी गा.वि.स. को रातोडाँडामा १ वटा स्किम गरी कुल ३९८ घरधुरीले शुद्ध सफा पिउने पानी प्राप्त गरेका छन् । प्रारम्भिक चरण र कार्यान्वयन चरण गरी २ चरणमा कार्यक्रम २००२ फेब्रुअरीदेखि शुरु भएर २००३ फेब्रुअरीमा सम्पन्न भएको छ। ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (Fund Board) को साझेदारीमा सञ्चालित यस कार्यक्रम अन्तर्गत कुल ८१ धारा निर्माण, २० वटा चर्पी निर्माण, बचत तथा ऋण कार्यक्रम, उपभोक्ता समितिको क्षमता अभिवृद्धिका विभिन्न क्रियाकलाप सञ्चालन भएका छन् ।

**स्वावलम्बन क्षमता अभिवृद्धि कार्यक्रम (सिन्धुपाल्चोक) Self-help Capacity Promotion Program (SheCaP):**

सिन्धुपाल्चोक जिल्लाको उपल्लो भ्याडीखोला उप-जलाधार क्षेत्र (३ गा.वि.स. स्याउले, सिम्पाल काभ्रे र लागार्चेका केही भाग) र चौतारा श्रृङ्खला क्षेत्र पिपलडाँडा गा.वि.स र चौतारा गा.वि.सका केही भागमा सञ्चालित कार्यक्रम हो । यस कार्यक्रम भित्र दुईवटा छुट्टाछुट्टै कार्यक्रम

सञ्चालित थिए । एउटा कार्यक्रम जलाधार व्यवस्थापन अन्तर्गत भौतिक पूर्वाधारतर्फ जिल्ला भू-संरक्षण कार्यालय (DSCO) सिन्धुपाल्चोक र सामाजिक परिचालनतर्फ VDRC संयुक्त रुपमा सरकारी कार्यालय र गैर सरकारी संस्था मिलेर कार्यान्वयन गरेको थियो । अर्कोतर्फ सामुदायिक वन उपभोक्ता समुह (CFUG) हरुको क्षमता अभिवृद्धिमा प्राविधिक तथा सामाजिक पक्षमा सहजीकरण गर्ने कार्य कार्यक्रमले गरेको थियो । यसै कार्यक्रम अन्तर्गत गौरती सामुदायिक वन उपभोक्ता समुह र लाम्पाते सामुदायिक वन उपभोक्ता समुहको क्षमता अभिवृद्धिका विभिन्न क्रियाकलाप सञ्चालन गरिएको थियो । जसको फलस्वरुप २०५८ सालको वीर गणेशमान वातावरण प्रथम पुरस्कारबाट गौरती सा.व.उ.स. पुरस्कृत समेत भएको थियो ।

नेपाल अष्ट्रेलिया सामुदायिक स्रोत व्यवस्थापन परियोजना (NACRMP) को साझेदारीमा १९९९ अप्रिलदेखि २००१ डिसेम्बरसम्म सञ्चालित यस कार्यक्रमले जलधार क्षेत्रमा १० वटा स्वावलम्बन समूह प्रबर्धन गरी बचत तथा ऋण, आयआर्जन, सामाजिक एकता तथा भौतिक पूर्वाधार निर्माण जस्ता कार्य समेत गर्दै आएका छन्। एउटा बचत तथा ऋण सहकारी संस्था यसै क्षेत्रमा दर्ता समेत भएको छ। अर्कोतर्फ सामुदायिक वनले स्रोतको न्यायोचित वितरण प्रणाली अन्तर्गत घुम्तीकोष परिचालन, बचत ऋण र आय आर्जन कार्यक्रम, महिला सशक्तीकरणमा उल्लेखनीय कार्य गरेका छन् । यसतर्फ थप जानकारीको लागि जलाधार व्यवस्थापन र सामुदायिक वनमा "हाम्रा अनुभव र सिकाइहरु" प्रकाशित समेत गरिएको छ जसमा कार्यक्रमको विस्तृत स्वरुप पाउन सकिन्छ । यस कार्यक्रमले कुल ४९३ घर धुरीलाई समेटेको थियो ।

**सामुदायिक उद्यमशीलता प्रबर्धन कार्यक्रम Promotion of Community enterpreneurship Program (ProCeP):**

भोजपुर जिल्लाका १३ गा.वि.स.(भोजपुर, टक्सार, दलगाउँ, धोद्लेखानी, बैकुण्ठे, ओखे, वासिखोर, भुल्के, माने भञ्ज्याङ्ग, वास्तिम, सानो दुम्मा, ठुलो दुम्मा र जरायोटार)मा सञ्चालित यस कार्यक्रमका उद्देश्यहरुमा बचत तथा ऋण कार्यक्रममा सहजीकरण गर्ने, समुह प्रबर्धन गर्ने, १३ वटा बचत तथा ऋण संस्थाको गठन र विकास गर्ने र सामुदायिक उद्यमशीलता प्रबर्धन गर्ने रहेका थिए । २९५० घरधुरी लाभान्वित भएको यस कार्यक्रमले प्रत्येक गा.वि.स.का वस्ती-वस्ती स्तरमा समुह गठन गरी बचत तथा ऋण कार्यक्रम तथा आय आर्जन कार्यक्रम सञ्चालन गरेको थियो । समुहहरुलाई समावेश गरी वार्ड स्तरको नेटवर्क र गा.वि.स. स्तरको सहकारी प्रबर्धन गर्ने कार्य गरी पहाडी क्षेत्रमा लघुवित्त कार्यक्रमको उपयुक्त नमुना तयार गरी VDRC ले यहाँ प्रयोग गरेको हो ।

Plan Internation भोजपुरको साझेदारीमा १९९८ जुनदेखि २००१ सेप्टेम्बरसम्म सञ्चालित कार्यक्रम अहिले Phase-out भएको छ । यस कार्यक्रम पश्चात् भोजपुर जिल्लाको १३ गा.वि.स.मा प्रबर्धित १३ वटा सहकारी संस्थाहरुले आय आर्जनका क्रियाकलाप निरन्तर सञ्चालन गर्दै आएका छन् ।

**सामाजिक तथा आर्थिक प्रवर्धनका लागि स्थानीय संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम LNGO/CBOS Capacity Building for Socio-Economic Promotion Program.**

यो डोटी जिल्लाको विकट दक्षिणी भाग बोक्तान तथा जोरायल क्षेत्रका ९ वटा गा.वि.स. (लक्ष्मीनगर, निरौली, वर्छेन, घाँघल, लाना केदारेश्वर,

सिमचौर, केदार आखडा, घिर्काभाण्डौ, मानाकामडीमा सञ्चालित कार्यक्रम हो । स्थानीय संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने मुख्य उद्देश्य लिएर यो कार्यक्रम सञ्चालित भएको थियो । ९ वटा गा.वि.स.मा औपचारिक, अनौपचारिक रुपमा स्थापित विभिन्न २० वटा स्थानीय संस्थाहरू पहिचान गरी उनीहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम, अवलोकन भ्रमणको आयोजना गरिएको थियो । तत्पश्चात् स्थानीय संस्थाले संस्थाको आन्तरिक संरचनामा परिवर्तन (महिला, दलितको सहभागितामा वृद्धि) गर्ने, सम्पर्क समन्वयमा विस्तार, बचत समूहको प्रवर्धन, आय आर्जनका कार्य गर्न शुरु गरेका छन् । २० वटा संस्था मध्येबाट पुनः छनौट गर्दा दोस्रो चरणका तालिम, अवलोकन भ्रमण, स्थलगत अनुगमन तथा कोचिङ्ग आदिका माध्यमबाट ९ वटा गा.वि.स. मा ९ वटा स्थानीय संस्थाहरू सशक्त भएर आएका छन् ।

Helvetas/LLINK को साझेदारीमा सञ्चालित यो कार्यक्रममा VDRC को मूल्य मान्यता, स्वावलम्बनको अवधारणा, NGO+Co-operative मोडेललाई अनुशरण गर्दै अहिले स्थानीय संस्थाले विभिन्न संघ संस्थाहरुसँग साझेदारीमा काम गर्दै आइरहेका छन् । अहिलेसम्म ३९ वटा समूह प्रवर्धन गर्दै रु. ८०,५०० जति बचत सङ्कलन गर्दै विभिन्न प्रकृतिका आय आर्जनका कार्य सञ्चालन गरेका छन् । केही क्षेत्रमा २/३ वटा स्थानीय संस्थाहरु एकीकृत भएर राम्रो काम गर्न सकिन्छ भन्ने मान्यतामा एकजुटभई काम गर्न थालेका छन् । रुढीवादी संस्कारको गाढा छाप रहेको दुर्गम बोक्तान क्षेत्रमा छाउपाडी प्रचलन, बाल-बिवाह, बहु-बिवाह, अनमेल-बिवाह, जातीय छुवाछुत व्यापक रुपमा भएकोले विभिन्न माध्यमबाट स्थानीय संस्थाले कम गर्ने प्रयास गरिरहेका छन् । छोटो अवधिको क्षमता अभिवृद्धि कार्यक्रमले उच्च जाति र दलित बीच सह-भोजको आयोजना, अन्तर्जेल विवाहमा निरुत्साह जस्ता कार्य स्थानीय संस्थाले अगाडि बढाएका छन् । यसका साथै जनचेतना, स्वास्थ्य सरसफाई, HIV/AIDS, छोरीलाई पनि शिक्षा जस्ता जल्दा बल्दा सवालहरुमा छलफल अगाडि बढ्ने गरेका छन् । सामाजिक विकास निर्माण, खानेपानी धारा, चर्पी निर्माण, सामुदायिक भवन निर्माण कार्य अघि बढाएका छन् भने अर्कोतर्फ बचत तथा ऋण सहकारी संस्थाको स्थापना गरी आय आर्जनका काममा सहयोग पुऱ्याउन थालेका छन् ।

स्थानीय ९ वटा संस्थाको क्षमता अभिवृद्धि पश्चात् VDRC गत डिसेम्बर २००२ बाट स्थानीय संस्थालाई कार्यक्रम हस्तान्तरण गरी अहिले घर फर्केको छ ।

**स्वावलम्बन क्षमता अभिवृद्धि कार्यक्रम (काभ्रेपलाञ्चोक) Self help Capacity Promotion Program (SheCaP):**

यो सामुदायिक वन उपभोक्ता समुहहरुको स्रोतलाई व्यवस्थापन गर्नको लागि (CFUG) को क्षमता अभिवृद्धि गर्ने उद्देश्यले काभ्रेपलाञ्चोक जिल्लाको कोशीपारि दुर्गमक्षेत्र अथवा चौवास शृङ्खलामा सञ्चालित कार्यक्रम हो । यो क्षेत्र दोलालघाटबाट नदीपारि पूर्वी क्षेत्रमा पर्दछ । कच्ची मोटरबाटो भए तापनि कहिले यातायात सञ्चालन हुने कहिले नहुने यहाँको अवस्था छ । उच्च पहाडी क्षेत्रका सामुदायिक बनको वैज्ञानिक व्यवस्थापनबाट सङ्कलित स्रोतलाई त्यहीँका समुदायको आर्थिक अवस्थामा सुधार गर्न, यो कार्यक्रमले जोड दिएको थियो ।

नेपाल अष्ट्रेलिया सामुदायिक स्रोत व्यवस्थापन परियोजना (NACRMP) को आर्थिक साझेदारीमा VDRC ले सञ्चालन गरेको यो कार्यक्रम १९९९ नोभेम्वरदेखि २००० फेब्रुअरी सम्ममा सञ्चालित थियो । एउटा सामुदायिक वन

उपभोक्ता समुहका ९० घरधुरी लाभान्वित हुने गरी सञ्चालित कार्यक्रममा संस्थाले २ जना कर्मचारी परिचालन गरेको थियो ।

**स्वावलम्बन क्षमता विकास कार्यक्रम Self help Capacity Development Program (SheCaD):**

यो VDRC को सरकारी र गैर सरकारी संस्थाहरुसँगसँगै मिलेर काम गर्नु पर्दछ भन्ने मान्यतामा आरम्भ गरिएको पहिलो कार्यक्रम हो । उपभोक्ताहरुबाट मोटरबाटो निर्माणका लागि आवश्यक पर्ने सामाजिक परिचालनका कार्य यस कार्यक्रममा समावेश थिए । उपभोक्ताहरुका विभिन्न समूहहरु बनाई समूहको क्षमता अभिवृद्धि गर्दै सचेत र सशक्त बनाउने कार्य यस कार्यक्रमले गरेको थियो । हाम्रो काम हामी आफैले गर्नु पर्दछ भन्ने भावनाको विकास उपभोक्ताहरुमा गराई सक्रिय सहभागिता जुटाउने कार्य यस कार्यक्रमको उद्देश्य अन्तर्गत पर्दथ्यो ।

GTZ/Food for Work, जिल्ला विकास समिति पर्वत र VDRC को त्रिपक्षीय यस कार्यक्रममा पूर्वाधार निर्माण कार्य जि.वि.स. ले गर्ने गर्दथ्यो भने सामाजिक परिचालनको कार्य VDRC ले गर्ने गर्दथ्यो । १९९७ अक्टुबरदेखि १९९८ सेप्टेम्बरसम्म सञ्चालित यस कार्यक्रममा VDRC लाई सरकारी र गैरसरकारी संस्थाले सँगै मिलेर काम गर्दाको अनुभव प्राप्त भएको छ ।

**स्वावलम्बन प्रबर्धन कार्यक्रम Self reliance Promotion Program (SePP):**

पाल्पा जिल्लामा Helvetas/LISP को साझेदारीमा दुईवटा संस्थाहरु VDRC र RSDC मिलेर कन्सोर्टियमको अवधारणा अनुसार काम गरेको यो पहिलो अनुभव हो । दुई संस्थाका २/२ जना गरी ४ जनाको टिमबाट कार्यक्रम सञ्चालित भएको यस कार्यक्रममा स्थानीयस्तरमा भएका प्रयासहरुलाई सहयोग गर्ने उद्देश्य लिइएको थियो । स्थानीय स्तरमा समूह प्रबर्धन बचत तथा ऋण कार्यक्रम, स्थानीय संस्था तथा समूहहरुको क्षमता अभिवृद्धि जस्ता क्रियाकलाप यस कार्यक्रममा समावेश थिए । अगष्ट १९९८ देखि १९९९ डिसेम्बर सम्म सञ्चालित यस कार्यक्रमले पाल्पा जिल्लाका विभिन्न भागमा समूह प्रबर्धन, आमा समूहको संस्थागत विकासका साथै सहकारी संस्था प्रबर्धन गरेको थियो । कार्यक्रम समापनपश्चात् पनि स्थानीय संघ संस्थाले आफ्नै प्रयासमा निरन्तर आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् ।

**रतनपुर-गैंडाकोट खानेपानी तथा सरसफाइ कार्यक्रम Ratanpur Gaindakot Drinking Water and Sanitation Program (RGDWSP):**

१९९६ जनवरीदेखि १९९६ मे सम्ममा सम्पन्न भएका २ वटा खानेपानी स्किम यस कार्यक्रम अन्तर्गत पर्दछन् । नवलपरासी जिल्लाभित्र रतनपुर गा.वि.स.को वार्ड नं. ७ मा एउटा स्किम र गैंडाकोट गा.वि.स.को वार्ड नं.३ वृन्दापुरमा १ वटा स्किम गरी कुल २२८ घरधुरीले शुद्ध पिउने पानी प्राप्त गरेका छन् ।

जि.वि.स. नवलपरासी, गैंडाकोट गा.वि.स. र फिनिडाको साझेदारीमा सञ्चालित यस कार्यक्रममा कुल ११ वटा धारा निर्माण भएका थिए ।

**रतनपुर खानेपानी तथा सरसफाई कार्यक्रम Ratanpur Drinking Water and Sanitation Program (RDWSP):**

१९९७ सेप्टेम्बरदेखि १९९८ अक्टुवर सम्ममा सम्पन्न भएका ४ वटा खानेपानी स्किम यस कार्यक्रम अन्तर्गत पर्दछन् । नवलपरासी जिल्लाको रतनपुर गा.वि.स वार्ड नं.९ हुचिलमा १ वटा, वार्ड नं.८ आहालेमा १ वटा, वार्ड नं.६ भागरमा

१ वटा, वार्ड नं.५ बसेनीमा १ वटा गरी कुल १८८ घरधुरीले सफा पिउनेपानी प्राप्त गरेका छन् । जि.वि.स. नवलपरासी र फिनिडाको साझेदारीमा सञ्चालित यस कार्यक्रम अन्तर्गत कुल ३४ वटा धारा निर्माण तथा अन्य तालिम सरसफाइ, जनचेतनाका क्रियाकलाप सञ्चालन गरिएको थियो ।

**कोटथर-थामबेसी खानेपानी आपूर्ति तथा सरसफाइ कार्यक्रम Kotthar Thambesi Drinking Water Supply and Sanitation Program (KDWSSP) :**

२००० अगष्टदेखि २००१ फेब्रुअरीसम्म नवलपरासी जिल्लाको कोटथर गा.वि.सको थामवेसीमा सञ्चालित १ वटा खानेपानी स्किम यो कार्यक्रम अन्तर्गत पर्दछ। जि.वि.स. नवलपरासी र फिनिडाको साझेदारीमा सञ्चालित यस कार्यक्रमबाट कुल ११ वटा धारा निर्माण गरी ६४ घर धुरीले सफा पिउने पानी प्राप्त गरेका छन् ।

**विजय सामुदायिक विकास कार्यक्रम (Vijaya Community Development Program):**

यस कार्यक्रम अन्तर्गत गैंडाकोट गा.वि.स. भित्रका वार्ड नं. ६,७,८, र ९ का केही भागमा विभिन्न समुहहरु गठन गरी विभिन्न तालिम, वचत, ऋण र आयआर्जन क्रियाकलाप सञ्चालन गरी आयमा वृद्धि गर्ने लक्ष्य लिइएको थियो । Word Accord/SAP-Nepal को साझेदारीमा सञ्चालित यो कार्यक्रम १९९३ जुलाईदेखि १९९६ जुनसम्म सञ्चालित थियो । यस कार्यक्रमले यसै क्षेत्रका गरिब तथा दलित कुल ६० घरधुरीलाई समेटेर कार्यक्रम सञ्चालन गरेको थियो ।

**खलेचौर ग्रामीण विकास परियोजना Khalechaur Rural Development Project (KRDP) :**

गैंडाकोट गा.वि.स.को वार्ड नं. ७ खलेचौर क्षेत्रका ४५ सुकुम्वासी घरधुरीलाई समेट्ने गरी सञ्चालित यो कार्यक्रमले त्यहाँका सुकुम्बासीहरुको आर्थिक अवस्थामा सुधार गर्ने बचत तथा ऋण र आय आर्जनका क्रियाकलाप सञ्चालन गरेको थियो । CCO को साझेदारीमा १९९३ मार्चदेखि १९९५ फेब्रुअरीसम्म यो कार्यक्रम सञ्चालन भएको थियो ।

**विजय बचत तथा एकीकृत सामुदायिक विकास कार्यक्रम Vijaya Savings & Integrated Community Development Program or Long Term Partnership Program (LTPP) :**

Long Term Partnership Program (LTPP) को अवधारणा अनुसार यो कार्यक्रम नवलपरासी जिल्ला रतनपुर गा.वि.स. वार्ड नं.६ टाउन भागर क्षेत्रमा १९९५ देखि १९९७ सम्म ३ बर्ष सञ्चालित भएको हो । जनचेतना, स्वास्थ्य सरसफाई, आय आर्जन, वचत तथा ऋण जस्ता क्रियाकलापहरु यस कार्यक्रम अन्तर्गत समावेश गरिएका थिए । World Accord र SAP-Nepal को साझेदारीमा सञ्चालित यस कार्यक्रमले ९० घरधुरीलाई समेटेको थियो । कार्यक्रमले प्रवर्धन गरेको दाजु-बहिनी बचत तथा ऋण सहकरी संस्था लि. अहिले पनि राम्रो अवस्थामा आफ्ना कार्यक्रम अघि बढाउँदै आएको छ ।

**अनौपचारिक शिक्षा कार्यक्रम Non-Formal Education Program (NFE) :**

यस कार्यक्रम अन्तर्गत जिल्ला शिक्षा कार्यालय नवलपरासी र विश्व शिक्षाको साझेदारीमा १९९३ जुलाईदेखि १९९६ जुनसम्म नवलपरासी जिल्लाका गैंडाकोट, दिव्यपुरी, रतनपुर गा.वि.स.का कुल ३७५ घरधुरीका निरक्षर महिला तथा पुरुषलाई अनौपचारिक शिक्षा प्रदान गरिएको थियो । यसरी नै १९९४ फेब्रुअरीदेखि १९९४ अगष्टसम्म अमरापुरी र रतनपुर गा.वि.स. का कुल २५० घरधुरीलाई, १९९५ फेब्रुअरीदेखि १९९५ जुलाईसम्म गैंडाकोट गा.वि.स.का ३०० घरधुरीमा अनौपचारिक कक्षाहरु

सञ्चालन गरिएको थियो । यही कार्यक्रम अन्तर्गत Pact Nepal को साझेदारीमा १९९५ जनवरीदेखि १९९७ जनवरीसम्म नवलपरासी जिल्लाका विभिन्न १२ गा.वि.स. का १५०० घरधुरीलाई समेट्ने गरी अनौपचारिक कक्षाहरु सञ्चालन गरिएका थिए ।

**गैंडाकोट ट्युवेल खानेपानी परियोजना Gaindakot Tubewell Drinking Water Project (GTDWP) :**

विजय युवा क्लबको दोस्रो साझेदारी कार्यक्रमको रुपमा यो कार्यक्रम आएको हो। गैंडाकोट गा.वि.स. वार्ड नं. ४,५,६,७, र ९ का जनताहरुलाई सरल पिउने पानीको लागि ट्युववेल जडान गरिएको थियो। साप-नेपालको साझेदारीमा १९९१ अप्रिलदेखि १९९२ मार्चसम्ममा सम्पन्न भएको यस कार्यक्रममा कुल ३४ वटा ट्युवेल जडान गरिएका थिए ।

**युवा वृक्षारोपण कार्यक्रम (Youth Afforestation Program) :**

गैंडाकोट गा.वि.स. वार्ड नं. २ नारायणी नदीको पुलमाथि नदी किनारमा गरिएको वृक्षारोपण क्षेत्र युवा वृक्षारोपण कार्यक्रमको नामबाट शुरुवात गरिएको हो । १९८९ सेप्टेम्बरदेखि शुरुवात गरी १९९१ फेब्रुअरी सम्ममा सम्पन्न भएको कार्यक्रम, विजय युवा क्लबको दातृ संस्थासँगको पहिलो साझेदारी कार्यक्रम हो । साप नेपाल र World Accord को साझेदारीमा सम्पन्न भएको यो कार्यक्रममा श्री ५ को सरकारसँग ४० बर्षको लागि जग्गा लिजमा लिई ४.५ हेक्टर क्षेत्रफलमा सिसौ जातका बिरुवा लगाइएको छ । अहिले यो क्षेत्रलाई "हरित बाटिका" नामकरण गरी रेखदेख, थप बिरुवा लगाउने कार्य भईरहेको छ। नदी किनारमा बस्ने व्यक्तिहरु तथा गैंडाकोट गा.वि.स.लाई यस कार्यक्रमले लाभान्वित बनाएको छ यसका अलावा नदी कटानमा समेत नियन्त्रण भएको छ । अहिले वेत बाँसको वृक्षारोपण गरी व्यवसायी बनाउने लक्ष्य अनुसार हरितबाटिकाको कार्यक्रम अघि बढेको छ । यसरी सरसरती हहेर्दा विजय विकास स्रोत केन्द्रले १९८९ बाट साझेदारीमा वृक्षारोपण कार्यबाट शुरुवात गर्दै अहिलेसम्म कुल २३ बटा साझेदारी तथा दातृ संस्थाहरुसँग साझेदारीमा कुल २५ वटा प्रवर्धनात्मक कार्यक्रमहरु कार्यान्वयन गरेको छ । जिल्लाको हिसाबले अहिलेसम्म ११ वटा जिल्लाका कुल ३७८७० घरधुरी, ५९ NGO/CBOs, ६३ सहकारी संस्था, ९३६ स्वावलम्बी समुह तथा २५ वटा बालक्लब भन्दा बढी संख्यामा सहयोग पुऱ्याइसकेको छ ।

गैंडाकोटमा स्थानीय स्रोत परिचालनबाट बिकू बचत, विजय सामुदायिक स्कूल, विजय एफ.एम. जस्ता संस्थाहरु प्रबर्धन गरी सहयोग पुऱ्याएको छ। विजय एफ.एम., श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट प्रसारण अनुमति प्राप्त गरी आफ्नो तयारीमा तदारुकताको साथ अघि बढेको छ। आफ्नै स्रोतबाट संस्थाले संस्थागत विकास कार्यक्रम, हरित गैंडाकोट, प्रवेशिका परीक्षा उत्तीर्ण छात्र-छात्रालाई अभिनन्दन, विजयश्री लगायत थुप्रै पुरस्कार प्रदान गर्दै आएको छ। नयाँ अवधारणा अन्तर्गत "स्वास्थ्य लघु बीमा" नमुना कृषि फर्मको लागि संस्थाले अहिले अभ्यास गरिरहेको छ ।

**संस्थाका सदस्य, कर्मचारी तथा पदाधिकारीहरुबाट विभिन्न समयमा गरिएका विदेश अध्ययन भ्रमण कार्यक्रमहरु :**

**बंगलादेश भ्रमण**

केशवप्रसाद सापकोटा
होमनाथ सुवेदी
छायादत्त सापकोटा
बुद्धिप्रसाद पौडेल

**भारत भ्रमण (२०५५)**

करुणासागर सुवेदी
बुद्धिप्रसाद पौडेल
केशवप्रसाद सापकोटा
ऋषि तिवारी

होमनाथ सुवेदी

त्रिलोचन सापकोटा

**भारत आसेफा भ्रमण (२०५७)**

केशवप्रसाद सापकोटा

माधवप्रसाद पौडेल

ऋषिराम सापकोटा

ऋषि तीवारी

केशवबाबु सापकोटा

गोविन्दराज विनोदी

तिलकप्रसाद सापकोटा

नारायणप्रसाद सापकोटा

द्रोण वन सन्यासी

हरिलाल सापकोटा

टीकाराम कँडेल

**भारत भ्रमण (२०५८)**

तिला वन सन्यासी

होमनाथ सुवेदी

बुद्धिप्रसाद पौडेल

**भारतको राँची भ्रमण २०५९**

ज्योतिराम मिश्र

**विविध भ्रमण**

२०५६ मा श्रीमती विष्णु सापकोटा हिमान्चल प्रदेश भारत वन व्यवस्थापन सम्बन्धी भ्रमण ।

२०६० मा दिपक रावत ब्रह्मकुमारी राजयोग अन्तर्गत भारतको माउण्ट आवुमा तालिम भ्रमण ।

२०५७ मा रामप्रसाद पौडेल MYRADA वेङ्गलोरभारत भ्रमण ।

**गोष्टी/सेमिनार**

२०५६ साल नारायण सापकोटा EEOW Asia Project Reginal wrokshop philippines मा सहभागी ।

२०५७ साल प्रेमसागर सुवेदी Development manager workshop को लागि फिलिपिन्स सहभागी ।

२०५७ मा केशवप्रसाद सापकोटा EEOW Asia Project बाट Philippines मा सहभागी भएको ।

**तालिम/अध्ययन**

कोडी इन्टरनेसनल इन्ष्टिच्यूट, क्यानडा, सामुदायिक विकासमा स्नातक विषयको तालिम (Coady International Institutional, Canada) मा विभिन्न सालमा भागलिएका सहभागीहरुको नामावली :

२०५४ साल रामप्रसाद पौडेल

२०५५ साल खेमराज सापकोटा

२०५६ साल भीमप्रसाद शर्मा

२०५७ साल त्रिलोचन सापकोटा

२०५८ साल इन्द्रराज ज्योति पौडेल

२०६० साल कमला सापकोटा (कँडेल)

**नेपाल क्यानडा युथ एक्सचेन्ज प्रोग्राम (Nepal-Canada Youth exchange Program)**

२०४६ मा सुश्री भवानी अधिकारी

**एसियन हेल्थ इन्टीच्यूट (AHI) जापान, अन्तर्राष्ट्रिय नेतृत्व विकास तालिम**

२०५७ खेमराज सापकोटा

२०५८ केशवप्रसाद सापकोटा

२०५९ नारायणप्रसाद सापकोटा

२०६० केशवबाबु सापकोटा

**ASEEDIDMAT,** भारत, सामाजिक परिचालन २०५७ मा

- बुद्धिप्रसाद पौडेल
- होमनाथ सुवेदी
- रामेश्वर सापकोटा

✡✡✡

# हार्दिक शुभकामना

सामाजिक विकासमा यस क्षेत्रको अग्रणी संस्था श्री विजय विकास स्रोत केन्द्र २५ औं वर्षमा प्रवेश गरेको रजतजयन्तीको सुखद घडीमा वर्तमानमा झैं भविष्यमा पनि दिनानुदिन प्रगति गर्दै उज्ज्वल छवि कायम गर्न सकोस् भन्ने मंगलमय शुभकामना ।

गुप्तनिधि शर्मा
का. वा. सभापति

## खुर्कोट युवा क्लब

शिवालय गाविस, कुश्मा पर्वत

# हार्दिक शुभकामना

सामाजिक विकासको क्षेत्रमा विगत २५ वर्षदेखि अविश्रान्त यात्रा गरी लामो इतिहास बोकेर मनाउन गैरहेको रजतजयन्तीको सुनौलो अवसरमा विजय विकास स्रोत केन्द्रको अहर्निश प्रगतिको कामना गर्दछु ।

नयराज बराल

## नयराज एशोसियट् चार्टड एकाउन्टेन्टस्

भ.न.पा.-२, क्षेत्रपुर, चितवन फोन : ५२११२१

# हार्दिक शुभकामना

श्री विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले आफ्नो स्थापना कालदेखि नै विभिन्न आरोह-अवरोह पार गर्दै २५ औं वर्षमा मनाउन गैरहेको रजतजयन्तीको उपलक्ष्यमा संस्थाको उत्तरोत्तर प्रगति एवं आत्मनिर्भरताको कामना गर्दछौं ।

छत्रराज पौडेल
अध्यक्ष

एवं

नन्दन सामुदायिक उपभोक्ता समुह
तथा सम्पूर्ण परिवार
गैंडाकोट ६,७,८,९

# विकू : एक परिचय

विकू बचत तथा ऋण सहकारी संस्था लि. २०४८ साल भाद्र ५ गते स्थापना भएको एक समुदायमा आधारित प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था हो । विजय विकास स्रोत केन्द्रका (तत्कालीन विजय युवा क्लब) सदस्यहरुको क्षमता वृद्धिको लागि आयोजित "जनकेन्द्रित विकास तालिम" मा बचत भन्ने सेसनको छलफल पश्चात् तालिमका सहभागी तथा तत्काल तालिमहलमा रहनु भएका समुदायका केही व्यक्ति समेत गरी जम्मा २६ जना सदस्यबाट यसको शुरुवात गरिएको हो ।


आत्मनिर्भरताको लागि आफ्नो स्रोत विकास गर्नु आवश्यक छ । समाजमा छरिएर रहेको आर्थिक स्रोतलाई एकीकृत गर्ने तथा फजुल खर्च भएर जाने रकमलाई रोकी स-सानो आर्थिक स्रोत नियमित सङ्कलन र त्यसको परिचालन गर्ने उद्देश्यले यसको शुरुवात भएको हो । "फजुल खर्च कम गरौं, भविष्यको लागि बचत गरौं" भन्ने अभियानका साथ दैनिक प्रतिव्यक्ति ५० पैसाको दरले बचत गर्ने अभियानका साथ यसको शुरुवात भएको हो । शुरुमा विजय युवा क्लब (हाल विजय विकास स्रोत केन्द्र) को एक कार्यक्रमको रुपमा यसलाई अगाडि बढाइएको थियो । त्यसैले यसको नाम Vijaya Youth Club Credit Union छोटकरीमा VYCCU भनेर राखिएको थियो ।



नारायण सापकोटा

२०४८ सालमा नयाँ सहकारी ऐनको तर्जुमा पश्चात् यसलाई छुट्टै एक स्वायत्त संस्थाको रुपमा सहकारी ऐन अनुसार दर्ता गर्ने सोच बनाएर २०५० सालमा नवलपरासी जिल्लाको पहिलो संस्थाको रुपमा यो दर्ता भएको हो । दर्ता गर्ने अवसरमा बचत तथा ऋणको एकल उद्देश्यीय कार्यगर्ने संस्थाको नामको पछाडि बचत तथा ऋण सहकारी संस्था लि. जोड्नु पर्ने ऐनको प्रावधान अनुसार यसको नाम विकू बचत तथा ऋण सहकारी संस्था लि.रहन गएको हो ।

जम्मा २६ जना सदस्यबाट शुरुवात भएको यस संस्थामा २०६०/३/३२ सम्म जम्मा १०८९ पुरुष, ७८४ महिला तथा ३३ वटा विभिन्न संस्थाहरु सदस्य रहेका छन् । सदस्यहरुको वार्षिक वृद्धिदरलाई निम्न अनुसार देखाउन सकिन्छ :-




महिला : 41.13% पुरुष : 57.14% संघ संस्था : 1.73%

समुदायमा आधारित थोरै सदस्यबाट शुरु गरिएको यस संस्थाको सदस्यता वृद्धिदर निकै राम्रो रहेको छ। संस्थाले पाएको समुदायको विश्वास तथा यसले समुदायस्तरमा पुऱ्याएको सेवाको कारण नै सदस्यता वृद्धिको मूल कारण हो।

गैंडाकोट गा.वि.स.बाट कार्य प्रारम्भ गरेको यस संस्थाको हालको कार्यक्षेत्र नवलपरासी जिल्लाको निर्वाचन क्षेत्र नं.१ र २ का सम्पूर्ण गा.वि.स. तथा क्षेत्र नं.३ का पाँच गा.वि.स. क्रमशः माकर, दाउन्नेदेवी, जहदा, जमुनिया र प्रतापपुर रहेका छन्।

संस्थाका सदस्यहरुको प्रकृति तथा सुविधालाई ध्यानमा राखी विभिन्न प्रकारका बचत निक्षेप स्वीकार गरिएकोछ। ती बचतहरुमा मासिक, दैनिक, खुत्रुके रहेका छन्। यसका साथै संस्थाले २०५४ सालमा नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवारको स्वीकृति प्राप्त गरेपश्चात् ऐच्छिक तथा मुद्दती बचत समेत यसले स्वीकार गर्दछ। हाल संस्थामा सदस्यहरुको कुल निक्षेप रु. २,८३,१७,३४९।१० रहेको छ।

संस्थामा जम्मा भएको बचत रकम सदस्यहरुको आवश्यकता अनुसार आयमूलक, सामाजिक, आकास्मिक तथा हायर पर्चेज अन्तर्गतका शीर्षकहरुमा ऋण लगानी गरेको छ। हालसम्म संस्थाले जम्मा १३१७ जना सदस्यलाई कुल रु. ६,७७,८४,३१९।- लगानी गरी ४,१५,८७,२१५।२६ असुली समेत गरी सकेको छ।

संस्थाले आफ्ना सदस्यहरुलाई बचत तथा ऋण सेवाको साथै अन्य सेवाहरु समेत प्रदान गर्दै आइरहेको छ। संस्थाका सदस्यहरुलाई छुट कार्डको व्यवस्था, महिला सदस्यलाई पहिलो र दोस्रोसम्म बच्चा पाउँदा प्रत्येक पटक रु.३००।- बराबरको सुत्केरी खर्च सुविधा, बढीमा दुईवटा सन्तान जन्माएपछि स्थायी परिवार नियोजन गर्ने सदस्य परिवार नियोजन प्रोत्साहन सुविधा तथा गोबर ग्यास प्लान्ट जडान गर्न चाहने सदस्यलाई परामर्श तथा जडानको निमित्त व्यवस्थाको साथै ऋण सुविधा समेत प्रदान गर्दै आइरहेको छ। यसका साथै विकूले बचत तथा ऋण संस्थाहरुको लागि आवश्यक सामग्री उत्पादन र बिक्री वितरण तथा प्राविधिक सेवा समेत प्रदान गर्दै आइरहेको छ।

यस संस्थाको आफ्नो स्रोत विस्तारको क्रममा विजय सामुदायिक शिक्षा सहकारी स्थापना, सूचना तथा सञ्चार स्थापना तथा नवलपरासी बचत संघको स्थापनामा संस्थापक सदस्यको भूमिका निर्वाह गरेको छ। यसका साथै संस्था जिल्ला सहकारी संघ र नेपाल बचत तथा ऋण केन्द्रीय संघको समेत सदस्य रहेको छ। सहकारी बैंकमा समेत यस संस्थाले आफ्नो शेयर लगानी गरेको छ।

यसरी समुदायमा स्थानीय रुपमा स्रोत सङ्कलन तथा त्यसको प्रभावकारी परिचालन गरी विकू एक आर्थिक तथा सामाजिक रुपमा सफल बचत तथा ऋण सहकारीको एक नमूनाको रुपमा विकसित भैरहेको छ। यसको सफलताबाट नेपालमा प्रशस्त संस्थाहरुले अनुभव आदान प्रदान गर्ने अवसर प्राप्त गरेका छन् भने यो नै एक उदाहरणको रुपमा प्रस्तुत भएको छ।

✡✡✡

# शिक्षाको क्षेत्रमा सहकारी प्रयोग : विजय सामुदायिक शिक्षा सहकारी संस्था लि.

समाज विकासको मूल आधार नै शिक्षा हो । विद्यमान सामाजिक परिवेशलाई विश्लेषण गर्न सक्ने, राष्ट्र, राष्ट्रियता, नैतिक चरित्र तथा सामाजिक संस्कार र संस्कृतिप्रति सचेत नागरिकबाट मात्र देशको विकासमा टेवा पुग्न सक्दछ । गुणात्मक, व्यावसायिक, एवं नैतिक शिक्षा, आज राष्ट्रिय आवश्यकता नै भएको छ । गुणात्मक शिक्षाको माध्यमबाट मात्र चरित्रवान् नागरिकको निर्माण, सभ्यता र संस्कृतिको समयानुकूल प्रवर्धन एवं स्वावलम्बी भावनाको विकास गर्न सम्भव हुन्छ, जसले गर्दा राष्ट्रमा स्वरोजगारको सृर्जना भई समग्र विकासमा टेवा पुग्न जान्छ। शिक्षा क्षेत्रको विकासका लागि सरकारी प्रयास मात्र पर्याप्त हुन नसकेको वर्तमान परिस्थितिमा यसको विकासका लागि निजीक्षेत्र पनि सहभागी हुँदै आएको छ । एकातिर सरकारी विद्यालयहरुमा प्रर्याप्त जनशक्ति तथा शैक्षिक पूर्वाधारको अभावले अधिक विद्यार्थीहरुको चाप धान्न नसक्ने अवस्था छ भने अर्कोतर्फ निजी विद्यालयमा दिगोपनाको स्थायित्व देखिएको छैन ।

"व्यावसायिक तथा सहकारी शिक्षा आजको आवश्यकता" भन्ने उक्तिलाई यथार्थमा परिणत गर्नको लागि विजय विकास स्रोत केन्द्र (VDRC) र विकू बचत तथा ऋण सहकारी संस्था लि. (VYCCU) को पहलमा आधुनिक प्रविधिसँग प्रतिस्पर्धा गर्नसक्ने सिर्जनशील, योग्य तथा चरित्रवान नागरिक तयार पार्ने अभिप्रायले विभिन्न क्षेत्र, पेशा तथा तहमा संलग्न संस्था तथा अन्य स्थानीय व्यक्तिहरुको सक्रिय सहभागितामा यस विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. गैडाकोट-५ मिति २०५८ साल श्रावण १० गते स्थापना भएको हो । जसलाई अंग्रेजीमा Vijaya Community Education Co-operative Ltd (VICEC) भनिन्छ ।



माधवप्रसाद पौडेल

नेपालको सन्दर्भ र कानूनी क्षेत्रमा अलिकति फरक प्रकारको यस प्रयासलाई समन्वयात्मक रुपमा अगाडि लिएर जान निकै असजिलो अनुभव गरिए तापनि यसमा संलग्न व्यक्ति एवं संघ-संस्थाको अनुभव र प्रयासका बाबजुद सहकारी ऐन २०४८ दफा १२ बमोजिम जिल्ला सहकारी कार्यालय परासी, नवलपरासीमा मिति २०५९ साल आषाढ ११ गते (दर्ता नं.१७४।०५८।५९) विधिवत् रुपमा दर्ता गरी यस जिल्लामा मात्र नभै यस क्षेत्रकै पहिलो शिक्षा सहकारीको नाममा वैधानिक रुपगा परिचित र श्रेणीबद्ध हुन पुग्यो ।

यस संस्थाका वैधानिक उद्देश्यहरु यस प्रकार रहेका छन् :

(क) समुदायमा गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
(ख) सहकारी शिक्षाको प्रवर्धन, विकास र विस्तार गर्ने ।
(ग) गुणस्तरीय शिक्षामा विपन्न वर्गको पहुँच बढाउने ।
(घ) स्वावलम्बी बन्नको लागि व्यावसायिक, व्यावहारिक तथा सीपमूलक शिक्षालाई प्रवर्धन र विकास गर्ने ।
(ङ) शिक्षा क्षेत्रको विकासका लागि स्रोत केन्द्रको स्थापना, संरक्षण र विकास गर्ने ।
(च) शिक्षा क्षेत्रको विकास सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने ।

उल्लिखित निर्दिष्ट उद्देश्यका बाबजुद सदस्य, अभिभावक, विद्यार्थी र शिक्षक बीचको

आपसी सम्बन्ध र सहकार्यलाई सहकारी भावना अनुरुप अगाडि बढाउँदै सबै पक्षको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु पनि यसको मूल अभिप्राय हो । हाल यस संस्थामा ४ वटा सदस्य संस्था र १५० जना व्यक्तिगत सदस्य रहनुभएको छ ।

हाल यस संस्थाले आफ्नो एउटा प्रमुख कार्यक्रमको रुपमा विजय सामुदायिक शिक्षा सदन (कक्षा नर्सरीदेखि १० सम्म) सफलता पूर्वक सञ्चालन गरिरहेको छ भने करिब ७५० जना विद्यार्थीलाई ३८ जना शिक्षक तथा कर्मचारी संलग्न हुनुहुन्छ । भने संस्थाको आफ्नै भवन, जग्गा, सवारीसाधन लगायत अन्य आवश्यक सबै पूर्वाधारहरुको विकास र विस्तारमा लागिपरेको छ । पूर्व शिक्षा विकासकोलागि आवश्यक पूर्व बालविकास केन्द्रको स्थापनाको अवधारणालाई पनि अगाडि ल्याएको छ ।

संरचना तर्फ

यस संस्थाको सर्वोच्च निकाय भनेको साधारण सभा (शेयर सदस्यहरु) हो । जसले हरेक ३/३ बर्षमा प्रजातान्त्रिक प्रक्रियाद्वारा नेतृत्व चयन हुने गर्दछ । सोही अवसरमा ९ सदस्यीय सञ्चालक समिति (१ जना महिला अनिवार्य) र ३ सदस्यीय लेखा समितिको चयन हुने गर्दछ । यस प्रकार गठित सञ्चालक समितिले संस्थाद्वारा सञ्चालित शिक्षा सदनको प्रत्यक्ष सञ्चालन र नियन्त्रण गर्ने गर्दछ ।

यसरी निर्दिष्ट लक्ष्य र उद्देश्यका साथ समुदायस्तरको प्रयास र पहलबाट गठित एवं सञ्चालित यस संस्थाको सञ्चालन र व्यवस्थापन प्रक्रियाको अनुभव र अवलोकन गर्न देशका विभिन्न भागबाट व्यक्ति एवं समुहहरु आउने क्रमको निरन्तर शुरुवातले आफ्नो अवधारणाको विस्तार हुन पुगेको छ भने हामीलाई अझ बढी काम गर्ने हौसला प्रदान गरेको छ ।

छोटो अवधिमा नै विभिन्न बाधा, अड्चनका बाबजुद प्राप्त उपलब्धिलाई हेर्ने हो भने निकै आशा र भरोसाको दिगो शुरुवात गरेको देखिन्छ । जसको लागि सम्बन्धित वैधानिक निकाय एवं प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न व्यक्ति एवं संघ संस्थाबीच समन्वय र समझदारीको आवश्यकताले भने सधैं प्रतीक्षा गरिरहेको हुन्छ ।

✡✡✡


# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कैलाश ठाकुर
अध्यक्ष एवं

## बहुउद्देश्यीय सामाजिक विकास सेवा संस्था परिवार

रामग्राम नगरपालिका, परासी फोन : ०७८-५२०५०२

# नेतृत्व विकासमा विजय विकास स्रोत केन्द्र



केशवप्रसाद सापकोटा

समाज, सामाजिक संस्था, संस्कृति र रीतिरिवाजलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरुमा राजनैतिक व्यवस्था, धार्मिक मूल्य, मान्यता हुन् त्यसैले यस क्रममा नेपाल पनि अछुतो रहन सकेन । विकासका साझेदार सरकार, बजार र नागरिक समाज पनि एकअर्काबाट प्रभावित र अन्तरनिर्भर हुन्छन् भन्ने इतिहासले प्रमाणित गरेको छ । नेपालमा राणाकालमा स्थापित संघ/संस्थाहरु बढी सेवामूलक र राहत कार्यमा केन्द्रित थिए, पञ्चायतकालमा विस्तारै सेवा/राहत र विकास कार्यतर्फ उन्मुख भए र वर्तमान अवस्थामा बढी विकासमुखी र कम सेवामुखी धारणामा कार्य भइरहेको छ। यसै क्रममा सामाजिक विकास संस्थाको नेतृत्व र कार्यशैलीमा व्यापक परिवर्तन आएको छ, जसले सु-शासन, वकालत, अधिकार र कर्तव्य बुझ्न सक्ने समाजको निर्माणमा प्रत्यक्ष योगदान पुऱ्याएका सफल घटनाक्रमहरु प्रत्यक्ष देख्न सक्छौं । नागरिक समाजको सुदृढीकरण र विकासमा कार्यरत संघ/संस्थाहरुले आफैभित्रको सु-शासन र पारदर्शिताको बारेमा अध्ययन र अनुसन्धानको विषय बनेको अवस्थामा त्यसको नेतृत्व र व्यवस्थापन प्रणालीलाई चुस्त दुरुस्त राखेमा मात्र वकालत, दवाव र जनताको अधिकारका बारेमा कुरा गर्न नैतिक बल प्राप्त हुन्छ। यी सन्दर्भहरुलाई विजय विकास स्रोत केन्द्रको इतिहास र वर्तमानलाई हेरी यसरी विश्लेषण गर्न सकिन्छ :

**उत्पत्तिको अवस्था (गठनको अवस्था) :**

सामुहिक प्रयासहरुद्वारा समस्याको निदान गर्ने गौरवान्वित परम्पराको शुरुवात, विकास र संस्थागत भइसकेको संस्थाको चित्रण गर्दा यसका सारथी र सहयात्रीको विश्लेषण अत्यन्त जरुरी हुन्छ । पारदर्शिता र जुझारुपना यस अवस्थाका महत्वपूर्ण विशेषता हुन् । सामुहिक निर्णय, नेतृत्व र सदस्य बीचको सामीप्यता, त्यस बखतको दृश्य लक्ष्य प्राप्तिका लागि कटिबद्धतालाई न्यूनतम आधाररेखाको रुपमा लिन सकिन्छ। कल्याणकारी, राहतमुखी, मनोरञ्जनात्मक कार्यविधिबाट स्थानीय स्रोत परिचालन, आन्दोलनात्मक मनस्थिति सङ्गठित हुने भावना जस्ता तथ्यहरुले नेतृत्वशैली प्रजातान्त्रिक एवं सामुहिंकतामा बढी जोड दिने प्रकृतिको थियो भनेर देख्न सकिन्छ। युवा मनस्थितिको नेतृत्व र पृष्ठभूमिमा रहेर पाका एवं गहकिला आड भरोस र सुझाउ प्रदान गर्ने अनौपचारिक नेतृत्वले यसको विकास एवं प्रगतिमा अहं भूमिका खेलेको छ भनेर किटानी गर्न सकिन्छ । नेतृत्व भन्दा समुह शक्तिशाली, बढी राहतमुखी एवं स्रोत सङ्कलन प्रक्रियामा बढी संलग्न, नयाँ चुनौतीहरुसँग जुध्न मनपराउने थियो । संस्था विकास क्रममा निर्णयहरुले यो कुराहरुले देखाउँछ । छिटो छरितो र सर्वसम्मत निर्णयप्रक्रिया यस अवस्थाका नेतृत्वमा देखिएका गुणहरु हुन् ।

**सङ्गठनको अवस्था :**

संस्था विकासका क्रममा नेतृत्व विकास र दोस्रो पुस्तामा नेतृत्व हस्तान्तरण सबैभन्दा सबल र सुदृढ पक्षहरु हुन् भन्ने सिद्धान्तलाई आत्मसात् गरिसकेको अवस्थालाई यस तहमा चित्रण गर्न सकिन्छ । सदस्यहरुलाई अझ बढी सङ्गठित र परिचालन गर्न सक्ने नयाँ सोच लिएका नेतृत्वले संस्थाको भौतिक र सदस्यहरुको क्षमता विकासको नयाँ आयामका साथ अगाडि बढाउँदै आफू एवं संस्थालाई अझ बढी परिमार्जनको अवस्थालाई चित्रण गर्न सकिन्छ । नयाँ काम गर्दा पक्कै पनि सजिलो हुन्न र धेरै प्रकृतिका सोच र बिचारहरुको जन्म

हुन्छ । त्यसलाई व्यवस्थित रुपमा व्यवस्थापन गर्ने क्षमताको विकास गर्न नेतृत्व अझ बढी खारिएको थियो भनेर सहजै अनुमान लगाउन सकिन्छ। कामको प्रकृति, नेतृत्व विकास एवं जिम्मेवारीको बाँडफाँड आदिले संस्थाको विकास क्रमलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । नेतृत्वशैलीका हिसाबले विश्लेषण गर्दा प्रजातान्त्रिक एवं सहकर्मीप्रति बढी झुकाउ भएको भनेर विश्लेषण गर्न सकिन्छ । नीति, नियम बनाउने शुरुवात एवं व्यवस्थित कार्यालय यस अवस्थाको विशेषताहरु हुन् जुन यस संस्थाको नेतृत्व पङ्क्ति र विकासक्रमसँग बढी मिल्दोजुल्दो छ र त्यही गतिमा अगाडि बढिरहेको स्पष्टसँग देख्न सकिन्छ। नेतृत्व विकासका दृष्टिले दोस्रो पुस्ता एवं पढेलेखेका व्यक्तिहरुको बढी संलग्नता आर्थिक सुदृढीकरणका पहलहरु र योजनावद्ध विकासको अवधारणा अनुरुप चल्नु पर्दछ भन्ने नेतृत्वको विकास यस अवस्थाका मुख्य गुणहरु भन्ने कुरा देख्न सकिन्छ। दिगो स्रोत विकासका लागि वृक्षारोपण, संस्थाको स्थायित्वको लागि भवन निर्माण, जग्गा दर्ता जस्ता महत्वपूर्ण क्रियाकलापले सो कुराको पुष्टि गर्दछ ।

**विकासको अवस्था :**

भौतिक पूर्वाधार विकास एवं स्थानीय रुपमा नै क्षमता बृद्धिका गतिविधिलाई निरन्तरता दिदै संस्थागत आर्थिक स्रोतको विकास एवं प्रवर्धनात्मक कार्यक्रमको खोजी एवं विस्तारमा बढी नेतृत्व तह संलग्न रहेको अवस्थाको रुपमा यस अवस्थालाई चित्रण गर्न सकिन्छ । दक्षता अभिवृद्धि एवं स्थानीय रुपमा आर्थिक स्रोत विकास गरी समुदाय एवं संस्थालाई दिगो विकासको अवधारणामा केन्द्रित गर्नु यस अवस्थाका विशेषताहरु हुन् । संस्थाको विकासमा हरेकले मुख्य भूमिका लिने चाहना बढ्नु, महत्वाकाङ्क्षी सोचहरु हावी हुनु, आर्थिक रुपमा हरेक कुरालाई तौलिनु यस अवस्थाका मुख्य चुनौतीहरु रहे । जसलाई व्यवस्थापन गर्नु पक्कै पनि नेतृत्वपङ्क्तिमा रहनेलाई सजिलो रहेन । त्यसैले नेतृत्व विकास र यसको परिमार्जन एवं परिष्कृत गर्न यस चरणले अझ सहयोग पुऱ्यायो । जसको फलस्वरुप संस्था अग्रगामी दिशातर्फ उन्मुख भयो र नयाँ पुस्ताहरु विस्तारै हावी हुँदै गए । नयाँ परिकल्पना, नयाँ कार्यशैली, नयाँ सोच र नयाँ विचारले संस्थाको नेतृत्व एवं विकासमा एउटा अतुलनीय फड्को मार्न सफल भयो। त्यसैले नेतृत्व समय सापेक्ष एवं गतिशिल थियो भनेर प्रमाणित गर्न सकिन्छ। यसको विकास क्रमलाई हेर्दा पुराना कामहरुलाई व्यवस्थित गर्ने र नयाँ सोच अनुरुप विकूको स्थापना, दिगो आर्थिक स्रोतकालाई चेतना सदनको निर्माण आफ्नो अनुभव वाह्य क्षेत्रमा विस्तार यस अवस्थाको नेतृत्वका मुख्य गुणहरु थिए ।

**संस्थागत रुप :**

संस्था विकासको क्रममा संस्थागत रुपमा आइपुग्दा संस्थाका कार्यक्रमले राष्ट्रिय क्रियाकलाप नीति र रणनीतिमा प्रभाव पार्दछ। संस्थाले सञ्चालन गरेका क्रियाकलाप निर्विवाद सफल हुन्छन् एवं स-साना संस्थाको लागि पथप्रदर्शकको रुपमा कार्य गर्दछ । संस्थाले धेरै नीति नियम बनाई नीतिबाट चल्ने अवस्था रहन्छ । त्यसैले नेतृत्व पंक्ति बढी सैद्धान्तिक कार्यमा संलग्न, राष्ट्रिय नीति नियम तर्जुमा, संस्थागत दिगो स्रोतको विकास, समुदाय विकासका लागि सिर्जनात्मक र रचनात्मक कार्यको खोजी जस्ता क्रियाकलापमा व्यस्त हुनु यस अवस्थाका विशेषता हुन् । योजनामुखी प्रवृति, आन्तरिक द्वन्द्व, व्यक्तिगत स्व-मूल्याङ्कनको कमी यस अवस्थाका मुख्य कमजोरी हुँदाहुँदै प्रभावकारी व्यवस्थापनले हरेक क्षेत्रको उदाहरणीय गतिशीलता यस अवस्थाका नेतृत्वले अपनाएका मुख्य मार्ग हुन् । "स्वावलम्बन" को मूलमन्त्रलाई आफ्नो जन्मथलो र अन्य कर्मथलोमा

पेशागत विशिष्टता प्रदान गरी राष्ट्रिय रुपमा संस्थाको ख्याति वृद्धि गरी व्यावसायिक दक्षता हासिल गरेको संस्थाको रुपमा सु-परिचित गराउन नेतृत्व र यसका सदस्य एवं कर्मचारीहरुले मुख्य भूमिका निर्वाह गरेको देखिन्छ । त्यसैले हरेक सदस्य, संस्थाको नेता हो र हरेक नेतृत्वमा रहने व्यक्ति कुशल कार्यकर्ता हो भन्ने स्थितिको चरितार्थ गरेको छ । नेतृत्वशैलीको दृष्टिकोणले पेशागत दक्षतातर्फ उन्मुख, प्रजातान्त्रिक, सहकर्मीप्रति झुकाव एवं कार्यमुखीको मिश्रण जस्तो देखिन्छ । चुनौती बहन गर्न सक्ने क्षमता, दूर दृष्टिकोण, व्यवस्थित योजनाको निर्माण, पुराना कार्यहरुलाई पूर्णता, नयाँ सोच भएको नेतृत्व यस अवस्थामा छ । कार्यक्रममा विविधीकरण, व्यवस्थित तालिम केन्द्र, सामुदायिक विद्यालय सामुदायिक रेडियो सदस्य एवं कर्मचारीको क्षमतामा बृद्धि, कार्य कुशलता एवं कार्य दक्षतामा वृद्धि, महिलाहरुको नेतृत्व विंकास, युवा शक्ति परिचालन, नयाँ पुस्ताको विकास, व्यक्तिबाट भन्दा नीति र विचारबाट संस्था चल्नुपर्छ भन्ने मान्यताको विकास, पुरानालाई सम्मान र नयाँलाई अवसर भन्ने अवधारणाको विकास यस अवस्थाका नेतृत्वका विशेष गुणहरु हुन् भन्ने आधारहरु प्रष्ट रुपमा देख्न सकिन्छ ।

यस प्रकृतिको विश्लेषण पश्चात् नेतृत्वले लिएका कार्यशैली र रणनीतिहरुलाई यसका सफलताका मुख्य कडीहरुको रुपमा मान्न सकिन्छ । जसलाई यसरी छोटो चर्चा गर्न सान्दर्भिक नै हुनेछ :

<u>सफलताका कडीहरु</u> :

- दूरदृष्टि राख्ने, व्यक्तिगत लोभ भन्दा संस्थागत विकासमा जोड दिने नेतृत्व पङ्क्ति सदस्य एवं कर्मचारीहरु ।
- व्यक्तिवादिताको सोच भन्दा सामुहिक सोच भएको नेतृत्व ।
- चुनौती बहन गर्न सक्ने क्षमतामा प्रस्तुत विकास हुनु ।
- सिर्जनशीलता र रचनात्मकपन भएको नेतृत्व ।
- नयाँ पुस्ताको विकास एवं नयाँ पुस्ताको नेतृत्वमा नियन्त्रण ।
- द्वन्द्व रुपान्तरण गर्न सक्ने नेतृत्व एवं सदस्यहरु ।
- पारदर्शितालाई मन, वचन र कर्मले आत्मसात गर्नु ।
- प्रजातान्त्रिक एवं विकेन्द्रीकृतपद्धतिको अनुसरण ।
- लक्ष्य प्राप्तिका लागि बाटाहरु कोर्न सफल एवं लक्ष्यप्रति दृढ ।
- आत्मसम्मान, आत्म निर्णय गर्न उत्साहित ।
- समदूरीमा काम गर्ने शैलीको विकास ।

यसरी यी प्रमुख कडीहरुले संस्थालाई निरन्तरता दिँदै हालको उचाइमा पुग्न सघाएका र कुशल नेतृत्वशैलीको अवलम्बनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन् भन्न सकिन्छ । ✡✡✡


## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सत्य तथा निष्पक्ष समाचारका लागि राष्ट्रिय दैनिक लुम्बिनी खोजी खोजी पढौं ।

## राष्ट्रिय दैनिक लुम्बिनी

प्रधान कार्यालय : मिलनचोक बुटवल
फो.नं. ०७१-५४०६४०

शाखा कार्यालय : शहिदचोक, मेघामार्केट, नारायणगढ, चितवन
फो.नं.०५६-५२६३३४

## हार्दिक शुभकामना

**विजय विकास स्रोत केन्द्र २४ औं वर्ष पूरा गरी २५ औं वर्षमा प्रवेश गरेकोमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।**

**प्रो. शालिकराम सापकोटा**

# गैंडाकोट खाद्य उद्योग

गैंडाकोट-२ फो. नं. ०५६- ५२१२३१

(चामलको थोक तथा खुद्रा बिक्रेता)

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको रजतजयन्तीको सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सफा र ताजा खाना साथै
आरामदायी रात बिताउनका लागि
हामीलाई सम्झनुहोस

प्रो. बाबुराम सापकोटा

**न्यू धौलागिरी गेष्ट हाउस**

बागबजार, काठमाण्डौ

फो.नं. ०१-४२४२०४८

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वर्षमा प्रवेश गरी मनाउन गइरहेको रजतजयन्तीको सुनौलो अवसरमा संस्थाको अहर्निश प्रगतिको कामना गर्दछु ।

प्रो. गोविन्द शिवाकोटी

**विन्दवासिनी वस्त्रालय**

नारायणगढ, चितवन

फो.नं. ०५६-५२३३४८

**हाम्रा सेवाहरु**

शटिङ्ग सुटिङ्ग, स्वदेशी तथा विदेशी उत्पादित विभिन्न गुणस्तरका कपडाहरु सुपथ मूल्यमा पाइन्छ ।

# विजय विकास स्रोत केन्द्र र महिला सशक्तीकरण

विजय विकास स्रोत केन्द्र (VDRC-Nepal) एक मुनाफारहित सामाजिक विकास संस्था हो । वि.सं. २०३६ सालमा स्थानीय युवाहरूको प्रयासमा गैंडाकोट गा.वि.स. को वार्ड नं.८ मा एउटा स्वावलम्वी समूहको रुपमा विजय युवा क्लबको नामले यसको स्थापना भएको हो । यो संस्था स्थापनाको मुख्य उद्देश्य भनेको असङ्ठित, अचेतन र अशक्त समुदायमा विभिन्न खालका क्रियाकलापहरू सञ्चालन गरेर त्यस समुदायमा सङ्गठन, चेतना, सशक्तीकरण गरी समुदायलाई स्वावलम्वनतर्फ उन्मुख गराउनु थियो ।

यस संस्थाले आफ्नो स्थापना कालदेखि नै कुनैपनि समुदायको समतामूलक विकास गर्नको लागि त्यस समुदायमा सञ्चालन हुने हरेक क्रियाकलापमा विपन्न र महिला वर्गको सहभागिता हुनुपर्छ भन्ने कुरालाई अगाडि सार्दै आफ्ना हरेक क्रियाकलापमा विपन्न र महिलाहरूको सहभागितालाई प्रमुख स्थान दिएर अगाडि बढाइरहेको छ ।

यस संस्थाको परिकल्पना "स्वावलम्बी समाजको निर्माण" हो । संस्थाले आफ्नो परिकल्पना पूरा गर्नको लागि विभिन्न लक्ष्य तथा उद्देश्यहरू तय गरेको छ र ती लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि भिन्न-भिन्न प्रकृतिका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । यसरी विभिन्न प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्दा संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँगको साझेदारी तथा आन्तरिक स्रोतबाट नेपालका सुदूर पूर्वको संखुवा सभा देखि सुदूर पश्चिममा डोटी जिल्लामा समेत आफ्ना कार्यक्रमहरूलाई विस्तार गरेको छ । यसरी संस्थाले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूमा मुख्य गरी (१) सङ्गठन (२) सहभागितामूलक योजना तर्जुमा र कार्यान्वयन (३) स्थानीय स्रोत पहचान र परिचालनमा जोड दिंदै आफ्ना कार्यक्रमहरू समुदायमा सञ्चालन गरेको छ । सङ्गठनलाई विकासको महत्वपूर्ण अङ्ग अथवा जग मान्ने यस संस्थाले



राधा खरेल

समुदायमा गठन भएका समूह अथवा संस्थाहरूमा महिलाहरूको सहभागितालाई अनिवार्य ठान्दै हरेक क्रियाकलापमा महिलाहरूको पहुँच तथा नियन्त्रण हुनुपर्छ त्यसको लागि महिलाहरू आफैले सशक्त रुपमा अगाडि बढ्नु पर्दछ भन्ने कुरालाई बढावा दिंदै आएको छ । हाल यस संस्थामा १०१ जना सदस्यहरू हुनुहुन्छ । त्यसमा महिला सदस्य २४ जना सञ्चलक समितिमा ३ जना महिला अनिवार्य रुपमा हुनुपर्ने यस संस्थाको वैधानिक प्रावधान छ । संस्थाले सञ्चालन गरेका आन्तरिक तथा साझेदार कार्यक्रम अन्तर्गत पर्वत तथा कपिलवस्तु जिल्लामा २०५२ सालदेखि GTZ/NGO FP सँगको साझेदारीमा स्वावलम्बनका प्रयासहरूको प्रवर्धन कार्यक्रम (SHIP) अन्तर्गत हालसम्म स्थानीय संस्थाहरूमा करिब ६०० स्वावलम्वी समुहमा पनि महिलाहरूलाई हरेक क्षेत्रमा प्राथमिकता दिदैं कार्यक्रम सञ्चालन गरेका छन् । यसमा महिलाहरू आबद्ध भई काम गरेका छन् । त्यस्तै डोटी, संखुवासभा, तनहूँ र नवलपरासी जिल्लामा पनि यस संस्थाले महिला सशक्तीकरणको लागि विभिन्न खालका क्रियाकलापहरू सञ्चालन गरिरहेको छ । नवलपरासीमा सञ्चालित महिलाहरूको रोजगार अवसर विस्तार आयोजना "Expension of Employment Opportunity for Woman" (EEOW) अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) सँगको

साझेदारीमा सञ्चालित कार्यक्रम हो। उक्त कार्यक्रम २०५६ सालदेखि नवलपरासी जिल्लाका ५ वटा गा.वि.स. मा सञ्चालन भइरहेको छ यस कार्यक्रमको मुख्य उद्देश्य भनेको "महिलाहरूलाई समूह/संस्थामा आबद्ध गराउने, विभिन्न खालका तालिमबाट ज्ञान, सीप र क्षमतामा वृद्धि गराई कुनै नकुनै रुपमा रोजगारीका अवसर सिर्जना गर्नु हो।" यस्तै तनहुँमा सञ्चानल भएको गरिबी निवारण आयोजना (PAP) पनि महिलाहरूसँग नै सम्बन्धित कार्यक्रम हो।

यसरी VDRC ले संखुवासभा र डोटी जिल्लामा सञ्चालन गरेको कार्यक्रममा पनि महिला सशक्तीकरणलाई जोड दिदै कार्यक्रमहरू विस्तार गर्दै आएको छ।

**नेपालका महिलाको विभिन्न क्षेत्रमा वर्तमान अवस्था :**

➢ कुल औषत आयु ५३.४ बर्ष महिलाको
५५.९ बर्ष पुरुषको

➢ मातृ मृत्युदर प्रत्येक १,००,००० मा ५३९

➢ बर्षेनी चेलिबेटी बेच बिखन ५०००० जना

➢ सरकारी सेवामा काम गर्ने

प्रथम तह २.५ प्रतिशत
द्वितिय तह ४.५ प्रतिशत
तृतीय तह ४.५ प्रतिशत
विशिष्ट श्रेणीमा १ जना मात्र (प्रमिला श्रेष्ठ)

➢ अदालतमा महिला न्यायधीश

सर्वोच्च अदालतमा १ जना
पुनरावेदनमा ३.१ प्रतिशत
जिल्ला अदालतमा १ जना

➢ साक्षरता प्रतिशत पुरुष ६६ प्रतिशत
३० महिला

**साक्षरता स्थिति**

➢शिक्षण पेशामा महिलाको स्थिति

प्राथमिक विद्यालय स्तरमा १६ प्रतिशत
निम्न माध्यमिक स्तरमा १३ प्रतिशत
माध्यमिक स्तरमा १० प्रतिशत

| साल | जम्मा साक्षरता | महिला साक्षरता | पुरुष साक्षरता |
|---|---|---|---|
| २००७ | ४.३% | ८.२% | ०.७% |
| २०१८ | ८.९% | १४.६% | १.६% |
| २०२७ | १२.९% | २३.६% | ३.९% |
| २०३८ | २४% | ३४% | १२% |
| २०४८ | ४०% | ५५% | २५% |
| २०५६ | ४५% | ६६% | ३०% |

➢ जम्मा शिक्षण पेशामा महिला १३ प्रतिशत

➢ प्राथमिक विद्यालय पास गरेका महिला ३४.९ प्रतिशत

➢ निम्न माध्यमिक विद्यालय पास गरेका २८.२ प्रतिशत

➢ माध्यमिक विद्यालय पास गरेका २४.१ प्रतिशत

➢ शिक्षित स्थिति जम्मा ३० प्रतिशत

यसरी तुलनात्मक रुपमा हेर्दा हरेक क्षेत्रमा महिलाहरू पछाडि परेका र पारिएका छन्। यद्यपि केही महिलाहरूले महिलाको हकहितका लागि आफ्नो आवाजलाई समय-समयमा बुलन्द पारी विभिन्न प्रयास हुँदै आइरहेको छ। हाम्रो देशको परिप्रेक्ष्यमा महिलाहरू आजको अवस्थामा आइपुग्नु भनेको महिला हक अधिकारमा कार्यरत धेरै पक्षहरूको योगदान रहेको पाइएको छ।

माथि उल्लेखित महिलाको वर्तमान अवस्थामा सकारात्मक परिवर्तन ल्याउनको लागि VDRC ले आफ्ना आन्तरिक स्रोतबाट शिक्षाको क्षेत्रमा शैक्षिक सहयोग कार्यक्रम त्यसमा पनि महिला तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिएर सञ्चालन गरेकोछ। मानवीय स्रोत विकासमा पनि महिला सदस्यहरूलाई विषेश प्राथमिकता दिई तालिम, गोष्ठी तथा अन्य क्षेत्रमा संलग्न गराउँदै आएको छ।

VDRC ले जहिले पनि विकास भनेको (१) असङ्गठितहरूको सङ्गठन (२) अचेतनहरूको चेतनाकरण (३) अशक्तहरूको सशक्तीकरण हो भन्ने कुरामा विश्वास राख्दै छ यसै अनुरुप समुदायमा गई काम गर्दा सबैभन्दा पहिला समूह गठन त्यसमा सबै वर्गको समान सहभागिता हुनु पर्दछ। उनीहरूको क्षमता अभिवृद्धिको लागि समूह व्यवस्थापन तालिम, महिला पुरुष समविकास तालिम, महिलाहरूको लागि कानुनी साक्षरता तालिम, नेतृत्व विकास तालिम इत्यादि जस्ता महत्वपूर्ण तालिमहरू सञ्चालन गर्ने गर्दछ । समुदायमा महिलाहरूलाई सशक्तपार्न समुदायमा भएको धार्मिक तथा सामाजिक मूल्य मान्यताहरूलाई विस्तारै-विस्तारै परिवर्तन ल्याउनु पर्दछ । छोरा र छोरीमा गरिने विभिन्न प्रकारका भेदभावका कारणले गर्दा हाल महिला र पुरुषको बीचमा एकदमै ठूलो असमानताहरू देखिएका छन्। ती असमानताका मुख्य कारणहरूलाई VDRC ले यसरी केलाउने गरेको छ :-

(१) अवसर (२) अधिकार

३) जिम्मेवारी (४) व्यवहार

५) फाइदा


यदि हरेक समुदायका यी ५ वटा कुराहरूमा समानता दिने हो भने पक्कै पनि समानता आउँछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । समुदायमा महिला तथा पुरुषको विचमा भएका प्राकृतिक (शारीरिक) भिन्नतालाई आधार बनाएर महिलाप्रति विभिन्न प्रकारका भेदभाव र हिंसा गर्ने प्रचलन छ। प्राकृतिक भिन्नता भनेको जन्मजात हुने शारीरिक भिन्नता हो । यसलाई परिवर्तन गर्न सकिदैन तर त्यसलाई आधार बनाएर समाजले तयार गरेका नीति नियम, मूल्य मान्यता र व्यावहारलाई परिवर्तन गर्न सकिन्छ। त्यसैले जनुसुकै कार्यक्रम सञ्चालन गर्दा पनि समानता होइन समतामूलक तरिकाबाट सञ्चालन गर्नु पर्ने हुन्छ किनकि समानता भनेका बराबर हो, एउटै हुनु हो, तर समता भनेको समानतामा पुऱ्याउनको लागि जो कमजोर छ उसको विभिन्न क्षेत्रमा क्षमता अभिवृद्धि गर्नको लागि अवसर सिर्जना गरी बराबरीमा पुऱ्याउने प्रक्रिया हो। कार्यक्रमहरू सञ्चालन गर्दा व्यावहारिक आवश्यकताहरूको सँगसँगै नीतिगत आवश्यकताहरू पनि पूरा गर्दै महिलाहरूलाई हरेक क्षेत्रमा सहभागी बनाई उनीहरूको क्षमताको विकास गरी नीति निर्माण तथा अन्य सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा पनि महिलाहरूको पहुँच पुऱ्याउनु भनेको नै सशक्तीकरण हो । VDRC ले सञ्चालन गरेका कार्यक्रममा महिलाहरूले समुदायका हरेक क्षेत्रमा सशक्त भूमिका खेल्दै आएका छन् । महिलाहरूको मात्रै सहकारी संस्था स्थापना हुनु, महिलाहरूका उत्पादन समुहहरू गठन भई विभिन्न खालका आयमूलक कार्यक्रम सञ्चालन गरी आम्दानी बढाउनु, आफ्नो नाम समेत भन्न नजान्ने महिलाहरूले आजभोलि आफ्नो मात्र नभई समूहका हरेक समस्याको बारेमा आवाज उठाउन सक्नु, विभिन्न संघ-संस्थामा संम्पर्क समन्वय गरी नयाँनयाँ कार्यक्रमहरू सञ्चालन गर्नु र आफ्नो समुदायमा छोरा र छोरीलाई समान व्यवहार गर्नुपर्छ भनेर समुदायमा प्रचारप्रसार गरी व्यवहारमा समेत लागू गरेका विभिन्न कार्यक्रमबाट नै VDRC ले महिला सशक्तीकरणमा पुऱ्याएको योगदानलाई मापन गर्न सकिन्छ ।

✡✡✡

# हार्दिक शुभकामना

**विजय विकास स्रोत केन्द्र २४ औ वर्ष पूरा गरी २५ औ वर्षमा प्रवेश गरेकोमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।**

अधिकृत विक्रेताः
आकृष्ट इन्टरप्राइजेज
प्रगतिपथ, नारायणगढ
फो.नं. ५२४०८४






Shalimar
The Colours of Life

## नेपाल शालीमार पेन्टस् प्रा.लि.

वीरगंज

# हार्दिक शुभकामना

यस क्षेत्रको सामाजिक विकासका लागि अग्रणी संस्था विजय विकास स्रोत केन्द्र
२५ औ वर्षमा प्रवेश गरी रजतजयन्ती मनाउन
गईरहेको सुखद घडीमा आगामी दिनमा यसको छवि
अन्तर्राष्ट्रियस्तरमा समेत फैलिन सकोस् यही
हाम्रो मंगलमय शुभकामना ।

कार्यालय तथा घरायसी गुणस्तरीय फर्निचरको लागि हामीलाई सम्झनुहोस् ।

प्रो. बिक्रमकुमार पिया

## NEPO फर्निचर

मेनरोड नारायणगढ
फो. नं. ०५६-५२०७७२

कोषको स्थापना गरी सो को व्याजबाट पुरस्कार सञ्चालनका लागि आवश्यक व्यवस्था समेत गरेको छ । विजयश्री पुरस्कार २०५८ बाट भाषाविद् एवं साहित्यकार श्री वसन्तकुमार शर्म्मा नेपाल पुरस्कृत भैसक्नुभएको छ भने विजयश्री-२०६० का मोफसलमा रहेर नेपाली कथा र बाल साहित्यको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउनु हुने विराटनगरका साहित्यकार श्री परशु प्रधानलाई प्रदान गर्ने निर्णय गरेको छ ।

विजय विकास स्रोत केन्द्रले यो पुरस्कार समाज सेवाका क्षेत्रमा पनि प्रदान गर्ने गर्दछ ।

**काव्य सर्वरी २०५७ तथा अभिनन्दन समारोह:**

नववर्ष २०५८ को स्वागत र २०५७ को विदाई गर्दै २०५७ को चैत्र मसान्तको रात यो साहित्यिक कार्यक्रम सम्पन्न भएको थियो । साहित्यकार एवं कवि गोविन्दराज विनोदीको सभापतित्वमा सम्पन्न सो समारोहमा निर्मोही व्यास, नारायणप्रसाद खनाल, कपिल अज्ञात लगायत ३५ जना कवि तथा कवयित्रीहरुले कविता वाचन गरेका थिए । सोही अवसरमा विजय विकास स्रोत केन्द्रले विगत ३८ वर्षदेखि 'रत्न श्री' नामक द्वैमासिक पत्रिकाको प्रकाशन र सम्पादन गर्दै आउनुभएका श्री शान्तदेव भट्टराईलाई अभिनन्दित गरेको थियो । सोही अवसरमा नै भाषाविद् एवं साहित्यकार श्री वसन्तकुमार शर्म्मालाई विजयश्री पुरस्कार २०५८ द्वारा सम्मानित गरिएको थियो ।

**काव्य वासन्ती २०५९:**

२०५९ वैशाख १ गते विजय विकास स्रोत केन्द्रको चेतना सदनमा काव्य वासन्ती २०५९ को आयोजना गरिएको थियो । नव वर्ष २०५९ लाई स्वागत गर्ने तथा २०५८ लाई विदाई गर्ने क्रममा यो कार्यक्रम आयोजना भएको थियो । कवि एवं साहित्यकार गोविन्दराज विनोदीको संयोजकत्वमा सम्पन्न काव्य वासन्तीमा करिव ३० जना कवि एवं कवयत्रीहरुले कविता पाठ गर्नुभएको थियो भने साहित्यप्रेमी महानुभावहरुको उपस्थिति पनि उल्लेखनीय रहेको थियो ।

**सूचना तथा सञ्चार सहकारी संस्था र पुस्तक प्रकाशन:**

विजय विकास स्रोत केन्द्रले ग्रामीण क्षेत्रमा सूचना तथा सञ्चारको पहुँच पुऱ्याउने उद्देश्यले २०५७ सालमा विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी लि. को प्रबर्धन गरेको छ । यो सहकारीको एउटा उद्देश्य नेपाली साहित्यिक क्षेत्रमा सहयोग पुऱ्याउनु पनि रहेको छ । यसै क्रममा यस सहकारीले २०५९ सालमा कवि एवं साहित्यकार गोविन्दराज विनोदीको 'अविश्रान्त' नामक कवितासङ्ग्रह प्रकाशित गरेको थियो । उक्त कविता सङ्ग्रहमा कवि विनोदीका ५९ वटा समसामयिक छन्दोबद्ध कविताहरु सङ्कलित छन् ।

प्रकाशनको लगतै संस्थाले एक समारोह बीच सो पुस्तकको कवि, साहित्यकार एवं भाषाविद् मुकुन्दशरण उपाध्यायद्वारा लोकार्पण गराएको थियो । लोकार्पण समारोहमा विभिन्न साहित्यकारहरुले "अविश्रान्त" भित्रका कविताहरुको बारेमा टिप्पणी, समीक्षा गर्नुभएको थियो ।

**रजत काव्यसन्ध्या-२०६०:**

विजय विकास स्रोत केन्द्रले आफ्नो २४ वर्ष पूरा गरी २५ औं वर्ष (रजत वर्ष) प्रवेशको शुभ उपलक्ष्यमा २०६० असार २६ गते साँझ विजय विकास स्रोत केन्द्रको चेतना सदनमा यस कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रममा प्रेम विनोद नन्दन, केदारनाथ खनाल, धनराज गिरी, दुर्गा कंडेल लगायत २८ जना नवलपरासी र चितवन क्षेत्रका कवि एवं कवयत्रीहरुको सहभागिता रहेको थियो । कवि गोविन्दराज विनोदीको सभापतित्वमा सम्पन्न उक्त समारोहमा संस्थाका उपाध्यक्ष नारायण सापकोटाले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो भने केदारनाथ खनाल र ओमप्रसाद सापकोटाले साहित्यको बारेमा आ-आफ्ना विचारहरु राख्नु भएको थियो ।

इन्द्रज्योति पौडेलद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रमको उत्तरार्धमा गजल विशेष कार्यक्रम सञ्चालन भएको थियो जसलाई चितवनको पहिलो रेडियो स्टेशन सिनर्जी एफ.एम.ले प्रत्यक्ष प्रसारण समेत गरेको थियो ।

यतिमात्र छैन, वियज विकास स्रोत केन्द्रले आफ्नो वार्षिकोत्सवको अवसर पारेर साहित्य गोष्ठीको आयोजना तथा सञ्चालन गर्दै पनि आएको छ । साथै अन्य साहित्यिक संघ-संस्थाहरुसँग मिलेर पनि विभिन्न साहित्यिकारहरुका जन्म-जयन्तीहरुमा साहित्यिक कार्यक्रमहरु आयोजना गर्ने गरेको छ । विभिन्न संघ-संस्था, विद्यालय आदिद्वारा सञ्चालन गरिने साहित्यिक क्रियाकलापहरुमा पुरस्कारहरु सौजन्य गर्ने तथा समय समयमा कवि एवं साहित्यकारहरुलाई निःशुल्क आवाश तथा भोजन उपलब्ध गराउने गरेको छ। यस्ले गर्दा सो संस्थाको साहित्यमा गहिरो अभिरुचि छ भन्ने कुरा प्रष्ट हुन्छ । यसरी हेर्दा विजय विकास स्रोत केन्द्रले साहित्यिक क्षेत्रमा अन्य सामाजिक विकासमा लागेका गैर सरकारी संस्थाको तुलनामा मात्र हैन साहित्यकै लागि स्थापना भएका अन्य संघ संस्थाहरुको योगदान भन्दा कम देखिएको छैन । ✡✡✡


# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
प्रदीप शाह एवं

## इन्टेग्रेटेड ग्रामीण विकास केन्द्र (IRDC) परिवार

जयनगर गाविस. गोरुसिंगे, कपिलवस्तु

# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
टीकाराम पौडेल

## सिद्धार्थ सामाजिक विकास केन्द्र

गजेहडा गाविस जीतपुर-४, कपिलवस्तु

# गैंडाकोटमा विजय विकास स्रोत केन्द्रको योगदान


त्रिलोचन सापकोटा

गैंडाकोट विजय विकास स्रोत केन्द्रको जन्मथलो मात्र नभई कर्मथलो पनि हो । विजय विकास स्रोत केन्द्रलाई वामे सर्न सिकाउने आँगन पनि गैंडाकोट हो । यो संस्थाले विगत चौवीस वर्षमा जेजति उपलब्धि तथा प्रख्याति पाएको छ यसको प्रमुख श्रेय गैंडाकोट र गैंडाकोटबासीलाई जान्छ भने हाल गैंडाकोटलाई चिनाउन पनि उत्तिकै श्रेय विजय विकास स्रोत केन्द्रलाई जान्छ भन्नुमा अत्युक्ति नहोला । दुःख पाएर जन्मेको तर प्रख्याति कमाएको छोराले आफ्ना बाबु आमा, इष्टमित्र र आफ्ना गाउँलाई विर्सन सक्दैन भनेझैं यो संस्थाले गैंडाकोटलाई विर्सन सक्दैन । जन्मदाको गाउँको अवस्था ज्यादै नै कठिन परिस्थितिको रहेको थियो । आर्थिक, सामाजिक, राजनैतिक पूर्वाधारको हिसावले ओझेलमा परेको गाविसको रुपमा रहेको थियो तर पनि यो संस्थालाई गरिब तर कुलीन घरमा जन्मिएको बालकको रुपमा लिन सकिन्छ । संस्थाले वाल्यकाल दुःखसँग विताए पनि विस्तारै यसले समुदायको माया, ममता र स्नेह भने निरन्तर रुपमा पाइरहेको थियो ।

२०३६ सालमा विजय युवा क्लबको नामले स्थापना भएपनि २०४५ सालमा यसले औपचारिकता पाएको थियो । गाउँमा छरिएर रहेको युवाशक्तिलाई समेटी विकासका लागि सङ्गठित हुने उद्देश्यले खोलिएको यो संस्थाले स्थानीयस्तरबाट नै कार्य शुरु गरेको थियो । कम स्रोत, साधन र दक्षताका बावजुद स्वयंसेवी रुपमा युवाशक्तिको परिचालनबाट फुटबल, भलिबल, सांस्कृतिक कार्यक्रमहरु, निःशुल्क कोचिङ्ग कक्षा, स्वास्थ्य सम्बन्धी चेतना जगाउने कार्यक्रमहरु, बाढीपिडितलाई उद्धार गर्ने कार्य पनि यस संस्थाले गैंडाकोटबाट नै शुरुवात गरेको थियो ।

कुनै पनि संस्थाले आफ्नो परिकल्पना अनुसारको लक्ष्य र उद्देश्य निर्धारण गरेको हुन्छ र त्यसलाई परिपूर्ति गर्न विभिन्न रणनीति अपनाई कार्यक्रमहरु सञ्चालन गरेको हुन्छ । विजय विकास स्रोत केन्द्रले कार्यक्रमहरु सञ्चालन गर्दा गैंडाकोटलाई प्रमुख प्राथमिकता दिएको पाइन्छ । जति पनि संस्थाको सिकाइ रहको छ त्यो गैंडाकोटबाट नै भएको हो । यसले जति पनि कार्यक्रमहरु गैंडाकोटभन्दा बाहिर कार्यान्वयन गरिरहेको छ, ती सबै गैंडाकोटमा गरिएका विकास प्रक्रियाका परीक्षणका नतिजा हुन् ।

विजय विकास स्रोत केन्द्रले स्वावलम्बी समाजको सृजना आफ्नो परिकल्पना बनाएको छ र त्यसका लागि न्यूनतम आवश्यकता खाना, नाना, छाना, शिक्षा र स्वास्थ्यमा समुदायको पहुँच पुऱ्याउनु रहेको छ । यो परिकल्पना पूरा गर्ने विभिन्न विकासका गतिविधि संस्थाले गैंडाकोटमा सञ्चालन गरिरहेको छ । संस्था आफैंमा संस्थागत रुपमा विकसित हुँदै जाँदा कुनै पनि सामाजिक विकास संस्थाप्रति समुदायको आशा हुन्छ । त्यसलाई पूरा गर्ने प्रयास स्वरुप संस्थालाई डोऱ्याएर लानु पर्ने आजको आवश्यकता हो । त्यसैले यस संस्थाप्रति आफ्नै खालको सामाजिक दायित्व पनि छ । हालसम्म यस संस्थाले सञ्चालन गरेका कार्यक्रमलाई हेर्ने हो भने बाहिरी जिल्लाका भन्दा गैंडाकोटमा धेरै र महत्वपूर्ण छन् ।

हालसम्म यसले गैंडाकोटमा साना ठूला गरी १६ वटा योजनाहरु सञ्चालन गरेको छ धेरै जसो कार्यक्रमहरु अहिले पनि निरन्तर रुपमा चलिरहेका छन् र केही यस्ता कार्यक्रमहरु छन् जुन कहिल्यै पनि विश्राम लिने छैनन् । हालसम्म संस्थाले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरु यस प्रकार छन्–

## १) खेलकुद तथा सांस्कृतिक कार्यक्रम :

यस संस्थाका बाल्यकालका प्रमुख क्रियाकलापहरु अन्तर्गत खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरु पर्दछन् । संस्थाले गैंडाकोटको खेलकुदको विकासका प्रमुख योगदान पुऱ्याएको छ, यस गाविसमा खेलकुदमा विकास गर्न यसका सदस्यहरु प्रमुख रुपमा लागेका थिए । गैंडाकोटमा खेलकुदलाई विकास गर्न त्यस अवस्थामा एउटा संस्था विजय युवा क्लब नै थियो भने सांस्कृतिक कार्यक्रमका माध्यमबाट युवालाई एकीकृत गर्ने र स्रोत संकलन गर्ने गरिएको थियो । हाल संस्थाले यी कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

## २) वातावरणीय कार्यक्रम :

संस्थाले प्रारम्भकालदेखि नै वातावरणको क्षेत्रमा काम गरिरहेको छ । वनमा डढेलो नियन्त्रण गर्नु यस संस्थाको नियमित कार्यक्रम थियो । वातावरणीय प्रभावलाई जोगाइराख्न तथा नदी नियन्त्रणका लागि गैंडाकोटमा युवा वृक्षारोपण कार्यक्रमको शुरुवात गर्ने पहिलो संस्था हो । नारायणी नदीको किनारमा साउथ एशिया पार्टनसीपसँगको साझेदारीमा २०४५ सालमा ४.२ हेक्टरमा सिसौ जातको विरुवा रोपेको छ । हाल आएर हरित गैंडाकोटको अवधारणाले वार्ड नं.८ बाट सार्वजनिक बाटाको दुवैतर्फ अशोक जातका विरुवा लगाउन शुरुवात गरेको छ ।

## ३) स्वास्थ्य खानेपानी तथा सरसफाइ कार्यक्रम:

संस्थाले यस कार्यक्रमलाई प्रारम्भमा सेवामूलक कार्यक्रमको रुपमा स्वयंसेवी रुपमा सञ्चालन गरेको थियो । वर्षाको समयमा इनारमा पोटास राख्ने तथा विभिन्न प्रकोपमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्दै हाल आएर एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । कुनै पनि मानिस रगतको अभावले जीवन गुमाउन नपरोस् भनी हालसम्म ८ वटा रक्तदान कार्यक्रम आयोजना गरी ५३० Point रगत दान गरिसकेको छ भने स्वास्थ्य क्षेत्रमा स्वास्थ्य लघु वीमा निकट भविष्यमा शुरु गर्न लागेको छ । वेलावेलामा स्वास्थ्य शिविरहरु सञ्चालन गरिरहेको छ भने अर्कोतर्फ खानेपानी तथा सरसफाइको क्षेत्रमा चारवटा योजनाहरु सञ्चालन भइसकेका छन् । बैकुण्ठनगर खानेपानी योजना, गैंडाकोट ट्युवेल खानेपानी योजना, सरस्वतीनगर खानेपानी योजना, वृन्दापुर खानेपानी योजना, ढोडेनी खानेपानी योजना सञ्चालन भइसकेका छन् ।

## ४. शिक्षामूलक कार्यक्रम:

संस्थाले २०४२ सालदेखि नै वर्षे विदाको समयमा संस्थाका सदस्यलाई स्वयंसेवी रुपमा परिचालन गरी निःशुल्क कोचिङ्ग कक्षा सञ्चालन गर्दै आइराखेको थियो । शिक्षाको विभिन्न क्षेत्रमध्ये २०५२ देखि २०५४ सम्म ३८ वटा प्रौढ कक्षाहरु सञ्चालन गरिएको थियो । शिक्षा क्षेत्रमा उल्लेख्य रुपमा विकास हुनु पर्छ र गुणस्तरीय शिक्षा हुनुपर्छ भन्ने सोचले संस्थाको विशेष पहलमा विजय सामुदायिक शिक्षा सहकारी संस्थाको माध्यमबाट 'विजय सामुदायिक शिक्षा सदन नामक सामुदायिक विद्यालय सञ्चालनमा ल्याएको छ । जसमा ४० जना शिक्षक शिक्षिकाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने ७६० जना छात्रछात्रा हाल अध्ययन गरिरहेका छन् । स-साना बालबालिका लागि ४ वटा पूर्व बालकक्षा सञ्चालनमा ल्याएको छ साथै हालसम्म १०० भन्दा बढी छात्र छात्रालाई छात्रावृत्ति प्रदान गरिएको छ । विद्यार्थीहरुको हौसलाका लागि हरेक वर्ष सरकारी विद्यालयबाट उत्तीर्ण गर्ने १०+२ बाट १ जना एस.एल.सी. उत्तीर्ण गर्नेबाट १ जना सर्वोत्कृष्ट छात्रालाई विजय प्रतिभा पुरस्कार प्रदान गर्ने गरिएको छ । त्यस्तै विद्यार्थीहरुको लागि हाजिर-जवाफ, वक्तृत्वकला तथा विभिन्न साहित्यिक कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

## ५. मानवीय स्रोत विकास :

संस्थाले संस्थागत विकासका साथसाथै गैंडाकोट गाविसमा मानवीय स्रोत विकासमा उल्लेख्य सहयोग पुऱ्याएको छ । हाल यसले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा प्रवर्धन गरेका संस्थामा १६० जनाले प्रत्येक्ष रोजगारी प्राप्त गरेका छन् भने विभिन्न विषयगत दक्षता भएका प्राप्त ४० दक्ष जनशक्तिको विकास गरेको छ । स्वदेश तथा विदेशमा ४१ जनालाई अध्ययन, तालिम तथा अवलोकन भ्रमणमा भाग लिन पठाएको छ । साथै स्थानीय स्तरका संघ-संस्था तथा सदस्यको क्षमता अभिवृद्धिका लागि स्वावलम्बन कोषको स्थापना गरी लगानी समेत गरेको छ ।

## ६. संस्था प्रबर्धनमा तथा संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम :

विजय विकास स्रोत केन्द्रले गैंडाकोट गाविसमा विभिन्न क्षेत्रसँग सम्बन्धित ३ वटा सहकारी संस्था प्रबर्धन गरेको छ जस्तो वचत तथा ऋणको क्षेत्रमा विकू वचत तथा ऋण सहकारी संस्था लि. शिक्षाको क्षेत्रमा विजय सामुदायिक शिक्षा सहकारी संस्था तथा सूचना र सञ्चारको क्षेत्रमा विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. संस्था छन् । संस्थागत विकासमा यी ३ वटा संस्थाको अलावा नेपाल स्वावलम्बन विकास संघ, मौला कालिका समाज केन्द्र र सहयात्री आर्थिक सामाजिक विकास केन्द्र रहेका छन् ।

## ७. पूर्वाधार विकास कार्यक्रम:

यस संस्थाले विगतमा बाटोघाटो मर्मत गर्ने यात्रु प्रतिक्षालय बनाउने जस्ता कार्यहरु गरी आएको छ भने स-साना सहयोगबाट हुन सक्ने कामका लागि नगद अनुदान तथा श्रम सहयोग गरी विद्यालय भवनहरु बनाउन सहयोग गरेको छ भने संस्थाभित्र हाल संस्थाको कार्यालय, चेतना सदन (सुविधा सम्पन्न तालिम-हल तथा आवास) को उपयोग गर्न व्यावसायिक रुपमा सञ्चालन गरिरहेको छ र स्थानीय संघ-संस्था र जनताको लागि सुलभ तरिकाले उपलब्ध गराउने गरिरहेको छ ।

## ८. वस्तुस्थिति तथा कार्यनीतिक कार्ययोजना तयारी :

विजय विकास स्रोत केन्द्रले गाउँ विकास समितिको अनुरोधमा गैंडाकोट गाविसको दीर्घकालीन योजना तयार गरी ५ वर्षे कार्यनीतिक कार्ययोजना तयार गरिसकेको छ । विभिन्न संघ-संस्थाका प्रतिनिधिहरु राजनीतिक पार्टीका प्रतिनिधिहरु बुद्धिजीवी/समाजसेवीहरुको प्रतिनिधित्व हुने गरी एक कार्यदल तयार गरिएको उक्त कार्ययोजनामा संस्थाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराएको थियो भने मौला कालिका धार्मिक सेवा समितिको अनुरोधमा मौला कालिका मन्दिरको दीर्घकालीन कार्यनीतिक कार्ययोजना तयार गर्ने कामको थालनी गरेको छ ।

## ९. आर्थिक विकास/स्वरोजगार कार्यक्रम:

विजय विकास स्रोत केन्द्रले आफ्नो परिकल्पना पूरा गर्न आर्थिक विकासलाई महत्वपूर्ण कडीको रुपमा लिएको छ । जनताको आर्थिक अवस्थाले उसको शिक्षा र स्वास्थ्यको पहुँचको निर्धारण गर्ने भएको त्यस क्षेत्रमा पहुँच बढाउनका लागि आर्थिक विकास हुन आवश्यक ठानी समुदायका सदस्यलाई सेवा पुऱ्याउने उद्देश्यले २०४८ सालमा विकू वचत तथा ऋण सहकारी संस्थाको प्रवर्धन गरेको छ । २०४८ सालमा २६ जनाको दैनिक ५० पैसावाट शुरुवात गरेको उक्त संस्थामा हाल १८०६ शेयर सदस्य र अन्य सदस्य गरी ३५०० जना सदस्य रहेका छन् भने करिव ३ करोड रुपैयाको कारोवार गर्न सफल भएको छ । उक्त कार्यक्रमबाट गैंडाकोटभित्रका ८०० जति कृषक तथा उद्यमीले आयमूलक कार्यक्रम सञ्चालन गरिरहेका छन् जसबाट

समुदायको आर्थिक विकास तथा स्वरोजगारमा उल्लेख्य सहयोग पुऱ्याएको छ । सम्भवतः नेपालको ठूलो सहकारी संस्थाको रुपमा रहेको छ । यसैको प्रभावले आज गैंडाकोटमा अन्य सहकारी संस्थाहरु खुलेका छन् । जस्ले गर्दा करिब ५ करोडभन्दा बढी रुपया गाउँमा परिचालित भएको छ ।

## १०. प्रवर्धनात्मक कार्यक्रम :

विजय विकास स्रोत केन्द्रले २०४४ सालदेखि विभिन्न संघ-संस्थासँग मिली विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरेको छ । जुन कार्यक्रमहरुले संस्थालाई धैरै नै अनुभव बटुल्न सहयोग पुऱ्याएको छ । खलेचौर ग्रामीण विकास परियोजना गैंडाकोट-७, विजय सामुदायिक विकास परियोजना गैंडाकोट ६,७ र ९, ढोडेनी नमूना क्षेत्र कार्यक्रमहरु रहेका छन् । जसमा २४७ घर प्रत्यक्ष लाभान्वित भएका छन् । यस कार्यक्रममा संस्थाले सामाजिक परिचालन तर्फ बचत तथा ऋण कार्यक्रम आयमूलक कार्यक्रमहरु, खानेपानी, शिक्षा र स्वास्थ्य आदि क्षेत्रमा सहयोग पुऱ्याएको थियो ।

यसरी हेर्दा गैंडाकोट गाविसभित्र विजय विकास स्रोत केन्द्रले धैरै कार्यक्रमहरु सञ्चालन गरेको छ । यस्ता कार्यक्रमहरु गर्दा धैरै थोरै स्रोतको पनि आवश्यकता पर्छ के कति स्रोत केमा खर्च भएछ हेरौं तालिकामा :-

| क्र.सं. | कार्यक्रम | खर्च रू. | कैफियत |
|---|---|---|---|
| १. | खेलकूद तथा साँस्कृतिक | ३,०००००।- | |
| २. | वातावरणीय कार्यक्रम | | |
| | क) युवा वृक्षारोपण गैंडकोट-२ | १,४१,१८०।- | |
| | ख) हरित गैंडाकोट, गैंडाकोट-८ | ९३,३००।- | |
| ३. | स्वास्थ्य / खानेपानी | | |
| | क. ढोडेनी खानेपानी सहयोग | ३०,०००।- | |
| | ख. गैंडाकोट ट्यूवेल (वडा नं.४,५,६,७,९ | ९४,०९०।- | |
| | ग. वृन्दापुर खा.पा.योजना वडा नं.३ | ६,१५,८२५।- | |
| | घ. सरस्वतीनगर खा.पा.योजना (वडा नं.५) | २२८१७९५।- | |
| | ङ. वैकुण्ठनगर खा.पा.योजना (वडा नं.५) | २३,३७,१७९।- | |
| | च. एम्बुलेन्स सेवा सञ्चालन | ७,००,०००।- | |
| | छ. स्वास्थ्य सेवा / शिविर | १,५१,३५८।- | |
| ४. | शिक्षामूलक कार्यक्रम | | |
| | क. छात्रावृत्ति | १,५०,०००।- | |
| | ख. विद्यालय सहयोग | ३०,०००।- | |
| | ग. विजय सामुदायिक शिक्षा सदन प्रवर्धन लगानी | ४,००,०००।- | |
| | घ. प्रौढकक्षा | २,७०,१००।- | |
| | ङ. पूर्व बालकक्षा | ३२,८००।- | |
| ५. | मानवीय स्रोत विकास | | |
| | क. तालिम तथा अवलोकन भ्रमण | ४,९३,१७०।- | |

| क्र.सं. | कार्यक्रम | खर्च रू. | कैफियत |
|---|---|---|---|
| ६. | संस्था प्रबर्धन/संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | | |
| | क. विकू बचत तथा ऋण सहकारी संस्था | २,००,०००।- | |
| | ख. विजय सामुदायिक शिक्षा सहकारी संस्था | १,००,०००।- | |
| | ग. विजय सामुदायिक सूचना तथा संचार सहकारी संस्था | १,००,०००।- | |
| | घ. सहयात्री आर्थिक सामाजिक विकास केन्द्र | ४०,०००।- | |
| | ङ. नेपाल स्वावलम्बन विकास संघ | १,००,०००।- | |
| | च. मौलाकालिका समाज केन्द्र | १५,०००।- | |
| ७. | पूर्वाधार विकास | | |
| | क. बाटोघाटो, प्रतीक्षालय, संस्था कार्यालय चेतना सदन (तालिम केन्द्र) | १,२६,८८,३६२।- | |
| ८. | वस्तुस्थिति तथा कार्यनीति कार्ययोजना तयारी | | |
| | क. गैंडाकोट गाविस | १,००,०००।- | |
| | ख. मौलाकालिका धार्मिक सेवा समिति | ३०,०००।- | |
| ९. | आर्थिक विकास | | |
| | क. विकू बचत तथा ऋण सहकारी संस्थाद्वारा परिचालन | ३,००,००,०००।- | |
| १०. | प्रबर्धनात्मक कार्यक्रम | | |
| | क. खलेचौर ग्रामीण विकास परियोजना | ४,६७,८५०।- | |
| | ख. विजय सामुदायिक विकास परियोजना | २,६२,७२०।- | |
| | ग. ढोडेनी क्षेत्र विकास कार्यक्रम | ५०,०००।- | |
| | | ५,२२,८५,८२९।- | |

*(स्रोत : २०४४ सालदेखिको लेखा परीक्षण प्रतिवेदनबाट)*

यसरी हेर्दा विगत २४ वर्षमा गैंडाकोट गाविसमा हालसम्म रु. ५२२८५८२९ बराबरको स्रोत परिचालन गरी आफ्ना कार्यक्रमहरु सञ्चालन गरी सेवा पुऱ्याएको छ भने केही कार्यक्रमहरु निरन्तर चलिरहेका छन् ।

विजय विकास स्रोत केन्द्रले गैंडाकोटमा के गऱ्यो त भनेर हेर्दा हामी विजय विकास स्रोत केन्द्र नभएको भए के हुन्थ्यो भनेर सोच्नु पर्ने हुन्छ । विजय विकास स्रोत केन्द्र विनाको गैंडाकोटको परिकल्पना गरे मात्र पुग्छ । गैंडाकोटमा यतिका संस्था खुल्नु पनि यही संस्थाको प्रख्यातिको कारण हो भन्न सकिन्छ । विशेषगरी युवा पुस्ताको नेतृत्व विकास र युवालाई विकास कार्यमा दक्षता दिलाउन यसको ठूलो योगदान रहेको छ र सामाजिक विकास संस्थामा काम गर्ने युवा वर्गको उत्साह पनि थपिएको छ । आर्थिक विकासमा यसले सञ्चालन गरेका क्रियाकलाप यसले प्रवर्धन गरेका संस्थामा २०० भन्दा बढी स्थानीय बासीलाई रोजगार प्रदान गरेको छ भने ५ करोड भन्दा बढी स्रोत यसले परिचालन गरेको छ ।

यसले पक्कै पनि स्थानीयस्तरमा गैंडाकोटको आर्थिक विकासमा टेवा पुऱ्याएको छ । मानवीय स्रोत विकासको हिसावले हेर्दा दक्ष जनशक्ति विकासका लागि यसको योगदान कम छ भन्न सकिदैन, समुदायका सदस्य एवं सामाजिक सशक्तीकरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा काम गर्न सक्ने खालको मानवीय स्रोतको विकास गरको छ । जसले गैंडाकोटको प्रतिष्ठामा इट्टा थप्ने काम गरेको छ । संस्थालाई यो रुपमा ल्याउन यस भित्रका आन्तरिक निर्णय तथा स्थानीय स्तरमा सुशासनका लागि गरिएको प्रयासहरुलाई लिन सकिन्छ । जुन कुरा २०३६ साल श्रावण २२ गतेको कार्य समितिको बैठकलाई लिन सकिन्छ ।

*१) क्लबका सदस्यहरुले आ-आफ्नो क्षेत्रबाट विभिन्न ठाउँमा भएका सुकुम्बासीहरुको एक हप्ताभित्रमा तथ्यांक लिने निर्णय गरियो ।*

*२) यस क्षेत्र अन्तरगतका सार्वजनिक पानीघाट जोतिन थालेको हुँदा यस्तो सार्वजनीक सम्पत्तिमा व्यक्तिगत फाइदा उठाउने तत्वको घोर विरोध गर्ने र गौचर पानीघाट यथाशीघ्र खुला गराउनका लागि पञ्चायतसँग सात दिनभित्र स्पष्टीकरण माग्ने ।*

*३) क्लबका कार्यकर्ताहरुको सक्रियतामा यस क्षेत्रमा भए-गरेका अन्याय, अत्याचार, शोषण आदिलाई समाप्त गर्न अभियान चलाउने ।*

यसरी हेर्दा विजय विकास स्रोत केन्द्रले गैंडाकोट गाविसलाई आर्थिक, सामाजिक र राजनैतिक सशक्तीकरणका साथै विकाससँग सम्बन्धित प्रक्रियाको परीक्षण गर्ने एउटा समाजिक प्रयोगशालाको रुपमा विकास गर्न लागेको महसुस गर्न सकिन्छ । एउटा सामाजिक विकास संस्थाले गरेको यो योगदानलाई हामी सबै गैंडाकोट बासीले गर्व गर्नुपर्छ ।

✡✡✡


## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*प्रो. टंकप्रसाद आचार्य*

**फ्रेण्ड्ली होटल कुश्मा, पर्वत**

हाम्रा सेवाहरु :

फो.नं. ०६७-४२०१९३

☞ पूर्ण पारिवारिक वातावरण ☞ स्वास्थ्यकर भोजन एवं आरामदायी बसाई ☞ ट्वाइलेट बाथरुमको Attached सुविधा ☞ शयन कक्षमा टेलिफोन एवं टी.भी.को व्यवस्था ☞ STD/ISD, FAX को सुविधा ☞ Resturant and Bar को सुविधा ☞ तालिम तथा गोष्ठी सेमिनार सञ्चालनको लागि अत्याधुनिक साधन सुविधा सम्पन्न तालिम हल तथा सहभागीहरुको लागि आवासीय सुविधा ☞ मोटर गाडी पार्किङ्को सुरक्षित व्यवस्था ।

# हार्दिक शुभकामना

वि.सं. २०३६ सालको जनमत संग्रहको घोषणासँगै नागरिक समाजको चेतनाकरणका साथै स्वावलम्बी समाजको निर्माणको परिकल्पना साकार पार्न लागिपरेको विजय विकास स्रोत केन्द्रको रजतजयन्तीको उपलक्ष्यमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

खगराज आचार्य
अध्यक्ष

*तथा*

त्रिनेत्र सामुदायिक विकास प्रतिष्ठान
परिवार

# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले विभिन्न आरोह-अवरोह पार गर्दै सफलतापूर्वक २५ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा संस्थाको अहर्निश प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्ञानेन्द्र सापकोटा
अध्यक्ष
एवं

## त्रिनेत्र बचत तथा ऋण सहकारी संस्था लि. परिवार

# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले विभिन्न आरोह-अवरोह पार गर्दै सफलतापूर्वक २५ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा संस्थाको अहर्निश प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. लक्ष्मण सापकोटा

## ऐश्वर्य इण्टरप्राइजेज

गैडाकोट ८, नवलपरासी

# सामाजिक परिचालन र विजय विकास स्रोत केन्द्र

स्वावलम्बी समाजको निर्माण विजय विकास स्रोत केन्द्रको परिकल्पना हो । यो परिकल्पना भनेजस्तो सजिलो वा सरल त पक्कै छैन तर असम्भव पनि होइन । २५ वर्षको आफ्नो उकाली र ओराली तिता-मिठा अनुभव र सिकाइबाट विजय विकास स्रोत केन्द्रले स्वावलम्बी समाजको संरचनाको लागि सामाजिक परिचालन एक हतियार हो भन्ने कुरा प्रस्ट पारेको छ । आज विश्वभरिनै हरेकसँग संस्था र समुदाय परिवर्तनको माग गरिरहेका छन् । त्यस्तै नेपालीहरुले पनि सकारात्मक परिवर्तन देख्न चाहन्छन् । नेपाल संसारको गरिब मुलुकहरुमध्ये एक हो । तसर्थ नेपालमा रहेका विभिन्न संघ-संस्थाले समुदायलाई गरिबीको माखेसाङ्लोबाट निकाल्ने प्रयास गर्छ। अचेतना, असंगठित, शोषण, अशक्त, अस्वस्थ र कम आयको फलस्वरुप आज  हामी गरिब छौ । यिनै तत्वहरु एकअर्कासँग यसरी प्रगाढ सम्बन्ध राखेको छन् कि मानिसलाई हालको नकारात्मक अवस्थाबाट उकास्न सबै तत्वमा एकैचोटि वार (War) गर्न पर्ने हुन्छ । विजय विकास स्रोत केन्द्रले यस प्रकारको अवस्थाबाट समुदायलाई सामाजिक परिचालनद्वारा एउटा असल र स्वावलम्बी समाजको निर्माणमा देशको पूर्वमा संखुवासभाबाट पश्चिमको डोटीसम्म सहयोग पुऱ्याउँदै आएको छ ।

सामाजिक परिचालनलाई विपन्न वर्गको सशक्तीकरणको प्रक्रिया वा Process of Empowerment of excluded people पनि भनिन्छ । यस प्रक्रियामा विभिन्न तत्वहरुले प्रमुख भूमिका खेलिरहेका हुन्छन् । जस्तै व्यक्ति, समुदाय, सहयोगी संस्था, त्यस समुदायलाई प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सबै व्यक्ति, वर्ग, धर्म, संस्कृति, राजनैतिक गुट आदि ।

ती तत्त्वहरुसँग सँगै सामाजिक परिचालनका सिद्धान्त पनि यस प्रक्रियाको मागदर्शक हुन् । सिद्धान्त विना यो प्रक्रिया अधुरो, अपरिपक्व हुन्छ । यसैले निम्न लिखित सिद्धान्तलाई आधार मानी हामी सामाजिक परिचालन प्रक्रियालाई अगाडि बढाउन सक्छौं ।



आरती सिग्देल

१) विकासको प्रक्रिया जनकेन्द्रित हुनु पर्छ, अथवा लक्षित वर्गमा केन्द्रित हुनु पर्छ ।

२. समुदायको अवस्थाको लेखाजोखा, समस्याको विश्लेषण, कार्यक्रम कार्यान्वयनबाट मूल्याङ्कनसम्म हरेक चरणमा लक्षित समुदायको प्रत्यक्ष सहभागिता अपरिहार्य हुन्छ ।

३. लक्षित वर्ग नै विकास प्रक्रियाको प्रमुख आधार हुनुपर्छ ।

४. यो प्रक्रिया सामुहिक प्रक्रिया हो ।

५. यो प्रक्रियामा सहयोगी संस्थाको भूमिका सहयोगी जस्तै हुनुपर्छ र समुदाय पूर्णतः सहयोगी संस्था उपर निर्भर हुनु हुँदैन ।

६. लक्षित समुदाय स्वाबलम्बन र आत्मनिर्भरताप्रति उत्साहित हुँदै जानुपर्छ ।

७. लक्षितवर्गलाई जनस्तरदेखि, क्षेत्रीय र राष्ट्रियस्तरकै निर्णय प्रक्रियामा भाग लिन सक्षम बनाउने कुरामा केन्द्रित हुनु पर्छ ।

८. संस्थागत विकास गर्न निरन्तर तालिम, शिक्षा गोष्ठी, आदिमा सामाजिक विकास संस्थाको सक्रिय भूमिका हुनु पर्छ ।

९. संगठनात्मक विकासका साथसाथै जनकेन्द्रित विकास समतामूलक समाजको स्थापना गर्ने दिशामा उन्मूख हुनु पर्छ ।

१०. सहयोगी संस्थाले समय-समयमा लक्षित वर्गको इच्छा-आकाङ्क्षा बुझ्न साथै आफ्नो उद्देश्य जनताले बुझे-नबुझेको मूल्याङ्कन गर्न

Networking र bottom to top प्रक्रियालाई अवलम्बन गर्नु अनिवार्य छ ।

उपर्युक्त सिद्धान्तले सहयोगी संस्थालाई सामाजिक परिचालनको सही मार्ग देखाउँछ कहिलेकाहिँ विभिन्न संघ-संस्थाहरु सामाजिक परिचालन गर्ने उद्देश्यलिई यसका सिद्धान्तहरुलाई बेवास्ता गरेको र फलस्वरुप जनता गरिबीको जन्जालभित्र फस्दै गएको हामी देख्न सक्छौं । सिद्धान्तसँगसँगै सामाजिक परिचालनका चरणहरुलाई पनि चरणबद्धरुपमा अगाडि बढाउनु पर्छ । किनभने यो त एक प्रक्रिया हो, जादुको छडीजस्तै भ्याट्टै हुँदैन । कुन काम अघि गर्ने र त्यसपछि के गर्ने भन्ने जस्ता कुरा पनि निकै महत्वपूर्ण छन् ।

१. सामाजिक परिचालनका सहभागीको पहिचान :
ससामाजिक संघसंस्था वा निकायले कुन वर्गलाई आफ्नो लक्षित समुदाय अथवा कार्यभूमि हो त्यसको छनोट वा पहिचान गर्नुपर्छ ।

२. चेतनाकरण :
सहयोगी संस्थाले सहभागीको पहिचान गरेपछि त्यस समुदायलाई चेतनाकरण गर्नुपर्छ । विभिन्न तालिम, भेटघाट, गोष्ठी, छलफलबाट चेतनाकरण गर्न सकिन्छ ।

३. जनताको सङ्गठन :
चेतनाकरण गरेपछि समुदायको सङ्गठनमा विशेष जोड दिनुपर्छ स-साना बचत समुह, आमा समुह, सामाजिक संस्था स्थापना गरेर जनतालाई एकै छातामुनि ल्याउने कार्य गर्न सकिन्छ ।

४. स्थानीय स्रोत पहिचान, परिचालन र संरक्षण :
जहाँ जे छ त्यहींबाट सुरुवात गर्ने बानीको विकास गर्नुपर्छ । यसका लागि सर्वप्रथम सहभागितात्मक ग्रामीण लेखाजोखाबाट स्थानीय स्रोतको पहिचान गर्ने र त्यसको परिचालन र सँगसँगै संरक्षण गर्नु आवश्यक हुन्छ ।

५. सहभागितामूलक योजना तर्जुमा :
सामाजिक परिचालनको उद्देश्यअनुरुप कार्यक्रम सम्पन्न गर्न योजना तर्जुमा गर्नुपर्छ तर समुदायको सहभागिता यसमा प्रमुख रहन्छ ।

६. सम्पर्क समन्वय र सम्बन्ध विस्तार :
सामाजिक परिचालनको प्रक्रिया एक व्यक्ति, एक निकाय वा एक समुहको प्रयासले मात्र संभव हुँदैन, यस कारण विभिन्न संघसंस्था, सरकारी तथा गैरसरकारी निकायसँग सम्पर्क समन्वय र सम्बन्ध विस्तार गर्नु जरुरी छ ।

७. सहयोग लेनदेनको आकार र आधारको निर्क्यौल :
विभिन्न संघ-संस्था वा निकायको सहयोग सामाजिक परिचालनमा जरुरी हुन्छ तर महत्वपूर्ण कुरा के छ भने सहयोगको आकार अथवा सीमा तोक्नु पर्छ । कतै सहयोग बढी भएर समुदाय उठ्न नसक्ने त होइन?

८. अपेक्षित प्रतिफलको निश्चितता :
योजना तर्जुमा गर्दा प्रतिफलको पनि आशा गरिन्छ तर प्रतिफल योजना कार्यान्वयन सुहाउँदो भयो भने मात्र निश्चितता गर्न सकिन्छ ।

९. नीति नियम तर्जुमा (शासन व्यक्तिको होइन विधिको हुनुपर्दछ) :
नीति नियम तर्जुमा सामाजिक परिचालनको एउटा महत्वपूर्ण चरणको किन भने नीति नियमले हरेक समुदायलाई बाँध्न सक्छ । नेतृत्वको कुरा गर्दा नीति नियम तर्जुमा गरियो भने नेतृत्व हस्तान्तरण हुँदा समुदायलाई अप्ठारो पर्दैन किनभने शासन व्यक्तिले नगरेर प्रक्रिया वा विधिले गरको हुन्छ ।

१०. नियमित आयआर्जन दिगो आर्थिक स्रोतको पहिचान र परिचालन :

समुदायमा नियमित आयआर्जन र दिगो विकासको लागि आर्थिक स्रोतको पहिचान र परिचालन हुनु अतिआवश्यक छ । आर्थिक स्रोतको पहिचान र परिचालनबिना समुदाय गरिबीको अँध्यारोमा जकडी रहन्छ ।

११. संस्था समूहका सदस्यहरुको क्षमतामा वृद्धि तथा व्यावसायिकतातर्फ उन्मुख :

समुदाय तथा संस्थाका सबै सदस्यहरुको विभिन्न तालिम भ्रमण आदिबाट क्षमतामा वृद्धि गरी व्यावसायिकतातर्फ उन्मुख हुनु पर्छ ।

१२. समूहको संस्थागत क्षमतावृद्धि :

समुह, समुदायको क्षमतावृद्धि गरेमा त्यस समुदायमा दिगो विकास सम्भव हुन्छ ।

१३. स्व-अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास :

समुह समुदायले आफूले गरेका कामहरुको के कस्तो प्रभाव परेको छ कार्यान्वयन गर्न थालेको योजना के-कसरी अगाडि बढिरहेको छ भन्ने बारेमा बाहिरियाले नभै समुह आफैले आफ्नो मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नु पर्दछ हरेक कार्यक्रमको अनुगमन र मूल्याङ्कनको सन्दर्भमा स्वअनुगमन र मूल्याङ्कनलाई विशेष जोड दिइएको छ ।

१४. हरेक कार्यको दस्तावेजीकरण तथा अभिलेख तयारीः

विगतवाट पनि हाम्रो आफ्नो सिकाइ के छ भन्ने हरेक कार्यको दस्तावेजीकरण तथा अभिलेख तयार गरेमा इतिहासबाट बर्तमानसम्मका हरेक क्रियाकलाप प्रामाणिक र यथार्थ देखिन्छन् ।

यसरी हेर्दा सामाजिक परिचालन गर्दा यस्का तत्वहरु सिद्धान्त र चरणहरुलाई ध्यानदिनु जरुरी छ । यथार्थमा कुनै पनि समुदायमा विकास गर्नु भनेको सामाजिक परिचालन गर्नु हो । यस विना विकास गर्नु भनेको एउटा झुटो कल्पना मात्र हो । सामाजिक परिचालन विनाको विकासका प्रयासहरु गरेको पनि हुन सक्छ तर त्यो दिगो हुँदैन । फेरी दिगो विकासको लागि समुदायको प्रयासलाई प्रबर्धन गर्नु पर्ने हुन्छ । यसरी निस्कर्षमा समुदायको प्रयासहरुको प्रबर्धन गर्दै गरिएको सामाजिक परिचालनद्वारा दिगो विकास सम्भव छ ।

विजय विकास स्रोत केन्द्रले २०३६ सालदेखि सामाजिक विकासको क्षेत्रमा गैंडाकोटबाट शुरु गर्दै आज देशका विभिन्न जिल्लाहरु समुदायको प्रयासहरुको प्रबर्द्धन गर्दै आएको छ । हालसम्म यस संस्थाले २५ वटा प्रबर्धनात्मक कार्यक्रमहरु गरेको छ भने १९१ जना मानवीय स्रोत परिचालन गरेको छ । शुरुवातदेखि हालसम्म ३७७५५ घरधुरी, ५८ गैरसरकारी तथा समुदायमा आधारित संस्था, ६३ वटा सहकारीहरु र ५२ बालक्लबहरु गठन भइसकेका छन् संगसंगै रु. ४७,८,८५,८१५ को स्थानीय स्रोत परिचालन भएको छ भने रु.६,८१,८४,२४० को बजेट परिचालन भएको देखिन्छ । अर्कातिर हेर्दा गैंडाकोटमा संस्था तथा विजय सामुदायिक शिक्षा सहकारी संस्था लि.बाट सामाजिक परिचालन भएको देखिन्छ । गैरसरकारी संस्थाहरुमा विजय विकास स्रोत केन्द्र सामाजिक परिचालनको क्षेत्रमा एक नमूनाको रुपमा उभिएको देखिन्छ । त्यसले हामी भन्न सक्छौ : विजय विकास स्रोत केन्द्र र सामाजिक परिचालन एक अर्काका पूरक हुन् ।

✡✡✡

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खेमराज सापकोटा
*अध्यक्ष एवं*

### विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि.

परिवार गैडाकोट-८, नवलपरासी

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दीपक सापकोटा
प्रबन्ध निर्देशक एवं

### त्रिशक्ति टेक्सटाइल प्रा. लि. परिवार

गैडाकोट, नवलपरासी

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. केशवबाबु सापकोटा

### सापकोटा सप्लायर्स

कमलनगर, नारायणगढ फोन : ५२२३७२

हिन्दुस्थान पेट्रोलियमको अधिकृत बिक्रेता
गुणस्तर मूल्य र मात्रामा पूर्ण विश्वास

# खण्ड ख

# विविध / लेख रचनाहरु

# My experience as a UNV

I had a great deal of curiosity, fear, and uncertainty in my mind when I was selected as a UN Volunteer to serve in UN Mission Kosovo. I hardly had heard the word UNV and had never experienced or thought about it. It was the year 2000 that eventually paved me the way to become a UN Volunteer. I was assigned to work with United Nations Mission in Kosovo (UNMIK), one of the peacekeeping missions of the United Nations, to provide civil documents for the people of Kosovo. Ever since I started to work with UNMIK as a UNV, I began to dig out more about the word UNV and tried to find its meaning, importance and spirit in depth.

I came to know that voluntary or volunteering is a word that came from the Latin, 'Voluntas', which means "Free Will". In that sense volunteerism is working on "Free Will" or willingly for humanity. The concept of Volunteerism in this complex and diverse modern society is to restore the meaning of self-help in community life and thus improve one's quality of life. Volunteerism is mainly based on: Free Will, Societal, Continuity, and Non-compensatory.

The volunteerism is increasing in its magnitude world wide as it provides an opportunity to serve others and becomes an opportunity to use one's individual abilities to promote self-improvement and develop one's character while reaching one's self-realization. It brings benefits for both society at large and the individual volunteer and makes important contributions, economically as well as socially. It contributes in building a more cohesive society based on trust and reciprocity among citizens. This applies to me as well. My involvement in UNMIK as UNV has also brought a significant change in my life, vision, and career too.



**Basanta Lamsal**
**UNV**
**UNMIK, Kosovo**

What is United Nations Volunteers (UNV) program? It is one of the wings of UN Organization, which supports sustainable human development globally through the promotion and involvement of volunteerism and volunteers. It has made a great contribution in the establishment and operation of many peacekeeping missions world wide, and has made tremendous contributions to the UN Mission in Kosovo The Mission has been mobilizing numbers of professionals as UN Volunteers to establish peace and to stabilize the peace process. The program as such offers opportunities for professionals' worldwide to share knowledge, build capacity, of others and contribute in the development of a country. It is universal, inclusive and embraces volunteer action in all its diversity. It values free will, commitment, engagement and solidarity, which are the foundations of volunteerism. On this basis, UNMIK can be considered as one of the exemplary missions of the United Nations in term of volunteers' contribution.

The peacekeeping mission of Kosovo began in June 1999. Kosovo, one of the provinces of former Yugoslavia, was intervened by the United Nations to administer and run an interim government

under the UN Resolution 1244 passed by Security Council and named *"United Nations Interim Administrative Mission in Kosovo (UNMIK)"*. This mission was established after launching 78 days of air strikes of NATO against Yugoslav troops in Kosovo, which have been blamed for brutal suppression of Albanians, during 1998-99, who inspired for separation

Since then, the situation in Kosovo has been changing and improving by degrees. Now, a peace process has stabilized the land to some extent and we can see drastic changes in the overall scenario. Kosovo does have both provisional central and local governments to govern the province after organizing one general election and two local elections. Kosovans and their organizations have taken over most of the responsibilities and competences from the international community, especially from UNMIK. However, there is still a significant presence of the international community including the United Nations to support stabilization, provide good governance and to strengthen democratic institutions. The final status of the province as such has not been agreed upon yet. Nevertheless, numbers of talks are scheduled at present for this and are likely to take place soon.

As a tiny part of the overall United Nations support mechanism, I have fitted myself in Obiliq/c Municipality, one of the 30 municipalities in Kosovo, as a ***Project Officer.*** My duties consist of identifying and developing project proposals for the Municipality, coordinating donors, and facilitating implementation and monitoring of projects. Besides, my job also includes working on the resettlement issue of internally displaced persons (IDPs), returns, and integration and help the communities, Albanians and Serbs, live and work together.

My job as a UNV in UNMIK has proved to be a great opportunity in my professional career and I feel pride in my work and achievements. I have been able to gain wider experience and a positive feeling in my life that have been helpful in enhancing my professional skill and career progression. I also have had a chance to gain experience on various cultures and traditions in the Balkans region and had opportunities to implement projects at the community level as a staff member of United Nations. The Balkans region is one of the famous places for its enriched natural resources, beautiful landscape, unique Muslim and Orthodox Christian culture, and beautiful people especially the women. Moreover, there is a popular traditional proverb that Kosovo is famous for bread, salt and the heart. The Balkans region is also known as place of warriors and an incident (the assassination of the Austrian Archduke Franz Ferdinand in Sarajevo) that triggered off the start of the First World War.

Cultural values and norms, definitely, do have a direct effect on the development process of the society. These values can bring a significant change on the professional life of an individual and play a vital role on successful implementation of development projects. Ever since I started to work in different regions with diverse cultural backgrounds, I have learnt a great deal of

new things, which I would not have found in any one place. By such experience, I have gained knowledge on cultures and have developed my confidence as well. The opportunity to work in a peacekeeping mission in Kosovo with people from around 120 countries of the world for three years, of course, is one of the wonderful opportunities in my life, which has greatly helped me to enhance my capability. Working in post conflict area is not only opportunity for an individual but also is a challenge. I am happy that I have had a chance as this has helped me to sharpen my abilities and encouraged me to face further challenges and difficulties in the days to come.

Before joining UN Mission Kosovo, I worked at several development and other organizations with various capacities in Nepal. The experience and my tenure at Vijaya Development Resourcé Center (VDRC), one of the successful and leading NGOs in Nepal, was probably the most important and crucial time in my professional career and a key factor that helped me to be UN Volunteer. I served at VDRC for almost two and a half years, which perhaps will remain as one of the most gainful and memorable moments in my life. During my tenure at VDRC, I had had good opportunity to share my ideas among my peer groups and subordinates, to bring my skills in practical fields and to learn new development tools and gain new development experience as well. The institution itself and the team at VDRC always had been good and the inspiring factors in my career. I affirm that I probably would not have succeeded in this mission had I not been attached with VDRC. Therefore, I am thankful to VDRC and its board members and partners for their generous support and encouragement.

Finally, to sum up, I respect the volunteerism and salute those volunteers including UNVs who have been working globally for the positive changes of society especially in developing countries. I believe that it is a kind of self-esteem and self-satisfaction, which we can hardly find in other profession where we are paid. I encourage all development workers and other professionals to volunteer at least once in their lifetime and have a different taste of the service delivered.

**Sept 2003, Kosovo**

✡✡✡


## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको रजतजयन्तीको सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष

तारापति त्रिपाठी *एवं*

# सहयात्री आर्थिक तथा सा.वि.केन्द्र

गैडाकोट-७, नवलपरासी

# स्थानीय स्रोत परिचालनमा विजय विकास स्रोत केन्द्र



बासुदेव न्यौपाने

**पृष्ठभूमि :**

नेपालमा हाल झण्डै ३० हजार सामाजिक विकास संस्थाहरु कार्यरत भएको लख काटिन्छ। धेरै संघ-संस्थाहरु समुदायस्तरमा शिक्षा, स्वास्थ्य, खानेपानी, लगायत विभिन्न सेवा पुऱ्याउन सक्रिय रहेका छन्। यसै गरी सामाजिक विकास संस्थाहरुले सामुदायिक संगठन विस्तार, चेतनाकरण र सम्पर्क समन्वय अभिवृद्धि जस्ता सामाजिक परिचालनका कार्यहरु पनि अभियानकै रुपमा सञ्चालन गरेका छन्। अझ आजकल त सामाजिक विकास संस्थाहरुले जनतालाई अधिकारयुक्त बनाउन जनवकालतका काम समेत गर्न थालेका छन्। समग्रमा भन्नु पर्दा देश विकासको महत्वपूर्ण कार्यमा सामाजिक विकास संस्थाहरुले अर्थपूर्ण योगदान गरिरहेका छन् र यिनीहरुको भूमिका अपरिहार्य छ भन्ने कुरा तथ्यगत प्रमाणित नै भइसकेको छ।

यति धेरैको संख्यामा सामाजिक विकास संस्थाहरुले आफ्नो संस्था सञ्चालन र कार्यक्रम कार्यान्वयनको लागि स्रोत र साधन कहाँबाट जुटाउँछन् त भन्ने प्रश्न उठ्न सक्छ। एक अनुमान अनुसार विभिन्न दातृ संस्थाहरुले सामाजिक विकास संस्थाहरु मार्फत् वार्षिक रुपमा झण्डै ९ अरब रुपैयाँ नेपालमा खर्च गर्दछन्। अर्थात अधिकांश सामाजिक विकास संस्थाहरु विदेशी अनुदानमा निर्भर छन्। दातृ संस्थाहरुले अनुदान बन्द गरेको दिनमा नेपालका धेरैजसो सामाजिक संस्थाहरुको कार्यालय बन्द हुने कुरा निर्विवाद जस्तै छ। झण्डै ५० बर्ष अघि देशमा योजनाबद्ध रुपमा विकास हुन थालेको हो र त्यहीं बेलादेखि दातृसंस्थाहरुले विकास कार्यक्रममा सहायता गर्न थालेका हुन्। अनि झन्डै-झन्डै सोही अवधिदेखि आधुनिकस्तरका सामाजिक विकास संस्थाहरुको पनि शुरुआत हुन थालेको हो। अनि क्रमिक रुपमा सामाजिक विकास संस्थाहरु पनि दातृ संस्थाहरुमा आश्रित हुन थालेको त्यही बेलादेखि हो भन्न सकिन्छ। तर त्यो भन्दा अघिदेखि नै नेपालमा विभिन्न प्रकारका संघ-संस्थाहरु विदेशी अनुदानको भर नपरी दिगो रुपमा सञ्चालन भएका थिए र तीमध्ये अझै कतिपय संघ-संस्थाहरु सञ्चालित नै छन्। गुठीको व्यवस्था गरी विभिन्न मठ-मन्दिरहरुको सञ्चालन भइरहेकै छ। समुदाय स्तरमा यस्ता विभिन्न प्रकारका संघ-संस्थाहरु समाजको अङ्गको रुपमा स्थापित भई दिगो रुपमा सञ्चालन भइरहेका छन्। हामीले आफ्नो परम्परागत व्यवस्थालाई चटक्क बिर्सेर विदेशी अनुदानमा पूरै भर पर्न थालेदेखि सामाजिक विकास संस्थाहरुको भविष्य अन्धकार देखिन थालेको हो। स्थानीय स्रोत परिचालन गरी समाजको एक अभिन्न अङ्गकै रुपमा स्थापित नभएसम्म संघ-संस्थाहरु दिगो रुपमा सञ्चालन हुनै सक्दैन भन्ने कुरा अनुभव र अनुसन्धानबाट प्रमाणित भइसकेको छ। तर स्थानीय स्रोत परिचालन अवश्य पनि सजिलो काम छैन त्यसैले गर्दा नै होला अधिकांश संघ-संस्थाहरु विदेशी अनुदानको भरमा कार्य सञ्चालन गरी सजिलो बाटो रोजेका हुन सक्छन्।

**स्थानीय स्रोत के हो ?**

"बाउले दिएको भैंसी भन्दा आफूले बाटेको दाम्लो प्यारो" भन्ने उखानले हाम्रो समाजमा आफ्नो बलबुताले गरेको काम र स्थानीय स्रोतको महत्व धेरै पहिलेदेखि नै उजागर गरेको कुरा प्रस्ट

पार्दछ । आफ्नै गाउँ ठाउँमा पाइने, आफ्नै नियन्त्रण र स्वामित्वमा भएको र सधैं आफ्नै पहुँच हुने विभिन्न वस्तु वा सेवालाई स्थानीय स्रोत भन्ने चलन छ । स्थानीय स्रोतलाई भौतिक, प्राकृतिक, आर्थिक, मानवीय र सामाजिक गरी पाँच भागमा विभाजित गर्न सकिन्छ । केवल आर्थिक स्रोत मात्र नभई यी सबै प्रकारका स्थानीय स्रोतहरुको परिचालनमा जोड दिनु पर्दछ । किनभने पैसाले मात्र विकास हुँदैन । स्वामी विवेकानन्दका अनुसार "संसारभरिको पैसा एउटा गाउँमा खर्च गरे पनि त्यस गाउँको विकास हुँदैन । तर जब गाउँले आफैले प्रयास गर्छन् तब बाहिरको पैसा नआए पनि गाउँको विकास हुन्छ" भन्ने यो भनाइबाट सबै प्रकारको स्थानीय स्रोतको समानुपातिक परिचालनले मात्र दिगो विकासको सुनिश्चित गराउँछ भन्ने बुझिन्छ ।

**स्थानीय स्रोत परिचालन किन ?**

एकाध परियोजना प्रस्तावहरु लेखेर, दातालाई रिझाएर र आफ्नो सानोतिनो तुजुक देखाएर सजिलैसँग प्राप्त गर्न सकिने बाह्य स्रोतलाई छोडेर किन अति मिहेनत गरेर स्थानीय स्रोत परिचालन गर्नु भन्ने प्रश्न पनि उठन सक्छ । तर यो होइन, किनभने स्थानीय स्रोतको आफ्नै महत्व छ। स्थानीय स्रोतबाट संस्थाको दिगोपनाको सुनिश्चित गर्दछ यसले स्वाभिमान, आत्मविश्वास र लगनशीलता बढाउँछ। यसमा अपनत्व बढी हुने हुँदा स्थानीय स्रोतबाट सञ्चालित कार्यक्रमहरुमा बढी रेखदेख, खबरदारी र हेरचाह पनि हुन्छ। यसको विपरीत बाह्य स्रोतबाट संस्था या कार्यक्रम सञ्चालन गरेमा धेरै दवाव सहनुपर्ने हुन्छ। किन भने दाताको हात सँधै माथि हुन्छ र लिने मान्छेको हात सधैं तल रहन्छ यसले गर्दा उनीहरुलाई दवाव दिन सजिलो हुन्छ । बाह्य अनुदान प्राप्त गर्न दाताहरुको नानाथरीका शर्तहरुको पालना गर्नु पर्ने हुन्छ । धेरै यस्ता शर्तहरु हाम्रा संस्कृति र परम्परा विपरीत पनि हुन्छन्, जसले गर्दा बढी बाह्य स्रोतमा भरपर्दा हाम्रो संरचना नै खलबलिने डर हुन्छ। नेपालका प्रथम कृषि इञ्जिनियर र ख्यातिप्राप्त विकासविद् हुतराम बैद्य भन्नु हुन्छ "३५% सम्म बाहिरी सहयोग लिएर विकास कार्यक्रम सञ्चालन गरेमा त्यस्ता प्रकारका कार्यक्रम र प्रयास दिगो हुन्छ भने त्यो भन्दा बढी अनुदानबाट सञ्चालित संस्था र कार्यक्रम कुनै पनि बेला धराशयी हुन सक्छ ।" उहाँले आफ्नो यस सिद्धान्तलाई जन, धन र साधनको त्रिकोणबाट पुष्टि गर्नु भएको छ। यस अनुसार भएका कार्यक्रम र सञ्चालित संघ-संस्थाहरु दिगो रुपमा सञ्चालन भएका उदाहरण नेपालमा थुप्रै छन् । त्यसमध्ये एउटा ज्वलन्त उदाहरण विजय विकास स्रोत केन्द्र नै हो। एकातिर यो अवस्था छ भने अर्कोतिर विदेशी दातृ संस्था र दातृ राष्ट्रहरुको प्राथमिकतामा ठूलो परिवर्तन देखिन थालेको छ। आजभोलि नेपाल जस्ता राष्ट्र उनीहरुको माथिल्लो प्राथमिकता भित्र पर्दैनन् । धेरै दाताहरुले पूर्वी युरोपेली राष्ट्रहरु अफगानिस्तान र इराकलाई आफ्नो प्राथमिकताको सूचीमा राखेका छन्। त्यसैले पनि क्रमिक रुपमा दातृ राष्ट्रहरुबाट प्राप्त हुने स्रोत कम हुँदै गएको छ र यो क्रम आगामी केही बर्षसम्म चलिरहने संकेत देखापरको छ ।

यी सबै कारणहरुले गर्दा बाहिरी स्रोततिर आँखा लगाउनु भन्दा स्थानीय स्रोत परिचालनमा नै बढी जोड दिनु बेस हुन्छ। सानोबाट सुरु गर्ने थोरै गर्ने तर आफ्नै स्रोतबाट काम गर्ने । गरेमा सफलता प्राप्त हुन्छ भन्ने कुरा त एक मोहोरको बचत सुरुभएको विकू बचत तथा ऋण सहकारी संस्थाले प्राप्त गरेको सफलतावाट नै पाठ सिक्न सकिन्छ ।

**स्थानीय स्रोत परिचालनको वर्तमान स्थिति :**

माथि उल्लेख गरे अनुसार धेरै संघ-संस्थाहरु बाह्य अनुदानमा निर्भर छन् । तर अहिले

धेरै संघ-संस्थाहरुले विदेशी अनुदानमा मात्र भर परेर संस्था दिगो रुपमा सञ्चालन हुन सक्दैन भन्ने कुरा विस्तारै बुझ्न थालेका छन् र कुनै न कुनै रुपमा स्थानीय स्रोत परिचान गर्ने कार्यको थालनी गरेका छन् । प्रायःजसो संस्थाहरुले स्थानीय स्रोत परिचान गरेर आफ्नै भवन निर्माण गर्ने, सानोतिनो अक्षय कोषको स्थापना गर्ने र सानो आकारको कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । खासगरी प्राकृतिक प्रकोपको बेलामा राहत पुऱ्याउन सामाजिक विकास संस्थाहरुले राम्रै गरी स्थानीय स्रोतको परिचालन गरेको देखिन्छ ।

वर्तमान अवस्थामा सामाजिक विकास संस्थाहरुले सामाजिक र सामुदायिक परिचालन मार्फत् विशेष गरी ग्रामीण क्षेत्रमा बचत तथा ऋण कार्यक्रमको अभियान नै चलाएका छन् । स्थानीय स्रोत परिचालनको यो एउटा उत्कृष्ट नमुना हो । त्यस्ता कार्यक्रमहरुले समुदायलाई सङ्गठित बनाउन पनि ठूलो मद्दत गरेको छ। बाहिरिया संघ-संस्थाहरुलाई विश्वास नगर्ने समुदायले आफ्नै बचत तथा ऋण संस्थाहरुलाई विश्वास गर्ने गरेको कुरा विभिन्न अध्ययनहरुले देखाएका छन् ।

अर्कोतर्फ समुदायस्तरमा पाइने जल र जङ्गल जस्ता स्थानीय स्रोत परिचालन र त्यसको समानुपातिक प्रयोगको लागि उपभोक्ता समितिहरु मार्फत संस्थागत प्रयासहरु भइरहेका छन् र त्यस्ता प्रयासको सकारात्मक परिणामका सङ्केतहरु देखा पर्न लागिसकेका छन् ।

स्थानीय स्रोत परिचालनबाट समुदाय स्तरमा परिवार र व्यक्तिलाई केही फाइदा पुगेको छ भन्नु नै पर्छ । तर विडम्बना के छ भने, एकातिर स्थानीय स्रोत परिचालनका प्रयासहरु विदेशी अनुदान मै निर्भर छन् भने अर्कोतिर सामाजिक विकास संस्था सञ्चालनमा स्थानीय स्रोतको प्रयोग ज्यादै न्यून छ। यस्ता प्रयासहरु स्थानीयस्तरमा कार्यक्रम सञ्चालनमा मात्र केन्द्रित छ । आजकल स्थानीय स्रोत परिचालनको नाममा सामाजिक विकास संस्थाहरुले आफ्ना कर्मचारीको तलबबाट र स्वयंसेवी सदस्यहरुले सेवा पुऱ्याए बापत् पाउने पारिश्रमिकबाट निश्चित प्रतिशत कटौतीगरेर एउटा कोष खडा गर्ने लहर नै चलेको छ । यो एउटा सकारात्मक प्रयास भए पनि यसरी कटौती गर्ने मूल रकमको स्रोत विदेशी अनुदान नै भएको हुँदा यो दिगो हुन सक्दैन र विदेशी अनुदान बन्द भएको दिनमा यस्ता प्रयासहरु स्वतः निस्क्रिय हुने कुरा निर्विवाद छ ।

एकातिर स्थानीय स्रोत परिचालन गर्ने प्रयास ज्यादै न्यून छ भने अर्कोतिर हाम्रो संरचना अनुसार जल, जङ्गल र जमिन जस्ता स्थानीय स्रोतहरु अधिकांश जनताको पहुँच, नियन्त्रण र स्वामित्व भन्दा बाहिर छन् । यस्ता स्रोतहरु ठूला बडा कै अधीनमा छन् र गरिब निमुखाहरु यसबाट बञ्चित छन् । त्यसकारण सा.वि.सहरूले एकातिर स्थानीय स्रोत परिचालन गर्नु पर्ने छ भने अर्कातिर स्थानीय स्रोतमा गरिब निमुखाहरूको पहुँच र नियन्त्रण बढाउन जनवकालत गर्नुपर्ने थप जिम्मेवारी पनि छ ।

**स्थानीय स्रोत परिचालनमा विजय विकास स्रोत केन्द्र :**

विजय युवा क्लबको नाममा स्थापित विजय विकास स्रोत केन्द्रको स्थापना नै स्थानीय स्रोत परिचालनबाट भएको हो । स्थानीय तहमा युवाहरु सङ्गठित भई आफ्नै ठाउँमा एउटा संस्था हुनुपर्छ भन्ने भावनावाट प्रेरित भएर गाउँले सबैले आर्थिक, भौतिक, सामाजिक र मानवीय स्रोत परिचालन गरेर संस्थाको स्थापना गरिएको हो । संस्था दर्ता हुनु अघि नै दाताको अनुदानबाट १० लाख सम्मको

फर्निचर खरिद गरेर स्थापना भएका र दाताको अनुदान रोकिएको क्षणमै बन्द हुन सक्ने "ठूला" भनाउँदा संस्थाहरुको लागि यो भन्दा ठूलो लज्जास्पद स्थिति अर्को हुन सक्दैन ।

विजय विकास स्रोत केन्द्रले धेरै समयसम्म स्थानीय स्रोत परिचालन गर्दाको पीडा र त्यसबाट प्राप्त भएको सुखद परिणाम दुबैको अनुभव भोगेको छ । त्यसैले होला यस संस्थाले सँधै कार्यक्रम कार्यान्वयन र संस्था सञ्चालनमा स्थानीय स्रोत परिचालनलाई केन्द्रबिन्दु मान्दै आएको छ। ५ हजार रुपैयाँ साथमा हुँदा ५ लाखको काम शुरु गर्ने हिम्मत यहाँका सदस्यहरुमा आउनु यसै अनुभवको परिणाम हो ।

**स्थानीय स्रोत परिचालन कार्यविधिकै रूपमा :**

विजय विकास स्रोत केन्द्रले संस्थागत स्वरुप धारणा गरिसकेपछि धेरै दातृ संस्थाहरुले आँखा लगाए र आफ्ना कार्यक्रम यस संस्थामार्फत् सञ्चालन गर्न पाएमा सफल भइने आशाले अनुदान दिन तयार भए। धेरै ठूला कार्यक्रम सञ्चालन पनि भए। यस कममा संस्थामा दाताको दवाव पनि पर्‍यो दाताका धेरै शर्तहरुको पालना पनि गर्नु पर्‍यो तर स्वावलम्बन प्रर्बधन र स्थानीय स्रोत परिचालनको अनिवार्यतामा संस्थाले कहिल्यै पनि सम्झौता गरेन । फलस्वरुप कपिलवस्तु, पर्वत, सँखुवासभा, सिन्धुपाल्चोक, तनहुँ, डोटी लगायत अन्य धेरै जिल्लाहरुमा स्थानीय स्रोत परिचालनबाट संस्थागत विकास र स्वावलम्बन प्रबर्धन गर्न यो संस्था सफल भएको छ । विजय विकास स्रोत केन्द्रले आफ्नो कार्यक्रम कार्यान्वयन र संस्था सञ्चालनमा मात्र स्थानीय स्रोत परिचालन गरेको होइन यसलाई त संस्थाले एउटा कार्यविधि कै रुपमा स्थापित गरी नमुना नै तयार गरेको छ। संस्थाले प्रबर्धन गरेको यस कार्यविधिको अनुसरण गरेर सञ्चालन भएका अन्य धेरै संघ-संस्थाहरुले पनि दिगो रुपमा संस्थागत विकासमा सफलता हासिल गरिरहेका छन् । कपिलबस्तुको कालिका स्वावलम्बन सामाजिक केन्द्र र सिद्धार्थ सामुदायिक विकास केन्द्र, पर्वतको इम्प्रेड नेपाल, संखुवासभाको किदुक समाज र किमाथाङ्का स्वाबलम्बी समुहहरु यसका उदाहरण हुन् ।

**भौतिक पूर्वाधार विकास :**

भौतिक पूर्वाधार खडा गर्न विजय विकास स्रोत केन्द्रले हासिल गरेको सफलता स्थानीय स्रोत परिचालनको अर्को नमुना हो । कुनै पनि दातृ संस्थाको एक पैसा अनुदान नलिई तयार भएका संस्थाका आफ्नै ५ वटा ठूला भवन छन् । यी भवनहरुले संस्था सञ्चालनको लागि चाहिने भवनलाई तिर्नुपर्ने भाडा जोगिएको छ। अर्कोतिर ४ वटा भवन सहितको चेतना सदन परिसरको सञ्चालनबाट संस्थाले वार्षिक करिब १२ लाख रुपैयाँ खुद सञ्चित गरी दिगो रुपमा संस्थागत विकासको नमुना देखाएको छ । एकपल्ट चेतना सदन परिसरमा सञ्चालित तालिमका सहभागीहरुको सम्मानमा आयोजित सामुदायिक अभिनन्दनको अवसरमा पूर्वी नेपालको एक सामाजिक विकास संस्थाका अध्यक्षले विजय विकास स्रोत केन्द्रका साथीहरुसंग यसरी भौतिक पूर्वाधार खडा गर्ने उक्ति सिकाई दिन अनुरोध गरेथे। विजय विकास स्रोत केन्द्रका सदस्यहरुले दिनु भएको जवाफ बडो सटिक थियो । उहाँहरुले भन्नु भएको थियो "यो एकै दिनमा तयार भएको भौतिक पूर्वाधार होइन । यी पूर्वाधारहरु समस्त गैंडाकोटबासीको लगन, पसिना र आफ्नो संस्थाको विकास गर्नुपर्छ भन्ने धारणाको प्रतीक हो। यी सबै पूर्वाधार निर्माणमा तपाइहरु जस्ता तालिमका सहभागीहरुको योगदान छ। तपाइले यहाँ बस्दा गर्नुभएको दुःखले १/१ वटा ईटहरु थपिएको छन् । तपाईहरुले एक गाँस कम

खाना खाँदा यसका भित्ताहरुमा एक इञ्च रंग लागेको छ । यो सबैको सद्भावको प्रतीक हो ।" यी उद्गारहरुले सवै गाउँलेको माया, लगन र संस्थाको विकास गर्नुपर्छ भन्ने भावना अनि धेरै जनाको थोरै थोरै सहयोग र योगदानबाट स्थानीय स्रोत परिचालन गरी ठूला ठूला काम गर्नु सकिन्छ भन्ने कुराको पुष्टि हुन्छ ।

**बचत तथा ऋण :**

विजय विकास स्रोत केन्द्रले स्थानीय स्रोत परिचालनको एउटा साधनको रुपमा बचत तथा ऋण कार्यक्रमलाई अङ्गीकार गरेको छ । एउटा तालिमका सहभागीबाट दैनिक ५० पैसा बचत गरी शुरु भएको बचत आन्दोलनले विकू बचत तथा ऋण सहकारी संस्था लिमिटेडको रुप लिएपछि विजय विकास स्रोत केन्द्रलाई बचत तथा ऋण प्रबर्धन गर्ने थप हौसला मिल्यो । फलस्वरुप विकू देशकै अग्रणी बचत तथा ऋण सहकारी संस्थाको रुपमा विकसित भयो भने यसैलाई प्रेरणाको स्रोतको रुपमा लिई नवलपरासीमा धेरै सहकारी स्थापना गरी प्रशस्त रकम बचत परिचालन गर्न विजय विकास स्रोत केन्द्रले महत्वपूर्ण योगदान पुऱ्याएको छ। यसले धेरै सहकारीलाई स्थानीय स्रोत परिचालनबाट स्थानीय सङ्गठन निर्माणगरी संस्थागत विकासको सन्देश पुऱ्याएको छ ।

**जनशक्ति विकास :**

हाम्रो जस्तो गरिब मुलुकको लागि मानव संसाधन नै सबै भन्दा महत्वपूर्ण र भर पर्दो स्थानीय स्रोत हो। विजय विकास स्रोत केन्द्रले संस्थामा दक्ष जनशक्ति उत्पादन गरी संस्थाको दिगो सञ्चालनको दरिलो आधार खडा गरेको छ । विभिन्न विषयमा तालिम सञ्चालन गर्न सक्ने प्रशिक्षक कार्यक्रम कार्यन्वयन गर्न सक्ने विज्ञ, अनुसन्धान गर्न सक्ने विशारदहरु तयार गरी आफ्नो संस्थामा मात्र नभई देशका बिभिन्न स्थानमा समेत सेवा पुऱ्याउन सक्षम भएको छ । यसबाट सदस्यहरुलाई रोजगार प्राप्त भएको छ भने संस्थालाई पनि गतिलो आम्दानी भएको छ । दातृ संस्थाबाट प्राप्त हुने तालिम अवसरमा मात्र भर नपरी संस्थाले सदस्य र कर्मचारीहरुको क्षमता वृद्धि गर्न आफ्नो बजेटमा नै व्यवस्था गर्ने गरेको छ । यसले नेपालका अन्य समाजिक विकास संस्थाहरुलाई सदस्यहरुको क्षमता वृद्धि गरेमा संस्थालाई आम्दानी हुने रहेछ भन्ने कुराका साथै क्षमता वृद्धिका लागि संस्था आफैले लगानी गर्नुपर्ने रहेछ भन्ने पाठ पनि सिकाएको छ ।

**उपसंहार**

स्थानीय स्रोतको महत्व र यसको परिचालनबाट प्राप्त हुने सुखद परिणामले गर्दा संस्थाको दिगो सञ्चालनको लागि स्थानीय स्रोत परिचालन गर्नैपर्ने हुन्छ । अर्कोतिर बाहिरि स्रोतमा हुँदै आएको क्रमिक कमी र विभिन्न प्रकारको मान्नै नहुने खालका शर्तहरुले गर्दा पनि स्थानीय स्रोतको अपरिहार्यतालाई अझ बढाएको छ । विजय विकास स्रोत केन्द्र लगायत नेपालका अन्य थुप्रै संस्थाले स्थानीय स्रोत परिचालनमा गरेका प्रयासहरु उल्लेखनीय त छँदैछ र यस्ता प्रयासले राम्रा परिणामहरु पनि देखाएका छन् । यति हुँदाहुँदै पनि अधिकांश स्थानीय स्रोत परिचालनका प्रयासको मूल जरो विदेशी स्रोत नै रहेको छ । यसलाई क्रमिक रुपमा हटाउँदै जानु पर्दछ । स्थानीय स्रोत परिचालनलाई आम नेपालीको मूल्य र मान्यतासंग जोड्न सक्नुपर्दछ। यसलाई संस्कारकै रुपमा स्थापित गराउन सक्नु पर्दछ । विजय विकास स्रोत केन्द्रद्वारा "विजयश्री" पुरस्कारद्वारा सम्मानित संस्थाका संस्थापक व्यक्तित्व स्व. स्वामी परमानन्दज्यूले सप्ताह वाचनवाट स्कूल, कलेज निर्माण गर्नका लागि स्थानीय स्रोत परिचालन गरेको उदाहरणबाट हामीले सिक्नुपर्दछ। स्कूल बनाउन चन्दा माग्न गएमा कमैले सहयोग गर्छन। मूल्य, मान्यता, परम्परा र संस्कारसँग जोडिएको हुनाले धेरैले सप्ताहमा रकम चढाए -

स्कूल बन्यो-जनताले आफैले स्कूल बनाएको महसुस गरे - स्वामित्व कायम भयो - अनि सबैले रेखदेख गरे । यसैलाई सबैले सबै कार्यक्रम सञ्चालनमा आत्मसात् गर्नुपर्दछ ।

विजय विकास स्रोत केन्द्रले स्थानीय स्रोत परिचालनलाई कार्यक्रम सञ्चालनको एउटा कार्य विधिकै रुपमा प्रयोग गरेको छ । यसको साथै संस्था सञ्चालनमा पनि स्थानीय स्रोत परिचालन गरी योगदान पुऱ्याएको छ । तर अझै पनि विजय विकास स्रोत केन्द्रले स्थानीय स्रोतमा गरिब निमुखाहरुको पहुँच, नियन्त्रण र स्वामित्व सुनिश्चित गरी जनतालाई स्रोत सम्पन्न बनाउन सहयोग पुऱ्याउँदा स्थानीय स्रोत परिचालन गरेर कार्यक्रम सञ्चालन गरेको भन्दा बढी योगदान पुग्दछ । अब यस दिशातर्फ सोच्ने बेला आएको छ ।

✡✡✡


## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वर्षमा प्रवेश गरी मनाउन गइरहेको रजतजयन्ती को सुनौलो अवसरमा संस्थाको अहर्निश प्रगतिको कामना गर्दछु ।

प्रो. रमेश मरासिनी

**संगीता लाइट सेन्टर/लामिछाने ढुवानी सेवा**

नारायणगढ, चितवन फोन : ५२१०८७

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको रजतजयन्तीको सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दयाराम पौडेल

**मालिका हार्डवेयर**

गैंडाकोट-८, नवलपरासी

# अनुभवबाट धेरै कुरा सिक्न सकिन्छ

- अशोकराज पोखरेल

विजय विकास स्रोत केन्द्रमा मैले करिब चारवर्षसम्म आफ्नो जीवनका महत्वपूर्ण अनुभवहरू संगाल्न पाएँ । मेरो लागि त्यस संस्थामा काम गर्दाका हरेक पल र क्षणहरू अविस्मरणीय रहेका छन् । वि.सं. २०५३ मा प्रशासकीय अधिकृतको रूपमा नियुक्त भएर जानुपूर्व क्यासिनोमा काम गरेको अनुभव भए तापनि कार्यालय सञ्चालन सम्बन्धी व्यावहारिक ज्ञान भने मसँग थिएन । प्रशासकीय क्षेत्रमा म नौलो व्यक्ति भए तापनि काम गर्दै सिक्दै जाने अवसर पाएँ । त्यसो हुनुमा संस्थासँग Learning by doing को पर्याप्त दृष्टिकोण थियो । तसर्थ मलाई काम गर्न कहिल्यै असजिलो महसुस भएन । मैले आफूभन्दा पाकाहरूको अनुभवबाट धेरै कुरा सिक्ने अवसर पाएँ । संस्थाले हामीलाई यतिसम्म आकर्षित गरेको थियो कि हामीहरू बिहान झिसमिसेदेखि राती अबेरसम्म पनि खट्यौं । यहाँसम्म कि हामीहरू कहिलेकाहीं कामको सिलसिलामा कार्यालयमै पनि रात बिताएका छौं । त्यतिखेर मलाई कहिल्यै पनि नरमाइलो लागेन । बरु आन्तरिक इच्छाशक्ति, स्वस्फूर्तता र संस्थाप्रतिको मायाले सदैव काममा अभिप्रेरित गरिरहन्थ्यो । यसरी त्यहाँ काम गर्ने दौरानमा आफ्नो भुमिका इमान्दारीका साथ निर्वाह गरें भन्ने मेरो दृढ विश्वास छ । त्यसपछिका करिब तीनवर्षसम्म संस्थामार्फत मैले पूर्वी पहाडी, विकट तर मनोरम जिल्ला भोजपुरमा सेवा गर्ने अवसर पाएँ । भोजपुरमा हामीलाई संस्थामा सिकेका कुराहरूलाई प्रयोग गर्ने ठूलो अवसर प्राप्त भएको थियो । संस्थाका अनुभवहरूलाई मात्रै पनि आदानप्रदान गर्दा हामीले भोजपुरमा ठूलै उपलब्धि हासिल गरेका थियौं । त्यहाँ रहँदा संस्थाले हामीलाई आफ्नो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म काम गर्ने छुट दिएको थियो । संस्थाले हामीलाई बेलाबेलामा सल्लाह, सुझाव तथा प्रेरणा दिइरहन्थ्यो, जसबाट हामीलाई काम गर्ने थप ऊर्जा मिल्दथ्यो ।

एउटा गा.वि.स. वा एउटा जिल्लाको मात्रै नभएर देशकै गै.स.स. क्षेत्रको अग्रणी संस्थाको रूपमा रहेको विजय विकास स्रोत केन्द्रमा मैले जुन अनुभवहरू संगाल्न पाएँ, जसलाई म गौरवको विषय ठान्दछु । प्रचारात्मक अभियानमा केही पछि देखिए तापनि यस संस्थामा एकपटक पुग्ने जो कोही पनि आश्चर्यचकित भएर फर्कन्छन् । समुदायमा युवाशक्तिहरू एकजूट भएर काम गर्‍यो भने के हुन सक्दोरहेनछ भनेर आफैलाई प्रश्न गर्न बाध्य गराउँछ, यस संस्थाले । "विकास भनेको एकैचोटि हुने कुरा होइन, न त अरुले ल्याइदिने नै हो । यो त क्रमिक र निरन्तर प्रयासको उपज हो"- भन्ने कुरालाई यस संस्थाले आत्मसात गरेको पाएँ । जसको उदाहरणस्वरूप यस संस्थाले आफ्नो दशकौंको क्रमिक र निरन्तर प्रयासबाट भौतिक, आर्थिक र मानवीय संसाधनको महत्तम विकास गर्न सफल भएको छ । त्यसैले भन्न कर लाग्छ, यो संस्था एउटा खुला पुस्तकालय हो, जहाँ हरेक वस्तु, चीज र व्यक्तिहरूबाट केही न केही सिक्न सकिन्छ । सोही बमोजिम मैले पनि आफ्नो क्षमताले भ्याएसम्म सिकें । विजय विकास स्रोत केन्द्रमा मैले काम गर्दा "अनुभवबाट धेरै कुराहरू सिक्न सकिन्छ, निरन्तरता सफलताको सिँढी हो, आपसी विचारको आदानप्रदानले ज्ञानमा अभिवृद्धि हुन्छ" आदि जस्ता धेरै कुरा सिक्न पाएँ ।

विजय विकास स्रोत केन्द्रमा काम गर्ने सिलसिलामा मैले केही कुराहरू गुमाएँ पनि हुँला, तर गुमाएको भन्दा धेरै गुणा मैले पाएको छु । मैले ती कुराहरू सिके, जुन मेरा लागि आज पनि त्यतिकै महत्वपूर्ण छन् र जीवनपर्यन्त उपयोगी हुनेछन् भन्ने कुरामा मेरो अटल विश्वास छ ।

अन्तमा, एउटा जीवन्त इतिहास बोकेको संस्थाले आफ्नो रजत जयन्ती मनाउने यस पुनीत अवसरमा शुभकामनाका शब्दहरू व्यक्त नगरिरहन सक्दिनँ ।

✡✡✡

# WOMEN'S SELF-EMPLOYMENT PROGRAMS AND FEW IGNORED ISSUES

- Nita Neupane

Employment for women is a fundamental human right. Many development projects/ programs are increasingly stressing creation of self-employment for women as a means of women's empowerment. We have overwhelming evidences that women's paid work, not only raises the quality of life of a particular family but also contributes to upliftment of the society at large. There are growing realizations among government agencies, NGOs and donors that support for women's self employment creation, helps face up to the growing challenges of economic poverty, child labor, girls'/women's trafficking, girls education, family health, empowerment of women and gender inequalities.

Thanks to such realization. Over the past few years, efforts have been made, to develop and implement projects and programs focussing on supports for women's self-employment creation, although these efforts are limited to a micro-level. These programs mainly include support for high value vegetable production, livestock raising and micro-enterprise development with strong emphasis on micro-credit services. Despite these efforts, success of these programs both in terms of addressing poverty and gender imbalances has been very limited.

**1.** To date, many donors and NGOs have concentrated their efforts on supporting production and marketing of high value vegetables as a means of achieving wider poverty reduction, economic development and gender balance. Recognition of women's significant contribution to agriculture sector and increasing feminization of agriculture has resulted in a major shift over the past few years towards women as key target group. Some success has been achieved. Some of these women and their families are helped out of poverty. For some, this is a legitimate strategy for women's economic empowerment and gender equality. Many programs use the number of women farmers trained in vegetable production as a key success towards achieving gender equality.

As yet there has been no studies that examine whether such programs are successful in ensuring real economic power of women. Do such programs have real impact on alleviating poverty of very poor families? At the beginning of the programs, low production scale is maintained targeting only local markets. This is not wrong in itself. It allows mistakes in the beginning stage and since loss is not very high, women are not discouraged. When women gain more experience, more confidence and are ready for expansion, the usual 3-4 year project period ends here. But without support, women alone are not confident enough to diversify their markets. Given the complexities associated with marketing of vegetables beyond the local markets, these women can not be expected to do more than generating small income for the survival of their own family. These women continue to struggle on the margins. Unless these women are convinced that if they made mistakes or

required new kinds of supports there is some one behind them to support, they will not choose to commercialize their production. But there are no organizations, neither government nor NGOs, to whom women can turn to for more comprehensive support required to take these small-scale production activities beyond subsistence level after the projects end. Women farmers have to face many difficulties to access the locally available mainstream services. Besides, mainstream services mainly include production related supports. These women need detailed marketing services, which have not yet received the proper attention from the mainstream service providers.

The existing scale of production is not big enough to create wage labor from what very poor women and men could benefit nor is the earning of the producing households big enough to reinvest so as to create multiplier effect. But the vegetable production support, which is meant for benefitting small scale farmers, is growing so widely that cereal production, which is the critical means of livelihood for the poor, is terrible dwindling. Technology supports are widely targeted for vegetable production. Effective supports that recognize and attempt to redress this situation are required to arrest national poverty.

It is also necessary to examine if such programs have increased women's life choices and empowered them or are creating contradictions between the need to repay loans taken for purchasing the costly seed, chemicals and irrigation facilities and fulfill wider family expectations and community responsibilities as group members.

**2.** The other common program that aims at poverty reduction through increasing participation of women is livestock raising. There have been efforts from the government, NGOs and donors to develop and implement such programs. The programs place strong emphasis on the credit aspects of the support. Donors who are behind such programs see their finance revolving and reaching to a large number of women and have thus made the micro-credit programs very attractive option. This has created an environment for regular and easy credit sources for women. Family members are usually supportive as they are getting credit through the women and the livestock is also a good source of cash income. Livestock development programs also seem to have been relatively successful in terms of establishing effective links between the target women and mainstream financial and technical service providers.

Animal health is a major risk and quite often women lose their livestock due to unavailability of treatment on time. This problem can be reduced to a greater extent by providing training to potential women to become Village Animal Health Workers (VAHW) and building their capacity to sell their services in a business -like approach. The existing government training programs should be adapted to make it more suitable for women trainees. The 35 days long duration of the training often discourages women to participate. There are good models developed by few private training institutions, which are almost half in duration and more effective as their curriculum includes more practical exercises.

Evidences indicate that a number of women have been helped out of poverty but again economic empowerment of women and gender equality is possibly still a far cry. In these programs too, unfortunately, gender equality is measured against the number of women who have accessed credit. The factors like women's mobility, access to markets, control over household decision making and women's social status play a major role towards empowering women and improvements hinge on the development workers' strong commitment and considerable time, sometimes added cost too. Projects/programs often give little emphasis to those aspects as they do not produce immediate quantitative impact.

**3.** During the past two decades, Donors and NGOs have talked a lot about developing micro-enterprises. A number of projects have been developed and implemented in different parts of the country, most of which have targeted women as key participants. The earlier projects mainly focussed on micro-credit services. As a result different models of rural micro-finance institutions have been established throughout the country. While this has clearly created a favorable environment for women's enterprise development, this has not been sufficient to lead to successful enterprises, increased income of women and real economic power of women. Some of these projects also included short training to help women start-up micro enterprises but their effort mainly focused on micro-credit services. The services required by women to be able to compete in changing markets and to achieve growth of their business beyond the start-up were ignored. The recognition of the need to address these complex issues has been growing among the donors and NGOs. Recent women's enterprise development programs have placed considerable emphasis on the enterprise development support services together with the credit aspects. There has been a growing understanding that women, to become successful entrepreneurs need comprehensive range of supports. Despite this, many programs have failed to create successful women's enterprises. Few enterprises that have shown positive signs from income point of view have no confirmed indications towards real economic empowerment of those women. A number of women enterprises and the income generated are used to judge the success/ performance of these programs. There is a need to identify real empowerment indicators and measure the performance of those programs that are making huge investments aiming at women's empowerment and gender equality.

Recommendations based on experiences from various programs have already indicated that there is a need to create an environment congenial for successful women's enterprises to maximize the potential economic benefit that can be gained from women's effective participation in enterprises and for adequately addressing gender imbalances. The macro issues identified are the fiscal and legislative improvements especially to increase women's access to mainstream financial services, comprehensive business development

services and conducive family and community environment.

While this may require longer time to make improvements in those aspects, there are micro issues that can be addressed in short run, towards the development of successful women's enterprises. 1/The enterprises selected are such that they have no growth potential. Support staff has a pressure to meet the target, which is often the number of entrepreneurs. If the target is number of women employed by each enterprise and its potential to move beyond the saturated local markets, chances are higher that more viable enterprises are selected for support. 2/ the services provided are just start -up supports without any support guarantee for follow-up business development services beyond the project period. The support staff needs to be competent enough to develop linkages among the women entrepreneurs, private sector buyers and mainstream service providers. Front line support staff's competency and their commitment play the major roles. 3/among rural women the motivation and commitment to succeed as an entrepreneur is found very low. Awareness raising on the enormous contribution women can make in the economic benefit of their families, communities and the nation should be an important component of women's enterprise development programs. 4/marketing the product is a discouraging factor for women to become entrepreneur. A lot of confidence building is required to make a woman think she is capable and can sell her products in different markets. Assured marketing strategy can become a good strategy to build this confidence for the first few years of the start-up of the enterprise.

✡✡✡


हार्दिक शुभकामना

वजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको रजतजयन्तीको सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

*राजुप्रसाद पौडेल*
कार्यक्रम संयोजक

एवम्

*रामप्रसाद पौडेल*
अध्यक्ष

**विकासका लागि वातावरण संरक्षण सेवा परिवार**

लुंखु, देउराली जोरकाफल, पर्वत

## हार्दिक शुभकामना

समाजिक सेवा एवं विकासको क्षेत्रमा विजय विकास स्रोत केन्द्र आगामी दिनमा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्न सकोस् भन्दै संस्था स्थापनाको २५ औं वार्षिकत्सव तथा रजनजयन्तीको पावन अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । विजया दशमी एवं शुभदीपावली २०६० को पावन अवसरमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक-शिक्षिका, संघ-संस्था एवं शुभचिन्तकप्रति आयु आरोग्य तथा सुख-शान्ति एवं सम्मृद्धिको उत्तरोत्तर प्रगतिको साथै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# कालिका मा. वि. परिवार

गैडाकोट, नवलपरासी

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष

भेषबहादुर थापा एवं

# निगाली स्वावलम्बन विकास केन्द्र

निगलीहवा, १ कपिलवस्तु

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खाद्यान्नको थोक बिक्रेता

प्रो. भानु सापकोटा

# काशी खाद्य उद्योग

गैडाकोट, नवलपरासी

# COMMUNITY-BASED CONFLICT TRANSFORMATION AND PEACE BUILDING

*Dr. Thomas Mark Turay*
*Coady International Institute Canada*

**Introduction**

In 1997 Coady participants expressed a strong desire to learn community-based approaches to conflict transformation and peacebuilding. Against this background, non-credit workshops were organized in 1997 and 2000. The positive feedback received from the participants led Coady to offer this course as an elective in 2001. In the same year, the course was identified as one of the institute's strategic areas. The purpose of this course is to enhance participants' capacity to develop a deeper understanding of the principles and practices of community-based conflict transformation and peacebuilding. The course is divided into two modules. *Module 1* focuses on *peace*, while *Module 2* concentrates on *conflict*.

The purpose of this paper is to describe two examples of participatory techniques that participants learn to identify indicators of peace and peacelessness and critically analyze the root causes of conflicts within their communities and organizations and ways of building cultures of peace.

**Coady's Approach to Building Intra-community and Organizational Peacebuilding.**

The Coady approach emphasizes that building a culture of peace within local communities is a life-long process. Informed by the principles of the Antigonish Movement, Coady believes that peace is a fundamental human right. Peace is therefore, fundamental to sustainable development. Building a culture of peace requires the commitment of community members to find alternatives to all forms of violence. It involves creating a community and or working environment that promotes:

- The absence of physical and structural violence.
- Gender equity and equality.
- Social justice. Justice in this context means the fair distribution of public resources and power. It also means giving every individual in society equal opportunities and access to resources and information that are critical to their existence and well being, and the sustainability of their society and non-human environment.
- Respect for human and earth rights.
- Democratic governance.
- Economic, political, cultural, religious and social freedoms.
- Spiritual awareness.
- Environmental sustainability.
- The absence of discrimination and violence against children, young people, the elderly and the physically and mentally challenged.
- The absence of internal and external exploitation of human and non-human resources.
- Tolerance of cultural, religious, ethnic/tribal and racial diversity.
- The absence of racism and sexism.
- The inclusion of the voices of indigenous people and other marginalized groups in their own development.

**Participatory Peacebuilding and Conflict Transformation Techniques**

The course consists of a variety of participatory and experiential methods, including role-plays, problem-solving techniques, small group discussions, peace songs, proverbs and symbols. These techniques enable participants to critically analyze the sources of conflict and peacelessness including, the wider socio-economic, cultural, religious and political causes as well as allowing them to explore constructive and non-violent approaches to building cultures of peace both at local and global levels. Below are two examples of problem-solving techniques participants have found to be very useful. With reference to the sate of peace in their Southern context, participants in the 2001 course came up with the following analytical framework;

## Intra-community Peace and Peacelessness Indicators' Framework

| Indicators of Intra-community Peace | Indicators of Intra-community Peacelessness |
|---|---|
| • Popular participation in community activities, projects, festivals, etc.<br>• Gender equality and equity.<br>• Food security and safe drinking water.<br>• Popular participation in major decision making processes.<br>• Power sharing.<br>• Respect for human rights.<br>• Democratic leadership.<br>• Equitable distribution of public resources.<br>• Respect for religious, ethnic and racial diversity.<br>• Access to good and affordable educational and health facilities<br>• Job opportunities for the unemployed.<br>• Racial and ethnic harmony.<br>• Recognition of importance of spirituality in individual and community life.<br>• Presence of women, young people, indigenous people and physically challenged people in positions of power.<br>• Protection of environment against misuse.<br>• Transparent and accountable community leadership. | • Abuse against women and children.<br>• Exploitation of child labour.<br>• Dictatorial leadership.<br>• Illiteracy.<br>• Food insecurity.<br>• Intolerance of ethnic and racial differences.<br>• Racism.<br>• Gender bias.<br>• Religious intolerance.<br>• High rate of violent conflicts<br>• Poor health facilities<br>• Environmental pollution<br>• Discrimination against indigenous people and other marginalized groups.<br>• Incidences of sexual abuses<br>• Bribery and corruption<br>• Mismanagement of public resources.<br>• Hunger and malnutrition.<br>• Diseases.<br>• Environmental violence.<br>• Lack of popular access to basic human needs (education, health, shelter, etc.). |


Participants realized that this framework enables community members to identify their indicators based on their vision of a peaceful community. It also helps them to focus on their core values and aspirations. Indicators of peace and peacelessness also enable group members to monitor and evaluate their state of peace.

**But-why Method: A Participatory Conflict Analysis Technique**

The *But-why* Method, which is adapted from David Werner - author of "*Where There is No Doctor*" - has the following stages:

- Firstly, the group using this tool must first agree on the name of the conflict and identify the parties involved.
- In the second stage, the group brainstorms on major causes of the conflict and agrees to analyze at least four of them. Using the *But-why* Method, the causes of each of these major causes are further analyzed in order to generate another layer of causes.
- At every layer of the causes the group discusses what strategies could be used to address the issues raised. If further analysis is required, the group continues to ask the question *But-why* until no more causes can be identified.
- The final layer of causes represents the root causes of the conflict and at this stage the group agrees on what they can do to address the root causes they have identified.
- This technique can be used to analyze the root causes of any type of conflict or problem. The following illustration is from some participants in the 2001 Diploma program.

**Intra-family conflict**




This analysis enabled the participants to realize that in order to deal with this conflict constructively, issues such as the lack of jobs, male dominance, illiteracy, low income, lack of gender policy, dishonesty and misuse of power should be addressed. Reflecting on the relevance of the knowledge and skills learnt from the course to her work, Clotilda Ndezi, a 2001 course participant from Kenya writes: ...*My organization is in very big financial problem. We are trying to be self sufficient, but it's very tough...The skills I got have been very helpful at this time as we also experience a lot of misunderstanding and frustrations...*

This paper has briefly described one of Coady's educational approaches to enhancing the capacity of its Southern partners to explore alternatives to violent responses to intra-community and organizational conflicts. In conclusion, it is worth noting that the current sicio-economic and political instability faced by many countries in the world, especially in the South, is an indication that building cultures of peace is one of the greatest challenges facing development workers in the 21st Century. It is a challenge that Coady is committed to face together with its Southern partners. ✡✡✡

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको रजतजयन्तीको सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
*विष्णु पौडेल*
**सामाजिक विकास संस्था जिल्ला समन्वय समिति**
तौलिहवा, कपिलवस्तु

अध्यक्ष
*पोमनारायण पौडेल*
**गैसस महासंघ जिल्ला शाखा**
तौलिहवा, कपिलवस्तु

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वर्षमा प्रवेश गरी मनाउन गइरहेको रजतजयन्तीको सुनौलो अवसरमा संस्थाको अहर्निश प्रगतिको कामना गर्दछौं ।

प्रेमप्रसाद सापकोटा
अध्यक्ष एवं
**नेपाल स्वावलम्बन विकास संघ (NSDO)**
गैंडाकोट-६, नवलपरासी

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले २५ औं वर्षमा प्रवेश गरी मनाउन गइरहेको रजतजयन्तीको सुनौलो अवसरमा संस्थाको अहर्निश प्रगतिको कामना गर्दछौं ।

**नेशनल ट्रेड सेन्टर**
नारायणगढ, चितवन


भेटवार्ता

# देशमा नैतिकता र इमान्दारिताको सङ्कट छ

वि.सं. २०१८ सालमा लम्जुङ्ग दुराडाँडा चन्द्रेश्वर गा.वि.स.मा जन्मनु भएका श्री शरद न्यौपाने हाल संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहायक आवाशीय प्रतिनिधिको रुपमा कार्यरत हुनुहुन्छ । अध्ययनको सिलसिलामा उहाँले नि.मा.वि. सम्म स्थानीय तहमा र मा.वि.स्तरको पढाइ चितवनबाट पुरा गर्नु भएको हो । त्यसपछि उच्च शिक्षातर्फ कृषि अर्थशास्त्रमा थाइल्याण्डबाट स्नातकोत्तर गर्नु भएको छ । कामको अनुभवमा श्री ५ को सरकारको कृषि सेवामा ७ बर्ष जति काम गर्नु भएको छ यसका अलावा क्यानेडियन गैसस CECI मा ५ बर्ष र डेनिस राजदूतावासमा ७ बर्ष बरिष्ठ अधिकृतको रुपमा काम गर्नु भएको छ । हाल UNDP मा विकेन्द्रीकरण र मानवअधिकार सम्बन्धी कार्यक्रमहरुमा संलग्न हुनुहुन्छ । अध्ययन र जागिरको सिलसिलामा एसिया र युरोपका केही देशहरुमा भ्रमण गरिसक्नु भएका श्री न्यौपानेसँग विजय विकास स्रोत केन्द्रद्वारा प्रकाशित रजत जयन्ती स्मारिकाका लागि श्री इन्द्रराज ज्योति पौडेलले लिनु भएको वार्ताको मुलअंश यहाँ प्रस्तुत गरिएको छ :–

☛ *तपाई सरकारी तथा अन्य क्षेत्रमा नलागी यस क्षेत्रमा लाग्ने प्रेरणा कहाँबाट पाउनु भयो ? र यस क्षेत्रमा किन लाग्नु भयो ?*

✍ सरकारी सेवामा प्रवेश गरेको पाँच वर्षमा मैले वितरक इन्टरनेशनलबाट उच्च शिक्षाको लागि छात्रवृत्ति प्राप्त गरेको तर अध्ययन विदा नपाउँदा सरकारी जागिरप्रति मलाई त्यति आकर्षण भएन । साथै सरकारी नीति नियम, निर्णयको लामो प्रक्रिया, स्रोत र साधनको सीमितता आदि कारणले आफूमा भएको ज्ञान, सीपलाई पूर्णरुपमा सदुपयोग गर्न सक्ने अवस्था नभएकोले त्यस क्षेत्रबाट यो क्षेत्रमा लागेको हुँ । यहाँ खुल्ला वातावरण, समुदायसँग प्रत्यक्षरुपमा काम गर्न पाइने, आफूले जानेका कुरा समुदालाई सिकाउन र समुदायबाट पनि सिक्न पाइने हुँदा मलाई यही क्षेत्र नै राम्रो लाग्यो र यही क्षेत्रलाई नै निरन्तरता दिने विचार गरेको छु ।



**शरद न्यौपाने**

☛ *आजभोलि सु-शासनको कुरा धेरै उठ्ने गरेको छ । सु-शासन भनेको के हो र यसले समेट्ने मुख्य-मुख्य कुराहरु के के हुन् ?*

✍ कुनै पनि राज्यसंयन्त्रले गर्ने क्रियाकलाप होस् वा गैरसरकारी संघ-संस्थाले गर्ने काम होस् हरेकको क्रियाकलापमा पारदर्शी ढङ्गबाट सहभागितात्मक रुपले पूर्ण जवाफदेहितामा आधारित रही काम गर्ने प्रक्रियालाई नै सु-शासन भनिन्छ । यस भित्र मुख्यतया ६ वटा छन् कुराहरु पारदर्शीता, जनसहभागिता, जवाफदेहिता, भरपर्दोपना, विकेन्द्रीकरण र प्रजातान्त्रिक अभ्यास पर्दछन् । सु-शासनको कुरा गर्दा सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता, नियन्त्रण र पहुँच अति आवश्यक पर्दछ ।

☛ *अहिले सबै क्षेत्रमा यसको कमी/अभाव भएको महसुस गरिएको छ, यसका कारण के-के होलान् ?*

✍ अहिले हाम्रो देश नेपालमा सबै क्षेत्रमा यसको ज्यादै कमी भएको महसुस गरिएको छ । जता हेर्‍यो त्यतै विकृति र विसङ्गति, भ्रष्टाचार, हिंसा व्याप्त छ । कोही कसैप्रति उत्तरदायी छैन । यसका मुख्य कारणहरु राज्य सञ्चालनमा होस् वा निजीक्षेत्र/गैससको सञ्चालनको क्षेत्रमा होस्

त्यसमा संलग्न व्यक्तिहरुको निजी स्वार्थ, पारिवारिक स्वार्थ, राजनैतिक स्वार्थ र अहम्पना नै मुख्य यसका कारक तत्व हुन् । हरेक व्यक्तिले आफ्नो कर्तव्य र अधिकारको वास्ता गर्दैनन् । के गर्दा आफूलाई बढी फाइदा हुन्छ त्यसैको लागि मानिसहरु मरीमेटका छन् । देशमा नैतिकता र इमान्दारिताको सङ्कट छ । सबै क्षेत्रमा नै यस्तै अवस्था भएकाले राष्ट्र, राष्ट्रियता र समाजप्रति कसैले पनि चासो नदेखाउने परिपाटीले गर्दा हरेक क्षेत्रमा सु-शासनको कमी महसुस गरिएको छ ।

*☛ यसलाई सुधार गरी सु-शासन स्थापना गर्न कुन कुन क्षेत्र (सरकार, बजार, नागरिक समाज) ले के-कस्तो भूमिका खेल्नु पर्ला ?*

✍ सर्वप्रथम यसका लागि सबैले सबैको दायित्व बुझ्नु पर्दछ । राष्ट्र र समाजप्रतिको दायित्व प्रस्ट हुनु पर्दछ र त्यसबाट कसैले बाटो बिराउँछ भने राज्यसंयन्त्रले नियन्त्रण तथा तत्काल आवश्यक कार्वाही गर्नु पर्दछ । यसका अलावा हरेक नागरिकलाई आफ्नो हक, अधिकार र कर्तव्यप्रति सधैं सजग हुने वातावरण तयार गर्नु पर्दछ । यसका लागि राजनीतिमा सर्वप्रथम शुद्धीकरण हुनुपर्छ र आदर्शको पालना गर्नु पर्दछ । किनभने राजनीति नै हरेक क्षेत्रमा प्रभाव र नियन्त्रण गर्ने माध्यम हो । यसका लागि नागरिक समाज पनि चूप लागेर बस्नु हुँदैन । नागरिक समाजमा रहेका सचेतवर्गले सरकारी पक्ष तथा अन्य क्षेत्रमा भएका गलत कामहरुको टिका-टिप्पणी र भण्डाफोर गरी हरेक पक्षलाई सही बाटोमा हिँड्न र सही काम गर्न दवाव दिने र रखवालीको काम गर्नु पर्दछ । त्यस्तै निजी क्षेत्रले पनि नाफा मात्रै नहेरी आम समुदायको हितलाई ध्यान दिनुपर्छ । सेवाको भावनालाई सर्वोपरि ठान्नुपर्दछ तब मात्र देशमा सु-शासन कायम हुन सक्दछ । सु-शासन कायम हुने वित्तिकै देशले प्रगतिको बाटो लिन्छ ।

*☛ यहाँले पारदर्शिताको कुरा गर्नु भयो त्यसो हो भने नेपालमा कार्यरत वैदेशिक संघ/संस्था, गैरसरकारी संघ-संस्थाले काम गर्ने तौर-तरिका तथा कार्यक्रममा कत्तिको पारदर्शिता, जवाफदेहिता र जनसहभागिता भएको देख्नुहुन्छ त ?*

✍ कत्तिपनि कुरा नलुकाइकन भन्ने हो भने यी सबै कुरा सिद्धान्तमा सबैकोमा छन् व्यवहारमा कसैकोमा पनि छैन । केही संघ/संस्थाहरुको बारेमा त भ्रष्टाचारका कुराहरु खुलेआम निस्कने गरेका छन् । जन-सहभागिताको नाममा कोठामा नै बसेर योजना बनाइन्छ र कार्यान्वयनको पक्षमा पनि लक्षित वर्गमा स्रोत र साधन नपुगी बिचमा नै हराएर जाने अवस्था छ । यति हुँदाहुँदै पनि केही सामाजिक संघ-संस्थाहरु सु-शासन कायम गरि लक्षित वर्गको जीवनस्तर उकास्न लागि परेको देखिन्छ । गै.स.स.राजनैतिक धाराणाबाट प्रेरित हुन सञ्चालकहरु नीति नियम र परिधिभित्र नबस्नु र सरकारी नीति नियम कार्यान्वयनमा फितलो हुनुले गं.स.स.मा कार्यशील जवाफदेहीहरु र जन-सहभागीतामा रुचि भएको देखिन्छ । समग्रमा भन्नु पर्दा केही मात्रामा यस क्षेत्रमा प्रयास भएको छ तर गर्नु पर्ने काम धेरै बाँकी छ ।

*☛ सु-शासनको प्रत्याभूति दिलाउन सरकारी निकायले के-कस्तो भूमिका खेल्नुपर्ला ?*

✍ सरकारी निकायमा पनि हरेकको काम, कर्तव्य, अधिकार र जिम्मेवारी प्रस्ट हुन पर्दछ । हरेक कर्मचारी चाहे सचिव वा पियन होस् मेरो जिम्मेवारी

भनेको जनसेवा हो र त्यसैको लागि मैले पारिश्रमिक तथा यो पद लिएको हुँ भन्ने सोच्नु पर्दछ । मैले के गर्न हुन्छ ? र के गर्न हुँदैन भन्ने कुरा सोचेर व्यवहार गर्नु पर्दछ । हरेक कामको प्रतिफल सकारात्मक होस् र लक्षित वर्गमा पुगोस् भन्ने कुरामा सचेत हुनु पर्दछ । राज्यले जनतालाई दिनुपर्ने आधारभूत सेवा र सुविधाहरु के-के हुन् साथै नागरिकको हैसियताले राष्ट्रप्रतिको जिम्मेवारी के हो ? सबैलाई जानकारी गर्न सक्नु पर्दछ । राम्रो काम गर्नेलाई पुरस्कार र पद उन्नती , नराम्रो काम गर्नेलाई दण्ड जरिवनाको व्यवस्था गर्नुपर्छ । अनावश्यक दरवन्दी र कार्यालय खर्च कटौती गर्न सरकारी संयन्त्र चुस्त र दुरुस्त पारिनु पर्दछ । सेवा सुविधामा थप र क्षमता विकासका अवसरको सिर्जना गरिनु पर्दछ । हरेक कार्यक्रममा विकेन्द्रीकरण हुनु पर्दछ । सरकारले सहजकर्ताको भूमिका खेल्नु पर्दछ । हाम्रो देश नेपालमा प्रजातन्त्रको संरक्षणको लागि नै ४ वर्ष अगाडि विकेन्द्रीकरण ऐन आयो यसले नीति निर्माणदेखि कार्यक्रम सञ्चालन, अनुगमन, मूल्याङ्कनका साथै स्थानीय स्रोत साधन परिचालन गर्न स्थानीय निकायलाई अधिकार दिएको छ । हाम्रो जस्तो भौगोलिक दृष्टिले कठिन र सामाजिक विषमताको देशमा गर्दा विकेन्द्रीकरण बिना काम गर्न कठिन छ । प्रजातन्त्रको जग जनता हुन्, जनता बलियो भएमात्र प्रजातन्त्र रहन्छ र राष्ट्र रहन्छ ।

***☛ आफ्ना कार्यक्रम लगायत हरेक क्षेत्रमा सु-शासनको प्रत्याभूति दिलाउन गैससले के-कस्तो भूमिका खेल्नु पर्ला र खेल्न सक्छन् ?***

✍ सर्वप्रथम त हामी संस्थाभित्र बस्ने मानिसहरुको चरित्र र व्यवहार ठीक हुनु पर्‍यो । जे गर्छौं त्यही भन्ने र जे भन्छौं त्यही गर्ने बानी हुनु पर्‍यो । हाम्रा कार्यक्रमहरु योजना तर्जुमाको शुरुदेखि अन्तिमतहसम्म प्रक्रियाको हरेक तहमा जनसहभागिता, पारदर्शीता र जवाफदेहितामा आधारित हुनु पर्छ । विदेशी निकायहरुले पनि आफ्ना हरेक कार्यक्रमलाई सोही अनुसार लैजान सक्नु पर्दछ । गैससले मूलतः नागरिक समाजलाई सङ्गठित गर्ने, चेतना क्षमताबृद्धि गरेर उनीहरुलाई सक्षम बनाई सु-शान्तिको लागि जनदवाव सिर्जना गर्न सक्ने खालको भूमिका खेलेमा दिगो विकास र गरिबी निवारण सम्भव हुने छ ।

***☛ अन्त्यमा यस पत्रिका मार्फत् हाम्रा पाठकहरुलाई केही भन्न चाहनु हुन्छ कि ?***

✍ अन्त्यमा गैससले विशुद्ध सेवाको भावनालाई अंगिकार गरेर विपन्न वर्गको उत्थानको लागि कार्यक्रम लैजानु पर्दछ । यस्ता कार्यक्रमहरुलाई अत्यन्त पारदर्शी र सहभागितामूलक सिद्धान्तको आधारमा सञ्चालन गर्नु पर्दछ । गैससले सरकारी संयन्त्रको विकल्पको रुपमा नभैकन साझेदारीको रुपमा काम गर्दै जानु पर्दछ । सरकारी निकायहरुबाट पनि राम्रो काम गर्ने गैससको उच्च मूल्याङ्कन र कदर गर्नु पर्दछ । आर्थिक हिनामिना गर्ने कार्यदक्षतामा ख्याल नगर्ने र ठगी गर्ने गैससको पहिचान गरेर त्यस्तालाई हतोत्साहित गरिनु पर्दछ । नेपाल जस्तो अत्यन्त गरिब भौगोलिक विकटता भएको देशमा गैससलाई गाउँ गाउँमा सही ढंगले परिचालन गर्न सकिएको खण्डमा गरिबी निवारणको लक्ष्य छिटै हासिल गर्न सकिने छ । स्थानीय तहमा समुदायमा आधारित स्थानीय गैससको कार्यक्रम नै बढी प्रभावकारी हुने देखिएको छ । यसका लागि गैससको क्षमता अभिवृद्धि र स्रोत साधन परिचालनमा विशेष जोड दिनु पर्ने देखिन्छ ।

✡✡✡

# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्रको **रजतजयन्ती**को उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको कामना सहित विजया दशमी तथा शुभ दीपावलीको पुनीत उपलक्ष्यमा सम्पूर्ण डोटी जिल्लाबासीहरुमा हार्दिक मंगलमय शुभकामना टक्याउँदछौं ।

रुद्रप्रसाद पौडेल
स्थानीय विकास अधिकारी *तथा*

## जि. वि. स. को कार्यालय परिवार

डोटी

# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वर्षमा प्रवेश गरी मनाउन गइरहेको **रजतजयन्ती**को सुनौलो अवसरमा संस्थाको अहर्निश प्रगतिको कामना गर्दछु ।

हरिप्रसाद सापकोटा
अध्यक्ष

## फिरी-हर्दी मोटरबाटो समिति

गैडाकोट-१, नवलपरासी

# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
लक्ष्मी कुमारी मेधासी

*तथा*

**कार्यकारी निर्देशक**
**विश्वप्रकाश प्रसाई**

राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संगठन (NESDO)
परिवार, कुश्मा, पर्वत

# बाल कार्यक्रम र हाम्रो समाज

- मोहन शर्मा

**पृष्ठभूमि :**

विगत एक दशकदेखि बालबालिका सम्बन्धी विशेष चर्चाहरु हुने गरेका छन् र यो बढ्दो क्रममा छ । यो एउटा राम्रो र सह्रानीय पक्ष हो, यसले बालबालिकाहरुको उज्ज्वल भविष्य सुनिश्चित गर्ने प्रयास गरेको छ। यिनै विभिन्न मुद्दाहरुका माध्यमद्वारा बालश्रम उन्मूलन गर्ने नाराहरु पनि त्यत्ति नै चर्को स्वरमा सुनिन्छन् र बालश्रमिकको संख्या घटाउनका लागि विभिन्न परियोजनाहरु सञ्चालित भइरहेका पनि छन् । अधिकांश विदेशी सहयोगमा सञ्चालित भइरहेका परियोजनाहरुको आफ्नै लक्ष्य र प्राथमिकता हुने गरेको देखिन्छ। यसका लागि श्री ५ को सरकारले आफ्नो मौलिक धारणा र निर्दिष्ट रणनीतिहरु तय गर्नु भन्दा दातृसंस्थाहरुको चाहनाहरुलाई सहज बनाइदिने भूमिका निर्वाह गरेको देखिन्छ । अझ स्पष्ट रुपमा औंल्याउने हो भने 'बालश्रम' को किटानी परिभाषा पनि हामीहरु (नेपालीहरु) बीच स्पष्ट भइसकेको छैन । त्यसमा पनि 'बालश्रम विरुद्ध' को भावना अन्तस्करणमा जान त धेरै समय लाग्ने देखिन्छ । यिनै कारणहरुले होला बाह्य सहयोगका परियोजनाहरुले बाहिरी वातावरण मात्रै बनाउने गर्दछन् तर जबसम्म आन्तरिक अवस्थामा परिवर्तन हुँदैन, त्यो टिकाउ हुन सक्दैन । आखिर किन होला हाम्रो अन्तर भावनालाई यस अभियानले चाहेजति रुपमा प्रभावित गर्न सकेको छैन । यसका लागि हाम्रो समाजका परम्परा जो सामाजिक, आर्थिक र धार्मिक पक्षले डोऱ्याउने गरेका हुन्छन्, त्यसलाई विश्लेषण गर्न बाधाहरु देखिन्छन् । सामाजिक संरचना र त्यसभित्रका मूल्य मान्यतालाई सकारात्मक र नकारात्मक पक्षबाट विश्लेषण गरी केही व्यावहारिक विकल्पहरु सहितका योजनाहरु बन्न सकेमा निश्चय पनि बालश्रम विरुद्धका भावनाले अन्तस्करणमा प्रभाव पार्ने देखिन्छ ।

**हाम्रो समाजभित्र बालबालिका विरुद्धको सोचाइ :**

गरिबी, अशिक्षा र अज्ञानताले भरिएको नेपाली समाजमा विकासका नयाँ धारणाहरुले जरो गाड्न गाह्रो पर्दछ । धेरैजसो भौतिक विकासको अपर्याप्ततामा जेलिएको समाजभित्र मानवीय विकासका धारणाहरु फस्टाउन सक्दैनन् । त्यसमा पनि विभिन्न जनजाति र रहन-सहनमा मौलाएको सामाजिक संरचनामा एके पटक, एउटै सोचको विकास पस्न गाह्रो हुन्छ । त्यस समाजमा प्रत्येक परिवार भित्र लोग्ने, स्वास्नी, आमा, बाबु, छोरा, छोरी र बुहारीहरुको काम कर्तव्यहरु स्पष्ट किटान गरिएको हुन्छ र ती सामाजिक दायराभित्र बस्न समाज बाध्य हुन्छ । किन भने त्यसको विकल्पको व्यवस्था अझै त्यहाँ पुगेको छैन । अशिक्षित र गरिब समाजको आय भन्नु नै उनीहरुको शारीरिक श्रम हो । त्यसलाई पनि महिला र पुरुष भनेर दुई भागमा वर्गीकरण गरिएको हुन्छ। कुनै पनि परिवारका नवसदस्य (बालक-बालिका) ले सो परम्पराको ढाँचाभित्र बसेर हुर्कने गर्दछन् । ठूलो भएर आफ्नो निर्णय दिन सक्ने अवस्थामा पुग्दा पुरानै परम्परा अनुशरण हुनु पर्दछ भन्ने सोच राख्दछन्। यसप्रकारका सामाजिक परिपाटीलाई हाम्रो बाह्य दृष्टिकोणबाट एकै साथ ठीक र बेठीक भन्न गाह्रो पर्दछ। उनीहरुको समष्टिगत जीवन चक्रमा हाम्रो टेवाले एउटा छेउमात्र छोएको हुन्छ, त्यसैलाई नै पूर्णआधार मानि उनीहरुको सामाजिक संरचनामा प्रभाव पार्ने हाम्रो (बाह्य संस्थाको) प्रयास हुन्छ। तर त्यस प्रयासबाट उत्पन्न हुने नकारात्मक वा सकारात्मक प्रभावका बारेमा प्रयास गर्ने संस्थाले जिम्मेवारी लिन चाहँदैन । त्यसैले कुनै पनि समाजभित्र आन्तरिक

प्रभाव पार्नका लागि त्यसैभित्रका जिम्मेवार व्यक्तिहरु नै सक्षम हुनु पर्दछ र उनीहरुको निर्णयमा आन्तरिक प्रतिबद्धता झल्किएको देखिनु पर्दछ। हालको अवस्थामा हाम्रो समाजमा बालबालिकाको विकासबारे पनि विभिन्न धारणाहरु आउने गरेका छन्। ती सबै धारणाहरु हाम्रो समाजले एउटै स्वरुपबाट बुझेको हुँदैन। उदाहरणका लागि शिशु विकास केन्द्र (ECD) लाई शहरी समाजले हेर्ने र हुर्काउने दृष्टिकोण, ग्रामीण समाजले त्यसलाई हेर्ने र उपयोग गर्ने दृष्टिकोणमा धेरै नै भिन्नता छन्। त्यसैले होला धार्मिक गुरुहरुले सामाजिक परम्परालाई धर्मसँग गाँसेर - पाप लाग्छ, गर्न हुँदैन भन्ने चलन बसेको।

बालश्रमको बुझाइ यस समाजलाई अझ जटिल कुरा हो। कुन र के अवस्थाको कार्यलाई बालश्रम शोषण भन्ने ? यस्तो धारणाबारे हाम्रो समाजमा आन्तरिक छलफल हुने गर्दैन, यदि गरिहाले पनि बाह्य संस्थाको अग्रसरतामा या बाह्य सहयोग भित्र्याउने उद्देश्यले मात्र। किन भने जुन अवस्थाको 'बालश्रम' का विशेषताहरु चित्रण गरिन्छ, सो अवस्थाबाट नै हालको नेपाली समाजका नीति निर्माता र अभिभावकहरु आएका हुन् अतः उनीहरुलाई बालबालिकाहरु त्यस अवस्थामा बस्नु वा हुनु कुनै असामान्य लाग्दैन। तर बाह्य संस्थाहरुलाई परियोजना प्रस्तावना राख्दा वा छलफल गर्दा उनीहरुको सहमति वा धारणाहरु राख्ने गरिन्छ र बाहिरी रुपमा अझ चर्को नारा वा बैठकमा बोल्ने गरिन्छ। ति सबै भनाइहरुलाई विभिन्न सञ्चार माध्यमहरुले एकात्रित गरी विभिन्न माध्यम मार्फत हामीहरुले पाउने गर्दछौं र निष्कर्ष निकाल्ने प्रयास गर्दछौं, यहाँ धेरै नै परिवर्तन आइसकेको थियो के यी परिवर्तन नै यथेष्ट हुनन् त ? यिनै प्रकारका प्रयासहरुको निरन्तरता नै आवश्यक हो कि, यसको रुपान्तरण चाहिएको हो हामी आफैले किटान गर्न आवश्यक छ।

अधिकांश ग्रामीण परिवेशमा हुर्केर शहरी परिवेशमा बसेका व्यक्तिहरुबाट शहरीकरणको योजना भित्र ग्रामीण विकासबाट निदिष्ट सञ्चालन प्रक्रिया अवलम्बन गरिएको हुन्छ। यस्तै-यस्तै नै छ यस (नेपाली) समाजको बाल विकास सम्बन्धी धारणामा पनि निम्न र मध्यमवर्गीय परिवारको धारणामा बालश्रम गर्नु गराउनुलाई सामान्य मान्दछन् भने उच्च र अभिजात्य वर्गभित्र श्रम शोषण गर्नु, घरायसी नोकर चाकर राख्नु नै मान-प्रतिष्ठाको सूचक हो भन्ने ठानिन्छ। अतः यस्तो विसंगति अंगालेको समाजले बालश्रम उन्मूलन गर्नका लागि यस्तो प्रतिबद्धता देखाउला ? सायद आउँदो नयाँ पुस्तामा केही परिवर्तन अन्तस्करणमा आउँदछ कि ?

**निष्कर्ष :**

बालश्रमलाई हाम्रो समाजले हेर्ने दृष्टिकोणमा व्यावहारिक परिवर्तनको आवश्यकता छ। यसका लागि हाम्रो आफ्नै चिन्तन, सोच र निचोड आफैले निकाल्न प्रयास गर्नु पर्दछ। व्यक्तिको सोच, पारिवारीक सोच र सामाजिक सोचका बारेमा छलफल गरी निचोड निकाल्न आवश्यक छ। अन्यथा हाम्रो विकास अधुरो र कृत्रिम मात्र हुने छ।

सामाजिक परिवर्तनले विकास जनाउँदछ, यसका लागि स्थानीय संस्थाहरुको ज्यादै गहन भूमिका हुने गर्दछ। समाजलाई डोऱ्याउनु, समाजमा नयाँ उत्साह जगाउनु, समाजमा भर र विश्वासको बाटो तयार पार्नुका साथै आमूल परिवर्तनका सोचहरुलाई व्यावहारिक रुपमा स्थानान्तर गर्नु पनि स्थानीय संस्थाहरुको जिम्मेवारी हो। अतः बालबालिकासित आबद्ध भएको संघ-संस्था र व्यक्तिहरुले बालश्रमको उन्मूलन र बाल बालिकाको विकासबारे आफ्नो मौलिक सोच र प्रतिबद्धता किटान गरी सोही अनुरुप काम गर्न सके राम्रो हुनेछ।

✡✡✡

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# नेपाल परिवार नियोजन संघ

जिल्ला शाखा चितवन

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. चूडामणि पौडेल

# सुलभ छापाखाना

नारायणगढ, चितवन

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# ग्लोबल नेट प्रा. लि.

नाराणगढ, चितवन फोन : ०५६-५२०६५६

# खण्ड 'ग'

# सफलताका कथाहरू

# आँसी नाम्लो चटक्कै छोडी नयाँ बिहानीको शुरुवात

यो घटना डोटी जिल्ला मुढेगाउँ वडा नं.४ को हो । यस गाउँमा एउटै टोलमा ३ जना छिमेकी सहेलीहरु थिए जो विद्यालय जाने उमेरमा अमिलो मुख बनाउँदै हरेक दिन आँसी नाम्लो भिरेर उकाली र ओराली गर्दै किताबको झोला बोक्ने पिठ्यूँमा कहिले घाँस त कहिले दाउराको भारी बोकेर कलिलो उमेर त्यसै विताइरहेका थिए । उनीहरुलाई विद्यालय जाने इच्छा नभएको त होइन तर आजसम्म न त उनीहरुले भन्न सकेका थिए न त उनीहरुका बाबु आमाले पढ्न नै विद्यालय पठाएका थिए । यस्तैमा २०५८ साल पौष महिनामा एकदिन घाँस काट्न वनतिर लाग्ने बेलामा बाटोमा अरु मानिसहरुबाट उनीहरुको गाउँमा टाढाबाट (GTZ/ISCL) कार्यक्रम अन्तरगत साझेदारी संस्था (VDRC-Nepal) बाट आएका मानिसहरुले सडकनाटक देखाउन थालेको सुइँको पाए । उनीहरु तीनैजना आपसमा खासखुस गरे र त्यही बाटो नाटक पनि हेर्ने र घाँस पनि काटेर ल्याउने सल्लाह गरी नाटक देखाउने स्थानतर्फै लागे । त्यो ठाउँमा गाउँका अरु धेरै मानिसहरु पनि भेला भएका रहेछन् नाटक हेर्नलाई । उनीहरु पुगे, नाटक शुरु भयो । नाटकमा छोरा-छोरीको भेदभावका साथै नपढेकी छोरीले पछि आफ्नो जीवनमा भोग्नु परेका पीडा, व्यथा, विवाहपछि श्रीमान्ले गरेको हेला, घर परिवारले गरेको तिरस्कार, दिनरात भोक तिर्खा नभनी घोटिएर, जोतिएर, पोतिएर गरेको श्रम, त्यसको बदलामा उसले पाएको शारीरिक यातना तथा घरायसी अवस्थाको कथा सरल ढङ्गबाट गाउँलेहरुले बुझ्ने गरी देखाइएको थियो । त्यो देखेर बीच-बीचमा उनीहरु आपसमा कुराकानी गरेछन् । नाटक सकिएपछि सबै आ-आफ्नो घरतिर फर्के तर त्यहीं रहे तीनजना बाल-सहेलीहरु । खुल्ला आकाशमुनि ३ जना बसेर आपसी छलफल गरेछन् हाम्रो जिन्दगी पनि भोलि त्यही नाटकमा जस्तो भयो भने के गर्ने ? अन्त्यमा वन जानुको सट्टा तीनैजनाले आ-आफ्नो आमाबालाई पढ्न जानको लागि भन्ने निर्णय गरी घर तर्फ लागेछन् । घरमा पुगेर आफू वन नगै बिचैबाट फर्केर घर आएको कुरा घरमा सुनाएछन् । आमाबाबुले कारण सोध्दा "हामी पनि स्कुल जान्छौं आजदेखि आँसी नाम्लो छुन्नौं काटे काट, मारे मार हामी अब स्कुल जान्छौं । हामीलाई पढ्न स्कुल पठाइदेऊ" भनेछन् । पहिला त आमाबाबु अनकनाएछन् पछि उनीहरुले हत्ते हालेर अडान लिई दिउँसोको कुरा बेली विस्तार लगाएपछि तीनै जनाका आमाबाबु राजी भएछन् । भोलिपल्ट उनीहरुका आमाबाबु मुढेगाउँको बाल विकास भवनमा आई VDRC का सामाजिक परिचालक लाई भेटेर राय सल्लाह लिई छोरीहरु लिएर विद्यालय गएछन् । शिक्षकहरुले पनि उनीहरुलाई धेरै मायागरी राम्रोसँग सोध्नु भएछ । उनीहरु भन्दछन्– मलाई (कमला कुमारी बोगटी) र मेरी साथी (कमला राउत) लाई कक्षा तीनमा अर्की साथी (विम्ना कुमारी बोगटी) लाई कक्षा दुईमा भर्ना गरिदिनु भयो । उनीहरुसँग कुरा गर्ने क्रममा कसरी एकैचोटि माथिल्लो कक्षामा भर्ना भयौ त भन्ने प्रश्न गर्दा उनीहरु भन्दछन्– हामीलाई पहिले पनि पढ्ने इच्छा थियो हामीसँगैका सँगीसाथीहरु झोला बोकेर विद्यालय जान्थे हामी आँसी, नाम्लो, डोको बोकेर वन जान्थ्यौं । उनीहरुलाई देख्दा मन अमिलो भएर आउँदथ्यो । हामीले पनि पढ्न पाए कस्तो हुन्थ्यो होला जस्तो लाग्थ्यो । गाउँमा प्रौढकक्षा पढाउँदा हामी पनि पढेका थियौं । त्यसैले पढ्न पाए हामी पनि सक्छौं

भन्ने हामीलाई लागेको थियो। अहिले हाम्रो चोला फेरिएको छ, मन रमाएको छ सबैसँग स्कुल आई पढ्न र लेख्न पाउँदा, भोलि पनि राम्रै हुन्छ होला।" उनीहरु भन्छन्–"यो अफिस (GTZ/ISCL/VDRC) नआएको भए यहाँ नाटक नदेखाएको भए हाम्रो जिन्दगी त्यसै घाँस दाउरा, भीर पाखामा नै वित्दथ्यो होला। यसले हामी तिनोटीको लागि नयाँ जीवन त दिएको छ भने गाउँभरि नै नयाँ चलन पढ्ने, लेख्ने खेल्ने कुरा ल्याएको छ। भावी योजनाको बारेमा उनीहरुको मत अलि फरक पाइयो। तर पनि उनीहरुमा धेरै (I.A./B.A.) पढेर मिस, सर बन्ने धोका छ। त्यति नसके जसरी भएपनि S.L.C. गरेर गाउँ घरमानै मीस कर्मचारी बनी फेरि आँसी, नाम्लो र डोको भिर्न नपरे हुन्थ्यो भन्ने चाहना भएको कुरा व्यक्त गर्दै उनीहरु सबैलाई छोराछोरी बीच समान व्यवहार गरी पढ्न पठाएर आफ्ना छोरा-छोरीको भविष्य उज्ज्वल बनाउन सहयोग पुऱ्याउन हरेक आमाबाबुसँग विन्ती गर्न चाहन्छौ भन्दछन् क्रमश १२,१३, र १४ वर्षका विस्ना कुमारी बोगटी, कमला कुमारी बोगटी र कला कुमारी राउत मुढेगाउँ-४, डोटीका तीन बालसखीहरु।

✡✡✡


# हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको रजतजयन्तीको सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्ष

महेश्वर शर्मा

**पर्वतीय विकास मञ्च (PFD) नेपाल परिवार**

**खुर्कोट, पर्वत**

# हार्दिक शुभकामना

**विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले विभिन्न आरोह-अवरोह पार गर्दै सफलतापूर्वक २५ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा संस्थाको अहर्निश प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

माधवप्रसाद गौतम

*अध्यक्ष एवं*

**किसान बचत तथा ऋण सहकारी संस्था लि.**

गैडाकोट ८, नवलपरासी

# चर्को व्याजलाई निरुत्साहित गर्दै किदुक समाज स्वावलम्बनतर्फ

किदुक समाज भोटे जातिहरुको धार्मिक समूह हो । किदुक समाज परापूर्वकालदेखि नै भोटे जातिहरुमा अस्तित्वमा रहेको छ । विशेषगरी यसले समुदायमा पर्दा एक आपसमा सर-सहयोग आदान-प्रदान गर्ने, व्यक्ति मरेको वेला १ खाटी चामल १ खाटी जाँड, ५,१० रुपैयाँ पैसाले मरेको व्यक्तिलाई सहयोग गर्ने दुःखी समाज भनेर चिनिएको पाइन्छ । यस समाजका सदस्यले मासिक, द्वैमासिक रुपमा केही रकम सङ्कलन गरी आफ्नो समाजमा सङ्कलन भएको रकम समाज सदस्यलाई सयकडा रु.५ मा व्याजमा लगाउँदै आएको पाइन्छ। समाजको सदस्यले ऋण लैजाने तिर्ने बेलामा घरको गोरु बेची तिर्नु पर्ने जसले गर्दा यस समाजको नगद बढ्यो तर सदस्यको आर्थिक स्तरलाई झन झन् नाजुक बनाउँदै गएको पाइन्छ । यस समाजका सदस्यहरुसँग पटकपटकको छलफलले साँप्ची गुम्बा किदुक समाज चेपुवा छ "स्वावलम्बन प्रबर्धन कार्यमा लाग्ने निर्णय गर्‍यो । उक्त समाजको नेतृत्व प्रमुख लामा रिदुर भोटेले गरेको छन् । समुदायमा प्रमुख लामाको सर्वेसर्वा हुने उसको हैकम चल्ने परम्परा छ । उक्त समाजको निर्णय पश्चात् स्वावलम्वन प्रबर्धन बारे १ दिने छलफल गरियो । समाजको बैठक मासिक गर्ने बचत सङ्कलन गर्ने, महिला सहभागिता बढाउने जस्ता कुरा समाजले गर्न थाल्यो । समाजमा सङ्कलित रकम मध्ये रु.१६,०००।- पेल्ट्रिक सेटमा लगानी गर्‍यो , बाँकी रकम १०,०००।- सास्कृतिक कार्यमा (धर्मकार्य, मृत्यु, विवाह) मा समुदाय सहयोग गर्ने र बाकी रु.५००० रकम समाज सदस्यको आम्दानी बृद्धि गर्ने कार्यमा लगाउने सहमति बन्यो ।

समाज व्यवस्थापनका नीति नियम तर्जुमा, व्यजनिर्धारण जस्ता कार्य VDRC को सहयोगमा उक्त समाजमा भयो । समाजको १७ जना सदस्यको सहभागितामा आयमूलक योजना तर्जुमा गरी जि.टि.जेडसंग घुम्तीकोषको सञ्चालन गर्ने साझेदारी भयो । समाजले नियमित बचत सङ्कलन, समूहको सदस्यको प्राथमिकता निर्धारण गरी विपन्न सदस्यलाई आयमूलक कार्यमा लगानी हुन थाल्यो । समाजले सयकडा रु. १.५० १८% व्याजदरमा सदस्यलाई ऋण प्रदान गर्न थाल्यो । हाल उक्त समाजका अध्यक्ष भन्नुहुन्छ- "हामीसँग पहिले पैसा थियो तर हामीलाई समाजले गरिब बनाउँदै गएको थियो, हामी अँध्यारोमा थियौं अहिले राम्रो गाउँमा विजुली छ, गाउले सदस्यले वार्षिक रु.८,९ हजार कम्तीमा आम्दानी गर्दछन् । समाजमा ऋण पनि समयमा तिरेका छन् । हाम्रो समाजमा अहिले रु. ६४,४३८ रुपैया छ । यो रकम पनि बढ्दै गएको छ । हाम्रो आम्दानी पनि बढ्दै गएको छ । हाम्रो परम्परा पनि अझ बलियो भएको छ । छुमसुर बासी अब खुशी छौं ।" उहाँले सम्पूर्ण भोटेजातिको किदुक समाज लाई आयमूलक कार्य गर्नुपर्छ व्याजदर घटाउनु पर्छ भन्दै सल्लाह दिनु हुन्छ । भोटखोलाका किदुक समाजहरुले अहिले स्वावलम्बन समुहको प्रभावले आयमूलक कार्यमा ऋण लगानी गर्ने १८% व्याजदरमा ऋण दिने प्रचलन, नियम नै बनेको छ । जसले गर्दा चर्को व्याज, ठेकी व्याज प्रथा उन्मूलन नै भएको छ । साहुको घर जाँड लिई ऋण माग्ने चलन लोप हुँदै गएको छ । समूहमा वस्ने बचत तथा ऋण परिचालन गर्ने जस्ता प्रयासहरु तीव्र गतिमा भोटे समुदायमा भएको छ ।

✡✡✡

# Safala Nepal: A Pace towards Gender Equity

In Nepal, gender relations are constructed and maintained through a complex array of factors that are formed according to social, cultural and historical circumstances. The ideology of gender is that women should be primarily housewives and secondarily workers- has justified a discriminatory wage structure, double work burdens and unequal access to technology, information, productive resources, credit training. Through domestication of women in terms of housework and child care; women are restricted from education and employment opportunities. This restriction can be rationalized in terms of the future domestic carriers that all girls as wives and mothers.

Safala Nepal from Trivenisusta – 2, Keulani, Nawalparasi is challenging the facts of gender discrimination. EEOW, Nawalparasi project had provided her and opportunity for 15 days animal health worker training organized in Chitwan during April 2001. That training helped to explore her hidden strength and supported her to come up from the clutches of traditional setup of society. If women once break that attitude they are empowered and can compete with their male counterparts in all sectors of life.

"We have found Safala as a rural veterinary doctor." said the residents of Trivenisusta VDC. Initially, she used to perform the activities like drenching, castrating, dressing and vaccination. Now, She is confident to treat any cases of animal. Up to now, she has treated more than 500 cases. Nowadays Safala is busy in treating animals. She has to check at least 2 cases daily. Dil Kumari Sapkota, resident of Trivenisusta-2, Nawalparasi said, "Had not been the Safala there, my buffalo could have been died."

Animal treatment is a part of her family income though her fee for service is considerably low and cost effective for rural farmers. Her husband said, "A housewife converted in Veterinary Technician. Thanks to EEOW-Nawalparasi." Previously she was worried about the educational expenditures of her children but now Safala Nepal wins over her anxiety. She feels economically better position in the society as compared to past living standard. She has started participating in the local development activities and local people have started listening to what she says. This is how Safala Nepal challenged the male dominated spectrum of Nepalese society.

✡✡✡


## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक **मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

अध्यक्ष

राजुप्रसाद पौडेल

एवम्

**विकासका लागि स्वाबलम्बन प्रबंधन सामाजिक समिति (Network)**

परिवार, कुश्मा, पर्वत

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामकुमार सुवेदी
अध्यक्ष एवं

# इन्द्रेणी सामाजिक विकास मञ्च

पञ्चनगर, नवलपरासी फोन : ०७८-५८०२४२

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गुणस्तर तथा आधुनिक ग्रिल,
ट्रस, सटर तथा च्यानल गेटको लागि
हामीलाई सम्झनुहोस्

**प्रो. मेघनाथ विश्वकर्मा**

## हिमालयन आइरन वर्कसप

गैडाकोट-५ न.प.

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पद्मप्रसाद घिमिरे
*गाविस अध्यक्ष एवं सचिव*

# गैडाकोट आदर्श गाउँ विकास समिति

गैडाकोट, नवलपरासी

# A CASE STUDY OF SISENI VEGETABLE PRODUCTION GROUP

### *Challenges during motivation and achievements*

Despite the plethora of research and discourses undertaken for the alleviation of poverty, many of the women are still underprivileged, and are still in traditional system of agriculture and subsistence economy. They seldom come out from the clutches of traditional setup of the society when we are busy talking about women's right, gender equality and social justice.

Siseni, ward no-8 of Dumkibas VDC, Nawalparasi district is about 7 Kilometers far from Arunkhola to Dumkibas sector of East West highway. There is a jungle between village and highway. Geographically, it lies in Binai watershed, a part of Narayani watershed. The streams are cutting and flooding the cultivated lands due to lack of proper embankment. Ethnically, the community is Magar dominated with Kumals and other castes.

Previously, the cropping pattern was rice as monoculture, which hardly meets the annual requirement of food. The cropping pattern has now been changed to vegetable mixed cropping pattern with the increase in cropping intensity. The cropping intensity in the early days was 100% but now it is 300%. Some of women used to work in other's field in low wage for their family income while others used to prepare and sell local wine for their livelihood. The traditional way of agriculture was not sufficient for education and health for most of the families residing in Siseni. Due to lack of better education, employment in off-farm activities in the village seemed to be null. Most of the women are illiterate and a few are literate but no one is SLC passed in the village.

Such a scenario in the village triggered EEOW, Nawalparasi to arbitrate the vicious circle of unawareness. EEOW, Nawalparasi provided off- season Vegetable production training to the women and conducted regular follow-up. Various method demonstration plots were prepared for adoption and dissemination of improved vegetable production techniques. Initially, farmers were reluctant to cultivate vegetables and it has been turned out to be a challenge to EEOW, Nawalparasi. But when they started to harvest vegetables and earn cash immediately after selling them in local market They analyzed the income from cereals and vegetables of a unit of land and found a drastic difference. So, it has been quite an achievement when the same women who were wage labor previously has been started to sell vegetables and earn money. Average household income per household from vegetable in Siseni is Rs.6,800. Now, They have formed a fresh vegetable production group of 25 members. Nowadays, they feel economically better position in the society and can invest without

hesitation for education and health of their sons as well as daughters. The insufficiency of food grain is also fulfilled by the income from vegetable. Income from vegetable production made women easy for clothing, ornament and other personal expenditures. Not only the women, their male counterparts also participate in off-season vegetable production.

Anisara Mashrangi, one of the poor rural women residing in Siseni has been able to catch about Rs. 16,000 by selling cucumber, pumpkin, bitter gourd and brinjal in one season of the year. Previously, she was anxious about the educational expenditures of her children and medicinal expenses of her husband who was suffered from tuberculosis. But now, she wins over her anxiety. Being an ignorant Magar woman, she doesn't have better skills of speaking. She says, " I didn't know the techniques of off-season vegetable production and never thought about such an income in the past years. So we were producing cereals in traditional way. Our family is planning to expand the area of vegetable production in the next season."

Similarly, Prithvi Maya Darlami, Gofli Darai and Tilsara Chuhan say, "EEOW, Nawalparasi (Vijaya Bikash in their words) has opened our eyes. In the past years different factors like child rearing, household work, assisting husband, lack of skills and knowledge, lack of cash resources and traditional role and custom and superstitions which are still prevalent in underprivileged society were the main constraints of women to participate in income generating activities. But nowadays we don't hesitate to participate in economic activities."

The women of Siseni are now well committed to expand the area of vegetable production in the coming days. The farmers are sensitive to the market and market phenomenon. They realized that delay in harvesting of vegetable by one day would greatly affect the per unit price of the vegetable. For that reason, they are trying to produce in off-season as far as possible. The dominant marketing channels of their vegetable are: Producer to consumer direct, producer to consumer through vendor and retailer. The farm gate price of the cucumber they produced in last year was Rs.10 per kg. The market participation of their product was 85% last year. Market participation is defined as total value of marketed products as a fraction of total value of production and expressed in percentage. Though they do not have complete knowledge of sustainable agriculture and ecological balance, they are sensitive to pesticide hazards safe vegetable production.

The noticeable achievement is that the local wine selling community started selling vegetable but integrated approach like education scheme, health and sanitation programs, time saving activities, institutional development, awareness raising programs related to social justice and women's right along with income generation activities is required for the proper development of the village. ✡✡✡

# मिर्मिरे कपिलवस्तु :
# स्वावलम्बी समूहबाट स्थानीय सहयोगी संस्थासम्म

महिला पुरुष समाज रुपी रथका दुई पाङग्रा हुन् भन्ने कुरा सिद्धार्थ सामुदायिक विकास केन्द्र कपिलवस्तुले २०५३ सालदेखि प्रवर्धन गर्दै आएका समूहहरुले चरितार्थ गरेका छन् । यी समूहहरुको कार्यतन्त्र (SHG - Network) को स्थापना २०५४ साल फल्गुन महिनामा भएको थियो । यस कार्यतन्त्रमा कपिलवस्तु जिल्लाका बाणगंगा मोतिपुर गा.वि.स.मा गठन भएका समुहहरु पर्दछन्। समूहका सदस्यहरुको आर्थिक, सामाजिक अवस्था कसरी सुधार गर्न सकिन्छ, समुदाय विकासको लागि समूहले के गर्न सक्छ भनेर हरेक महिना बैठक बसी परेका अप्ठ्याराहरुको बारेमा छलफल हुने गर्दथ्यो । सोही क्रममा २०५५ साल भाद्र महिनाको १९ गते १५ जनाको भेलाले समूहमा बसेर सिकेको कुरा हामीले पनि अरुलाई सिकाउनु पर्छ, व्यक्तिगत रुपमा अरुलाई सिकाउनु भन्दा संस्थागत रुपमा सिकाउदा बढी प्रभावकारी हुँदोरहेछ यस्ता कुराले सहभागीलाई उचित उपायको खोजी गर्न बाध्य बनायो । समूहका प्रतिनिधिमूलक एक महिला संस्थाको स्थापना गर्नु पर्छ भन्ने महसुस गरी ९ सदस्यको तदर्थ समिति गठन गरे । सोही तदर्थ समितिले २०५५ साल मंसिर १ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा संस्था दर्ता गऱ्यो । यसको नाम मिर्मिरे कपिलबस्तु र दर्ता नम्बर १५१/०५५/५६ रहेको छ । यो संस्था गठन गर्नमा स्रोत संस्था विजय विकास स्रोत केन्द्रले पनि ठूलो हौसला र टेवा पुऱ्याएको छ ।

महिलाहरुले पनि प्रेरणा र अवसर पाएको खण्डमा केही गर्न सक्दा रहेछन् भन्ने कुरा स्वावलम्बन प्रवर्धन कार्यक्रम अन्तर्गत आफू समूहमा आवद्ध हुँदा गरेका र बुझेका कुरा गजेहडा गा.वि.स. वार्ड नं. २, हरिहरपुरका सार्कीजातका २३ घर परिवारलाई भेला गराई २०५५ षौष ९ गते दलित जागरण समूह गठन गर्दा अनुभव गरेका छन् । यो समूह गठन गर्दा एक परिवारबाट एक जना सदस्यलाई जानकारी दिनुभन्दा परिवार सबैलाई जानकारी दिन सके प्रभावकारी र दिगो हुने कुरा अध्यक्ष दिलमाया न्यौपाने व्यक्त गर्नु हुन्छ । समुह सक्रियको अवस्थाबाट प्रभावित भई सोही समुहलाई विजय विकास स्रोत केन्द्रको प्राविधिक सहयोगमा २०५६।८।८ मा जि.टि.जेड. गैर सरकारी संस्था कोष परियोजनाले धुम्तीकोषको लागि रु ३३,०००।- सम्झौता गर्ने भएपछि परिश्रमको फल मिठो हुँदो रहेछ भन्ने लाग्यो र थप समुह प्रवर्धनमा प्रेरणा मिल्यो ।

संस्थाका ६ जना आजीवन सदस्य र ९ जना साधारण सदस्यहरु मध्ये ५ जनाले मात्र एस.एल.सी. पास गरेका छन् भने बाँकी कहीले २/४ अक्षर लेखपढ गर्न सक्ने छन् भने केही ल्याप्चे लगाउने छन् । अन्य निकायको सहयोग र तालिमका माध्यमले यस संस्थाका सदस्यमा काम गर्नु पर्दो रहेछ भन्ने हौसला मिल्यो र सोही अनुसार आयमूलक कार्यक्रम, खानेपानी तथा सरसफाई कार्यक्रम, सीप विकासका तालिम, क्षमता अभिवृद्धि गर्ने तालिम समूह तथा समुदायमा सञ्चालन गरेका छन् । यस्ता कार्यक्रम तथा तालिमले संस्थाको क्रमिक रुपमा आर्थिक, सामाजिक र भौतिक विकास गर्दै समुदाय विकासको लागि निरन्तर लाग्नु पर्ने कुरा सिकेका छन् । त्यसै गरी संस्थाकी सचिव अमृता पौडेल भन्नु हुन्छ : संस्था हाम्रा छोरा-छोरी जस्तै हो, जति तिनीहरुको माया छ संस्थाको पनि त्यति

नै माया छ, संस्थाको विकासका लागि हामी निरन्तर लाग्ने छौं । संस्थाको अनुभवमा स्थानीय निकायको आवस्यकता भन्दा प्रयासलाई बढावा दिनु पर्छ । आफ्नो लागि आफै प्रयास गर्नु पर्छ, स्व-प्रतिवद्धताबाट नै अगाडि बढ्ने प्रेरणा मिल्छ भन्ने कुरालाई महत्वपूर्ण ठानेका छन् । लक्ष्यमा पुग्न सदस्य बीच एकता, आत्मविश्वास, आत्मबल, समन्वयको क्रमिक विकास हुनु पर्छ जसरी हामी एउटा समूहबाट सहयोगी संस्थाको रुपमा स्थापित हुन सहयोग पुऱ्यायो । फलस्वरुप स्थानीय स्रोत र साधन पहिचान तथा परिचालनका माध्यमबाट विपन्न बर्गमा पुऱ्याएको, ७ वटा स्वावलम्बन समूहहरु आर्थिक र सामाजिक उन्नतिको लागि क्रियाशील रहेको र केही विषयमा भएपनि तालिम दिन सक्ने जनशक्तिको विकास हुन सकेको छ ।

हाल यस संस्थाले आफ्नो संस्थागत विकास र यस क्षेत्रका विपन्न र अशक्त, असङ्गठित महिलाहरुलाई समूहहरुको प्रबर्धन गरी सहयोग पुऱ्याउँदै आइरहेको छ । विकास अभियानमा यस्ता संस्थाहरुको महत्वपूर्ण योगदान रहेछ भन्ने कुरा देखाउन सफल भएको छ । "मिर्मिरे कपिलवस्तु" विद्यमान विकास अभियानमा महिलाहरुको प्रत्यक्ष सहभागिता बढाउन उनीहरुलाई चुलो चौकोमा मात्र सीमित नराखी अवसर, सम्मान र उत्प्रेणा दिनु पर्छ जसले गर्दा उनीहरु पनि सङ्गठित भई कार्य गर्न सक्छन् र विकास निर्माणामा सहजै सहभागी बन्न सक्छन्, आजको खाँचो पूरा गर्न सक्छन् भोलिका लागि बाटो बनाउन सक्छन् भन्ने कुरा मिर्मिरे कपिलवस्तुले देखाएको छ ।

## ट्रयाक्टरकी मालिक्नी बनिन् मैयाँ विश्वकर्मा

गरे के हुँदैन र ? "भगवानले त आँट म पुऱ्याउँछु" भन्छन् भन्ने कुरा प्रमाणित गर्न सफल भएकी छन् बाणगंगा गा.वि.स. - ८ बठनपुरकी मैयाँ विश्वकर्मा । २०११ सालमा अर्घाखाँची जिल्लाको परौटी गा.वि.स. मा जन्मिएकी मैया वि.क. शिक्षाको नाममा "क" को अक्षर पनि पढेकी छैनन् । आफ्नो आमाको नाम नजान्ने मैयाको बिवाह १४ बर्षको उमेरमा भएको थियो । सानै उमेरमा बिवाह भएको हुंदा अज्ञानताका कारण ५ छोरा र ४ छोरीकी आमा बन्न बिवश भइन् । आफ्नो जग्गा जमिनको नाममा सानो टुक्रा करिब (४ रोपनी) खेत मात्र रहेको छ । आफ्नो जग्गाको उब्जनीले ४ महिना मात्र खान पुग्ने र अरु महिना खानको लागि अरुको ज्याला मजुरी तथा अधिया खेत कमाइ गरेर दुःखका साथ हातमुख जोरेको तितो अनुभव छ । श्रीमान्को धेरै पहिला नै मृत्यु भइसकेकोले घर परिवार चलाउने देखि कमाउने कुरा गर्न र सोच्न बाध्य थिइन् मैया वि.क. । घरको कमजोर आर्थिक अवस्थाका कारण छोरालाई शिक्षा दिलाउने कोशिस गरिन् तर सपना पूरा हुन पाएन । १५ वर्षको उमेरमा ५ कक्षा पढेर जेठो छोरा छिमेकी देश भारतमा बाध्यतावश मजदुरी गर्न जानु पऱ्यो । त्यसरी नै माइलो छोरा पनि १६ वर्षको उमेरमा कक्षा ६ पढ्न छोडी अर्काको टायल उद्योगमा काम गर्न जान थाल्यो गरिबीको कारणले गर्दा ।

यसरी समयले कोल्टो फेर्ने क्रममा २०५३ सालमा स्वावलम्बन प्रबर्धन कार्यक्रम अन्तर्गत GTZ र VDRC आएर संस्थामार्फत् समूहमा काम गर्न थालेका थिए सोही क्रममा कपिलबस्तु जिल्लामा स्थापना भएको सामाजिक विकास संस्था सिद्धार्थ क्लब गाउँमा अएर समूहमा सङ्गठित भै सहकारीको मूलमर्म "एकका लागि सबै र सबैका लागि एक" हुनु पर्छ भन्ने कुरा सिकाउँदा समूहमा बस्न मन लाग्यो । त्यसपछि उनी जागृति महिला

समुहमा आबद्ध भइन् । समुह बैठकमा सदस्यहरुले गर्न चाहेको काम, सीप विकासका लागि वातावरण, आर्थिक स्रोतको खोजी र परिचालन जस्ता विषयहरुमा छलफल हुन थाल्यो । बचत सङ्कलन र ऋण लगानी गर्न थालेपछि केही गर्न तत्पर हुनेका लागि स्रोतको अभाव भएन । यत्तिकैमा समूहले आम्दानी वृद्धिका लागि एउटा योजना तयार गऱ्यो । सो योजनाका विषयमा सवैले छलफल गरियो । अन्त्यमा विजय विकास स्रोत केन्द्रले सिफारिस गरी GTZ मा पठाएको योजना स्वीकृत भयो ।

आफ्नो परिवार कसरी चलाउने होला ? आफ्ना नाबालक छोराहरुलाई कसरी अरुको ज्याला मजदुरी गर्न नपठाउने होला ? भनेर मन डुलाएको बेलामा समूहमा भएको कुरा मनमा गड्यो र घरमा सोच विचार गरी माइलो छोरासँग सल्लाह गरेर छोराको सीपको सदुपयोग गर्न टायल उद्योग सञ्चालन गर्ने योजना बनाइन् मैया वि.क. ले । उनको योजना अनुसार २ महिना पछि समूहबाट रु. १०,०००।- ऋण लिइन् । त्यसपछि अरुको घरमा टायल बनाउने छोराले आफ्नै घरमा समान किनेर ल्यायो र शुरु गऱ्यो टायल उद्योग । यस उद्योगमा परिवारका सवै सदस्यको राम्रो सहयोग मिल्यो, राम्रो बजार पायो र छोटो समयमा नै प्रगति गर्न सफल भयो । यसरी पहिलो बर्ष सञ्चालन गर्दा सम्पूर्ण ऋण भुक्तानी गरी घर खर्च चलाउन सजिलो महसुस भयो । हाल उनले कामको सिजनमा ऋण लिने र कमाई भएपछि भुक्तानी गर्ने गरेकी छन् । आफ्ना उत्पादनलाई विविधीकरण गर्दै लैजाने क्रममा सिमेन्टको टायल, रिङ्ग, खम्बा, रेलिङ्ग र हौदी समेत तयार गर्न थाले यसले गर्दा राम्रो अवसरको सिर्जना गऱ्यो । यस उद्योगबाट सन्तुष्ट हुँदै मैया वि.क. ले भारतमा कमाई गर्न गएको जेठो छोरालाई पनि घरमा बोलाइन् । दोस्रो बर्षमा रु. १,५०,०००।- को सामान विक्री गर्दा रु. ५०,०००।- तेस्रो वर्षमा पनि सामान बिक्रीबाट रु. ६०,०००।- कमाइ भयो । जसले गर्दा अझ यस पेशालाई बढाएर लैजानु पर्छ भन्ने सोचको विकास भयो ।

यस पेशालाई व्यावसायिक रुपमा लैजान सामान ढुवानी गर्ने साधनको खाँचो महसुस भयो । सो अनुसार गाँउको एक जना मलिकले आफ्नो ट्रयाक्टर बेच्ने कुरा थाहा पाएर कुरा गऱ्यौं । त्यस ट्रयाक्टर रु. ४,५०,०००।- मा किन्ने टुङ्गो लाग्यो । त्यतिधैरै रकम कहाँबाट जुटाउने आफ्नो घरमा रहेको २ लाख १० हजार जति आफूसँग भएको र बाँकी रकमको लागि खेत बेच्ने निधो भयो र ४ कट्ठा खेत बेचेर २ लाख २० हजार र नपुग रकम २० हजार समूहबाट ऋण लिएर ट्रयाक्टर किनियो । यसरी आफ्नो साधन हुँदा कच्चा पदार्थ बालुवा, गिट्टी र सिमेन्ट ल्याउन र ग्राहकको घरसम्म पुऱ्याउन पनि सजिलो भयो भने पैसा पनि आफैसँग आयो । हाल सो ट्रयाक्टर र उद्योग सञ्चालन भइरहेको र त्यसबाट नाफा भइरहेको छ । घरमा साधन हुँदा अरुको ३ विगाह जग्गा अधिया कमाउन सकिएको छ भने त्यसबाट आउने ७० मुरी धानले १७ जनाको परिवार पाल्न सहयोग पुगेको छ । हाल सो परिवारमा जेठो र माइलो छोरा र जेठी छोरीले बाहेक सबै छोरा छोरीहरु स्कुल क्याम्पसमा पढ्ने गर्दछन् भने कान्छो छोराले बोर्डिङ्ग स्कुलको कक्षा ७ मा पढी रहेको छ । माइलो छोरालाई २०५९ सालको मंसिरमा १ लाख खर्च गरी साउदी अरब पठाइन् भने जेठो छोराहरुलाई घर व्यवहार उद्योग सञ्चालनका लागि जिम्मा दिइन् । साइँलो र काइँलो छोराले पढ्दै गरेको हुँदा दाजुलाई सहयोग गरिरहेका छन् भने ट्रयाक्टर चलाउन एक जना ड्राइभर राखेको छ । हाल उनको घरमा ४ लिटर दूध दिने रु. १५ हजार बराबरको भैसी जसले परिवारलाई बिहान बेलुकी दूध, ध्यू पुऱ्याएको छ भने मनोरञ्जनको लागि १७ इन्चको टि.भी.पनि छ । यसरी मैया वि.कले दुःखका दिन बिर्सेर सन्तोषका दिन काटिरहेकी छन् । ✡✡✡

# रुपी नेपालीका दुहुना भैंसी र २० हजारका आसामी

खुर्कोट युवा क्लब खुर्कोटद्वारा २०५३ साल चैत्रमा विधिवत् रुपमा प्रबर्धन गरेको जनकल्याण महिला विकास समूह जुन खुर्कोट-६ देउरालीखर्कमा अवस्थित छ । २० जना महिला सदस्यहरु आपसमा सङ्गठित छन् । जसमध्ये ७ जना दलित समुदायका सदस्यहरु समावेश भएका छन् । यस समूहमा हरेक क्रियाकलापलाई सुचारु रुपले सम्पन गर्न ७ जनाको कार्यसमिति चयन गरिएको छ । जस अनुसार सदस्यहरुबाट बचत सङ्कलन गर्ने, आन्तरिक र बाह्य सहयोगबाट सङ्कलित घुम्तीकोषलाई प्रभावकारी रुपले परिचालन गर्ने, पालै-पालो कोष घुमाउने र अन्य सामाजिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता कार्यहरु समूहले गर्दै आएको छ। सोहीअनुरुप समूहका सम्पूर्ण सदस्यहरु समूहप्रति उत्तिकै प्रतिवद्ध, एकताबद्ध र लगनशील भएर समूहबाट सहयोग लिने र दिने गर्दछन् । यसै सिलसिलामा समूहमा आवद्ध भएदेखि नै हालसम्म पनि समूहको हरेक अवसर र कार्यक्रमहरुमा साथ लिदै र दिदै आएकी छन् दलित सदस्य रुपी नेपाली । उनी आफू समूहमा लागेपछि आफ्नो सामाजिक र आर्थिक पक्षमा आएको सुधार र दलितलाई गैरदलित समाजले हेर्ने दृष्टिकोणमा आएको परिवर्तनलाई यसरी व्यक्त गर्दछिन् :

"मेरो नाम रुपी नेपाली हो । मेरो जन्म मिति एकिन नभए पनि २००४ साल तिर भए जस्तो लाग्छ । मेरो बुबा रुपे नेपालीको मेरो जन्म भएको १ वर्षपछि नै मृत्यु भएको भन्ने कुरा आमाबाट म केही बुझ्ने, भएपछि मात्र थाहा पाएकी हुँ । त्यसपछि मेरी आमा कौशिला नेपालीले मलाई गाउँघरमा अर्काको ढिकी जाँतोको काम र कृषि मजदुरी गरेर हुर्काउनु भएको हो । जब म १२ वर्षकी भएँ पुरानो परम्परा अनुसार सानै उमेरमा मेरो विवाह खुर्कोट-७ खाल्टाबाट (माइतीघर) खुर्कोट-६ देउरालीखर्कमा रुपे नेपालीसँग भयो । तर विवाह भइसकेपछि पनि २-३ वर्ष माइती घरमा नै बसी आमालाइ मेलापातमा सहयोग पुऱ्याउन थालें । जब म १५ वर्षकी भएँ तब देखि श्रीमान्को घरमा स्थायीरुपले रहन थालेकी हुँ । दलित जातिमा जन्मिएको र पारिवारिक आर्थिक अवस्था पनि अत्यन्त नाजुक भएकोले पढ्ने लेख्ने अवसर पाउनु त कल्पनासम्म पनि गर्न सकिएन । पछि श्रीमान्को घरमा आइसकेपछि पनि जीविका गर्नको लागि श्रीमान्को अज्ञानता कारणले गर्दा ७ भाइ छोरा र ३ वटी छोरीहरु जन्मिए जसले गर्दा आर्थिक बोझ आफै थपिन गयो । करिब-करिब कहिले भोको पेट कहिले आधा पेट खाएर गुजारा गर्नु पर्दथ्यो । म र श्रीमान् लगातार अर्काको काम गरी खानेकुरा जुटाउँदा पनि हातमुख जोर्न मुश्किल पर्दथ्यो । पछि छोराहरु केही ठूला भए र सामान्य कमाइ गर्न भारततिर जान थालेपछि केही बोझ हल्का हुन थाल्यो । यसैगरी समय बित्दै जाँदा केही छोराहरु अलग हुन थाले । बाँकी छोरा छोरीहरुलाई हुर्काउन र पढाउन खर्च जुटाउन अत्यन्त कठिन भइरहेको थियो । यसरी मैले हरेक उपाय गर्दा पनि घरको स्थितिमा सुधार नभए पछि उपायको खोजीमा समूहमा प्रवेश गरे । त्यसबेला समुदायमा समूहमा बस्नुपर्छ, समूहमा बसेपछि बचत गऱ्यो भने ऋण पाइन्छ, त्यसबाट केही आम्दानी गर्न सकिन्छ भन्ने लहर आयो । यसैबेला हिमकुमारी बाँस्तोला आउनु भयो र मलाई सम्झाई-बुझाई गरी जनकल्याण महिला विकास समूहको सदस्य बनाउनु भयो । पहिले त हामी दलितलाई हेलाँ गर्ने माथिल्ला जातिकाले कसरी हाम्रो हित गर्लान् जस्तो लागेर हीनताबोध हुने गर्दथ्यो । तर पछिपछि त हरेक प्रारम्भिक बैठकमा उपस्थित हुन थालें, समूहको महत्वबारे केही थाहा पाएँ, नीति-नियम बुझ्न थालें र नीति नियमको कार्यन्वयमा ध्यान दिन थालें ।

त्यसपछि समूहको व्यवहार मनपर्न थाल्यो । त्यसमा पनि समूहमा दलित वर्गलाई वास्तवमा नै प्राथमिकता दिइयो । त्यसमा घुम्तीकोषबाट पहिलो पटक ऋण लिन पाउनेमा म नै छानिएँ ।

समूहमा प्रवेश गरी सकेपछि घुम्तीकोषबाट पहिलो पटक ऋण सुविधा पाउनेमा छानिएपछि मैले रु. ४,०००।- ऋण लिएँ र एउटा राम्रो विकासी जातको बाखा किनेर ल्याएँ । उक्त बाखाले पहिलो बेतमा नै ३ वटा पाठापाठी पायो । यसरी उक्त बाखाबाट ४ वर्षको अवधिमा १८ वटा पाठापाठी जन्मिए । त्यसबाट पटकपटक गरी रु. ४५,०००।- हजार आम्दानी गरेर समूहको सावाँ ब्याज समेत तिरेँ । पछि उक्त माऊ बाखा बैलियो १ वर्ष त्यतिकै पालेर बिक्री गरेँ । सो बाट पुन बाखा खरिद गरेकी छु । यसरी समूहबाट पाएको सहुलियत ऋणबाट रु. ४०,०००।- खुद नाफा गरी यस समूहमा आम्दानी गर्न सफल सदस्यहरु मध्ये म एक नमूना बन्न सकेँ । यसमा म त खुसी छु नै म बाहेक समूहका अन्य सदस्य दिदी-बहिनीहरु समेत मदेखि खुसी हुनुहुन्छ र मलाई थप हौसला दिदै मेरो जस्तो काम गर्न अन्य दिदी-बहिनीलाई समेत प्रेरणा दिने गर्नुहुन्छ । यसरी मैले बाखा पालनबाट गरेको आम्दानीले कान्छी छोरीलाई स्कुल पढाइरहेकी छु र ऊ अहिले कक्षा ७ मा अध्ययन गरिरहेकी छ । यसै गरी सबभन्दा कान्छा २ छोरा र छोरीलाई पनि ८-९ कक्षा सम्म पढाउन थप सहयोग पुगेको थियो । पछि उनीहरु आफै पढ्न मन गरेनन् र पढाइ छाडेर अन्यत्र गएका छन् । मेरो आम्दानीले श्रीमान्लाई घरायसी खर्च नुन, तेल, लत्ता-कपडा खरिद गर्न सहयोग पऱ्याइरहेकी छु । मैले पहिले उपल्ला जातिका घरबाट मोही मागेर मात्र खाने हो हाफैले भैंसी पालेर दूध खान कहाँ सकिन्छ र भनेर सोच्ने गर्दथेँ तर कमाई गरेपछि अहिले दुहुनो भैंसी पालेर मोही मागेर होइन दूध दुहेर खान थालेकी छु । केही दूध बिक्री समेत गर्ने गरेकी छु । यसरी बिभिन्न कामबाट आम्दानी गरी बाँकी २०,०००।- रुपैयाँ ब्याजमा समूह बाहिरका अन्य व्यक्तिलाई ब्याजमा दिएकी छु ।"

यसरी रुपी नेपाली एक दलित परिवारको सदस्य भइकन पनि समूहमा सक्रिय र नमूना सदस्यका रुपमा स्थापित र परिचित हुन पुगेकी छन् । उनी अहिले आएर आफूलाई समय सापेक्ष रुपमा व्यावसायिक रुपमा रुपान्तरित गर्न सफल भएकी छन् । उनी प्रायजसो बजार आउँदा केही न केही बिक्री गर्ने कृषि र तरकारी उपजहरु लिएर आउने गर्दछिन् । आफ्नो घरको लागि आवश्यक पर्ने अन्य उपभोग्य सामानहरु लिएर फर्कन्छिन् । उनी अहिले बाखापालन मात्र होइन भएको थोरै खेतबारीमा बाखाको मल प्रयोग गरी राम्रो तरकारी उत्पादन गरी राम्रो आम्दानी गरेकी छन् । यसै गरी उनको भनाइ अनुसार महिलाहरु समूहमा सङ्गठित भइसकेपछि घरको पुरुषहरुको आम्दानीबाट मागेर इच्छा लागेको लगाउनु पर्ने खानु पर्ने अवस्थाबाट मुक्ति पाइएको र हाल पुरुषहरुबाट समेत महिलाहरुलाई तुलनात्मक रुपमा सम्मानजनक ढङ्गबाट हेरिने गरेको छ । योभन्दा पनि आफैमा महत्वपूर्ण परिवर्तन भनेको हामी दलितहरुलाई समूहमा सदस्य हुनुभन्दा पहिले त्यही समुदायको अन्य माथिल्ला जातिको घरमा गएर खाइसकेपछि त्यो भाँडामा छिटो थाप्नु पदथ्यो तर अहिले समूहमा सदस्य भइसकेपछि भाँडामा छिटो थाप्नु पर्दैन । सबैले हामीलाई सम्मानजनक रुपमा नै हेर्ने गर्नुहुन्छ । यसै गरी तपाईको सफलता र मन खुसीको श्रेय कसलाई दिनु हुन्छ ? भन्ने प्रश्नमा रुपी नेपाली भन्नु हुन्छ- "सबभन्दा पहिला त म समूहलाई दिन्छु र त्यसलाई समूहका नेतृत्वमा रहेका दिदी बहिनीलाई दिन्छु र त्यसपछि समूहलाई समेत राम्रो बाटो देखाई दिने खुर्कोट युवा क्लब अनि स्वावलम्बन प्रबर्धन कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने स्रोत संस्था विजय विकास स्रोत केन्द्र र जि.टि.जेड् लाई दिन्छु ।"

✡✡✡

# अपाङ्ग नेतृत्व : स्थानीय स्रोतको सदुपयोगतर्फ

समाज सेवी समूह बाजुङ्ग-२ बाउसे पर्वतमा राडार-नेपाल शिवालय- कुस्माद्वारा २०५३।९।१० मा प्रबर्धन भएको हो । गठनको शुरुवात देखि नै ३१ जना महिलाहरुले नियमित बचत कार्यको थालनी गरेको यस समूहले २०५३।११।२० मा जि.टि.जेड/ गै.स.स.कोष परियोजनाबाट घुम्तीकोष राडार-नेपाल मार्फत् प्राप्त गरेको हो । महिला मात्र समूहमा सदस्य रहँदा बचत तथा घुम्तीकोषको व्यवस्थापनमा कठिनाइ परेकाले र हिसाब-किताब गर्नका लागि पुरुष सदस्यहरु थप गर्ने निर्णय भए अनुरुप ४ जना पुरुष सदस्य समेत थप गएिको थियो । समूहमा कार्य सम्पादनलाई सहज बनाउन ५ जनाको कार्यसमिति बनाउने प्रावधान रहेछ । प्रति सदस्य रु.१५ का दरले बचत सङ्कलनबाट सावाँ, व्याज गरी कुल रु. ७६,७३९।- जम्मा भइसकेको छ । यसैगरी प्रति सदस्य कुल बचत मिति २०५९।७।१० सम्म रु. २,०७५।- पुगेको छ । यसै समूहका मेहनती, लगनशील र अपाङ्ग सदस्य हुन् मोहदत्त प्रसाई । उनी समूहमा पछि समावेश भए तापनि समूहलाई योगदान दिने कुरामा भने अग्रस्थानमा नै पर्दछन् । खासगरी समूहमा आय आर्जन क्रियाकलाप सञ्चालन गर्दा स्थानीय स्रोतको बढी भन्दा बढी उपयोग गर्नु पर्छ भन्ने मान्यतामा विशेष जोड दिन्छन् । हाल समूहको अध्यक्षमा समेत सर्वसम्मत मतबाट चुनिएका मोहदत्त प्रसाई समूहसँग सम्बद्ध भइसकेपछि स्थानीय स्रोत उपयोगमा आएको सुधार आफू र आफ्नो समूहका अन्य सदस्यहरुका आर्थिक पक्षमा आएको सुधारलाई आफ्नो जीवनीसँग जोडेर यसरी व्यक्त गर्छन् ।

मेरो जन्म बाजुङ्ग-२, बाउसे टोलमा २००३ साल श्रावण १६ गते भएको हो । बुवा आमाको २ भाइ छोरा भएकोमा मेरो दाजुको सानै उमेरमा मृत्यु भएकोले म एक्लो छोरो हुन पुगे । अभिभावक लगायत आफूलाई पनि त्यतिबेला शिक्षाको महत्वबारे जानकारी नभएकोले ३ कक्षासम्म पढेर त्यसपछि घरकै काममा खासगरी खेती पातीमा लाग्न थालैं । यसरी समय बित्दैजाँदा २० वर्षको उमेरमा बायाँ खुट्टा नराम्रोसँग दुख्ने र बिस्तारै खुट्टा मर्दै गयो र पछि पोखरा अस्पतालमा देखाउन जाँदा खुट्टा नै काटेर फाल्नु पर्‍यो । केही समय थला परिसकेपछि बैशाखीको साहायताले यताउति हिडडुल गरी केही घरायसी काम समेत गर्न थाले । त्यस पछि मेरो बिवाह भयो र ३ वटा छोरा र ३ वटी छोरी जन्मिए । तर आफू एकातिर अपाङ्ग छु अर्को तिर अवसर केही छैन र अवसर भएपनि स्रोत छैन । यस्तै नियतिको सामना गर्दै मेरो जीवन अगाडि बढिरहेको थियो ।

२०५२/०५३ तिर वरिपरिका समुदायहरुमा विभिन्न सङ्घ संस्थाहरुद्वारा समूह प्रबर्धन गर्ने होडबाजी चलिरहेको थियो । यत्तिकैमा हाम्रो समुदायका महिलाहरु मिलेर राडार-नेपाल भन्ने संस्थामा अनुरोध गर्न पुगैं । शुरुमा राडार-नेपालका केही सरहरु आएर महिला समूह बनाउन सहयोग गर्नु भयो र पछि ती महिलाहरुबाट मात्र समूह सञ्चालन गर्न र आर्थिक कारोबारको हिसाब किताब राख्न केही कठिनाइ भयो र मेरो पनि समूहमा मिलेर सहयोग गर्ने तिब्र इच्छालाई कदर गर्दै समूहमा प्रवेश गरियो । त्यसपछि म अपाङ्ग भएपनि समूहको हरेक क्रियाकलापमा सक्रियरुपमा सहभागी हुन थालैं । यसरी २०५४।१२।८मा मैले समूहबाट बाखा पालन व्यावसायको लागि रु. ४,०००।- ऋण पाएँ । त्यस ऋणबाट दुईवटा बाखा

किनेर पालें । त्यो बाख्रावाट ३ वर्ष भित्रमा ऋणको साँवा व्याज तिरेर २३,०००।- खुद नाफा गरें । त्यसबाट मैले घर मर्मत गरी टिनको छाना हालें जस्मा १६ हजार खर्च भयो । बाँकी नाफाले गोठ र भकारो सुधार गरी व्यवस्थित बनाएँ ।

अपाङ्गको हिसाबले बसेर गर्ने कामको सीप सिक्न धेरै भौतारिए साधारण बाँसको चोयाबाट डोको, डालो, नाग्लो, नाम्लो जस्ता सर-समान बुनाइको काम गाउँका पुराना व्यक्तिहरुसँगबाट अलिअलि सिक्न पुगेको थिएँ तर त्यसको राम्रो ज्ञान थिएन । समूहमा आबद्ध भइसकेपछि केही पैसा खेलाउन थाल्यौं र यतिकैमा राम्रा बाँसको सामान किनेर घरमा ल्याउने र त्यसलाई फुकाएर पुनः बुन्ने गर्न थालें, जसले गर्दा एकातिर सीप हासिल गर्न सकें भने अर्को तर्फ स्थानीय रुपमा खेर गइरहेको बाँसजन्य वस्तुहरुको सदुपयोग गर्ने, त्यसबाट आफूले आम्दानी पनि गर्ने र समुदायलाई शिक्षा पनि दिन सकेको छु । अन्तमा त्यो कामलाई मैले व्यावसयिक रुपमा सञ्चालन गर्न थालें । डोका, डाला, नाग्ला, मान्द्रा, भकारी, नाम्लो जस्ता सामान बुनेर वर्षमा १५/१६ हजार थप कमाई गर्न थालें । हुनत म अपाङ्ग भएका कारण अपाङ्ग समाजद्वारा चक बनाउने तालिम पाएको थिएँ तर त्यसबाट राम्रो कमाई भएन र बाँसको समान बनाउने उद्योगतिर लागें । अझै बाँसका साना सजावटका सामान बनाउने कामतिर लग्ने रहर छ र त्यसलाई भविष्यमा पूरा गर्नेछु ।

यसरी पैसाले पैसा तान्छ, सीपले सीप सिकाउँछ, जोसले जाँगर बढाउँछ भने जस्तै मलाई मेरो सफलताले अरु सफलता तर्फ डोऱ्याउन थाल्यो । मैले पुनः दोस्रो पटक बाँसको सामान बनाउन कच्चा पदार्थ खरिद गर्न रु ४,०००।- घुम्तीकोषबाट ऋण लिएँ । त्यसबाट पनि साँवा ब्याज समूहलाई फिर्ता गरी नाफा कमाएँ । त्यसको कमाइबाट बाँसको सामान बनाउने काममा लगानी गरेको छु । यसै गरी बाखापालन व्यवसायलाई निरन्तरता दिन २०५९।६।१५ मा रु.२,०००।- पुनः बचत कोषबाट ऋण लिएर काम गर्दैछु ।

यसरी मोहदत्त प्रसाई आफ्नो सफलताको कथालाई ब्यक्तगरी सकेपछि आफू अपाङ्ग हुनुमा कत्ति पनि हीनताबोध मान्दैनन् । उनी आफू सरहका सपाङ्गद्वारा समाजले जति पाएको छ त्यो भन्दा बढी आफू अपाङ्ग भएर पनि दिन सकेको मा गौरव गर्छन् । उनले अहिले आफ्नो घर व्यवहार चलाउन मात्र हैन पूरै समुदाय र छिमेकी समुदायमा समेत समूहमा लाग्नु पर्छ, समूहमा लागेपछि आफ्नो मात्र होइन सबैको उन्नति गर्न सकिन्छ भन्ने गर्दछन् । उनको छिमेकी गाउँमा समेत समूह प्रबर्धन गर्न सघाउने तीब्र इच्छा छ । हाल केही समय अधिदेखि समूहको अध्यक्ष पदमा समूहका सम्पूर्ण सदस्यहरुले सर्वसम्मत ढङ्गले चुनेर राखेका छन् । त्यसप्रति उनी अत्यन्त सन्तुष्ट र आभारी पनि बनेका छन् । यसैगरी उनी मात्र होइन् उनका परिवारका अन्य सदस्यहरु २ वटा छोराहरु जो कक्षा ६ र ९ मा अध्ययन समेत गरी रहेका छन् उनीहरुले आफ्ना बुबाको हरेक उद्देश्यमा आफ्नो तर्फबाट सहयोग पुऱ्याइरहेका छन् । मोहदत्त प्रसाईको अगुवाइमा गर्न लागिएका समूहका धेरै क्रियाकलापहरु सफल भएका छन् । जस्तै मन्दिर निर्माण, सामुदायिक वन हस्तान्तरण र वृक्षारोपण आदि कार्यमा समूह र समूह बाहिरबाट समेत महत्वपूर्ण सहयोगहरु जुटेका थिए । तसर्थ उनीलाई समुदायद्वारा एक अपाङ्गको रुपमा मात्र नहेरी एक सफल नेतृत्व दिने, सफल व्यावसायिक, एक स्थानीय स्रोतप्रेमी रुपमा समेत हेरिने गरिएको छ ।

✡✡✡

# प्रौढ कक्षा पढेर आँखा खुले

बासुदेवी महरा दिपायल सिलगढी नगरपालिका वार्ड नं. १२ सिखौंलीसेनमा बस्छिन् । उनको उमेर ४५ वर्षको छ । उनको परिवारमा छोरा र छोरी छन् । उनी विधवा महिला हुन् ।

आजभन्दा २ वर्ष अगाडिसम्म क,ख,ग,घ समेत पढ्न र लेख्न नसक्ने श्रीमती महरा अहिले मज्जासँग चिठी पढ्न, साइनबोर्ड, बालपत्रिका पढ्न तथा सामान्य चिठी लेख्न समेत सक्छिन् । उनमा आएको यो परिवर्तन विजय विकास स्रोत केन्द्र र जिटिजेड आई.एस.सी.एल.को डोटी जिल्लामा सञ्चालित संयुक्त कार्यक्रम "बाल श्रमिकहरुको अवस्थामा सुधार कार्यक्रम" को प्रभाव हो । उक्त कार्यक्रम अन्तरगत सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रममा सहभागी भएर उनले यो सिक्ने मौका पाएकी हुन् । उनी भन्छिन्– "पहिला त मलाई आफ्नो जिन्दगीमा कहिल्यै पढ्न सकौंला जस्तो लागेको थिएन, भी.डी.आर.सी. गाउँमा आएर समूह गठन गरेर मलाई सबै दिदीबहिनीले त्यसको अध्यक्ष बनाउँदा एकातिर खुशी भएकी थिएँ भने अर्कोतिर आफू नपढेकी हुँदा मनमा पीर थियो ।

त्यसपछि म प्रौढ कक्षामा पढ्न जान थालें । लगातार ३५ महिनासम्म निरन्तर रुपमा पढेपछि मलाई धेरै कुरा सिकेको अनुभव भयो । समुह गठन भएपनि बैठक बस्दा आफूलाई परेको अप्ठेरो सम्झदै उनी भन्छिन्– त्यतिबेला आफूले पढेको नजानेर अरुले लेखेको कुरा नबुझिकन ल्याप्चे लगाउनु पर्थ्यो । तर अहिले त मैले बैठकमा छलफल गरी निर्णय भएका कुरा सबै पढेर आफ्नो सही आफै गर्न सक्छु ।"

उनले अहिले आफ्नो समुहका अरु दिदी बहिनीहरुलाई पनि पढ्नु पर्छ भन्ने सल्लाह दिन्छिन् । उनले आफ्नी छोरीलाई पढ्न नपठाएर घरको काममा लगाएको र छोरीले पढ्न नपाएकोमा पछुतो मान्छिन् । उनले अब नाति, नातिनाहरुलाई स्कूल पठाउन थालिसकेकी छन् । उनले आफ्नो घरमा कच्ची चर्पी बनाई सकेकी छन् र अरुलाई पनि यही सल्लाह दिन्छिन् ।

प्रौढ शिक्षा पढेर आफूमा चेतना आएको बताउने श्रीमती महरालाई अझै प्रौढ शिक्षा अन्तरगत कै माथिल्लो शिक्षा भएमा भोलि विभिन्न समस्या र पक्षहरु पढेर देश विदेशका समाचारहरु थाहा पाउने धोको छ । ✡✡✡


## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २४ औं वसन्त पार गरी २५ औं वर्षमा मनाउन गइरहेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शोभानाथ गौडेल

*अध्यक्ष एवम्*

**सुम्निमा विकास परिषद-नेपाल**

गैंडाकोट-२, शिलान्यास

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बीमाको क्षेत्रमा विश्वासीलो नाम राष्ट्रिय बीमा संस्थान

# राष्ट्रिय बीमा संस्थान

सम्पर्क कार्यालय : नारायणगढ, चितवन फोन : (०५६) ५२१४८५

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ईश्वरी प्रसाद पौडेल
अध्यक्ष एवं

# कपिलवस्तु स्वावलम्बन प्रबर्धन सामाजिक समिति

तौलिहवा, कपिलवस्तु

## हार्दिक शुभकामना

विजय विकास स्रोत केन्द्र गैडाकोट नवलपरासीले २५ औं वसन्तमा प्रवेश गरी मनाउन लागेको **रजतजयन्ती**को सुखद घडीमा संस्थाको चौतर्फी विकासको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिवुचो राजेन्द्र पौडेल
संयोजक एवम

# द रेयूकाई नेपाल गैडाकोट इकाई

गैडाकोट, नवलपरासी

# *SMALL EFFORT GREAT CHANGE*

## *A Case-Study of Surakshya Handicraft Production Group*

Tharu community occupies most of the southern part of Nawalparasi district. Poverty, illiteracy, social and gender inequity, unemployment, deprivation, fatalism, lower human development, lower economic growth rate, is primitive features of that community.

Like other VDCs, Rupauliya VDC is one of the Tharu dominated VDC. It is situated in east and 22 KM far from district headquarter, Parasi. Most of the households are poor. Women are more illiterate, poor, socially and economically exploited. They always became victim of gender inequity and social injustice from ancient times. Household works like Kitchening, childcare, fetching water and forage collection for their livestocks is the main daily duties of this society. Sometimes they used to go for work on others field in daily wages at production and harvesting season of cereal and cash crops. They could get only Rs.50 per day with ten hours working either hot dry or rainy days. They have very limited skills on traditional weaving and none of them are trained in any field. They are very shy and do not speak with others. All women woke up at 4 o'clock of morning and work very hard till 11o'clock of night. Although they work very hard in all year around in their small piece of land, they feed their livestocks by collecting forages from jungle they work very hard in others field up to ten hours a day, they have always hand to mouth problem. A rural traditional Tharu community could not accept women rights. They were unknown about their human rights. They were satisfied on believing their own fate. Fatalism dominated their hidden skills and abilities. Family planning! What is that? They asked. Half dozen children were common in their family. Due to lack of cash income, school dress and tuition fees all were beyond their economic approach. Even primary education was not provided for their children. They feared and refused to speak while someone came to their home. They could not speak Nepali.They only used to speak their own mother language. Their husbands were also illiterate and they had no any regular source of income. They had to borrow some money to celebrate their festivals, to buy new clothes and to feed their childrens. In turn they had to sell even a piece of land for repayment of loan, the only one property of them. There were no any groups except production and harvesting period of grains and forage collection. Their local natural resources were being wasted in one hand, and poverty becoming rigorous day after day simultaneously.

EEOW had entered in our village and changed our lifestyle, they said. How this became possible? They said, they told us about group and convinced us to form our group. After finding the resource potentialities of that locality, a group of 21 members was formed and named **surakshya Women handicraft Production Group, Chhibani** by the effort of EEOW. They provided us a five days training about handicraft at Rupauliya in April 2002. The training had build up self- confidency with in us. We learned more about skills. All the 21 members of Chhibani were participants of training. "We were surprised at that time because our hands can make such beautiful creations. We only used to make simple mats from straw for our home use but the EEOW provided us technical know-how and improved our skills" said, Kanti Devi

Chaudhary president of the group. Training in group had created an open environment for them. Not only that, training facilitated them to have open discussion and thus they were able to speak with others. Thereafter a workshop on "Microinterprises Identification for Women" was conducted at Narayangargh. They were also participants of the workshop. How you inspired for establishing handicraft enterprise? "We had made some products during training which were sold by the help of the project .We got some money from that. By that we were confident about the value of our skill and labour". EEOW had displayed their products in Kathmandu for export promotion and market was provided .Few days ago they sold their products in Kathmandu. Transport and other facilities were provided by the project. What is your labour day to prepare one mat? "6 days for big and 5 for small but it depends upon size of the mat", they said. What is the supply source of raw materials? According to them, they bring *pateras* from nearby marshy land and other *gulgulla* and *gundh* from marshy land of India. They cut and collect the raw materials and their husbands bring them by their bicycles to home. In the question why they need the group, they answered that for collection of raw materials, marketing of the products are difficult individually. Group is very essential for the timely supply of demanded product also. They feel easy in working with group. Raw materials have not any cost yet except jute fiber. Therefore the production cost of the products takes only labor cost for raw material collection, weaving and jute fiber. When we started to earn the cash our husbands has believed and cooperating us, says another member in laughing manner. What is your income level now? We have earned Rs. 2000 in average for each member from the products that we had already supplied.

After increasing the income level, they are spending the money on food grains, medicines, clothing, education of their children and other daily needs. What about saving? "We are saving some money in our saving and credit group," said Padmini Chaudhary a member of Surakshya Handicraft Group. Now they are sensitive about saving. What about the marketing channel and marketing information? She again replied "Marketing is a problem for us .The project is supporting fully for marketing of our products. Though Nepal knot craft center is buying and exporting our products, we are now searching other alternative markets with the incremental volume of production."

